१. समष्टिगत अन्तर्राष्ट्रिय र राष्ट्रिय आर्थिक गतिविधि १

२. सार्वजनिक वित्त १३

३. मूल्य तथा आपूर्ति स्थिति २४

४. मौद्रिक तथा बैंकिङ्ग स्थिति ३५

५. पूँजी तथा मुद्रा बजार ५८

६. अन्तर्राष्ट्रिय व्यापार तथा शोधनान्तर स्थिति ६३

७. गरिवी निवारण र रोजगारी ७१

८. कृषि, उद्योग र पर्यटन ८५

९. सार्वजनिक संस्थान तथा निजीकरण १०६

१०. ऊर्जा तथा वन ११६

११. यातायात तथा सञ्चार १२४

१२. सामाजिक सेवा १३५

# १. समष्टिगत अन्तर्राष्ट्रिय र राष्ट्रिय आर्थिक गतिविधि

## अन्तर्राष्ट्रिय आर्थिक गतिविधि

१.१ विश्व अर्थव्यवस्थामा सन् २००५ को वर्षमा पेट्रोलियम पदार्थको मूल्यमा उच्च वृद्धि र विभिन्न भू-भागमा प्राकृतिक प्रकोप जस्ता प्रतिकूल अवस्थाको प्रभाव देखा परेता पनि खासगरी अनुकूल वित्तीय बजार स्थिति तथा समायोजनात्मक समष्टिगत आर्थिक नीतिहरूका कारण विश्वको आर्थिक वृद्धिदर उत्साहप्रद रहन गयो । औद्योगिक उत्पादनमा भएको उच्च वृद्धि, सेवा क्षेत्रको सवलता, अन्तर्राष्ट्रिय व्यापारमा तीव्र विस्तार, उपभोक्ताको बढ्दो विश्वास साथै सुदृढ श्रम बजारको कारण सन् २००६ मा पनि विश्वको आर्थिक वृद्धिदर सन्तोषप्रद रहने अनुमान छ भने मध्यपूर्वी एशियाको राजनैतिक अस्थिरता र बढ्दो मागको कारण आगामी वर्ष पनि पेट्रोलियम पदार्थको मूल्यमा हुन सक्ने वृद्धिको सम्भावना साथै बढ्दो भूमण्डलीय असन्तुलन चुनौतीको रूपमा रहने देखिएको छ ।

१.२ सन् २००४ मा ५.३ प्रतिशतको उच्च दरले वृद्धि भएको विश्वको उत्पादनलाई पेट्रोलियम पदार्थको मागमा भएको तीव्र वृद्धि तथा समुद्री आँधी लगायतका प्राकृतिक प्रकोपहरुले केही शिथिल तुल्याएता पनि सन् २००५ मा विश्वको उत्पादन वृद्धि दर ४.८ प्रतिशत रहन गएको अनुमान छ । यस प्रकारको वृद्धिदर हासिल गर्नमा विश्व अर्थतन्त्रमा ठूलो अंश ओगट्ने संयुक्त राज्य अमेरिकाको आर्थिक वृद्धिदरको प्रमुख भूमिका रहेको छ भने विस्तारोन्मुख रहेको जापानको आर्थिक स्थिति, सुधारोन्मुख रहेको यूरोपेली क्षेत्रको आर्थिक गतिविधि तथा चीन, भारत र रुसका साथै नवोदित तथा विकासशील मुलुकहरूले हासिल गरेको उच्च आर्थिक वृद्धिको पनि महत्वपूर्ण योगदान रहेको छ ।

१.३ विश्व वित्तीय बजारको अनुकूल अवस्था, प्रमुख औद्योगिक राष्ट्रहरूका साथै एशियाका धेरैजसो मुलुकहरूमा लगानीमा भएको वृद्धि, न्यून दरको मुद्रास्फीति तथा अन्य अनुकूलताको आधारमा अन्तर्राष्ट्रिय मुद्राकोषले सन् २००६ मा विश्वको उत्पादन ४.९ प्रतिशतले बढ्ने प्रक्षेपण गरेको छ । कोषको प्रक्षेपण अनुसार यस वर्ष पनि विकासोन्मुख एशिया समूहले सबभन्दा उच्चदर अर्थात ८.२ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्नेछ भने विकसित अर्थतन्त्र समूहको आर्थिक वृद्धिदर ३.० प्रतिशत रहने छ । त्यसैगरी दक्षिण एशिया समूहले हासिल गर्ने आर्थिक वृद्धिदर ७.१ प्रतिशत रहने प्रक्षेपण रहेको छ ।

### तालिका १ (क) : विश्वको आर्थिक वृद्धिदर

(वार्षिक प्रतिशत परिवर्तन)

| | २००३ | २००४ | २००५ | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | | | २००६ | २००७ |
| विश्वको उत्पादन | ४.१ | ५.३ | ४.८ | ४.९ | ४.७ |
| विकसित अर्थतन्त्र | २.० | ३.३ | २.७ | ३.० | २.८ |
| प्रमुख विकसित अर्थतन्त्रहरू* | १.९ | ३.१ | २.६ | २.८ | २.६ |

| | २००३ | २००४ | २००५ | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | | | २००६ | २००७ |
| अन्य विकसित अर्थतन्त्रहरू | २.५ | ४.६ | ३.७ | ४.१ | ३.७ |
| विकासोन्मुख अर्थतन्त्रहरू | ६.७ | ७.६ | ७.२ | ६.९ | ६.६ |
| विकासोन्मुख एशिया | ८.४ | ८.८ | ८.६ | ८.२ | ८.० |
| नवोदित युरोपेली मुलुकहरू | ४.६ | ६.६ | ५.४ | ५.३ | ४.८ |
| अफ्रिकी मुलुकहरू | ४.६ | ५.५ | ५.२ | ५.७ | ५.५ |
| मध्यपूर्वका मुलुकहरू | ६.६ | ५.४ | ५.९ | ५.७ | ५.४ |
| पेट्रोलियम पदार्थ निर्यातक मुलुकहरू** | ६.९ | ५.७ | ६.२ | ५.८ | ५.५ |
| नवोदित एशिया*** | ७.५ | ८.४ | ८.२ | ७.९ | ७.६ |
| नव औद्योगिक एशियाली अर्थतन्त्रहरू**** | ३.२ | ५.८ | ४.६ | ५.२ | ४.५ |
| आसियान-४***** | ५.४ | ५.८ | ५.२ | ५.१ | ५.७ |
| चीन | १०.० | १०.१ | ९.९ | ९.५ | ९.० |
| दक्षिण एशिया****** | ७.१ | ७.७ | ७.९ | ७.१ | ६.९ |
| बंगलादेश | ५.८ | ५.९ | ५.८ | ६.० | ६.३ |
| भारत | ७.२ | ८.१ | ८.३ | ७.३ | ७.० |
| नेपाल | ३.३ | ३.८ | २.७ | ३.० | ३.० |
| पाकिस्तान | ५.७ | ७.१ | ७.० | ६.४ | ६.३ |

*    *संयुक्त राज्य अमेरिका, जापान, जर्मनी, फ्रान्स, संयुक्त अधिराज्य, इटाली र क्यानाडा ।*

**    *बहराईन, इरान, इराक, कुवेत, लिबिया, ओमान, कतार, साउदी अरेबिया, सिरिया र यमन ।*

***    *विकासोन्मुख एशिया, नव औद्योगिक एशियाली मुलुकहरू र मङ्गोलिया ।*

****    *कोरिया, ताइवान, हङकङ र सिङ्गापुर ।*

*****    *इण्डोनेशिया, मलेशिया, फिलिपिन्स र थाइल्याण्ड ।*

******    *बंगलादेश, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान र श्रीलंका ।*

*स्रोतः    वर्ल्ड इकोनोमिक आउटलुक, अन्तर्राष्ट्रिय मुद्रा कोष, वासिङ्गटन डि.सी., सेप्टेम्बर २००५ र अप्रिल २००६, पृष्ठ २, १६, ३५, ४३, ५२, १७७ र १८६ ।*

१.४ सन् २००३ मा ५.४ प्रतिशतले वृद्धि भएको विश्वको व्यापार आयतन सन् २००४ मा १०.४ प्रतिशतको उच्चदरले वृद्धि भएको थियो भने सन् २००५ मा यो वृद्धिदर ७.३ प्रतिशत रहेको अनुमान छ । विकसित अर्थतन्त्रहरूको तुलनामा विकासोन्मुख अर्थतन्त्रहरूको आयात तथा निर्यात दुवैको विस्तार दर उच्च रहेको देखिन्छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २००६ तथा सन् २००७ मा विश्व व्यापारको आयतन क्रमशः ८.० र ७.५ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेको छ ।

## तालिका १ (ख) : विश्व व्यापार

(वार्षिक प्रतिशत परिवर्तन)

| | २००३ | २००४ | २००५ | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | | | २००६ | २००७ |
| विश्वको व्यापार आयतन (वस्तु र सेवा) | ५.४ | १०.४ | ७.३ | ८.० | ७.५ |
| आयात | | | | | |
| विकसित अर्थतन्त्रहरू | ४.१ | ८.९ | ५.८ | ६.२ | ५.६ |
| विकासोन्मुख अर्थतन्त्रहरू | १०.३ | १५.८ | १२.४ | १२.९ | ११.९ |
| निर्यात | | | | | |
| विकसित अर्थतन्त्रहरू | ३.३ | ८.५ | ५.३ | ६.६ | ६.१ |
| विकासोन्मुख अर्थतन्त्रहरू | १०.६ | १४.६ | ११.५ | १०.९ | १०.३ |

*स्रोत : वर्ल्ड इकोनोमिक आउटलुक, अन्तर्राष्ट्रिय मुद्रा कोष, वासिङ्टन डि.सी., अप्रिल २००६, पृ. २०५।*

१.५ सन् २००३ मा १५.८ प्रतिशतले वृद्धि भएको पेट्रोलियम पदार्थको मूल्य सन् २००४ मा ३०.७ ले बढेकोमा सन् २००५ मा अझ उच्च दरले बढ्न गयो । पेट्रोलियम पदार्थको बढ्दो माग, पेट्रोलियम निर्यात गर्ने केही मुलुकहरूमा देखा परेको अस्थिरता र क्याट्रिना नामक आँधीले सिर्जना गरेको आपूर्ति व्यवधान आदिका कारण सन् २००५ मा पेट्रोलियम पदार्थको मूल्य ४१.३ प्रतिशतले बढ्यो । स्थितिमा क्रमिक सुधार आउने अपेक्षाको आधारमा अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २००६ र सन् २००७ मा पेट्रोलियम पदार्थको मूल्य वृद्धिदर क्रमशः १४.८ र २.९ प्रतिशत मात्र रहने प्रक्षेपण गरेको छ ।

१.६ सन् २००५ मा उपभोक्ता मूल्य वृद्धिदर विकसित अर्थतन्त्रहरूमा २.३ प्रतिशत रह्यो भने विकासोन्मुख अर्थतन्त्रहरूमा ५.४ प्रतिशत रह्यो । विकसित अर्थतन्त्रहरूको तुलनामा विकासोन्मुख अर्थतन्त्रहरूमा मूल्य वृद्धिदर उच्च रहेता पनि विगत तीन वर्षको उपभोक्ता मूल्य वृद्धिदर समग्रमा स्थिर रहेको देखिन्छ । अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण अनुसार सन् २००६ र २००७ मा पनि उपभोक्ता मूल्य वृद्धिदर विकसित अर्थतन्त्र र विकासोन्मुख अर्थतन्त्रहरू दुवैमा सन् २००५ कै हाराहारीमा रहने छ । त्यसैगरी सन् २००५ मा ५.० प्रतिशत रहेको दक्षिण एशियाको उपभोक्ता मूल्य वृद्धिदर सन् २००६ र सन् २००७ मा क्रमशः ५.३ र ५.२ प्रतिशत रहने कोषको प्रक्षेपण छ ।

## तालिका १ (ग) : विश्वको मूल्य स्थिति

(वार्षिक प्रतिशत परिवर्तन)

| | २००३ | २००४ | २००५ | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | | | २००६ | २००७ |
| पेट्रोलियम पदार्थ (Oil) * | १५.८ | ३०.७ | ४१.३ | १४.८ | २.९ |
| गैर-इन्धन (Non-fuel) वस्तुहरू | ६.९ | १८.५ | १०.३ | १०.२ | -५.५ |

| | २००३ | २००४ | २००५ | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | | | २००६ | २००७ |
| <u>उपभोक्ता मूल्य</u> | | | | | |
| विकसित अर्थतन्त्रहरू | १.८ | २.० | २.३ | २.३ | २.१ |
| विकासोन्मुख अर्थतन्त्रहरू | ५.८ | ५.७ | ५.४ | ५.४ | ४.८ |
| विकासोन्मुख एशिया | २.५ | ४.२ | ३.६ | ३.९ | ३.५ |
| नवोदित युरोपेली मुलुकहरू | ९.५ | ६.२ | ४.९ | ४.२ | ३.४ |
| अफ्रिकी मुलुकहरू | १०.८ | ८.१ | ८.५ | ९.१ | ७.३ |
| मध्यपूर्वका मुलुकहरू | ७.१ | ८.४ | ८.४ | ८.७ | ८.५ |
| पेट्रोलियम पदार्थ निर्यातक मुलुकहरू** | ८.८ | ८.२ | ८.१ | ९.८ | ९.६ |
| नवोदित एशिया** | २.४ | ४.० | ३.५ | ३.८ | ३.४ |
| नव औद्योगिक एशियाली अर्थतन्त्र** | १.४ | २.४ | २.२ | २.२ | २.३ |
| आसियन - ४ ** | ४.१ | ४.६ | ७.५ | ८.८ | ४.६ |
| चीन | १.२ | ३.९ | १.८ | २.० | २.२ |
| दक्षिण एशिया ** | ३.९ | ४.३ | ५.० | ५.३ | ५.२ |
| बंगलादेश | ५.४ | ६.१ | ७.० | ६.१ | ५.६ |
| भारत | ३.८ | ३.८ | ४.२ | ४.८ | ४.९ |
| नेपाल | ४.० | ४.५ | ९.१ | ५.३ | ५.५ |
| पाकिस्तान | २.९ | ७.४ | ९.१ | ८.४ | ६.९ |

** संयुक्त अधिराज्यको ब्रेन्ट, दुवई र पश्चिम टेक्सासको कच्चा पेट्रोलियम पदार्थको औसत मूल्य ।*

*** तालिका १(क) मा उल्लेख भए अनुरुप ।*

*स्रोत : वर्ल्ड इकोनोमिक आउटलुक, अन्तर्राष्ट्रिय मुद्रा कोष, वासिङ्टन डि.सी., सेप्टेम्बर २००५ (इटालिक अंकहरू)र अप्रिल २००६, पृ. २, १६, ४३, ५२, १८९, १९१, १९४ र २०५ ।*

१.७ सन् २००५ मा पेट्रोलियम पदार्थको मूल्य उच्च दरले बढेकोमा आगामी समयमा मूल्यमा सुधार आउने अनुमान रहेको साथै नेपालको प्रमुख व्यापार साझेदार भारतको उपभोक्ता मूल्य वृद्धिदर सन् २००६ तथा सन् २००७ मा ५.० प्रतिशत भन्दा तल रहने अनुमानका आधारमा अन्तर्राष्ट्रिय मुद्राकोषले नेपालको उपभोक्ता मूल्य वृद्धिदर सन् २००६ र सन् २००७ मा क्रमशः ५.३ तथा ५.५ रहने प्रक्षेपण गरेको छ ।

## राष्ट्रिय आर्थिक गतिविधि

१.८ राष्ट्रिय आर्थिक गतिविधिको दृष्टिकोणबाट आर्थिक वर्ष २०६२/६३ सन्तोषजनक रहन सकेन । प्रमुख खाद्यान्न बाली धान लगाउने बेलामा खडेरी परेको, भित्र्याउने बेलामा पानी परेको र गहुँ र जौ बाली लगाउने बेलामा समेत खडेरी परेकोले राष्ट्रिय आयमा उल्लेखनीय हिस्सा ओगट्ने कृषि क्षेत्रको वृद्धि अपेक्षा गरिएअनुरुप सकारात्मक हुन सकेन भने सुरक्षा व्यवस्थाको क्रममा देशभर आवागमनमा सिर्जना गरिएको अवरोध र शान्ति सुरक्षाको

कमजोर स्थितिका कारण उद्योग-धन्दा, कलकारखाना तथा बन्द-व्यापार सञ्चालनमा कठिनाई सृजना भई गैर-कृषि क्षेत्रको कृयाकलाप पनि न्यून रहन गयो ।

१.९ आर्थिक वर्ष २०६१/६२ मा कुल गार्हस्थ्य उत्पादन उत्पादकको स्थिर मूल्यमा २.७ प्रतिशतले वृद्धि भएकोमा चालू आर्थिक वर्ष २०६२/६३ मा केवल १.९ प्रतिशतको न्यून दरले मात्र बढ्ने अनुमान छ । गत आर्थिक वर्षमा कृषि क्षेत्रको गार्हस्थ्य उत्पादन साधनको लागतको स्थिर मूल्यमा ३.० प्रतिशतले र गैर-कृषि क्षेत्रको गार्हस्थ्य उत्पादन २.१ प्रतिशतले वृद्धि भई बैंक सेवा शुल्क घटाउनु पूर्वको साधनको लागतको स्थिर मूल्यमा कुल गार्हस्थ्य उत्पादन २.४ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६२/६३ मा पनि कृषि क्षेत्रको यस्तो गार्हस्थ्य उत्पादन १.७ प्रतिशतले र गैर-कृषि क्षेत्रको गार्हस्थ्य उत्पादन २.८ प्रतिशतले बढ्न गई कुल गार्हस्थ्य उत्पादन बैंक सेवा शुल्क घटाउनु पूर्वको साधनको लागतको स्थिर मूल्यमा २.४ प्रतिशत कै दरले बढ्ने अनुमान छ । त्यसैगरी बैंक सेवा शुल्क घटाए पछिको साधनको लागतको स्थिर मूल्यमा कुल गार्हस्थ्य उत्पादन भने आर्थिक वर्ष २०६१/६२ मा २.३ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६२/६३ मा पनि सोही दर अर्थात २.३ प्रतिशतले बढ्ने अनुमान छ ।

## तालिका : १ (घ) : कुल गार्हस्थ्य उत्पादन

**(बार्षिक प्रतिशत परिवर्तन)+**

| उद्योग | | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|---|
| | | २०५९/६० | २०६०/६१ | २०६१/६२* | २०६२/६३** |
| १ | कृषि, मत्स्यपालन तथा वन | २.५ | ३.९ | ३.० | १.७ |
| २ | खानी | १.९ | ०.६ | २.५ | २.२ |
| ३ | उत्पादन उद्योग | २.० | १.७ | २.६ | २.१ |
| ४ | विद्युत, ग्यास तथा पानी | १९.९ | ३.३ | ४.८ | ५.६ |
| ५ | निर्माण | १.८ | ०.२ | -०.१ | ४.२ |
| ६ | व्यापार, रेष्टूरां तथा होटल | ३.३ | ८.० | -२.० | ३.९ |
| ७ | यातायात, सञ्चार तथा भण्डार | ४.३ | ५.२ | ५.१ | २.२ |
| ८ | वित्त तथा घर जग्गा | ३.३ | ३.२ | ४.६ | २.२ |
| ९ | सामुदायिक तथा सामाजिक सेवाहरू | ३.१ | ३.० | २.७ | १.३ |
| | *कृषि गार्हस्थ्य उत्पादन* | *२.५* | *३.९* | *३.०* | *१.७* |
| | *गैर-कृषि गार्हस्थ्य उत्पादन* | *३.४* | *३.४* | *२.१* | *२.८* |
| १० | कुल गार्हस्थ्य उत्पादन (साधनको लागतमा) | ३.० | ३.६ | २.४ | २.४ |
| ११ | बैंकिंग सेवा शुल्क (-) | ५.४ | ५.३ | ५.४ | ४.८ |
| १२ | कुल गार्हस्थ्य उत्पादन | ३.० | ३.५ | २.३ | २.३ |
| १३ | खुद अप्रत्यक्ष कर (+) | ७.९ | ६.८ | ७.४ | -३.२ |
| १४ | कुल गार्हस्थ्य उत्पादन (उत्पादक मुल्यमा) | ३.३ | ३.८ | २.७ | १.९ |

\+ *२०५१/५२ को मूल्यमा*
* *संशोधित अनुमान*
** *प्रारम्भिक अनुमान*
*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग ।*

१.१० कुल गार्हस्थ्य उत्पादनमा महत्वपूर्ण अंश ओगट्ने कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर अघिल्लो वर्षदेखि नै घट्दै आएको छ । आर्थिक वर्ष २०६०/६१ मा ३.९ प्रतिशतले वृद्धि भएको कृषि क्षेत्रको गार्हस्थ्य उत्पादन आर्थिक वर्ष २०६१/६२ मा ३.० प्रतिशतले मात्र बढेको थियो भने चालू आर्थिक वर्ष २०६२/६३ मा कृषि क्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदरमा अझ कमी आई यस्तो वृद्धिदर १.७ प्रतिशत मात्र रहने अनुमान गरिएको छ । प्रतिकूल मौसमको कारण धान, गहुँ तथा जौ जस्ता प्रमुख खाद्यान्नको उत्पादनमा ह्रास आएकोले आलु, जुट तथा उखु जस्ता नगदे बाली र तरकारी साथै पशुजन्य उत्पादनमा उल्लेखनीय वृद्धि आएता पनि समग्रमा चालू आर्थिक वर्षमा कृषि क्षेत्रको गार्हस्थ्य उत्पादन न्यून दरले मात्र वृद्धि हुने अवस्था आएको हो ।

१.११ कुल गार्हस्थ्य उत्पादनमा ठूलो अंश ओगट्ने गैर-कृषि क्षेत्रको गार्हस्थ्य उत्पादनको अवस्था पनि खस्कदै गएको देखिन्छ । आर्थिक वर्ष २०६०/६१ मा ३.४ प्रतिशतले वृद्धि भएको गैर-कृषि क्षेत्रको गार्हस्थ्य उत्पादन आर्थिक वर्ष २०६१/६२ मा २.१ प्रतिशतको न्यूनदरले बढ्न गएको थियो भने चालू आर्थिक वर्ष २०६२/६३ मा यसमा सीमान्त सुधार आई २.८ प्रतिशतले वृद्धि हुने अनुमान छ । आन्तरिक द्वन्द्व र शान्ति सुरक्षा व्यवस्थामा देखिएको समस्याका कारण गैर-कृषि क्षेत्रको कृयाकलाप संकुचित हुँदै गएकोमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा २०६२ सालको दशैं-तिहार ताका तीन महिनाको लागि युद्ध विराम घोषणा गरेका कारण स्थिति केही सहज हुन गई गैर-कृषि क्षेत्रको कृयाकलापमा केही वृद्धि भएकोले यस क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा सीमान्त सुधार आएको हो ।

१.१२ गैर-कृषि क्षेत्र तर्फको गार्हस्थ्य उत्पादनलाई उपक्षेत्रगत रूपमा अध्ययन गर्दा आर्थिक वर्ष २०६२/६३ मा विद्युत्, ग्यास तथा पानी र निर्माण उपक्षेत्रको गार्हस्थ्य उत्पादनमा उल्लेख्य वृद्धि आएको छ । आर्थिक वर्ष २०६१/६२ मा ४.८ प्रतिशतले बढेको विद्युत्, ग्यास तथा पानीको गार्हस्थ्य उत्पादन स्वदेशमा उत्पादित विद्युत् र आयातित विद्युत्को मात्रामा भएको वृद्धिको कारण चालू आर्थिक वर्षमा ५.६ प्रतिशतले बढ्ने अनुमान छ भने गत आर्थिक वर्ष ०.१ प्रतिशतले ऋणात्मक रहेको निर्माण उपक्षेत्रको गार्हस्थ्य उत्पादन निर्माण सामाग्रीहरूको आन्तरिक उत्पादन साथै आयातमा समेत उल्लेखनीय वृद्धिको कारण चालू आर्थिक वर्षमा ४.२ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ । त्यसैगरी गत आर्थिक वर्ष २.० प्रतिशतले ऋणात्मक रहेको व्यापार, रेष्टुराँ तथा होटल उपक्षेत्रको उत्पादन चालू आर्थिक वर्षमा ३.९ प्रतिशतले बढ्ने अनुमान छ । खासगरी वैदेशिक व्यापारतर्फ आयात र निर्यात दुवैमा उल्लेख्य वृद्धि भएको र गत वर्षको तुलनामा यस वर्ष पर्यटक आगमन साथै गार्हस्थ्य उपभोगमा वृद्धि हुने देखिएकोले यस उपक्षेत्रको उत्पादनमा वृद्धि हुने अनुमान गरिएको हो । आर्थिक वर्ष २०६२/६३ मा खानी, उत्पादन उद्योग, यातायात, सञ्चार तथा भण्डार तथा वित्त तथा घरजग्गा उपक्षेत्रको उत्पादन वृद्धिदरमा गत वर्षको तुलनामा कमी आई चालू आर्थिक वर्षमा २.० प्रतिशतको हाराहारीमा रहने अनुमान छ भने सामुदायिक तथा सामाजिक सेवा उपक्षेत्रको उत्पादन करिब १.३ प्रतिशतले मात्र बढ्ने अनुमान छ । गत आर्थिक वर्षमा खानी उपक्षेत्रको उत्पादनमा २.५ प्रतिशत, यातायात, सञ्चार तथा भण्डारको ५.१ प्रतिशत तथा वित्त तथा घरजग्गा उपक्षेत्रको ४.६ प्रतिशतले वृद्धि भएको थियो ।

१.१३ आर्थिक वर्ष २०६१/६२ मा कुल गार्हस्थ्य उत्पादन प्रचलित उत्पादक मूल्यमा रु. ५ खर्व ३३ अर्व ५४ करोड रहेको तुलनामा आर्थिक वर्ष २०६२/६३ मा रु. ४९ अर्व ४१ करोडले वृद्धि भई रु. ५ खर्व ८२ अर्व ९५ करोड पुग्ने अनुमान छ ।

१.१४ साधनको लागतको स्थिर मूल्यमा आर्थिक वर्ष २०६१/६२ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्र तथा गैर-कृषि क्षेत्रको योगदान क्रमशः ३९.० प्रतिशत र ६१.० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा गैर-कृषि क्षेत्रको योगदानमा सीमान्त वृद्धि आई कृषि क्षेत्रको योगदान ३८.८ प्रतिशत तथा गैर-कृषि क्षेत्रको योगदान ६१.२ प्रतिशत कायम रहने अनुमान छ ।

१.१५ आर्थिक वर्ष २०६१/६२ मा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (Per Capita GDP) प्रचलित उत्पादक मूल्यमा रु. २१ हजार ९१ (अमेरिकी डलर करिब २ सय ९७) रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा प्रतिव्यक्ति आय ६.९ प्रतिशतले वृद्धि भई रु. २२ हजार ५ सय ४० (अमेरिकी डलर ३ सय ११) पुगेको अनुमान छ । अमेरिकी डलरमा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ४.७ प्रतिशतले मात्र वृद्धि भएको देखिन्छ । यसरी आर्थिक वर्ष २०६२/६३ मा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन नेपाली रुपैयाँको तुलनामा अमेरिकी डलरमा कम दरले वृद्धि भएको देखिनुमा अमेरिकी डलरको तुलनामा नेपाली रुपैयाँको अवमूल्यन हुनु प्रमुख कारणको रूपमा रहेको छ । स्थिर मूल्यमा भने आर्थिक वर्ष २०६१/६२ मा ०.४६ प्रतिशतले बढेको प्रतिव्यक्ति आय आर्थिक वर्ष २०६२/६३ मा ०.२५ प्रतिशतले घट्न जाने देखिएको छ । खासगरी जनसंख्या वृद्धिदर भन्दा आर्थिक वृद्धि दर न्यून रहेकोले चालू आर्थिक वर्षमा वास्तविक प्रतिव्यक्ति आयको वृद्धिदर ऋणात्मक रहन गएको हो ।

## राष्ट्रिय उत्पादन

१.१६ आर्थिक वर्ष २०६१/६२ मा कुल राष्ट्रिय उत्पादन प्रचलित मूल्यमा रु. ५ खर्व ४३ अर्व ९ करोड रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा ९.५ प्रतिशतले वृद्धि भई रु. ५ खर्व ९५ अर्व ६७ करोड पुग्ने अनुमान छ । आर्थिक वर्ष २०६१/६२ मा प्रतिव्यक्ति राष्ट्रिय उत्पादन (Per Capita GNP) ७.१ प्रतिशतले वृद्धि भई रु. २३ हजार ३२ (अमेरिकी डलर ३ सय २२) पुग्ने अनुमान छ । गत आर्थिक वर्षमा यस्तो प्रतिव्यक्ति राष्ट्रिय उत्पादन रु. २१ हजार ५ सय १ (अमेरिकी डलर ३ सय २) रहेको थियो ।

## स्रोत-साधनको उपयोग

१.१७ आर्थिक वर्ष २०६१/६२ मा प्रचलित मूल्यमा ७.६ प्रतिशतले वृद्धि भएको कुल उपभोग आर्थिक वर्ष २०६२/६३ मा १०.९ प्रतिशतले बढ्न गएको छ भने कुल गार्हस्थ्य उत्पादनसँगको कुल उपभोगको अनुपातमा पनि केही वृद्धि आएको छ । आर्थिक वर्ष २०६१/६२ मा प्रचलित उत्पादक मूल्यमा कुल गार्हस्थ्य उत्पादनसँगको कुल उपभोगको अनुपात ८७.५७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा ८८.९० प्रतिशत पुग्ने अनुमान छ । कुल उपभोग मध्ये निजी क्षेत्रको उपभोग आर्थिक वर्ष २०६१/६२ मा ७.५ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०६२/६३ मा ११.२ प्रतिशतको उच्चदरले बढेको अनुमान छ । त्यसैगरी कुल उपभोग मध्ये सार्वजनिक क्षेत्रको उपभोग गतवर्ष ८.० प्रतिशतले वृद्धि

भएकोमा आर्थिक वर्ष २०६२/६३ मा ८.८ प्रतिशतले वृद्धि भएको अनुमान छ । कुल उपभोगमा निजी क्षेत्र तथा सार्वजनिक क्षेत्रको उपभोगको अंश आर्थिक वर्ष २०६१/६२ मा क्रमश: ८८.३५ प्रतिशत र ११.६५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा कुल उपभोगमा निजी क्षेत्रको अंश ८८.५७ प्रतिशत र सार्वजनिक क्षेत्रको अंश ११.४३ प्रतिशत रहने अनुमान छ ।

१.१८ आर्थिक वर्ष २०६२/६३ मा कुल गार्हस्थ्य बचत २.४ प्रतिशतले घटेको अनुमान छ । आर्थिक वर्ष २०६१/६२ मा यस्तो बचत ६.३ प्रतिशतले बढेको थियो । कुल गार्हस्थ्य उत्पादनसँगको कुल गार्हस्थ्य बचतको अनुपात आर्थिक वर्ष २०६१/६२ मा १२.४३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा यस्तो अनुपात ११.१० प्रतिशतमा सीमित रहने अनुमान छ । बढ्दो शहरीकरण, बचतमा आकर्षण नहुनु र रेमिट्यान्स रकममा उल्लेख्य वृद्धि जस्ता कारणले आर्थिक वर्ष २०६२/६३ मा उपभोगमा वृद्धि देखिएको हो ।

१.१९ आर्थिक वर्ष २०६१/६२ मा १७.७ प्रतिशतले बढेको कुल लगानी आर्थिक वर्ष २०६२/६३ मा १४.५ प्रतिशतले मात्र बढ्ने अनुमान छ । गत आर्थिक वर्षमा प्रचलित उत्पादक मूल्यको कुल गार्हस्थ्य उत्पादनसँगको कुल लगानीको अनुपात २८.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा खासगरी कुल उपभोगमा भएको वृद्धिको कारण कुल गार्हस्थ्य बचत घट्न गएको फलस्वरुप कुल लगानीको वृद्धिदर केही कम रहने देखिए पनि यस्तो अनुपात ३०.३ प्रतिशत रहने अनुमान छ । गत आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षमा कुल गार्हस्थ्य बचत ऋणात्मक भएकोमा कुल लगानीको वृद्धिदर पनि केही कम रहन गएकोले आर्थिक वर्ष २०६१/६२ मा २८.० प्रतिशतले वृद्धि भएको बचत तथा लगानी बीचको अन्तर (Saving-Investment Gap) आर्थिक वर्ष २०६२/६३ मा २७.३ प्रतिशतले बढेको छ । त्यसैगरी, गत आर्थिक वर्षमा ३९.१ प्रतिशतले बढेको कुल राष्ट्रिय बचत तथा कुल लगानी बीचको अन्तर आर्थिक वर्ष २०६२/६३ मा २७.९ प्रतिशतले मात्र बढ्ने अनुमान छ ।

१.२० आर्थिक वर्ष २०६१/६२ मा उत्पादक मूल्यको कुल गार्हस्थ्य उत्पादनसँगको वस्तु तथा सेवा निर्यातको अनुपात १६.१ प्रतिशत रहेको तुलनामा आर्थिक वर्ष २०६२/६३ मा १८.५ प्रतिशत रहने अनुमान छ । त्यस्तै गत आर्थिक वर्षमा ३२.६ प्रतिशत रहेको कुल गार्हस्थ्य उत्पादनसँगको वस्तु तथा सेवा आयातको अनुपातमा वृद्धि आई आर्थिक वर्ष २०६२/६३ मा ३७.७ प्रतिशत रहने अनुमान छ । निर्यात तथा आयात अनुपात भने आर्थिक वर्ष २०६२/६३ मा गत आर्थिक वर्षकै स्तरमा अर्थात ४९.० प्रतिशत रहने अनुमान छ ।

१.२१ कुल स्थिर पूँजी निर्माण आर्थिक वर्ष २०६१/६२ मा ६.३ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६२/६३ मा ६.५ प्रतिशतले बढ्ने अनुमान छ । देशमा कायम रहेको असहज परिस्थितिका कारण निजी क्षेत्रको पूँजी निर्माण आर्थिक वर्ष २०६१/६२ मा १०.० प्रतिशतले वृद्धि भएको तुलनामा आर्थिक वर्ष २०६२/६३ मा ६.४ प्रतिशतले मात्र वृद्धि हुने अनुमान छ भने सार्वजनिक क्षेत्रको पूँजी निर्माणको वृद्धिदर गत आर्थिक वर्ष १.४ प्रतिशतले ऋणात्मक रहन गएकोमा आर्थिक वर्ष २०६२/६३ मा केही सुधार आई ६.५ प्रतिशत पुग्ने अनुमान छ । आर्थिक वर्ष २०६१/६२ को तुलनामा आर्थिक वर्ष २०६२/६३ मा कुल स्थिर पूँजी निर्माण तथा कुल गार्हस्थ्य उत्पादन दुबैको वृद्धिदरमा खासै परिवर्तन नआएकोले कुल स्थिर पूँजी निर्माणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात पनि परिवर्तन भएको देखिँदैन । कुल स्थिर पूँजी निर्माणको प्रचलित उत्पादक मूल्यको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात आर्थिक

वर्ष २०६१/६२ मा १८.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा १८.५ प्रतिशत कायम रहेको अनुमान छ ।

१.२२ आर्थिक वर्ष २०६१/६२ को तुलनामा कुल राष्ट्रिय आय तथा कुल उपभोगमा केही वृद्धि आएता पनि कुल गार्हस्थ्य बचत तथा कुल लगानीका साथै कुल गार्हस्थ्य उत्पादनमा शिथिलता आएकोले आर्थिक वर्ष २०६२/६३ मा अर्थतन्त्रमा समष्टिगत रूपमा सुधारको संकेत देखा पर्न सकेन ।

## चुनौतीहरू

१.२३ केही प्रतिकूल अवस्थाको अतिरिक्त पनि विश्व अर्थतन्त्रमा उत्साहजनक वृद्धि हासिल भएको छ भने नेपालका दुई छिमेकी मुलुक चीन र भारतको आर्थिक वृद्धि दर निकै उच्च रहेको छ । यस प्रकारको अनुकूल अवस्था हुँदा हुँदै पनि नेपालले आन्तरिक द्वन्द्व, राजनीतिक अस्थिरता, प्रजातान्त्रिक संस्था एवं सरकारको अभाव, अप्रभावकारी नीति-योजना तथा कमजोर व्यवस्थापनका कारण विद्यमान अवसरको फाइदा लिन नसकेकोले उपरोक्त समस्याहरूलाई उचित प्रकारले समाधान गर्ने कार्य चुनौतीको रूपमा रहेको छ ।

१.२४ द्रुतगतिमा भइरहेको भूमण्डलीकरणको फलस्वरुप विश्वको एक कुनामा विकसित हुने घटनाको असर विश्वका अन्य सबैजसो भू-भागमा पर्न थालेको छ । युद्ध, द्वन्द्व र प्राकृतिक प्रकोपका कारण अत्यावश्यकीय वस्तु तथा सेवाहरूको आपूर्तिमा बेला-बेलामा समस्या भोग्नु परेको छ । पेट्रोलियम पदार्थको विश्व भण्डार सीमित रहनु तर विश्वव्यापीरूपमा यस्ता पदार्थको मागमा तीव्र वृद्धि हुनुले पेट्रोलियम पदार्थको मूल्यमा निरन्तर वृद्धि आउने प्रवृत्ति देखिन्छ भने युद्ध, द्वन्द्व र प्राकृतिक प्रकोपले पेट्रोलियम पदार्थको मूल्य र आपूर्तिमा अनिश्चितता सिर्जना गर्ने गरेको छ । यस्तो परिस्थितिमा पेट्रोलियम पदार्थको निमित्त पूर्णतया वाह्य क्षेत्रमा निर्भर रहेको नेपालजस्तो मुलुकले यस्ता पदार्थको आपूर्तिलाई सूचारु तुल्याउन दीर्घकालिन सोचका साथ एक सवल प्रणालीको व्यवस्था गर्नुका साथै अन्य वैकल्पिक उर्जाको विकास, विस्तार र उपयोगमा जोड दिनु पर्ने देखिन्छ ।

१.२५ देशमा विगत १२ वर्षदेखि जारी रहेको आन्तरिक द्वन्द्वको कारण शान्ति सुरक्षामा गम्भीर चुनौती सामना गर्नु परेकोले यस अवधिमा विकास निर्माणका कार्यहरू अवरुद्ध हुन पुगे भने औद्योगिक शान्ति कायम हुन नसकेको र यातायात-परिवहनमा समेत विभिन्न अवरोध हुन गएकाले समग्र आर्थिक कृयाकलापमा संकुचन आयो । २०६२/६३ को जनआन्दोलनको सफलता पछि देशमा आएको परिवर्तनका कारण शान्ति स्थापना भई विकास निर्माणका कार्य सञ्चालन गर्न र सम्पूर्ण प्रकारका आर्थिक कृयाकलापलाई द्रुत गतिमा अघि बढाउन अनुकुल वातावरण निर्माण हुने अपेक्षा गरिएको छ । हाल घोषणा भएको युद्ध विरामको अवस्थाबाट स्थायी शान्तितर्फ अग्रसर हुन नसकेमा वा पुनः यूद्धको स्थिति कायम भएमा देशको अर्थतन्त्र अझ खस्कन जाने देखिन्छ । यसर्थ देशमा दीर्घकालीन शान्ति-सुरक्षाको व्यवस्था कायम राख्ने कार्य ठूलो चुनौतीको रूपमा रहेको छ ।

१.२६ देशको कुल गार्हस्थ्य उत्पादमा महत्वपूर्ण स्थान ओगट्ने कृषि क्षेत्र अझ पनि मूल रूपमा मनसुन मै भर पर्ने अवस्था छ । भूमण्डलीय तापक्रममा आएको परिवर्तनको कारण विश्वको जलवायु व्यवस्था अझ बढी अनिश्चित हुँदै गएको देखिएको छ । केही वर्षको अन्तरालमा सुख्खा-खडेरी देखा पर्ने नियमित चक्रमा परिवर्तन आएको फलस्वरुप विगत दुई वर्ष

लगातार खडेरीको अवस्था देखा पर्न गएकोले कृषि क्षेत्रको उत्पादन उल्लेखनीय रूपमा प्रभावित हुन पुग्यो । यस प्रकारको प्रतिकूल मौसमी असरलाई न्यून तुल्याउन सिंचाई व्यवस्थालाई सुदृढ गर्नु पर्ने र बदलिंदो जलवायु व्यवस्था अनुरुप कृषि खेति पद्धतिमा आवश्यक परिवर्तन गर्नु पर्ने देखिएको छ ।

१.२७ आन्तरिक द्वन्द्वका कारण ग्रामीण क्षेत्रमा अत्यावश्यक भौतिक संरचनाहरू थप हुन नसकेको र भएका भौतिक संरचनाहरूमा पनि ठूलो मात्रामा क्षति पुऱ्याइएको कारण एकातिर ग्रामीण क्षेत्रका जनताहरू न्यूनतम सेवा-सुविधाबाट वञ्चित रहन पुगेका छन् भने अर्कोतर्फ पूर्वाधारको अभावमा निजी क्षेत्रबाट उद्योग-व्यवसाय, कलकारखाना स्थापना गर्नको लागि अनुकूल वातावरण कायम हुन सकेको छैन । तसर्थ स्थायी शान्ति कायम गर्ने कार्य पछि अर्को चुनौतीको रूपमा ध्वस्त भएका भौतिक संरचनाको पुनर्निर्माण र विकासका पूर्वाधारको रूपमा रहेका नयाँ संरचनाहरूको निर्माण द्रुतगतिमा गर्ने कार्य रहेका छन् ।

१.२८ अन्तर्राष्ट्रिय बजारमा वस्तु तथा सेवाको मूल्य वृद्धि भई त्यस्तो मूल्य वृद्धि आयात हुने अवस्थाका अतिरिक्त माग बमोजिमको परिमाणमा वस्तु तथा सेवा उपलब्ध भएता पनि अस्वस्थ्य प्रतिस्पर्धा, उद्यमी-व्यवसायीहरूको मिलिमतो र कमजोर आपूर्ति व्यवस्थाका कारण आम जनताले कृत्रिम महंगी र अभाव व्यहोर्नु पर्ने अवस्था समेत विद्यमान रहेको देखिन्छ । प्राकृतिक कारणले हुने मूल्य वृद्धि र अभावको समस्या समाधान गर्नुका साथै मुख्यतया बजारमा देखिने खराव प्रवृत्तिलाई निरुत्साहित गरी वस्तु तथा सेवाको कृत्रिम मूल्य वृद्धि तथा अभाव हुन नदिने व्यवस्था गर्ने कार्य चुनौतीको रूपमा देखा परेको छ ।

१.२९ प्रजातान्त्रिक संस्था एवं सरकार नरहेको विगत वर्षहरूमा चालू खर्चमा वेपत्ता वृद्धि गरिएको छ भने पूँजीगत खर्च र राजस्व वृद्धिदर न्यून रहेको छ । चालू खर्चमा स्थायी रुपले असर पर्ने गरी खर्च स्रोतमा विस्तार हुनुका साथै पूँजीगत खर्च गर्ने संरचनागत क्षमता क्षय हुँदै गएको हुँदा परिवर्तित अवस्था अनुसार चालू खर्चमा यथेष्ट मात्रामा कटौती गर्ने कार्यमा जटिलता थपिएको छ भने न्यून राजस्वको कारण पूँजीगत खर्चको लागि साधनको अभाव रहनुको साथै संरचनागत कमजोरी चुनौतीको रूपमा रहेको छ ।

# २. सार्वजनिक वित्त

## वित्तीय स्वरुप तथा बजेट

२.१ सरकारी खर्च वृद्धिको अनुपातमा राजस्व वृद्धि हुन नसकेकोले खर्च र राजस्वको अन्तर कम हुन सकेको छैन । कुल गार्हस्थ्य उत्पादनसँग राजस्व परिचालनको अनुपात आर्थिक वर्ष २०६०/६१ मा १२.५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६१/६२ मा सो अनुपात ०.६ प्रतिशत बिन्दुले वृद्धि भई १३.१ प्रतिशत पुगेको छ । कुल सरकारी खर्चको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात आर्थिक वर्ष २०६०/६१ को तुलनामा आर्थिक वर्ष २०६१/६२ मा १.२ प्रतिशत बिन्दुले वृद्धि भई १९.२ प्रतिशत पुगेको छ । कुल गार्हस्थ्य उत्पादनसँग कुल खर्च र कुल राजस्वको अनुपातको विश्लेषण गर्दा तुलनात्मकरुपले कुल खर्चको अनुपात कुल राजस्वको अनुपात भन्दा बढी भएको कारण कुल खर्च र कुल राजस्व परिचालन बीचको अन्तर ०.६ प्रतिशत बिन्दुले वृद्धि भई आर्थिक वर्ष २०६०/६१ मा सो अन्तर ५.५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६१/६२ मा ६.१ प्रतिशत रहेको छ ।

### तालिका २ (क): सरकारी खर्च र राजस्व/कुल गार्हस्थ्य उत्पादन अनुपात

**(प्रचलित उत्पादक मूल्यमा)**

**(प्रतिशत)**

| आर्थिक वर्ष | सरकारी खर्च | | | | राजस्व परिचालन | खर्च र राजस्व बीचको अन्तर |
|---|---|---|---|---|---|---|
| | चालु खर्च | पूंजीगत खर्च | सांवा भुक्तानी खर्च | कुल | | |
| २०५५/५६ | ९.३ | ६.७ | १.४ | १७.४ | १०.९ | ६.५ |
| २०५६/५७ | ९.४ | ६.७ | १.४ | १७.५ | ११.३ | ६.२ |
| २०५७/५८ | ११.१ | ६.९ | १.४ | १९.४ | ११.९ | ७.५ |
| २०५८/५९ | ११.५ | ५.९ | १.५ | १८.९ | ११.९ | ७.० |
| २०५९/६० | ११.४ | ४.९ | २.१ | १८.४ | १२.३ | ६.१ |
| २०६०/६१ | ११.२ | ४.६ | २.२ | १८.० | १२.५ | ५.५ |
| २०६१/६२ | ११.६ | ५.१ | २.५ | १९.२ | १३.१ | ६.१ |

*स्रोतः महालेखा नियन्त्रक कार्यालय र केन्द्रीय तथ्याङ्क विभाग ।*

२.२ आर्थिक वर्ष २०६०/६१ को तुलनामा आर्थिक वर्ष २०६१/६२ मा राजस्व बचत ०.६ प्रतिशत बिन्दुले वृद्धि भई २०.६ प्रतिशत पुगेको छ । पूंजीगत खर्च तथा सांवा भुक्तानी खर्च व्यहोर्ने स्रोत मध्ये राजस्व बचत प्रमुख स्रोत मानिन्छ । आर्थिक वर्ष २०६१/६२ मा कुल खर्चको अनुपातमा कुल राजस्व वृद्धि हुन नसकेको कारण राजस्व बचतको वृद्धिदर सामान्य रहेको देखिन्छ ।

२.३ आर्थिक वर्ष २०६०/६१ मा पूँजीगत खर्च तथा साँवा भुक्तानी खर्च व्यहोर्ने स्रोतहरूमा वैदेशिक अनुदानको अंश ३३.३ प्रतिशत र न्यून वित्त परिचालनका स्रोतहरूको अंश ४६.७ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०६१/६२ मा तालिका २ (ख) मा प्रस्तुत भए अनुसार वैदेशिक अनुदानको अंश ३५.२ प्रतिशत र न्यून वित्त परिचालनका स्रोतहरूको अंश ४४.२

प्रतिशत रहेको छ । राजस्व बचत र वैदेशिक अनुदानतर्फ सामान्य वृद्धि भएको कारण खर्च व्यहोर्ने स्रोत अन्तर्गत अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६१/६२ मा न्यून वित्त परिचालन २.५ प्रतिशत विन्दुले घटेको देखिन्छ ।

### तालिका २ (ख): पूँजीगत तथा साँवा भुक्तानी खर्च र सोको पूर्ति गर्ने स्रोतहरू

| शीर्षक | २०५५/५६ | २०५६/५७ | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ |
|---|---|---|---|---|---|---|---|
| कुल पूँजीगत तथा साँवा भुक्तानी खर्च (रु. करोडमा) | २७६३.४८ | ३०६९.३४ | ३३९९.७८ | ३१२०.८३ | ३१९१.५६ | ३३८९.०५ | ४०८७४० |
| क . पूँजीगत खर्च | २२९९.२१ | २५४८.०७ | २८३०.७२ | २४७७.३४ | २२३५.६१ | २३०९.५६ | २७३४.०७ |
| ख . साँवा भुक्तानी खर्च | ४६४.२७ | ५२१.२७ | ५६९.०६ | ६४३.४९ | ९५५.९५ | १०७९.४९ | १३५३.३३ |
| खर्च व्यहोर्ने स्रोतहरू (प्रतिशतमा) | | | | | | | |
| क . राजस्व बचत | १९.२ | २३.८ | ९.० | ५.१ | १३.० | २०.० | २०.६ |
| ख . वैदेशिक अनुदान | १५.७ | १८.६ | १९.९ | २१.४ | ३५.५ | ३३.३ | ३५.२ |
| ग . न्यून वित्त परिचालन | ६५.१ | ५७.६ | ७१.१ | ७३.५ | ५१.५ | ४६.७ | ४४.२ |
| अ. वैदेशिक ऋण | (४२.९) | (३८.५) | (३५.४) | (२४.७) | (१४.३) | (२२.५) | (२२.७) |
| आ. आन्तरिक ऋण | (१७.०) | (१७.९) | (२०.६) | (२५.६) | (२७.८) | (१६.५) | (२१.९) |
| इ. मौज्दात परिवर्तन | (५.२) | (१.२) | (१५.१) | (२३.२) | (९.४) | (७.७) | (-०.४) |

*स्रोत: महालेखा नियन्त्रक कार्यालय ।*

## सरकारी वित्त

२.४ कुल सरकारी खर्चको बढ्दो प्रवृत्ति आर्थिक वर्ष २०६१/६२ मा पनि कायमै रहेको देखिन्छ । आर्थिक वर्ष २०६०/६१ मा अघिल्लो आर्थिक वर्षको तुलनामा कुल सरकारी खर्च ६.५ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६१/६२ मा सो खर्च १४.७ प्रतिशतले वृद्धि भएको छ । सरकारी खर्चको वर्गीकरण अनुसार चालू खर्च आर्थिक वर्ष २०६०/६१ मा ६.६ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६१/६२ मा ११.० प्रतिशतले वृद्धि भएको छ । पूँजीगत खर्चको विश्लेषण गर्दा आर्थिक वर्ष २०६०/६१ मा सो खर्च अघिल्लो आर्थिक वर्षको तुलनामा ३.३ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६१/६२ मा १८.४ प्रतिशतले वृद्धि भएको देखिन्छ । साँवा भूक्तानी खर्चतर्फ अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६०/६१ मा १२.९ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६१/६२ मा सो खर्च २५.४ प्रतिशतले वृद्धि भएको छ ।

२.५ आर्थिक वर्ष २०६०/६१ मा भएको कुल सरकारी खर्च रु. ८९ अर्व ४४ करोड २६ लाख मध्ये राजस्व परिचालनबाट ६९.७ प्रतिशत, वैदेशिक अनुदानवाट १२.६ प्रतिशत, वैदेशिक ऋणवाट ८.५ प्रतिशत, आन्तरिक ऋणवाट ६.३ प्रतिशत र मौज्दात परिवर्तनबाट २.९ प्रतिशत खर्च व्यहोरिएको थियो । आर्थिक वर्ष २०६१/६२ मा कुल सरकारी खर्च रु. १०२ अर्ब ५६ करोड ४ लाख भएको देखिन्छ । उक्त खर्चलाई परिपूर्ति गर्ने स्रोतहरूमा राजस्व परिचालनवाट ६८.४ प्रतिशत, वैदेशिक अनुदानवाट १४.० प्रतिशत, वैदेशिक ऋणवाट ९.० प्रतिशत र आन्तरिक ऋणबाट ८.७ प्रतिशत रहेको देखिन्छ । आर्थिक वर्ष २०६०/६१ को तुलनामा आर्थिक वर्ष २०६१/६२ मा सरकारी खर्च ब्यहोर्ने स्रोतहरू मध्ये वैदेशिक ऋण

२१.५ प्रतिशतले र आन्तरिक ऋण ५९.४ प्रतिशतले वृद्धि भएको कारण मौज्दात परिवर्तन तर्फ रु. १५ करोड ७७ लाखले सामान्य वचत भएको देखिन्छ ।

## चालू खर्च

२.६ आर्थिक वर्ष २०६१/६२ मा आर्थिक वर्ष २०६०/६१ को तुलनामा चालू खर्च ११.० प्रतिशतले वृद्धि भई कुल चालू खर्च रु. ६१ अर्ब ६८ करोड ६४ लाख पुगेको छ । आर्थिक वर्ष २०६०/६१ मा कुल चालू खर्च रु. ५५ अर्ब ५५ करोड २१ लाख रहेको थियो । कुल चालू खर्च मध्ये आर्थिक वर्ष २०६१/६२ मा संवैधानिक अंगहरूको खर्चको अंश १.३ प्रतिशत, साधारण प्रशासनको अंश १३.३ प्रतिशत, राजस्व तथा आर्थिक प्रशासनको अंश ०.९ प्रतिशत, आर्थिक प्रशासन र योजनाको अंश ०.५ प्रतिशत, न्याय प्रशासनको अंश ०.८ प्रतिशत, वैदेशिक सेवाको अंश १.३ प्रतिशत रहेको छ भने रक्षा तर्फको खर्चको अंश १३.९ प्रतिशत, सामाजिक सेवाको अंश ३७.६ प्रतिशत, आर्थिक सेवाहरूको अंश ११.६ प्रतिशत, सांवा ब्याज भुक्तानीको अंश १०.१ प्रतिशत र विविध खर्चको अंश ८.७ प्रतिशत रहेको छ ।

२.७ आर्थिक वर्ष २०६१/६२ मा कुल चालू खर्च मध्ये सबै भन्दा बढी खर्च शिक्षा, स्वास्थ्य, खानेपानी, स्थानीय विकास र अन्य सामाजिक सेवामा रु. २३ अर्ब २० करोड ८८ लाख भएको छ । यसै गरी अन्य प्रमुख चालू खर्चहरूमा साधारण प्रशासनमा रु. ८ अर्ब २२ करोड ६३ लाख खर्च भएको छ भने रक्षा तर्फ रु. ८ अर्ब ५८ करोड ३ लाख र आर्थिक सेवाहरूमा रु. ७ अर्ब १६ करोड ७८ लाख खर्च भएको छ । यस आर्थिक वर्षमा साँवाको ब्याज भुक्तानीतर्फ रु. ६ अर्ब २१ करोड ८० लाख खर्च भएको छ ।

२.८ आर्थिक वर्ष २०६०/६१ को चालू खर्चमध्ये केही प्रमुख खर्चहरूको विश्लेषण गर्दा आर्थिक वर्ष २०६१/६२ मा सामाजिक सेवातर्फ ११.५ प्रतिशतले खर्च वृद्धि भएको देखिन्छ भने रक्षातर्फ २९.४ प्रतिशतले, साधारण प्रशासनतर्फ १२.३ प्रतिशतले, न्याय प्रशासनतर्फ १२.४ प्रतिशतले, वैदेशिक सेवातर्फ ११.८ प्रतिशतले, आर्थिक सेवाहरू तर्फ ३०.० प्रतिशतले, राजस्व तथा आर्थिक प्रशासन तर्फ ८.९ प्रतिशतले, आर्थिक प्रशासन र योजनातर्फ २१.८ प्रतिशतले र संवैधानिक अंगतर्फ १०.४ प्रतिशतले वृद्धि भएको देखिन्छ । अर्कोतर्फ अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६१/६२ मा व्याज भुक्तानीतर्फको खर्च ५.० प्रतिशतले घटेको देखिएको छ भने विविध खर्च १२.६ प्रतिशतले घटेको देखिन्छ ।

## पुंजीगत खर्च

२.९ आर्थिक वर्ष २०६१/६२ मा अघिल्लो आर्थिक वर्षको तुलनामा पूँजीगत खर्च १८.४ प्रतिशतले वृद्धि भई कुल रु. २७ अर्व ३४ करोड ७ लाख खर्च भएको छ । आर्थिक वर्ष २०६०/६१ मा कुल पूँजीगत खर्च रु. २३ अर्ब ९ करोड ५६ लाख थियो । आर्थिक वर्ष २०६१/६२ मा कुल पूँजीगत खर्च अन्तर्गतका केही प्रमुख खर्चहरू मध्ये आर्थिक सेवाहरूमा रु. १५ अर्ब ३९ करोड ४९ लाख (५६.३ प्रतिशत), सामाजिक सेवामा रु. ७ अर्ब ९४ करोड ७ लाख (२९.० प्रतिशत) र रक्षातर्फ रु. २ अर्ब ४१ करोड २६ लाख (८.८ प्रतिशत) खर्च भएको छ । यस्तै साधारण प्रशासनतर्फ रु. ८८ करोड ३६ लाख (३.२ प्रतिशत), विविधतर्फ रु. ४३ करोड ५० लाख (१.६ प्रतिशत) र न्याय प्रशासनतर्फ रु. १४ करोड १३ लाख (०.५ प्रतिशत) खर्च भएको छ । आर्थिक वर्ष २०६१/६२ मा आर्थिक वर्ष २०६०/६१

मा भएको पूँजीगत खर्चसँग तुलना गर्दा सामाजिक सेवातर्फ ११.३ प्रतिशतले, आर्थिक सेवाहरूतर्फ १७.३ प्रतिशतले, रक्षातर्फ २७.६ प्रतिशतले र साधारण प्रशासनतर्फ ५२.८ प्रतिशतले वृद्धि भएको देखिन्छ । त्यस्तै राजस्व तथा आर्थिक प्रशासनतर्फको खर्च २८.८ प्रतिशतले, न्याय प्रशासनतर्फको खर्च २०१.९ प्रतिशतले र आर्थिक प्रशासन र योजनातर्फको खर्च १७१.९ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

## साँवा भुक्तानी खर्च

२.१० साँवा भुक्तानी खर्च बढ्दो प्रवृत्तिमा नै रहेको देखिन्छ । आर्थिक वर्ष २०६१/६२ मा साँवा भुक्तानी खर्च रु. १३ अर्ब ५३ करोड ३३ लाख पुगेको छ जुन खर्च आर्थिक वर्ष २०५९/६० मा रु. ९ अर्ब ५५ करोड ९५ लाख र आर्थिक वर्ष २०६०/६१ मा रु. १० अर्ब ७९ करोड ४९ लाख थियो । अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६१/६२ मा साँवा भुक्तानी खर्च २५.४ प्रतिशतले वृद्धि भएको छ ।

२.११ आर्थिक वर्ष २०६१/६२ मा कुल साँवा भुक्तानी खर्च मध्ये आन्तरिक ऋणको साँवा भुक्तानी खर्चको अंश ५६.० प्रतिशत र बाह्य ऋणको साँवा भुक्तानी खर्चको अंश ४४.० प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६१/६२ मा आन्तरिक ऋणको साँवा भुक्तानी खर्च ५०.७ प्रतिशतले वृद्धि भएको छ भने बाह्य ऋणको साँवा भुक्तानी खर्च ३.२ प्रतिशतले वृद्धि भएको छ ।

## आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनासम्मको खर्चको स्थिति

२.१२ फाल्गुण महिनासम्म भएको निकासा र चालू कोषको आधारमा आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनाको कुल खर्चको तुलनामा आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनासम्मको अवधिमा कुल खर्च १०.७ प्रतिशतले वृद्धि भई रु. ६८ अर्ब ५७ करोड ९१ लाख खर्च भएको छ । आर्थिक वर्ष २०६१/६२ को सोही अवधिमा रु. ६१ अर्ब ९४ करोड ५ लाख खर्च भएको थियो । कुल खर्च मध्ये आर्थिक वर्ष २०६२/६३ को समीक्षा अवधिमा चालू खर्चतर्फ रु. ४८ अर्ब ४ करोड ११ लाख, पूँजीगत खर्चतर्फ रु. १३ अर्ब ४४ करोड ७७ लाख र साँवा भुक्तानीतर्फ रु. ७ अर्ब ९ करोड ३ लाख खर्च भएको देखिन्छ । आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा चालू खर्च ११.६ प्रतिशतले, पूँजीगत खर्च १३.३ प्रतिशतले र साँवा भुक्तानी खर्च १.१ प्रतिशतले वृद्धि भएको देखिन्छ । आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनाको अवधिमा चालू खर्चतर्फ रु. ४३ अर्ब ६ करोड १३ लाख, पूँजीगत खर्चतर्फ रु. ११ अर्ब ८६ करोड ६३ लाख र साँवा भुक्तानीतर्फ रु. ७ अर्ब १ करोड २९ लाख खर्च भएको देखिन्छ ।

## वित्तीय स्रोत

२.१३ राजस्व परिचालन, वैदेशिक अनुदान तथा ऋण, आन्तरिक ऋणको साथै नगद मौज्दात परिवर्तनलाई सरकारी खर्च जुटाउने वित्तीय संयन्त्रको रूपमा उपयोग गरिंदै आएको छ ।

## राजस्व

२.१४ सरकारी खर्च जुटाउने स्रोतहरू मध्येको प्रमुख साधन राजस्व आर्थिक वर्ष २०६०/६१ को तुलनामा आर्थिक वर्ष २०६१/६२ मा १२.५ प्रतिशतले वृद्धि भई रु ७० अर्व १२ करोड २७ लाख पुगेको छ । आर्थिक वर्ष २०६०/६१ मा अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व सङ्कलन १०.८ प्रतिशतले वृद्धि भएको थियो । आर्थिक वर्ष २०६०/६१ मा कुल सरकारी खर्चको ६९.७ प्रतिशत राजस्व परिचालनवाट व्यहोरिएको थियो भने आर्थिक वर्ष २०६१/६२ मा सो खर्चको ६८.४ प्रतिशत राजस्व परिचालनवाट व्यहोरिएको देखिन्छ । आर्थिक वर्ष २०५९/६० मा राजस्व परिचालनबाट कुल सरकारी खर्चको ६६.९ प्रतिशत खर्च व्यहोरिएको थियो ।

२.१५ कुल राजस्व मध्ये आर्थिक वर्ष २०६१/६२ मा कर राजस्वको अंश ७७.२ प्रतिशत रहेको छ भने गैर कर राजस्वको अंश २२.८ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६०/६१ मा कर राजस्व र गैर कर राजस्वको अंश कुल राजस्वको क्रमश ७७.३ प्रतिशत र २२.७ प्रतिशत रहेको थियो ।

२.१६ अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६१/६२ मा कर राजस्व १२.३ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०६०/६१ मा अघिल्लो आर्थिक वर्षको तुलनामा कर राजस्व १३.१ प्रतिशतले वृद्धि भएको थियो । आर्थिक वर्ष २०६१/६२ मा कुल कर राजस्वमध्ये भंसार महसुलको अंश २९.० प्रतिशत रहेको छ भने वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने करको अंश ४६.८ रहेको छ । यसै गरी मालपोत तथा रजिष्ट्रेशनको अंश ३.४ प्रतिशत र आय, नाफा र सम्पत्ति करको अंश २०.८ प्रतिशत रहेको देखिन्छ ।

२.१७ कर राजस्वतर्फ आर्थिक वर्ष २०६०/६१ को तुलनामा आर्थिक वर्ष २०६१/६२ मा भन्सार महसुल ०.९ प्रतिशतले वृद्धि भएको छ भने वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर २२.३ प्रतिशतले वृद्धि भएको छ । यसै गरी आय, नाफा र सम्पत्ति कर १०.४ प्रतिशत र मालपोत तथा रजिष्ट्रेशन दस्तुर ६.० प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०६१/६२ मा भंसार महसुल अन्तर्गत पैठारी महसुल १५.३ प्रतिशत र निकासी महसुल ३२.४ प्रतिशतले वृद्धि भएको देखिन्छ भने भारतीय अन्तःशुल्क फिर्ता ४३.६ प्रतिशतले घटेको देखिन्छ । वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर अन्तर्गत अन्तःशुल्क ३.५ प्रतिशत र मूल्य अभिवृद्धि कर ३०.४ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

२.१८ आर्थिक वर्ष २०६१/६२ मा गैर कर राजस्व आर्थिक वर्ष २०६०/६१ को तुलनामा १३.१ प्रतिशतले वृद्धि भई रु. १६ अर्व १ करोड ८० लाख पुगेको छ । कुल गैर कर राजस्व मध्ये आर्थिक वर्ष २०६१/६२ मा दस्तुर, दण्ड, जरिवाना र जफतको अंश ८.५ प्रतिशत, सरकारी सेवा तथा वस्तुको विक्रीवाट प्राप्त आयको अंश २४.० प्रतिशत, लाभांशको अंश २८.७ प्रतिशत, रोयल्टी तथा सरकारी सम्पत्ति बिक्रीको अंश १२.१ प्रतिशत, साँवा र ब्याजको अंश १६.९ प्रतिशत र विविध गैर कर राजस्वको अंश ९.८ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६१/६२ मा गैर कर राजस्व अन्तर्गत फर्म रजिष्ट्रेशन दस्तुर ४०.५ प्रतिशतले, प्रशासनिक दस्तुर, दण्ड, जरिवाना र जफत २७.६ प्रतिशतले, सेवामूलक संस्थातर्फको लाभांश ११८.७ प्रतिशतले र अन्य सरकारी क्षेत्रको आयमा २०.० प्रतिशतले वृद्धि भएको देखिन्छ । अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६१/६२ मा गैर कर राजस्व अन्तर्गत कम्पनी र संस्थानहरूबाट प्राप्त हुने साँवा ३२.२ प्रतिशतले र व्याज १२.२ प्रतिशतले घटेको देखिन्छ ।

## आर्थिक वर्ष २०६२/६३ को बैशाख महिनासम्मको राजस्वको स्थिति

२.१९ आर्थिक वर्ष २०६२/६३ को बैशाख महिनासम्ममा कुल राजस्व रु. ५२ अर्व २ करोड ३८ लाख सङ्कलन भएको देखिन्छ । आर्थिक वर्ष २०६१/६२ को सोही अवधिमा कुल राजस्व ५२ अर्व १७ करोड ९९ लाख सङ्कलन भएको थियो । यसरी आर्थिक वर्ष २०६१/६२ को बैशाख महिनासम्मको राजस्व असुलीको तुलनामा आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा कुल राजस्व ०.३ प्रतिशतले न्यून भएको छ । आर्थिक वर्ष २०६२/६३ को यसै अवधिमा कुल राजस्व मध्ये रु. ४४ अर्व ४८ करोड ९२ लाख कर राजस्व र रु. ७ अर्व ५३ करोड ४६ लाख गैर-कर राजस्व सङ्कलन भएको छ । अघिल्लो आर्थिक वर्षको समीक्षा अवधिको तुलनामा आर्थिक वर्ष २०६२/६३ को यसै अवधिमा कर राजस्व ५.९ प्रतिशतले वृद्धि भएको छ भने गैर-कर राजस्व २६.० प्रतिशतले कम सङ्कलन भएको देखिन्छ ।

२.२० भंसारतर्फ आर्थिक वर्ष २०६२/६३ को वैशाख महिनासम्मको अवधिमा रु. ११ अर्व ७४ करोड ६७ लाख असुली भई गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.४ प्रतिशतले कम भएको देखिन्छ । यस अवधिमा वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने कर रु. १७ अर्व २२ करोड ६३ लाख असूली भई अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १७.६ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा पैठारी महशुल ३.१ प्रतिशतले र निकासी महशुल १०.८ प्रतिशतले न्यून भएको देखिन्छ । यसै अवधिमा अन्तःशुल्क ०.३ प्रतिशतले र मूल्य अभिवृद्धि कर १७.६ प्रतिशतले वृद्धि भएको देखिएको छ । यसरी नै रजिष्ट्रेशन दस्तुर १८.० प्रतिशतले, आयकर ४.३ प्रतिशतले, घरजग्गा वहाल कर ११.१ प्रतिशतले र सवारी साधन कर १९.७ प्रतिशतले बढी असूली भएको देखिन्छ ।

## वैदेशिक सहायता

२.२१ आर्थिक वर्ष २०६०/६१ को तुलनामा आर्थिक वर्ष २०६१/६२ मा स्वीकृत वैदेशिक सहायतामा वृद्धि भएको देखिन्छ । आर्थिक वर्ष २०६०/६१ मा कुल स्वीकृत वैदेशिक सहायता रु. २३ अर्व ७३ करोड ८० लाख रहेकोमा आर्थिक वर्ष २०६१/६२ मा कुल स्वीकृत वैदेशिक सहायता ६०.७ प्रतिशतले वृद्धि भई रु. ३८ अर्व १५ करोड २३ लाख पुगेको छ । आर्थिक वर्ष २०६१/६२ को कुल स्वीकृत वैदेशिक सहायता मध्ये द्विपक्षीय सहायता अन्तर्गत रु. २१ अर्व २२ करोड ५४ लाख र बहुपक्षीय सहायता अन्तर्गत रु. १६ अर्व ९२ करोड ६९ लाख रहेको छ । स्वीकृत वैदेशिक सहायतालाई ऋण र अनुदान सहायतामा वर्गीकरण गरी विश्लेषण गर्दा यस आर्थिक वर्षमा वैदेशिक अनुदान सहायतातर्फ रु. २५ अर्व ३९ करोड २७ लाख र वैदेशिक ऋण सहायतातर्फ रु. १२ अर्व ७५ करोड ९६ लाख रहेको देखिन्छ । अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०६१/६२ मा स्वीकृत वैदेशिक सहायता मध्ये वैदेशिक अनुदान सहायतातर्फ १८३.५ प्रतिशतले उल्लेख्य वृद्धि भएको देखिन्छ भने वैदेशिक ऋण सहायतातर्फ १३.७ प्रतिशतले घटेको देखिएको छ ।

२.२२ स्वीकृत वैदेशिक सहायता रकमलाई क्षेत्र अनुसार वर्गीकरण गरी विश्लेषण गर्दा आर्थिक वर्ष २०६१/६२ मा कुल स्वीकृत वैदेशिक सहायता मध्ये कृषि, सिंचाई र वन क्षेत्रको अंश ४.२ प्रतिशत, यातायात तथा सञ्चार क्षेत्रको अंश ८.२ प्रतिशत, ग्रामिण विकास क्षेत्रको अंश ८.१ प्रतिशत, पिउने पानी तथा ढल निकास क्षेत्रको अंश ४.९ प्रतिशत, शिक्षा क्षेत्रको अंश २८.७ प्रतिशत, स्वास्थ्य क्षेत्रको अंश ३२.६ प्रतिशत र अन्य क्षेत्रको अंश १३.३ प्रतिशत

रहेको देखिन्छ । आर्थिक वर्ष २०६१/६२ मा स्वीकृत कुल वैदेशिक सहायता रकम मध्ये रु. ३७ अर्ब ५४ करोड ७४ लाख (९८.४ प्रतिशत) नेपाल विकास मञ्चका सदस्यहरूबाट प्रदान गरिने सहायता रकम भएको देखिन्छ ।

## अनुदान तथा ऋण

२.२३ आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनाको अवधिमा कुल स्वीकृत वैदेशिक सहायता रु. ३५ अर्ब ३ करोड १६ लाख मध्ये अनुदान सहायतातर्फ रु. २३ अर्ब १ करोड ३३ लाख र ऋण सहायतातर्फ रु. १२ अर्ब १ करोड ८३ लाख रहेको थियो । यसरी कुल स्वीकृत वैदेशिक सहायता मध्ये अनुदान सहायताको अंश ६५.७ प्रतिशत र ऋण सहायताको अंश ३४.३ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनाको समीक्षा अवधिमा कुल स्वीकृत वैदेशिक सहायता रु. १५ अर्ब ९६ करोड ६२ लाख रहन गई अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ५४.४ प्रतिशतले घटेको देखिएको छ । कुल स्वीकृत वैदेशिक सहायता मध्ये समीक्षा अवधिमा वैदेशिक अनुदान सहायतातर्फ रु. १४ अर्ब ४ करोड ८ लाख (८७.९ प्रतिशत) र वैदेशिक ऋण सहायतातर्फ रु. १ अर्ब ९२ करोड ५४ लाख (१२.१ प्रतिशत) रहेको छ ।

## प्रतिबद्धता तथा उपयोग

२.२४ आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा कुल स्वीकृत वैदेशिक सहायता मध्ये द्विपक्षीय सहायताको अंश ६६.० प्रतिशत र बहुपक्षीय सहायताको अंश ३४.० प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६१/६२ को सोही समीक्षा अवधिमा द्विपक्षीय सहायता र बहुपक्षीय सहायताको अंश क्रमशः ५४.१ प्रतिशत र ४५.९ प्रतिशत रहेको थियो । स्वीकृत वैदेशिक सहायता रकमको क्षेत्र अनुसार विश्लेषण गर्दा आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा स्वास्थ्य क्षेत्रमा रु. १ अर्ब १० करोड ४२ लाख (६.९ प्रतिशत), शिक्षा क्षेत्रमा रु. ३७ करोड २४ लाख (२.३ प्रतिशत), पिउने पानी तथा ढल निकास क्षेत्रमा रु. ६९ करोड १३ लाख (४.३ प्रतिशत), ग्रामीण विकास क्षेत्रमा रु. २ अर्ब ४० करोड ९० लाख (१५.१ प्रतिशत), विद्युत् क्षेत्रमा रु. १ अर्ब २३ करोड ३ लाख (७.७ प्रतिशत), कृषि, सिंचाई र वन क्षेत्रमा रु. ३ अर्ब १९ करोड ५८ लाख (२०.० प्रतिशत), उद्योग तथा खानी क्षेत्रमा रु. ४ करोड ८९ लाख (०.४ प्रतिशत) र अन्य क्षेत्रहरूमा रु. ६ अर्ब ९१ करोड ४३ लाख (४३.३ प्रतिशत) को प्रतिबद्धता व्यक्त भएको देखिन्छ ।

२.२५ वैदेशिक सहायताको उपयोग आर्थिक वर्ष २०६०/६१ को तुलनामा आर्थिक वर्ष २०६१/६२ मा २५.१ प्रतिशतले वृद्धि भई रु. २३ अर्ब ६५ करोड ७३ लाख पुगेको छ । यस आर्थिक वर्षमा कुल वैदेशिक सहायताको उपयोग मध्ये रु. १४ अर्ब ३९ करोड १२ लाख (६०.८ प्रतिशत) वैदेशिक अनुदानबाट र रु. ९ अर्ब २६ करोड ६१ लाख (३९.२ प्रतिशत) वैदेशिक ऋणबाट भएको छ । आर्थिक वर्ष २०६०/६१ मा भएको कुल वैदेशिक सहायताको उपयोग रु. १८ अर्ब ९१ करोड २४ लाख मध्ये रु. ११ अर्ब २८ करोड ३४ लाख (५९.७ प्रतिशत) वैदेशिक अनुदानबाट र रु. ७ अर्ब ६२ करोड ९० लाख (४०.३ प्रतिशत) वैदेशिक ऋणबाट भएको थियो । आर्थिक वर्ष २०६१/६२ मा कुल वैदेशिक सहायताको उपयोग मध्ये द्विपक्षीय सहायता अन्तर्गत रु. ९ अर्ब २३ करोड ८ लाख (३९.० प्रतिशत) उपयोग भएको छ भने वहुपक्षीय सहायता अन्तर्गत रु. १४ अर्ब ४२ करोड ६५ लाख (६१.० प्रतिशत) उपयोग

भएको छ । अघिल्लो आर्थिक वर्षमा कुल वैदेशिक सहायताको उपयोग मध्ये द्विपक्षीय सहायता अन्तर्गत रु. ९ अर्ब १ करोड ३२ लाख (४७.७ प्रतिशत) र वहुपक्षीय सहायता अन्तर्गत रु. ९ अर्ब ८९ करोड ९२ लाख (५२.३ प्रतिशत) उपयोग भएको थियो ।

२.२६ वैदेशिक सहायता उपयोगको क्षेत्र अनुसार विश्लेषण गर्दा आर्थिक वर्ष २०६१/६२ मा सामाजिक सेवातर्फ रु. १० अर्ब ७४ करोड ६८ लाख (४५.४ प्रतिशत), यातायात, विद्युत् तथा सञ्चार क्षेत्रतर्फ रु. ९ अर्ब ८६ करोड (४१.७ प्रतिशत), कृषि, सिंचाई र वनतर्फ रु. २ अर्ब ५९ करोड ५७ लाख (११.० प्रतिशत), उद्योग तथा वाणिज्य क्षेत्रतर्फ रु. १२ करोड ३९ लाख (०.५ प्रतिशत) र अन्य क्षेत्रतर्फ रु. ३३ करोड ९ लाख (१.४ प्रतिशत) उपयोग भएको देखिन्छ । आर्थिक वर्ष २०६०/६१ मा भएको वैदेशिक सहायताको उपयोगसँग तुलना गर्दा आर्थिक वर्ष २०६१/६२ मा कृषि, सिंचाई तथा वन क्षेत्रमा ६.८ प्रतिशतले, सामाजिक सेवातर्फ २३.१ प्रतिशतले, यातायात, विद्युत् तथा सञ्चार क्षेत्रतर्फ ३०.२ प्रतिशतले उपयोगमा वृद्धि भएको देखिन्छ भने उद्योग तथा वाणिज्य क्षेत्रमा १५.६ प्रतिशतले वैदेशिक सहायताको उपयोगमा कमी आएको देखिन्छ ।

## कुल वैदेशिक ऋण

२.२७ आन्तरिक राजस्व परिचालनबाट कुल सरकारी खर्च व्यहोरिने स्थिति नरहेको कारण नेपालको अर्थतन्त्रमा वैदेशिक ऋणले उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको छ । आर्थिक वर्ष २०६०/६१ मा खुद तिर्न बाँकी वैदेशिक ऋण रु. २ खर्ब ३२ अर्ब ७७ करोड ९३ लाख रहेकोमा आर्थिक वर्ष २०६१/६२ मा ५.९ प्रतिशतले कम भई खुद तिर्न बाँकी वैदेशिक ऋण रु. २ खर्ब १९ अर्ब ६४ करोड १९ लाख रहेको छ ।

२.२८ खुद तिर्न बाँकी वैदेशिक ऋणमा थप प्राप्त भएको ऋण र साँवा तथा ब्याज भुक्तानी समायोजन गर्दा आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनाको अन्त्यमा खुद तिर्न बाँकी वैदेशिक ऋण रु. २ खर्ब ३५ अर्ब २० करोड ४० लाख रहेकोमा आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा खूद तिर्न बाँकी वैदेशिक ऋण ६.६ प्रतिशतले न्यून भई रु. २ खर्ब १९ अर्ब ६३ करोड ५१ लाख रहेको देखिन्छ ।

२.२९ खुद तिर्न बाँकी वैदेशिक ऋण र कुल गार्हस्थ्य उत्पादन (उत्पादकको प्रचलित मूल्यमा) को अनुपात आर्थिक वर्ष २०५९/६० मा ४८.९ प्रतिशत र आर्थिक वर्ष २०६०/६१ मा ४६.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६१/६२ मा सो अनुपात ४१.२ प्रतिशत रहेको देखिन्छ ।

## कुल आन्तरिक ऋण

२.३० कुल आन्तरिक ऋण २०६१ आषाढको तुलनामा २०६२ आषाढमा १.७ प्रतिशतले वृद्धि भई रु. ८७ अर्ब ५६ करोड ४२ लाख पुगेको छ । २०६१ आषाढमा कुल आन्तरिक ऋण रु. ८६ अर्ब १३ करोड ३७ लाख रहेको थियो । २०६२ आषाढ मसान्तमा कायम भएको कुल आन्तरिक ऋण मध्ये नेपाल राष्ट्र बैंकको अंश रु. १७ अर्ब ४४ करोड ५८ लाख (१९.९ प्रतिशत), वाणिज्य बैंकहरूको अंश रु. ४८ अर्ब ५५ करोड ७ लाख (५५.५ प्रतिशत) र अन्य संस्थाहरू तथा निजी क्षेत्रको अंश रु. २१ अर्ब ५६ करोड ७७ लाख (२४.६ प्रतिशत) रहेको छ । २०६२ आषाढ मसान्तमा कायम रहेको कुल आन्तरिक ऋण मध्ये ट्रेजरी विलको अंश ५८.७ प्रतिशत (रु. ५१ अर्ब ३८ करोड ३१ लाख), विकास ऋणपत्रको अंश २२.८ प्रतिशत (

रु. १९ अर्ब ९९ करोड ९२ लाख), राष्ट्रिय बचत पत्रको अंश ७.५ प्रतिशत (रु. ६ अर्ब ५७ करोड ६७ लाख), नागरिक बचत पत्रको अंश १.६ प्रतिशत (रु. १ अर्ब ४२ करोड ८९ लाख) र विशेष ऋणपत्रको अंश ९.४ प्रतिशत (रु. ८ अर्ब १७ करोड ६३ लाख) रहेको छ ।

२.३१ आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनासम्ममा कुल आन्तरिक ऋण रु. ९२ अर्ब ९४ करोड ६४ लाख रहेको छ । आर्थिक वर्ष २०६१/६२ को सोही अवधिमा कुल आन्तरिक ऋण रु. ८६ अर्ब १३ करोड २७ लाख रहेको थियो । आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनासँग आर्थिक वर्ष २०६२/६३ को सोही अवधिको तुलना गर्दा कुल आन्तरिक ऋण ७.९ प्रतिशतले वृद्धि भएको देखिन्छ । २०६२ फाल्गुण मसान्तमा कायम रहेको कुल आन्तरिक ऋण मध्ये नेपाल राष्ट्र बैंकको अंश २४.० प्रतिशत (रु. २२ अर्ब ३४ करोड १६ लाख), वाणिज्य बैंकहरूको अंश ५३.७ प्रतिशत (रु. ४९ अर्ब ९० करोड ५४ लाख) र अन्य संस्थाहरू तथा निजी क्षेत्रको अंश २२.३ प्रतिशत (रु. २० अर्ब ६९ करोड ९४ लाख) रहेको देखिन्छ । आन्तरिक ऋणको स्वरुपको विश्लेषण गर्दा ट्रेजरी विलतर्फ रु. ५७ अर्ब १४ करोड ११ लाख (६१.५ प्रतिशत), विकास ऋणपत्रतर्फ रु. २० अर्ब ७४ करोड ९२ लाख (२२.३ प्रतिशत), राष्ट्रिय बचत पत्रतर्फ रु. ५ अर्ब १८ करोड ९३ लाख (५.६ प्रतिशत), नागरिक बचत पत्रतर्फ रु. १ अर्ब ६७ करोड ८९ लाख (१.८ प्रतिशत) र विशेष ऋणपत्र तर्फ रु. ८ अर्ब १८ करोड ७९ लाख (८.८ प्रतिशत) रहेको देखिन्छ ।

## वित्तीय घाटा

२.३२ खर्चको अनुपातमा राजस्व वृद्धि हुन नसक्नुको कारण वित्तीय घाटाको स्थिति कायमै रहेको देखिन्छ । विगतका केही आर्थिक वर्षहरूको वित्तीय घाटाको स्वरुप तथा ऋण/कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात निम्नानुसार रहेको देखिन्छ ।

### तालिका २ (ग) : वित्तीय घाटा

रु. करोडमा

| आर्थिक वर्ष | वित्तीय बचत/ घाटा* | वित्तीय घाटा/कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात (प्रतिशतमा) |
|---|---|---|
| २०५५/५६ | -१७९९.१४ | ५.३ |
| २०५६/५७ | -१७६६.७० | ४.७ |
| २०५७/५८ | -२४१८.८१ | ५.९ |
| २०५८/५९ | -२२९४.०६ | ५.४ |
| २०५९/६० | -१६४३.७२ | ३.६ |
| २०६०/६१ | -१५८२.८२ | ३.२ |
| २०६१/६२ | -१८०४.६५ | ३.४ |

*स्रोत : महालेखा नियन्त्रक कार्यालय र केन्द्रीय तथ्याङ्क विभाग ।*

२.३३ आर्थिक वर्ष २०६०/६१ मा वित्तीय घाटा रु. १५ अर्ब ८२ करोड ८२ लाख रहेकोमा आर्थिक वर्ष २०६१/६२ मा सो घाटा १४.० प्रतिशतले वृद्धि भई रु. १८ अर्ब ४ करोड ६५ लाख पुगेको छ । आर्थिक वर्ष २०५८/५९ देखि क्रमिक रूपमा घट्दै गएको वित्तीय घाटाको प्रवृत्ति आर्थिक वर्ष २०६१/६२ मा पुनः वृद्धि भएको कारण वित्तीय घाटा र कुल गार्हस्थ्य उत्पादनको अनुपात यस आर्थिक वर्षमा ०.२ प्रतिशत बिन्दुले वृद्धि भई ३.४ प्रतिशत पुगेको देखिन्छ ।

## वित्तीय घाटा पूर्तिको स्रोत

२.३४ सरकारी खर्च र आयमा सन्तुलन हुन नसकी भएको वित्तीय घाटाको परिपूर्ति वैदेशिक ऋण, आन्तरिक ऋण र मौज्दात परिवर्तनबाट हुँदै आएको छ। आर्थिक वर्ष २०६०/६१ को वित्तीय घाटा रु. १५ अर्ब ८२ करोड ८२ लाख मध्ये वैदेशिक ऋणबाट रु. ७ अर्ब ६२ करोड ९० लाख (४८.२ प्रतिशत), अन्तरिक ऋणबाट रु. ५ अर्ब ६० करोड ७८ लाख (३५.४ प्रतिशत) र नपुग रु. २ अर्ब ५९ करोड १४ लाख (१६.४ प्रतिशत) मौज्दात परिवर्तनबाट व्यहोरिएको थियो । आर्थिक वर्ष २०६१/६२ मा भएको कुल वित्तीय घाटा रु. १८ अर्ब ४ करोड ६५ लाख मध्ये रु. ९ अर्ब २६ करोड ६१ लाख वैदेशिक ऋणबाट र रु. ८ अर्ब ९३ करोड ८१ लाख आन्तरिक ऋणबाट व्यहोरी रु. १५ करोड ७७ लाख मौज्दात परिवर्तनमा वचत भएको देखिन्छ ।

## चुनौतीहरू

२.३५ बढ्दो सरकारी खर्चको अनुपातमा राजस्व परिचालन सन्तोषप्रद रहन सकेको देखिदैन । फलस्वरुप सरकारी खर्च र आयको दूरी (Gap) कम हुन सकेको छैन । खर्च र आयको दूरी कम गर्नको लागि सरकारी खर्चमा मितव्ययीता साथै सार्वजनिक खर्च व्यवस्थापनलाई सुदृढ बनाउनु आवश्यक रहेको देखिन्छ भने आय वृद्धि गर्नेतर्फ मूलतः राजस्व वृद्धिको लागि उपयुक्त नीति र संयन्त्रको विकास वाञ्छनीय छ ।

२.३६ राजस्व वृद्धिको लागि आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनले राष्ट्रिय अर्थतन्त्रमा सहयोग पुऱ्याउने पक्षलाई दृष्टिगत गरी तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमताको आधारमा वस्तु तथा सेवाको उत्पादन र विस्तारको क्षेत्रलाई पहिचान गरी आवश्यकता अनुरुप प्राथमिकता दिई प्रवर्द्धन गर्नेतर्फ अग्रसरता लिनुपर्ने देखिन्छ ।

२.३७ विश्व व्यापार संगठन (WTO) को सदस्यताबाट हासिल हुन सक्ने अन्तर्राष्ट्रिय व्यापारमा पहुँच, व्यापार सुविधा र सहुलियत समेतको विश्लेषण गरी अन्तर्राष्ट्रिय व्यापार जगतमा व्यावसायिक कार्यकुशलताको आधारमा व्यापार विस्तार एवं विविधिकरण गरी राष्ट्रिय आय अभिवृद्धि गर्नेतर्फ विशेष पहल गर्नुपर्ने देखिएको छ ।

२.३८ औद्योगिक उत्पादनमूलक साथै पर्यटन, सूचना तथा सञ्चार प्रविधि (Information and Communication Technology - ICT) जस्ता सेवामूलक उद्योगहरूको विकास र विस्तार गरी व्यावसायिक नयाँ आयामको सवलीकरणतर्फ प्रभावकारीरूपमा अग्रसर हुन सके रोजगारी अभिवृद्धिको अतिरिक्त राष्ट्रिय आय अभिवृद्धिमा समेत थप योगदान हुन सक्ने पक्षलाई दृष्टिगत गरी यसतर्फ विशेष योजना तथा कार्यक्रमहरूको तर्जुमा गर्नु पर्ने देखिन्छ ।

२.३९ सवल, सक्षम एवं सुदृढ राजस्व प्रशासनले राजस्व अभिवृद्धिमा सघाउ पुऱ्याउने पक्षलाई हृदयंगम गरी यसतर्फ आवश्यकता अनुरुप सीपमूलक तथा पुनर्ताजगी जस्ता प्रशिक्षण व्यवस्थाको साथै प्रशासनिक प्रकृया र संगठनात्मक संरचनामा समसामयिक सुधार गरी राजस्व प्रशासन लाई अझ बढी प्रभावकारी वनाई राजस्व वृद्धिमा जोड दिनु पर्ने देखिन्छ ।

२.४० स्वीकृत वैदेशिक सहायताको अनुपातमा वैदेशिक सहायताको उपयोग हुन सकेको देखिंदैन । वैदेशिक सहायताको अधिकतम सदुपयोग गर्न सके विकास निर्माण कार्यहरूको सम्पादनमा थप योगदान पुग्नुको अतिरिक्त सामाजिक कार्यक्रमहरूको कार्यान्वयनको माध्यमबाट गरिबी न्यूनीकरणको उद्देश्य हासिल गर्नमा समेत सहयोग पुग्ने हुँदा वैदेशिक सहायता रकमको प्रभावकारी एवं समुचित उपयोग गर्नु जरुरी देखिएको छ ।

२.४१ राजस्वको प्रमुख संयन्त्रको रूपमा रहेको कर राजस्व बढाउन सम्भाव्य करको दायरा विस्तार, करको दर परिवर्तन जस्ता उपायहरूको पुनरावलोकन र परिमार्जन नियमितरूपमा गर्नुपर्ने देखिन्छ । यसबाट राजस्व सङ्कलनमा थप सघाउ पुग्ने देखिन्छ ।

# ३. मूल्य तथा आपूर्ति स्थिति

## समष्टिगत उपभोक्ता मूल्य स्थिति

३.१ मौसमको प्रतिकूलताको कारण प्रमुख खाद्यान्न बाली धानको उत्पादनमा ठूलो मात्रामा कमी आएको फलस्वरुप चामल तथा चामलजन्य वस्तुहरूको मूल्यमा आएको उच्च वृद्धि, २०६२ भाद्र र फाल्गुणमा गरी दुईपटक पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरिएको कारण त्यसको असर स्वरुप यातायात-परिवहनको भाडामा देखिएको उच्च वृद्धि साथै २०६१ माघमा मूल्य अभिवृद्धि करको दरमा गरिएको वृद्धिको असर समेतबाट चालू आर्थिक वर्षमा मूल्य स्थितिमा ठूलो चाप पर्न गएको छ । देशमा २०६२ चैत्र २४ गतेदेखि सञ्चालित शान्तिपूर्ण लोकतान्त्रिक आन्दोलनलाई दमन गर्नको लागि तात्कालिन सरकारद्वारा यातायात र परिवहनमा सिर्जना गरिएको अवरोध साथै कर्फ्यूबाट सिर्जना भएको आपूर्ति अवरोधको कारण समेत सो अवधिमा मूल्यमा थप चाप पर्न गयो । यस आर्थिक वर्षको हिउँदमा देखा परेको प्रतिकूल मौसमको कारण गहुँ र जौको उत्पादनमा पनि कमी आएको अनुमान छ । फलस्वरुप शहरी क्षेत्रको मूल्य सूचकाङ्कमा आधारित मुद्रा स्फिति आर्थिक वर्ष २०६१/६२ मा ४.५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा ८.० प्रतिशतको हाराहारीमा रहने अनुमान छ ।

३.२ शहरी क्षेत्रको उपभोक्ता मूल्य सूचकाङ्क (आधार वर्ष २०५२/५३) लाई वार्षिक विन्दुगत आधारमा विश्लेषण गर्दा २०६१ फाल्गुण महिनामा ५.७ प्रतिशतले मात्र वृद्धि भएको मूल्यमा २०६२ फाल्गुण महिनामा ७.७ प्रतिशतको उच्चदरले वृद्धि भएको छ भने चालू आर्थिक वर्षको प्रथम आठ महिना (२०६२ श्रावणदेखि फाल्गुणसम्म) को औसत मूल्य वृद्धिदर ७.६ प्रतिशत रहन गएको छ । आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनाको औसत मूल्य वृद्धिदर ३.७ प्रतिशतमात्र रहेको थियो । भौगोलिक क्षेत्रगत आधारमा मूल्य स्थितिको विश्लेषण गर्दा २०६१/६२ को प्रथम आठ महिनामा औसतमा पहाड तथा तराईमा क्रमश: ८.४ र ८.३ प्रतिशतको उच्च दरले मूल्य वृद्धि भएको देखिन्छ भने काठमाडौं उपत्यकाको औसत मूल्य वृद्धिदर ६.१ प्रतिशत मात्र रहेको छ । आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा यस्तो मूल्य वृद्धिदर पहाडमा ३.१ प्रतिशत, तराईमा ३.२ प्रतिशत र काठमाण्डौं उपत्यकामा ४.८ प्रतिशत रहेको थियो ।

३.३ चालू आर्थिक वर्षको नवौं महिना (२०६२ चैत्र) मा वार्षिक विन्दुगत आधारमा शहरी क्षेत्रको उपभोक्ता मूल्य सूचकाङ्क ७.९ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधि (२०६१ चैत्र) मा यस्तो सूचकाङ्क ५.८ प्रतिशतले बढेको थियो । गत वर्ष ४.८ प्रतिशतले वृद्धि भएको खाद्य तथा पेय पदार्थ समूहको मूल्य समीक्षा अवधिमा ६.९ प्रतिशतले बढ्न गएको छ भने गत वर्ष ६.८ प्रतिशतले बढेको गैर-खाद्य तथा सेवा समूहको मूल्य समीक्षा अवधिमा ९.० प्रतिशतले बढ्न गएको छ । आर्थिक वर्ष २०६१/६२ को पहिलो नौं महिनाको औसत मूल्य वृद्धिदर ३.९ प्रतिशत रहेकोमा चालू आर्थिक वर्षको पहिलो नौं महिना (२०६२ श्रावणदेखि चैत्रसम्म) को औसत मूल्य वृद्धिदर ७.७ प्रतिशत रहन गएको छ ।

## तालिका ३ (क) : शहरी क्षेत्रको औसत उपभोक्ता मूल्य सूचकाङ्क

(प्रतिशत परिवर्तन)*
आधार वर्ष २०५२/५३ =१००

| क्षेत्र | भार प्रतिशत | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|---|
| | | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३** |
| काठमाडौं | ३०.८ | २.७ | ६.५ | ४.८ | ६.१ |
| पहाड | १८.८ | २.६ | ४.४ | ३.१ | ८.४ |
| तराई | ५०.४ | ४.४ | ४.६ | ३.२ | ८.३ |
| नेपाल राज्य | १००.०० | ३.६ | ५.१ | ३.७ | ७.६ |

* *प्रथम आठ महिनाको औसत मूल्य वृद्धिदर ।*
** *अपरिष्कृत ।*
*स्रोत : नेपाल राष्ट्र बैंक ।*

## खाद्य तथा पेय पदार्थ समूह

३.४ मूल्य सूचकाङ्कमा ५३.२ प्रतिशत भार ओगट्ने खाद्य तथा पेय पदार्थ समूहको मूल्यमा २०६१ फाल्गुण महिनाको तुलनामा २०६२ फाल्गुण महिनामा ६.२ प्रतिशतले वृद्धि भएको छ । अन्न तथा त्यसबाट बनेका परिकार, दलहन र पेय पदार्थको मूल्यमा उच्च वृद्धि भएको साथै चिनी तथा चिनीजन्य पदार्थ, दूध तथा दुग्ध पदार्थ, रेष्टुराँको खाना, मरमसला र तरकारी तथा फलफूलको मूल्यमा समेत वृद्धि भएकोले खाद्य तथा पेय पदार्थ समूहको मूल्य वृद्धिदर उल्लेख्य रहन गएको हो । गत आर्थिक वर्षको सोही अवधिमा यस समूहको मूल्य वृद्धिदर ४.७ प्रतिशत रहेको थियो ।

३.५ खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत अन्न तथा त्यसबाट बनेका परिकारको मूल्य २०६१ फाल्गुणको तुलनामा २०६२ फाल्गुणमा १३.२ प्रतिशतले बढेको छ । मौसमको प्रतिकूलताको कारण धानको उत्पादनमा कमी आई चामल तथा चामलजन्य वस्तुहरूको मूल्यमा अत्यधिक वृद्धि हुन गएकोले उक्त उपसमूहको मूल्यमा यस किसिमको वृद्धि आएको हो । त्यसैगरी सो अवधिमा दलहन तथा पेय पदार्थ उपसमूहको मूल्य पनि क्रमशः १२.४ प्रतिशत र १०.४ प्रतिशतको उच्च दरले बढ्न गएको छ । अन्य उप समूहहरू मध्ये चिनी तथा चिनी जन्य पदार्थको मूल्य ५.३ प्रतिशतले, रेष्टुराँको खानाको ३.३ प्रतिशतले, मरमसलाको २.४ प्रतिशतले र तरकारी तथा फलफूलको मूल्य १.५ प्रतिशतले बढेको छ ।

## तालिका ३ (ख) : शहरी क्षेत्रको विन्दुगत राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क

**(प्रतिशत परिवर्तन)***
(आधार वर्ष २०५२/५३ = १००)

| उपभोग्य वस्तुहरू | भार प्रतिशतमा | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|---|
| | | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३** |
| **कुल (क+ख)** | **१००.०** | **५.२** | **४.४** | **५.७** | **७.७** |
| **क. खाद्य तथा पेय पदार्थ** | **५३.२** | **६.८** | **३.१** | **४.७** | **६.२** |
| अन्न तथा त्यसबाट बनेका परिकार | १८.० | १०.६ | -०.८ | ५.८ | १३.२ |
| दलहन | २.७ | ०.१ | ३.७ | ३.६ | १२.४ |
| तरकारी तथा फलफूल | ७.९ | ११.५ | १.२ | ४.० | १.५ |
| मरमसला | १.९ | -९.३ | ७.९ | -४.९ | २.४ |
| मासु, माछा तथा फुल | ५.२ | ३.९ | ५.६ | ९.१ | -१.२ |
| दुध तथा दुग्ध पदार्थ | ४.० | २.१ | १.६ | ०.० | ५.१ |
| तेल तथा घ्यू | ३.१ | २२.० | १९.७ | -७.५ | -३.० |
| चिनी तथा चिनीजन्य पदार्थ | १.२ | -७.१ | ६.५ | २५.५ | ५.३ |
| पेय पदार्थ | २.३ | ५.७ | -०.७ | ३.२ | १०.४ |
| रेष्टुरेण्टको खाना | ६.९ | ३.४ | ६.१ | ७.४ | ३.३ |
| **ख. गैर-खाद्य वस्तु तथा सेवा** | **४६.८** | **३.६** | **५.७** | **६.८** | **९.१** |
| लत्ता कपडा तथा तयारी लुगा | ८.९ | १.८ | १.५ | २.५ | २.९ |
| जुत्ता | २.२ | १.५ | -०.१ | १.३ | २.८ |
| घरायसी सामान | १४.९ | ३.३ | ८.८ | १२.३ | १४.१ |
| यातायात तथा सञ्चार | ४.० | १.९ | ११.१ | १४.१ | २१.२ |
| औषधी तथा व्यक्तिगत हेरचाह | ८.० | ३.३ | ४.१ | १.१ | ३.० |
| शिक्षा, शैक्षिक सामग्री तथा मनोरञ्जन | ७.१ | ९.३ | ४.७ | ४.६ | ४.८ |
| सूर्ति तथा सूर्तिजन्य पदार्थ | १.७ | २.३ | १.५ | २.५ | ३.८ |

* *फाल्गुण-फाल्गुणको विन्दुगत मूल्य*
** *अपरिष्कृत ।*
*स्रोत : नेपाल राष्ट्र बैंक*

३.६ मूल्य सूचकाङ्कमा ५.२ प्रतिशत भार रहेको माछा, मासु तथा फूल उपसमूहको मूल्य २०६० फाल्गुणको तुलनामा २०६१ फाल्गुणमा ९.१ प्रतिशतले बढेकोमा २०६१ फाल्गुणको तुलनामा २०६२ फाल्गुणमा १.२ प्रतिशतले घटेको छ । खासगरी नेपालको तराई क्षेत्रमा माछाको उत्पादन बढेको, तराई तथा पहाड दुवैमा खसी-बोका, राँगा, बँगुर तथा हाँस-कुखुराको मासुको आपूर्तिमा सुधार भएको कारणले यस उपसमूहको मूल्यमा कमी आएको हो । वर्डफ्लुको आशंकाको कारण हाँस-कुखुराजस्ता पन्छीहरूको मासुको उपभोगमा केही कमी आएकोले पनि यस समूहको मूल्य घटाउन सघाउ पुगेको हो । त्यसैगरी समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत ३.१ प्रतिशत भार ओगटेको तेल तथा घ्यू उपसमूहको

मूल्य पनि घट्न गएको छ । तेल तथा घ्यूको आन्तरिक उत्पादन बढ्ने तथा तेश्रो मुलुकबाट भटमास, मकै, आदिको तेल सहजरूपमा आपूर्ति हुने क्रम कायमै रहेकोले समीक्षा अवधिमा तेल तथा घ्यू उपसमूहको मूल्यमा ३.० प्रतिशतले कमी आएको छ । गत आर्थिक वर्षको यसै अवधिमा सो उपसमूहको मूल्य ७.५ प्रतिशतले घटेको थियो ।

## गैर-खाद्य तथा सेवा समूह

३.७ उपभोक्ता मूल्य सूचकाङ्कमा ४६.८ प्रतिशत भार रहेको गैर-खाद्य तथा सेवा समूहको मूल्य विन्दुगत आधारमा २०६१ फाल्गुण महिनामा ६.८ प्रतिशतले बढेकोमा २०६२ फाल्गुण महिनामा ९.१ प्रतिशतको उच्चदरले बढेको छ । यस आर्थिक वर्षमा पेट्रोलियम पदार्थको मूल्यमा गरिएको वृद्धिबाट यातायात तथा सञ्चार र घरायसी सामान तथा सेवा उपसमूहहरूको मूल्यमा उच्चदरले वृद्धि भएको र बाँकी अन्य सबै उपसमूहरूको मूल्यमा समेत वृद्धि भएको कारण गैर-खाद्य तथा सेवा समूहको मूल्यमा उच्च वृद्धि आएको हो ।

३.८ यस आर्थिक वर्षमा २०६२ भाद्र तथा फाल्गुण गरी दुई पटक पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरिएकोले त्यसबाट परेको असर स्वरुप समीक्षा अवधिमा घरायसी सामान तथा सेवाको मूल्य १४.१ प्रतिशतले बढ्न गयो भने यातायात तथा सञ्चारको मूल्यमा २१.२ प्रतिशतको वृद्धि आयो । गत आर्थिक वर्षको सोही अवधिमा घरायसी सामान तथा सेवाको मूल्य १२.३ प्रतिशतले र यातायात तथा सञ्चार उपसमूहको मूल्य १४.१ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा शिक्षा, शैक्षिक सामाग्री तथा मनोरञ्जन, सूर्ति तथा सूर्तिजन्य पदार्थ, औषधी तथा व्यक्तिगत हेरचाह, कपडा तथा तयारी लुगा र जुत्ता उपसमूहहरूको मूल्य वृद्धि ५.० प्रतिशत भन्दा तल रह्यो ।

३.९ चालू आर्थिक वर्षमा दुई पटक पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरिएकोमा यस्तो मूल्य वृद्धिको असर १२ महिनासम्म रहने हुँदा आगामी आर्थिक वर्षमा समेत यसवर्षको बाँकी असर स्वरुप घरायसी सामान तथा सेवा उपसमूह तथा यातायात तथा सञ्चार उपसमूहको मूल्यमा यस आर्थिक वर्षकै हाराहारीमा चाप पर्ने देखिन्छ । आगामी आर्थिक वर्षमा पेट्रोलियम पदार्थको मूल्य वृद्धि गर्नु पर्ने स्थिति आएमा उपरोक्त उपसमूहहरूको मूल्य वृद्धि अझ उच्चदरले वृद्धि हुन गई समग्र मुद्रास्फीतिमा थप चाप पर्न जानेछ ।

## क्षेत्रगत उपभोक्ता मूल्य स्थिति

३.१० क्षेत्रगत आधारमा मूल्य स्थितिको विश्लेषण गर्दा २०६१ फाल्गुणको तुलनामा २०६२ फाल्गुणमा तराईमा सबभन्दा बढी दरले मूल्य वृद्धि भएको छ भने काठमाडौं उपत्यकामा सवभन्दा कम दरले मूल्य बढेको छ । २०६१ फाल्गुणमा तराईमा ५.२ प्रतिशतको मूल्य वृद्धि भएकोमा २०६२ फाल्गुणमा मूल्यमा ९.० प्रतिशतले वृद्धि आएको छ । पहाडी क्षेत्रमा गत वर्षको फाल्गुण महिनामा ६.६ प्रतिशतले बढेको मूल्य यस वर्षको फाल्गुणमा ७.६ प्रतिशतले बढेको छ । काठमाडौं उपत्यकामा भने गत वर्षको फाल्गुणमा ६.१ प्रतिशतले मूल्य वृद्धि भएकोमा समीक्षा अवधिमा ५.५ प्रतिशतले मात्र वृद्धि भएको छ । धान बालिको उत्पादनमा आएको कमीको कारण तराई क्षेत्रमा बढी मूल्य वृद्धि भएको देखिन्छ भने पहाडी क्षेत्रमा समय-समयमा आपूर्ति अवरुद्ध भईरहने गरेको कारण यस वर्ष पनि पहाडी क्षेत्रको मूल्य वृद्धिदर उल्लेख्य रहन पुगेको छ । आन्तरिक द्वन्द्वका कारण पहाडी क्षेत्रका साथै तराईबाट

पनि ठूलो संख्यामा मानिसहरू काठमाडौं ओइरिएको र बस्तु तथा सेवाहरूको आपूर्ति पनि काठमाडौं उपत्यकामा केन्द्रित हुन पुगेकोले आपूर्ति तुलनात्मक रूपमा सुदृढ भई काठमाण्डौं उपत्यकामा मूल्य वृद्धिदर केही कम रहन गएको हो । समूहगत रूपमा हेर्दा गैर-खाद्य तथा सेवा समूहको मूल्य वृद्धिदर तराई, पहाड तथा काठमाडौं उपत्यकामा करिब उस्तै रहेको छ भने खाद्य तथा पेय पदार्थको मूल्यमा निकै अन्तर देखिएको छ । समीक्षा अवधिमा गैर-खाद्य तथा सेवा समूहको मूल्य वृद्धिदर काठमाडौं उपत्यकामा ८.७ प्रतिशत, तराईमा ८.९ प्रतिशत तथा पहाडमा ९.८ प्रतिशत रह्यो भने खाद्य तथा पेय पदार्थ समूहको मूल्य काठमाडौं उपत्यकामा २.२ प्रतिशत, तराईमा ९.० प्रतिशत र पहाडमा ५.३ प्रतिशतले बढ्न गयो ।

## अन्तर्निहित मुद्रास्फीति (Core Inflation)

३.११ उपभोक्ता मूल्य सूचकाङ्कबाट मूल्यमा बढी उतार-चढाव हुने चामल र तरकारी तथा फलफूल साथै पेट्रोलियम पदार्थसँग सम्बन्धित इन्धन, बत्ति तथा पानी र यातायात उपसमूहलाई हटाएर गणना गर्दा हुन आउने अन्तर्निहित मूल्य विन्दुगत आधारमा २०६१ फाल्गुणमा ३.७ प्रतिशतले वृद्धि भएकोमा २०६२ फाल्गुणमा पनि सोही दरले वृद्धि भएको छ । समूहगत आधारमा विश्लेषण गर्दा २०६१ फाल्गुणमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य ४.५ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा यस समूहको मूल्य ३.८ प्रतिशतले मात्र बढेको छ । २०६१ फाल्गुणमा २.९ प्रतिशतले मात्र बढेको गैर-खाद्य तथा सेवा समूहको मूल्य भने समीक्षा अवधिमा ३.६ प्रतिशतले बढ्न गएको छ ।

**मन्जूषाः ३ (१)**

**अन्तर्निहित मुद्रास्फीति (Core Inflation)**

मुद्रास्फीतिलाई वस्तु तथा सेवाको माग तथा आपूर्ति दुबै पक्षले असर पार्दछ । आपूर्तितर्फ धेरै उतार-चढाव भइरहने खाद्यान्न, उर्जा तथा सरकारी करको दरले समग्र मूल्यमा ठूलो उतार-चढाव ल्याउन सक्ने भएकोले त्यस्ता बस्तुलाई हटाएर माग पक्षबाट मात्र श्रृजित मूल्य स्थिति थाहा पाउनको लागि विश्वका धेरै केन्द्रीय बैंकहरूले अन्तर्निहित मुद्रास्फीति (Core Inflation) समेत निकाल्न थालेका छन् । यसै सन्दर्भमा नेपाल राष्ट्र बैंकले पनि मूल्य तथ्याङ्क प्रकाशित गर्दा अन्तर्निहित मुद्रास्फीतिको तथ्याङ्क समेत प्रकाशित गर्न सुरु गरेको छ । अन्तर्निहित मुद्रास्फीति गणनाको लागि प्रचलित तरिकाहरूमा Exclusion Method, Weighted Median Method र Trimmed Mean Method (Outline Method) पर्दछन । नेपालको अन्तर्निहित मुद्रास्फीति निकाल्न नेपाल राष्ट्र बैंकले Exclusion Method अपनाएको छ । यस अनुसार मूल्य सूचकाङ्कमा १४.१६ प्रतिशत भार रहेको चामल, ७.८९ प्रतिशत भार रहेको तरकारी तथा फलफूल, ५.९२ प्रतिशत भार रहेको इन्धन, वत्ति र पानी तथा ३.६१ प्रतिशत भार रहेको यातायात उपसमूहलाई हटाएर बाँकी रहेको बस्तु तथा सेवाहरूको मूल्यको आधारमा समग्र मूल्य स्थितिको विश्लेषण गरिन्छ ।

*स्रोत : नेपाल राष्ट्र बैंक*

## थोक मूल्य सूचकाङ्क

३.१२ वार्षिक बिन्दुगत आधारमा विश्लेषण गर्दा राष्ट्रिय थोक मूल्य सूचकाङ्क (२०५६/५७ = १००) २०६१ फाल्गुणमा ८.५ प्रतिशतले बढ्न गएकोमा २०६२ फाल्गुण महिनामा ६.२ प्रतिशतले बढेको छ । गतवर्षको तुलनामा समीक्षा अवधिमा कृषि वस्तु, स्वदेशमा उत्पादित औद्योगिक वस्तु र आयातित वस्तु तीनै समूहको मूल्य वृद्धिमा केही शिथिलता आएकोले समीक्षा अवधिमा थोक मूल्य सूचकाङ्कको वृद्धिदर केही कम रहन गएको हो ।

३.१३ राष्ट्रिय थोक मूल्य सूचकाङ्कमा ४९.६ प्रतिशत भार रहेको कृषि वस्तुको मूल्य २०६१ फाल्गुणमा ७.७ प्रतिशतले बढेकोमा २०६२ फाल्गुणमा ४.६ प्रतिशतले मात्र बढेको छ । कृषि वस्तु समूह अन्तर्गतको खाद्यान्न, नगदे बाली, दलहन र मरमसला उपसमूहको मूल्यमा उल्लेख्य वृद्धि भएता पनि फलफूल तथा तरकारी उपसमूहको मूल्यमा उच्च दरले कमी आउनुका साथै पशुजन्य उत्पादन उपसमूहको मूल्यमा समेत केही कमी आएकोले गत वर्षको तुलनामा समीक्षा अवधिमा यस समूहको मूल्य वृद्धिमा केही शिथिलता देखिएको हो ।

३.१४ २०६१ फाल्गुणको तुलनामा २०६२ फाल्गुणमा खाद्यजन्य उत्पादन, पेय तथा सूर्तिजन्य वस्तुहरू, निर्माण सामग्री साथै अन्य उपसमूहको मूल्यमा कमदरले मात्र वृद्धि भएकोले राष्ट्रिय थोक मूल्य सूचकाङ्कमा २०.४ प्रतिशत भार रहेको स्वदेशमा उत्पादित वस्तु समूहको मूल्य वृद्धि ३.५ प्रतिशत रहन गएको छ । यस समूहको मूल्यमा गत वर्षको सोही अवधिमा ४.३ प्रतिशतले वृद्धि भएको थियो ।

### तालिका ३ (ग) : राष्ट्रिय थोक मूल्य सूचकाङ्क

**(प्रतिशत परिवर्तन)***
(आधार वर्ष २०५६/५७ = १००)

| समूह | भार प्रतिशतमा | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|---|
| | | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६२/६३** |
| कुल | १००.० | ५.९ | ३.६ | ८.५ | ६.२ |
| कृषि वस्तु | ४९.६ | ९.३ | -१.३ | ७.७ | ४.६ |
| स्वदेशमा उत्पादित औद्योगिक वस्तु | २०.४ | २.२ | ७.८ | ४.३ | ३.५ |
| आयातित वस्तु | ३०.० | ३.३ | ८.६ | १२.४ | १०.१ |

* *फाल्गुण-फाल्गुणको बिन्दुगत मूल्य परिवर्तन ।*
** *अपरिष्कृत*
*स्रोत : नेपाल राष्ट्र बैंक*

३.१५ राष्ट्रिय थोक मूल्य सूचकाङ्कमा ३०.० प्रतिशत भार ओगट्ने आयातित वस्तु समूहको मूल्य २०६१ फाल्गुणमा १२.४ प्रतिशतले बढेको तुलनामा २०६२ फाल्गुणमा १०.१ प्रतिशतले बढेको छ । इलेक्ट्रिक तथा इलेक्ट्रोनिक वस्तु उपसमूह र कपडाजन्य वस्तु उपसमूहको मूल्यमा सामान्य कमी आएता पनि पेट्रोलियम पदार्थ र कोइला उपसमूहको मूल्यमा उच्च

वृद्धि कायमै रहेको साथै रासायनिक मल तथा रासायनिक वस्तु, यातायातका साधन तथा मेशिनरी, औषधी तथा अन्य वस्तु उपसमूहको मूल्यमा समेत उल्लेख्य वृद्धि भएकोले आयातित वस्तु समूहको मूल्य वृद्धिदर उच्च रहन गएको हो ।

## राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

३.१६ राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क (आधारवर्ष २०६१/६२) वार्षिक विन्दुगत आधारमा २०६२ फाल्गुणमा ४.३ प्रतिशतले बढेको छ । यस मध्ये २७.० प्रतिशत भार रहेको तलव सूचकाङ्कको वृद्धिदर ०.४ प्रतिशत मात्र रहेको छ भने ७३.० प्रतिशत भार रहेको ज्यालादर सूचकाङ्क ५.७ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा ज्यामीको ज्यालादरमा न्यून वृद्धि भएता पनि कृषि मजदूर साथै औद्योगिक मजदूरहरूको ज्यालादरमा उल्लेख्य वृद्धि आएकोले ज्यालादर सूचकाङ्कमा वृद्धि भएको र त्यसैको फलस्वरुप राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्कमा पनि उल्लेख्य वृद्धि देखिन आएको हो ।

### तालिका ३ (घ) : राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

**(प्रतिशत परिवर्तन)***
(आधार वर्ष २०६१/६२ = १००)

| समूह/उपसमूह | भार प्रतिशतमा | आर्थिक वर्ष | |
|---|---|---|---|
| | | २०६१/६२ | २०६२/६३ |
| **कुल** | **१००.०** | **९.८** | **४.३** |
| **१. तलव सूचकाङ्क** | **२७.०** | **८.६** | **०.४** |
| १.१ निजामती सेवा | २.८ | २०.० | ०.० |
| १.२ सार्वजनिक संस्थानहरू | १.१ | ११.४ | ४.४ |
| १.३ बैंक तथा वित्तीय संस्थानहरू | ०.६ | ०.२ | १०.० |
| १.४ सेना तथा प्रहरीवल | ४.० | १९.७ | ०.० |
| १.५ शिक्षा | १०.६ | ९.३ | ०.० |
| १.६ निजी प्रतिष्ठानहरू | ७.९ | ०.० | ०.० |
| **२. ज्यालादर सूचकाङ्क** | **७३.०** | **१०.०३** | **५.७** |
| २.१ कृषि मजदूर | ३९.५ | १०.५ | ७.३ |
| २.२ औद्योगिक मजदूर | २५.२ | १०.५ | ५.१ |
| २.३ ज्यामी (निर्माण मजदूर) | ८.३ | ८.७ | ०.३ |

** २०६१ फाल्गुणदेखि २०६२ फाल्गुणको विन्दुगत परिवर्तन ।*
*स्रोत : नेपाल राष्ट्र बैंक*

मन्जूषाः ३ (२)

**राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क (२०६१/६२ = १००)**

देशको आर्थिक अवस्थाको लेखाजोखा गर्दा व्यापारिक, औद्योगिक, कृषि एवं बैदेशिक व्यापारका क्षेत्रहरूलाई मेरुदण्डको रूपमा लिनुपर्ने हुन्छ। राष्ट्रिय आम्दानीको गणना गर्दा समेत उक्त क्षेत्रहरूको महत्वपूर्ण योगदान रहन्छ। अतः ती क्षेत्रमा संलग्न मजदूरहरू, कर्मचारीहरू एवं अन्य प्राविधिकहरूको ज्यालादरको उत्पादन लागतसँग सापेक्षिक रुप (Relative Terms) मा सोझो सम्बन्ध रहेको हुन्छ। श्रम (Labour Input) को लागतमा वृद्धि हुँदा उत्पादन लागतमा स्वभाविक रूपमा वृद्धि हुने र यसबाट देशमा मुद्रास्फीति बढ्न गई उपभोगमा समेत प्रतिकुल असर पर्न सक्छ। उत्पादन लागतमा हुने वृद्धिबाट लगानीमा कमी आउँदा उत्पादन क्षेत्र समेत प्रभावित बन्न जान्छ। आन्तरिक उत्पादनको लागत बढेमा वा आपूर्तिमा कमी आएमा आयातमा वृद्धि भई यसबाट बैदेशिक व्यापार (External Trade) मा प्रतिकूल असर परी शोधनान्तर अवस्था समेत असन्तुलन हुन सक्छ। एकातिर उत्पादन लागत बढेमा कामदारहरूको उचित पारिश्रमिक प्राप्तिलाई समेत नकार्न मिल्दैन भने अर्कोतर्फ कामदार एवं श्रमिकहरूको कुशलता बढाउन र देशमा प्रभावकारी मागको सृजना गर्न क्रयशक्तिको वृद्धि गरिनु पनि त्यत्तिकै अपरिहार्य छ। अतः एकातिर श्रमिक एवं कामदारहरूले आफ्नो श्रमवापत उचित पारिश्रमिक पाउनु पर्दछ भने अर्कोतर्फ श्रमिकहरूलाई प्रदान गरिने ज्याला न्यायोचित हुनु पर्दछ भन्ने आर्थिक तथा सामाजिक मान्यता रही आएको छ। यसै सन्दर्भमा विभिन्न प्रकारका श्रमिकहरूको ज्यालादर सम्बन्धी तथ्याङ्क एवं विभिन्न सरकारी तथा गैर सरकारी तहमा तलव लिई श्रम गर्ने पेशागत कर्मचारी, सेना, प्रहरी र शिक्षकहरूको तलव सम्बन्धी तथ्याङ्क परिमार्जित रूपमा तयार गरी प्रकाशित गर्नु पर्ने आवश्यकता महशुस गरिएको थियो।

यस अघि विभिन्न कलकारखाना, निर्माण व्यवसाय तथा कृषि क्षेत्रमा संलग्न मजदूरहरूको ज्यालादरको प्रवृति (Trend) देखाउनका निमित्त नेपाल राष्ट्र बैंकले २०४४ सालदेखि मासिक रूपमा विभिन्न वर्गका श्रमिकहरूको ज्यालादर सम्बन्धी तथ्याङ्क सङ्कलन गर्दै आएकोमा आ.व.२०५७/५८ लाई आधार वर्ष मानी बैंकको आन्तरिक प्रयोजनको लागि राष्ट्रिय ज्यालादर सूचकाङ्कको प्रकाशन गर्दै आएको थियो। उक्त सूचकाङ्कमा मजदूरी सम्बन्धित अस्थायी प्रकृतिका कार्यहरूको मौद्रिक मूल्यलाई समेटिएको भएता पनि स्थायी रूपमा सरकारी तथा गैर सरकारी संघसंस्था, कार्यालय, प्रतिष्ठान तथा सँगठनहरूमा कार्यरत कर्मचारी, शिक्षक, सेना, प्रहरी एवं अन्य कम शारिरीक परिश्रम गर्ने जनशक्तिहरूको पारिश्रमिक समावेश नभएको अवस्थामा उक्त सूचकाङ्कले देखाउने ज्यालादरको प्रवृत्तिले मात्र श्रमको मूल्यमा हुने परिवर्तनको यथार्थ अवस्थाको प्रतिनिधित्व नहुने महशुस गरी आ.व.२०६१/६२ लाई आधार बर्ष मानी राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क आर्थिक वर्ष २०६२/६३ को प्रारम्भदेखि नै प्रकाशन हुंदै आएको छ। यस सूचकाङ्कलाई तलव र ज्यालादर गरी दुई समूहमा विभाजन गरिएको छ।

*स्रोत : नेपाल राष्ट्र बैंक*

## केही प्रमुख वस्तुहरूको सरदर खुद्रा मूल्य

३.१७ प्रमुख १० कृषिजन्य वस्तुहरूको मूल्यको अध्ययन गर्दा २०६१ फाल्गुणको तुलनामा २०६२ फाल्गुणमा विभिन्न ७ वस्तुहरूको सरदर खुद्रा बजार मूल्यमा वृद्धि हुन गएको छ भने दुई वस्तुहरूको मूल्य स्थिर रहेको र एक वस्तुको मूल्य केही घटेको देखिन्छ । मूल्यमा वृद्धि भएका वस्तुहरूमा चामल मोटो (१८.२ प्रतिशत), मासको दाल (१७.२ प्रतिशत), गहुँको पीठो (१५.५ प्रतिशत), अदुवा (१२.६ प्रतिशत), खसीको मासु (१०.७ प्रतिशत), घ्यू खारेको (७.७ प्रतिशत) र आलु (७.७ प्रतिशत) रहेका छन् । समीक्षा अवधिमा खुद्रा बजार मूल्य स्थिर रहेका वस्तुहरूमा रहरको दाल र सुकेको प्याज रहेका छन् भने तोरीको तेलको मूल्यमा ३.६ प्रतिशतले कमी आएको छ ।

३.१८ भौगोलिक क्षेत्रगत रूपमा खुद्रा मूल्यको विश्लेषण गर्दा २०६१ फाल्गुणको तुलनामा २०६२ फाल्गुणमा पहाडी क्षेत्रमा प्रमुख १० वस्तुहरू मध्ये ८ वस्तुहरूको खुद्रा मूल्य वृद्धि भएको छ भने २ वस्तुको मूल्यमा केही कमी आएको छ । यसरी मूल्य वृद्धि भएका वस्तुहरूमा अदुवा, चामल मोटो, गहुँको पीठो, मासको दाल, खसीको मासु, सुकेको प्याज, घ्यू खारेको र आलु रहेका छन् भने मूल्य घटेका वस्तुहरूमा रहरको दाल र तोरीको तेल रहेका छन् । सोही अवधिमा तराईमा आलु, मासको दाल, चामल मोटो, गहुँको पीठो, रहरको दाल, खसीको मासु र घ्यू खारेको गरी ७ वस्तुहरूको मूल्य बढेको छ भने अदुवा, तोरीको तेल र सुकेको प्याज गरी ३ वस्तुहरूको मूल्यमा कमी आएको छ ।

३.१९ उक्त १० कृषिजन्य वस्तुहरूको मासिक राष्ट्रिय सरदर खुद्रा मूल्यको अध्ययन गर्दा आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा सरदर खुद्रा मूल्य वृद्धि भएका वस्तुहरूमा सुकेको प्याज (२०.४ प्रतिशत), चामल मोटो (१४.२ प्रतिशत), मासको दाल (११.५ प्रतिशत), आलु (९.६ प्रतिशत), गहुँको पीठो (८.० प्रतिशत), घ्यू खारेको (६.० प्रतिशत), खसीको मासु (५.७ प्रतिशत) र रहरको दाल (०.६ प्रतिशत) रहेका छन् भने मूल्य घटेका वस्तुहरूमा अदुवा (१६.५ प्रतिशत) र तोरीको तेल (२.९ प्रतिशत) रहेका छन् ।

३.२० आर्थिक वर्ष २०६१/६२ को तुलनामा चालू आर्थिक वर्षमा पेट्रोलियम पदार्थ मध्ये मट्टितेलको मूल्य ४२.१ प्रतिशतको उच्चदरले वृद्धि भई प्रति लिटर रु. ४८।३० पुग्न गएको छ भने डिजेलको मूल्य ३१.७ प्रतिशतले बढ्न गई प्रति लिटर सरदर रु. ५४।- पुगेको छ । त्यसैगरी चालू आर्थिक वर्षमा पेट्रोलको मूल्य १०.५ प्रतिशतले बढ्न गई प्रति लिटर सरदर रु. ६८।५० पुगेको छ भने हवाई इन्धनको मूल्यमा १४.६ प्रतिशतले वृद्धि आई प्रति लिटर रु. ५५।- पुग्न गएको छ । समीक्षा अवधिमा एल.पि.ग्यासको मूल्यमा भने कुनै परिवर्तन नगरिएकोले प्रति सिलिण्डर रु. ९००।- नै कायम रहेको छ ।

## आपूर्ति स्थिति

३.२१ गत आर्थिक वर्षको प्रथम आठ महिनाको तुलनामा आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा पेट्रोलियम पदार्थहरू मध्ये डिजेलको आपूर्ति ५.० प्रतिशतले घट्न गई १ लाख ७३ हजार ३ सय ३३ किलो लिटर पुग्न गएको छ भने मट्टितेलको आपूर्तिमा १.४ प्रतिशतले ह्रास आई १ लाख ४६ हजार ६ सय ६७ किलो लिटर र पेट्रोलको आपूर्ति ११.४ प्रतिशतले वृद्धि भई ५३ हजार ५ सय ३३ किलो लिटर पुगेको छ । सोही अवधिमा एल.पि. ग्यासको

आपूर्तिमा ५९.४ प्रतिशतको उच्च वृद्धि भई ८१ हजार २५ मेट्रिक टन पुगेको छ । त्यसैगरी फर्नेस आयलको आपूर्ति ८५.० प्रतिशतले वृद्धि भई ४ हजार १ सय किलो लिटर पुगेको छ भने गत वर्ष लाइट डिजेल आयल (LDO) को आपूर्ति बन्द रहेकोमा समीक्षा अवधिमा ४ सय किलो लिटर आपूर्ति गरिएको छ । समीक्षा अवधिमा हवाई इन्धनको आपूर्तिमा १.५ प्रतिशतले वृद्धि आई ४६ हजार किलो लिटर पुगेको छ । हालसम्म पेट्रोलियम पदार्थको आपूर्तिको सम्पूर्ण जिम्मेवारी नेपाल आयल निगमले लिई आएकोमा २०६२ फाल्गुण महिनादेखि यस कार्यमा निजी क्षेत्रलाई पनि समावेश गर्न सुरु गरिएको छ ।

३.२२ सडक यातायात नभएका दुर्गम पहाडी जिल्लाहरूका जनताहरूलाई सरल सुलभ तरिकाले खाद्यान्न उपलब्ध गराउन खाद्यान्न ढुवानीमा नेपाल सरकारबाट अनुदान दिने नीति अनुरुप आर्थिक वर्ष २०६१/६२ मा ३० दुर्गम पहाडी जिल्ला/क्षेत्रहरूमा ६५ हजार २ सय क्वीन्टल खाद्यान्न ढुवानी गरी आपूर्ति गर्ने कार्यक्रम रहेकोमा ५६ हजार ९ सय ९० क्वीन्टल (८७.० प्रतिशत) खाद्यान्न ढुवानी गरी आपूर्ति गरिएको थियो । आर्थिक वर्ष २०६२/६३ मा ३० दुर्गम जिल्ला/क्षेत्रहरूमा ६५ हजार ९ सय ५० क्वीन्टल खाद्यान्न ढुवानी गरी आपूर्ति गर्ने कार्यक्रम रहेकोमा प्रथम आठ महिनाको अवधिमा ४७ हजार ३ सय ९० क्वीन्टल (७२.० प्रतिशत) खाद्यान्न ढुवानी गरी आपूर्ति गरिएको छ । कर्णाली अञ्चलका सबै जिल्लाहरूमा साविकमा जस्तै हवाईजहाज/हेलिकोप्टरबाट खाद्यान्न ढुवानी गरी आपूर्ति गरिएको छ भने असहज परिस्थितिका कारण स्थलमार्गबाट खाद्यान्न ढुवानी हुने कतिपय जिल्लाहरू जस्तै बझाङ्ग, बाजुरा, जाजरकोट, रुकुम, खोटाङ्ग, सोलुखुम्वु र भोजपुरमा स्थलमार्ग तथा हवाईमार्गबाट समेत खाद्यान्न ढुवानी गरी आपूर्ति गरिएको छ ।

३.२३ गत आर्थिक वर्षको तुलनामा समय-समयमा गरिने नाकावन्दी, नेपाल बन्द आदिमा कमी आएको र देशमा सहज वातावरणको अवस्था देखिँदै गएको हुँदा आर्थिक वर्षको अन्तसम्ममा लक्ष्य अनुसार खाद्यान्न ढुवानी भई आपूर्ति हुने बढी सम्भावना रहेको छ । गत आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षमा खाद्यान्न उत्पादनमा ह्रास, मूल्यमा वृद्धि आदि कारणले गर्दा गत आर्थिक वर्षमा मोटो चामल प्रति क्वीन्टल रु. १ हजार ३ सय १० देखि रु. १ हजार ४ सय ५० सम्म खरिद मूल्य निर्धारण भएकोमा यस आर्थिक वर्षमा मोटो चामल प्रति क्वीन्टल रु. १ हजार ४ सय २५ देखि रु. १ हजार ५ सय ५५ र मसिनो चामल ( मन्सुली तथा वासमती) प्रति क्वीन्टल रु. १ हजार ९ सय ९० देखि ३ हजार ३ सयसम्म पुग्न गएको छ ।

## चुनौतीहरू

३.२४ देशको कुल आय-उत्पादनका साथै प्रमुख कृषिजन्य वस्तुहरूको आपूर्तिलाई कृषि क्षेत्रको उत्पादन स्थितिले ठूलो मात्रामा असर पार्ने गरेको छ । कृषि क्षेत्र अझै पनि प्रमुख रूपमा मनसुनी वर्षामा निर्भर रहने अवस्था विद्यमान रहेको हुँदा सुख्खा-खडेरी, अल्पवृष्टि र अनावृष्टिले कृषि वस्तुहरूको उत्पादनमा ह्रास आउँदा ती वस्तुहरूको अभाव हुने र उच्चदरमा मूल्य वृद्धि हुने अवस्था रहेको छ । प्रतिकूल मौसमको कारण बेला-बेलामा कृषि उत्पादनमा कमी आएको बेला बैकल्पिक उपायद्वारा त्यस्ता वस्तुहरूको आपूर्तिलाई निरन्तर राख्ने र मूल्य वृद्धिलाई नियन्त्रण गर्ने कार्य चुनौतीको रूपमा रहेका छन् ।

३.२५ विश्व बजारमा पेट्रोलियम पदार्थको मूल्यमा निरन्तर वृद्धि हुने क्रम जारी रहेको छ भने त्यसको प्रत्यक्ष असर नेपाली बजारमा पर्दछ । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य वृद्धि हुँदा सो अनुसार नेपाल आयल निगमले पेट्रोलियम पदार्थको विक्री मूल्य समायोजन नगर्दा निगमको घाटा निरन्तर बढ्न गई आयात गरेको पेट्रोलियम पदार्थको भुक्तानी हुन नसकेको र त्यसको फलस्वरुप त्यस्ता वस्तुहरूको आपूर्तिमा बारम्बार समस्या भोग्नु परिरहेको अवस्था छ । यस अवस्थामा एकातिर निगमको घाटा वृद्धि हुन नदिने तर्फ सोच्नु पर्ने र अर्कोतिर बारम्बारको मूल्य वृद्धिबाट आमजनतामा पर्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्नु पर्ने कार्य चुनौतीको रूपमा देखा परेको छ ।

३.२६ विगतका वर्षहरूका सडक-यातायातको अपेक्षित रूपमा विकास र विस्तार हुन नसकेको कारण वस्तु तथा सेवाको ढुवानी लागत महंगो पर्ने, कृषि उत्पादनहरू समयमै बजारमा पुऱ्याउन नसकिने, कुनै क्षेत्रमा कतिपय उत्पादन खेर जाने तर अन्य क्षेत्रमा तिनै वस्तुहरूको अभाव रहने जस्तो अवस्था विद्यमान रहेको छ । त्यसैगरी यातायात लगायतका पूर्वाधारको अभावका कारण सवल बजार व्यवस्था स्थापित हुन नसक्दा देशको भौगोलिक विविधता अनुरुप जुन भूमिमा जुन बाली लगाउँदा अधिकतम उत्पादन प्राप्त हुने हो सो बाली लगाउने अवस्थाको सिर्जना हुन नसक्नु पनि चुनौतीको रूपमा विद्यमान देखिन्छ ।

३.२७ देशमा उपलब्ध सीमित पूर्वाधारहरूको प्रयोगबाट सम्भव हुने आपूर्ति पनि बेला-बेलामा आयोजना गरिने बन्द, हडताल र कर्फ्यूका कारण अवरोध सिर्जना हुने गरेको अनुभव गरिएको छ । यस्ता अवरोधबाट आपूर्तिमा व्यवधान आउने मात्र नभई कतिपय कृषि उपजहरू नासिएर जाने समेत देखिएको छ । राजनीतिक उद्देश्य प्राप्तिका लागि राजनीतिक पार्टीहरूले साथै आ-आफ्ना माग पूरा गराउन पेशाकर्मी, व्यवसायी र सर्वसाधारणले समेत यस्तो बन्द, हडताल र तालावन्दी आयोजना गर्दा देशको उत्पादनमा ह्रास आउने र आपूर्तिमा व्यवधान आई अन्ततः आम जनतालाई मार पर्न जान्छ । यस अवस्थामा राजनीतिक पार्टी, पेशाकर्मी, व्यवसायी र सर्वसाधारणले आफ्नो आवाज र माग राख्न पाउने तर त्यसबाट उत्पादन र आपूर्तिमा प्रतिकूल असर पर्न नदिने गरी स्थितिको व्यवस्थापन गर्ने कार्य चुनौतीको रूपमा रहने देखिन्छ ।

३.२८ बजारमा देखा पर्ने विभिन्न प्रकारका अनियमितताका कारण पनि अत्यावश्यकीय वस्तुहरूको कृत्रिम अभाव एवं कृत्रिम मूल्य वृद्धि जनताले भोग्नु परेको देखिन्छ । व्यापारी तथा व्यवसायीहरूले मिलिमतो (Cartelling) र सिण्डिकेट प्रणाली लागू गरी वस्तु तथा सेवाको बजार मूल्य र आपूर्तिमा अवाञ्छित रूपमा प्रभाव पार्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने कार्य समेत चुनौतीको रूपमा रहेको छ ।

# ४. मौद्रिक तथा बैंकिङ्ग स्थिति

## मौद्रिक नीति २०६२/२०६३

४.१ नेपाल राष्ट्र बैंकले २०६२ श्रावण ७ गते आर्थिक वर्ष २०६२/६३ को लागि मौद्रिक नीति सार्वजनिक गरेको थियो। मौद्रिक नीतिको उद्देश्यहरूमा मूल्य स्थिरता र शोधनान्तर सुदृढीकरणलाई निरन्तरता दिईयो भने अन्तर्राष्ट्रिय स्तरमा पेट्रोलियम पदार्थको मूल्य बढेको कारण नेपालमा पनि तदनुरुप समायोजन गरिएको र मूल्य अभिवृद्धि करको दर बढाईएकोले मूल्यमा चाप परिरहेको परिप्रेक्षमा मौद्रिक नीतिले सजगता अपनाउनेमा जोड दियो। आर्थिक वर्ष २०६२/६३ को लागि मुद्रास्फीति दर ५.० प्रतिशत कायम राख्ने र शोधनान्तर बचत रु. ४ अर्ब ५० करोड रहने लक्ष्य तोकियो। तर २०६२ भाद्रमा इन्धनको मूल्यमा वृद्धि गरिएको र मौसमको प्रतिकूलताको कारण चामल तथा चामलजन्य पदार्थको मूल्य बढेको कारण मौद्रिक नीतिको मध्यावधि समीक्षामा मुद्रास्फितिदरको वार्षिक लक्ष्य ७ प्रतिशत कायम गरियो। तत्पश्चात पनि २०६२ फाल्गुणमा पुनः इन्धनको मूल्य बढाइएको र तदनुरुप सार्वजनिक यातायातको भाडा समायोजन गरिएकोले आर्थिक वर्ष २०६२/६३ मा वार्षिक मुद्रास्फीतिदर ८.० प्रतिशतको हाराहारीमा रहने संशोधित अनुमान छ। त्यस्तै विप्रेषण आप्रवाह उल्लेखनीय रहेको कारण चालू आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनासम्ममा शोधनान्तर बचत रु. १३ अर्ब ६५ करोड कायम हुन गएको छ। यसअनुरुप चालू आर्थिक वर्षमा शोधनान्तर बचत रु. १४ अर्ब पुग्ने अनुमान छ।

४.२ आर्थिक वर्ष २०६२/६३ को मौद्रिक नीतिले स्थिर विनिमय दर प्रणालीसँग तालमेल हुने गरी मौद्रिक योगाङ्कमा आधारित मौद्रिक रणनीतिलाई कायमै राखेको छ। अन्तरिम लक्ष्यको रूपमा विस्तृत मुद्राप्रदायलाई अवलम्वन गरी मौद्रिक नीति सार्वजनिक गर्दा यसको वृद्धिदर १३.० प्रतिशत लक्षित गरियो। उक्त मौद्रिक योगाङ्कको लक्ष्य आर्थिक वृद्धिदर ४.०-४.५ प्रतिशतको सम्भावनाको आधारमा तय गरिएको थियो। तर आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनासम्ममा आर्थिक वृद्धिदर अपेक्षाकृत हुन नसकेता पनि मूल्यवृद्धि उच्च रहेको अवस्था र विप्रेषण आप्रवाह उल्लेखनीय रहेको सन्दर्भमा मौद्रिक नीतिको मध्यावधि समीक्षाले विस्तृत मुद्राप्रदायको वार्षिक वृद्धिदर १३.० प्रतिशत रहने अनुमानलाई कायमै राख्यो।

४.३ आर्थिक वर्ष २०६१/६२ देखि मौद्रिक नीतिको सञ्चालन लक्ष्यका रूपमा वाणिज्य बैंकहरूको अधिक तरलतालाई लिने व्यवस्थालाई आर्थिक वर्ष २०६२/६३ मा पनि जारी राखियो। अधिक तरलता अनुगमन गर्न सुरु गरिएको तरलता अनुगमन तथा प्रक्षेपण संरचनालाई आर्थिक वर्ष २०६२/६३ मा अझ बढी परिस्कृत पारिएको छ। वाणिज्य बैंकहरूसँग रहेको अधिक तरलतालाई साप्ताहिक अनुगमनको अतिरिक्त दैनिक रूपमा पनि अनुगमन गर्न थालिएको छ। तरलता अनुगमन तथा प्रक्षेपण संरचना अनुसार खुला बजार कारोवार सञ्चालनलाई यथावतै कायम राखिएको छ।

## मौद्रिक उपकरणहरूको कार्यान्वयन स्थिति

४.४ मौद्रिक उपकरणहरू मध्ये बैंकदरलाई मौद्रिक नीतिको अडानको संकेतको रूपमा लिइएको छ । मुद्रास्फिति बढ्ने क्रममा रहेको हुँदा मौद्रिक नीति सार्वजनिक गर्दा बैंकदरलाई ५.५ प्रतिशतबाट ६.० प्रतिशत पु¥याइएकोमा मौद्रिक नीतिको मध्यावधि समीक्षा गर्दा बैंकदरमा थप ०.२५ प्रतिशतले वृद्धि गरी ६.२५ प्रतिशत कायम गरियो । अनिवार्य नगद अनुपात भने ५ प्रतिशतमा नै यथावत कायम राखियो । बैंकदरसँग तादम्यता राख्दै पुनरकर्जादरहरूमा पनि समायोजन गरियो । यस अनुसार स्वदेशी मुद्रामा उपलव्ध गराइने निर्यात कर्जा र कृषि कर्जाको लागि व्यवस्था गरिएको पुर्नकर्जा दरलाई साविकको ३.० प्रतिशतबाट ३.५ प्रतिशत पु¥याइयो । तर रुग्ण उद्योगहरूलाई उपलव्ध गराइने पुनरकर्जा दरमा भने कुनै परिवर्तन नगरी १.५ प्रतिशतमा नै कायम राखियो ।

४.५ खुलाबजार कारोवारलाई मौद्रिक नीतिको प्रमुख उपकरणको रूपमा प्रयोग गरिएको छ । आर्थिक वर्ष २०६१/६२ मा सुरुवात गरिएको बिक्री बोलकबोल, खरिद बोलकबोल, रिपो बोलकबोल र रिभर्स रिपो बोलकबोललाई यस आर्थिक वर्ष २०६२/६३ मा पनि यथावत राखिएको छ । चालू आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनामा बिक्री बोलकबोलबाट रु. ६ अर्ब १४ करोड र रिर्भस रिपो बोलकबोल मार्फत रु. ६ अर्ब ५० करोड तरलता प्रशोचन गरियो भने सोही अवधिमा खरिद बोलकबोलबाट रु. ८३ करोड र रिपो बोलकबोलबाट रु. ४५ करोड तरलता प्रवाह गरियो । फलस्वरुप, सोही अवधिमा रु. ११ अर्ब ३६ करोड बराबरको खुद तरलता प्रशोचन हुन गएको छ । विप्रेषणको निरन्तर एवं उल्लेखनीय आप्रवाहका कारण बैंकिङ्ग प्रणालीमा तरलता बढेको हो । आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनामा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजारमा ४६ पटक हस्तक्षेप गरी कुल रु. ३४ अर्ब ९९ करोड रकम बराबरको अमेरिकी डलर खरिद गरी सो बराबरको तरलता प्रवाह ग¥यो भने २ पटक हस्तक्षेप गरी रु. ६५ करोड बराबरको अमेरिकी डलर बिक्री ग¥यो । अमेरिकी डलरको बिक्रीबाट खुद रु. ३४ अर्ब ३४ करोड बराबरको तरलता प्रवाह हुन गएकोमा उक्त तरलतालाई खुलाबजार कारोवार र नयाँ ट्रेजरी विल्स निष्काशन मार्फत केही हदसम्म प्रशोचन गरियो । यस बाहेक समीक्षा अवधिमा रु. ६ अर्ब १० करोड बराबर ट्रेजरी विल्स, रु. ७५ करोड बराबरको विकास ऋणपत्र र रु. २५ करोड बराबरको नागरिक बचतपत्रको नयाँ निष्कासन गरियो । यसले गर्दा समीक्षा अवधिमा अल्पकालीन व्याजदर स्थिर रहन गयो ।

४.६ गत आर्थिक वर्ष २०६१/६२ मा सुरुवात गरिएको स्थायी तरलता सुविधालाई आर्थिक वर्ष २०६२/६३ मा पनि यथावत राखियो । सरकारी ऋणपत्रको धितोमा निश्चित प्रतिशतसम्म पेनाल दरमा उपलव्ध गराइने यो सुविधा वाणिज्य बैंकहरूको अल्पकालीन तरलता अभावलाई पूर्ति गर्न गरिएको व्यवस्था हो । तर आर्थिक वर्ष २०६१।६२ मा बैंकहरूले साधन परिचालनको वैकल्पिक उपायहरू अवलम्वन गर्नुको सट्टा यो सुविधा वढी उपयोग गरेकोले यो सुविधाको सुरुको सीमा ऋणपत्रहरूको अंकित मूल्यको ९० प्रतिशतबाट घटाएर ५० प्रतिशतमा झारियो । आर्थिक वर्ष २०६१/६२ मा वाणिज्य बैंकहरूले रु. ४९ अर्ब ३० करोडको स्थायी तरलता सुविधा उपयोग गरे । वाणिज्य बैंकहरुले यस सुविधाको दुरुपयोग नगरुन् भन्ने उद्देश्यले आर्थिक वर्ष २०६२/६३ मा यो सुविधाको समयावधि ५ दिनबाट ३ दिनमा झारियो । यसले गर्दा आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनासम्म यो सुविधाको प्रयोग न्यून रहन गयो ।

४.७ मुलुकमा देखा परेको आर्थिक मन्दी एवं असहज परिस्थितिका कारण देशका उद्योगधन्दाहरूमा पर्न गएको प्रतिकूल असरबाट राहत दिलाउन नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०५८/५९ देखि रुग्ण उद्योग पुनरकर्जा सुविधा उपलब्ध गराउदै आएको छ। आर्थिक बर्ष २०६२/६३ को मौद्रिक नीति तथा कार्यक्रममा पनि वर्तमान औद्योगिक शिथिलताको स्थितिलाई दृष्टिगत गरी रुग्ण उद्योगहरूलाई सहज शर्तमा पुनरुत्थान गर्न सघाउ पु¥याउने उद्देश्यले सहुलियत दरमा पुनरकर्जा दिने नीति कायमै राखियो। यसै क्रममा आर्थिक वर्ष २०६२/६३ का लागि पनि साविककै शर्त र प्रक्रिया अनुसार रुग्ण उद्योगहरूलाई बैंक मार्फत रु. २ अर्बसम्मको पुनरकर्जा सहुलियत दिने व्यवस्था गरिएको छ। रुग्ण उद्योगलाई प्रदान हुने यस्तो पुनरकर्जाको व्याजदर साविक बमोजिम १.५ प्रतिशत नै कायम गरिएको छ। बैंक तथा वित्तीय संस्थाहरूले यस्तो पुनरकर्जा सुविधा उपयोग गर्दा सम्बन्धित ऋणीलाई बढीमा ४.५ प्रतिशत ब्याजदर कायम गर्नु पर्ने व्यवस्था मिलाइएको छ। यस आर्थिक बर्षको चैत्र मसान्तसम्ममा १८ वटा होटल तथा रिसोर्टहरूलाई रु. २२ करोड ९३ लाख र २ वटा ठूला तथा मझौला उद्योगहरूलाई रु. ५ करोड १० लाख गरी जम्मा रु. २८ करोड २ लाख पुनरकर्जा सुविधा प्रदान गरिएको छ।

## मौद्रिक योगाङ्कहरूको स्थिति

४.८ आर्थिक वर्ष २०६२/६३ को पहिलो आठ महिनासम्ममा विस्तृत मुद्राप्रदाय ८.४ प्रतिशतले बढ्न गएको छ । अघिल्लो वर्षको सोही अवधिमा सो मुद्राप्रदाय ४.५ प्रतिशतको दरले बढेको थियो। खुद वैदेशिक सम्पत्तिमा उल्लेख्य वृद्धि भएको कारणले गर्दा समीक्षा अवधिमा विस्तृत मुद्रा प्रदायको वृद्धिदर उच्च रह्यो। हालैको राजनैतिक परिवर्तनका कारणले राजनैतिक स्थिरता कायम भै वैदेशिक सहायता बढ्ने सम्भावनाको आधारमा र उच्च दरले बढिरहेको विप्रेषणले गर्दा पनि खुद वैदेशिक सम्पत्ति बढ्ने देखिन्छ। अतः आर्थिक वर्ष २०६२/६३ मा विस्तृत मुद्राप्रदायको वृद्धिदर १३.५ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ जुन सुरुको लक्ष्य भन्दा सीमान्त रुपले बढी छ। चालू आर्थिक वर्षको पहिलो आठ महिनासम्ममा संकुचित मुद्राप्रदाय ६.३ प्रतिशतले बढ्यो। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्राप्रदाय ४.० प्रतिशतले बढेको थियो। अहिलेसम्मको प्रवृत्तिलाई हेर्दा आर्थिक वर्ष २०६२/६३ मा संकुचित मुद्राप्रदायको वृद्धिदर लक्ष्य बमोजिम १२.० प्रतिशत नै रहने अनुमान छ।

४.९ मुद्रा प्रदायमा विस्तारकारी प्रभाव पार्ने कारकहरूमध्ये खुद वैदेशिक सम्पत्ति अघिल्लो वर्षको आठ महिनासम्ममा ५.३ प्रतिशतले बढेको तुलनामा आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा विदेशी विनिमय नाफा/नोक्सान समायोजन गरी १२.७ प्रतिशतले बढ्यो। विप्रेषण आप्रवाहमा उच्च वृद्धि हुन गएकोले गर्दा समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्तिको वृद्धि उच्च रहेको हो। यस अनुरुप समग्र आर्थिक वर्षमा खुद वैदेशिक सम्पत्तिको वृद्धिदर १३.० प्रतिशत रहने अनुमान गरिएको छ।

४.१० त्यस्तैगरी अघिल्लो वर्ष ४.७ प्रतिशतमा सीमित रहेको आवधिक निक्षेपको वृद्धिदर विप्रेषण आप्रवाह उच्च रहेको कारणले समीक्षा अवधिमा ९.५ प्रतिशत रह्यो। विप्रेषण आप्रवाह उच्च रहने आधारमा आर्थिक वर्ष २०६२/६३ भरिमा आवधिक निक्षेप १४.३ प्रतिशतले बढ्ने संशोधित अनुमान गरिएको छ।

४.११ मुद्राप्रदायमा विस्तारकारी प्रभावपार्ने कुल आन्तरिक कर्जा गत वर्षको पहिलो आठ महिनाको अवधिमा ७.२ प्रतिशतले विस्तार भएकोमा आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा ५.८ प्रतिशतले मात्र बढेको छ। निजी क्षेत्रको कर्जा विस्तारदरमा कमी र स्थानीय निकायहरूको बैंकसँगको मौज्दातलाई सरकारको साधनको रूपमा बर्गीकरण गरिएकोले गर्दा बैंकहरूको सरकार माथिको खुद दावी तदनुरुप घटेकाले समीक्षा अवधिमा कुल आन्तरिक कर्जाको विस्तार दरमा कमी देखिएको हो।

४.१२ कुल आन्तरिक कर्जा मध्ये सरकारमाथिको खुद दावी अघिल्लो वर्ष ३.६ प्रतिशतले घटेकोमा यस वर्ष पुनः ३.० प्रतिशतले घटेको छ। निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जा विस्तारमा पनि कमी आएको छ। अघिल्लो वर्षको समीक्षा अवधिमा यस्तो कर्जा ११ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ९.५ प्रतिशतले मात्र बढ्यो। औद्योगिक गतिविधिमा आएको शिथिलता र विशेष गरेर नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकले कर्जा असुलीमा प्राथमिकता दिएको कारणले गर्दा समग्र रूपमा यस्तो कर्जा विस्तारमा शिथिलता देखापरेको हो।

४.१३ समीक्षा अवधिमा गैर-वित्तीय सरकारी संस्थानहरूमाथिको दावीको वृद्धिदर ऋणात्मक रहेको छ। गत वर्ष यस्तो दावी ४३.४ प्रतिशतले बढेको विपरित आर्थिक वर्ष २०६२/६३ को पहिलो आठ महिनामा ५.० प्रतिशतले घट्न गएको छ। नेपाल विद्युत् प्राधिकरण, नेपाल आयल निगम, नेशनल ट्रेडिङ्ग लिमिटेड र हेटौडा सिमेण्ट कारखानाले वाणिज्य बैंकहरूबाट उपयोग गरेको कर्जा भुक्तानी गरेकोले यस्तो कर्जाको वृद्धिदर ऋणात्मक रहन पुगेको हो। चालू आर्थिक वर्षको फाल्गुण महिनासम्ममा मौद्रिक क्षेत्रबाट विस्तारित कुल आन्तरिक कर्जा मध्ये नेपाल सरकार, सरकारी संस्थान तथा निजी क्षेत्रलाई गएको कर्जाको अंश क्रमशः २२.१ प्रतिशत, ६.२ प्रतिशत र ७१.७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६१/६२ को सोही अवधिमा यस्तो अंश क्रमशः २२.४ प्रतिशत, ६.४ प्रतिशत र ७१.२ प्रतिशत रहेको थियो।

४.१४ आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा मुद्रा प्रदायमा संकुचनकारी भूमिका खेल्ने खुद अमौद्रिक दायित्व ५.५ प्रतिशतले बढेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो दायित्व ९.१ प्रतिशतले बढेको थियो। त्यसैगरी गत वर्षको प्रथम आठ महिनामा ६.१ प्रतिशतले वृद्धि भएको खुद आन्तरिक सम्पत्ति आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा ५.९ प्रतिशतले बढेको छ। कुल आन्तरिक कर्जा तथा खुद अमौद्रिक दायित्व दुवैको वृद्धिदरमा कमी आएकोले समीक्षा अवधिमा खुद आन्तरिक सम्पत्तिको वृद्धिदरमा समेत केही शिथिलता देखिएको हो।

## वाणिज्य बैंकहरूको निक्षेप, तरलता र कर्जा स्थिति

४.१५ वाणिज्य बैंकहरूको साधनको प्रमुख स्रोतको रूपमा रहेको कुल निक्षेप चालू आर्थिक वर्ष २०६२/६३ को पहिलो आठ महिनासम्ममा ७.६ प्रतिशतले बढ्यो। अघिल्लो आर्थिक वर्ष २०६१/६२ को सोही अवधिमा यस्तो निक्षेप २.४ प्रतिशतको न्यूनदरमा वृद्धि भएको थियो। समीक्षा अवधिमा विप्रेषण आप्रवाह उच्च रहकोले वाणिज्य बैंकहरूको निक्षेप उच्चदरले वृद्धि भएको हो। निक्षेप मध्ये चल्ती निक्षेप अघिल्लो वर्षको पहिलो आठ महिनासम्ममा ५.० प्रतिशतले घटेको तुलनामा चालू आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा केही सुधार आई ३.१ प्रतिशतले मात्र घटेको छ। बचत निक्षेप भने २०६१/६२ को आठ महिनामा ८.० प्रतिशतले बढेकोमा २०६२/६३ को सोही अवधिमा ७.९ प्रतिशतले बढ्यो। त्यसैगरी मुद्दती निक्षेप गत वर्ष २.२ प्रतिशतले घटेको विपरीत समीक्षा अवधिमा ११.४ प्रतिशतले बढेको

छ । विप्रेषण आप्रवाह अत्यधिक रूपमा भित्रिएको तर वैकल्पिक लगानीका अवसरहरू नरहेकोले गर्दा आवधिक निक्षेप उच्च दरले बढ्न गएको हो । त्यस्तै, वाणिज्य बैंकहरूको मार्जिन निक्षेप पनि चालू वर्षको पहिलो आठ महिनाको अवधिमा गत वर्षको सोही समयावधिको भन्दा बढी दरले वृद्धि भएको छ । गत वर्ष मार्जिन निक्षेप ०.९ प्रतिशतले बढेकोमा यस वर्ष १.३ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा आयात कर्जा विस्तार भएकोले मार्जिन निक्षेप बढेको हो ।

४.१६ आर्थिक वर्ष २०६२/६३ को पहिलो आठ महिनाको अवधिमा वाणिज्य बैंकहरूको कर्जा तथा लगानीको स्थितिमा शिथिलता आयो । गत वर्ष कर्जा तथा लगानी ९.७ प्रतिशतले बढेकोमा यस वर्षको समीक्षा अवधिमा ८.१ प्रतिशतले मात्र बढ्यो । आन्तरिक विद्रोह, राजनैतिक संकट र औद्योगिक गतिविधिमा आएको शिथिलताको कारणले गर्दा समग्र कर्जा तथा लगानीको विस्तारमा कमी आएको हो । वाणिज्य बैंकहरूको कर्जा लगानीको प्रमुख अंशहरू मध्ये सरकार माथिको दावी समीक्षा अवधिमा बढेको छ । गत वर्ष सरकारमाथिको दावी १.५ प्रतिशतले वढेकोमा यस वर्ष २.८ प्रतिशतले बढ्यो । त्यस्तै, गत वर्षको ४३.५ प्रतिशत वृद्धिको विपरित आर्थिक वर्ष २०६२/६३ को पहिलो आठ महिनाको अवधिमा वाणिज्य बैंकहरूको गैर-वित्तीय सरकारी संस्थानहरूमाथिको दावीमा ५.१ प्रतिशतको ह्रास आएको छ । मूलतः नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकले कर्जा असुलीमा प्राथामिकता दिएको र नेपाल विद्युत् प्राधिकरण, नेपाल आयल निगम, नेशनल ट्रेडिङ्ग लिमिटेड र हेटौडा टेक्सटायल ईण्डष्ट्रिज लिमिटेडले वाणिज्य बैंकहरूबाट उपयोग गरेको केही कर्जा चुक्ता गरेको कारणले गर्दा उक्त दावी ऋणात्मक हुन गएको हो । त्यसैगरी वाणिज्य बैंकहरूको निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जामा पनि गिरावट आयो । गत वर्ष यस्तो कर्जा १२.१ प्रतिशतले बढेकोमा चालू आर्थिक वर्षमा केही कमी आई १०.१ प्रतिशतले मात्र वृद्धि भै २०६२ फाल्गुण मसान्तसम्ममा रु. १६ अर्ब ५८ करोड खुद कर्जा प्रवाह भयो । कुल कर्जा प्रवाहमा साँवाको अंश ८४.५ प्रतिशत रहेको छ भने व्याजको अंश १५.५ प्रतिशत रहेको छ । गत वर्ष सोही अवधिमा साँवा र व्याजको अंश क्रमशः ८३.७ प्रतिशत र १६.३ प्रतिशत रहेको थियो । सो अवधिमा विद्यमान राजनीतिक अन्यौल र अस्थिरताले अर्थतन्त्रमा पारेको नकारात्मक प्रभावको कारणले गर्दा निजी क्षेत्रतर्फको कर्जा प्रवाहमा सुस्तता देखापरेको हो ।

४.१७ सरकारी स्वामित्वमा रहेको कृषि विकास बैंकको कर्जा वितरण २०६१/६२ को प्रथम आठ महिनामा १६.९ प्रतिशतले वृद्धि भएकोमा २०६२/६३ को सोही अवधिमा १० प्रतिशले कमी भई रु. ६ अर्ब २३ करोड पुगेको छ । बैंकको साँवा असूली गत वर्ष १५.० प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा ११.५ प्रतिशतले घटी रु. ५ अर्ब १५ करोड कायम भएको छ । यसरी नै यस अवधिमा कृषि विकास बैंकको लगानीमा रहिरहेको कर्जा गत वर्षको तुलनामा ४.५ प्रतिशतले वृद्धि भई रु. २१ अर्ब ७५ करोड पुगेको छ । गत वर्ष यस्तो कर्जा ८.९ प्रतिशतले वृद्धि भएको थियो । देशमा विद्यमान विषम परिस्थितिको कारण यस बैंकको कर्जा वितरण र असूलीमा समेत विगतको तुलनामा समीक्षा अवधिमा केही शिथिलता आएको हो । यस बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार आवश्यक कर्जा नोक्सानी व्यवस्थाको साथै पूजीकोष, सम्पत्तिको गुणस्तर, व्यवस्थापन, आम्दानी–खर्च, तरलता, जोखिम व्यवस्थापन एवं संस्थागत सुशासन जस्ता महत्वपूर्ण मापदण्डहरूको पालना गर्ने तर्फ कार्यारम्भ गरिसकेको छ ।

## वाणिज्य बैंकहरूको शाखा विस्तार

४.१८ २०६२ असार मसान्तमा वाणिज्य बैंकहरूको कुल शाखा संख्या ३७५ रहेकोमा २०६२ चैत्र मसान्तसम्ममा उक्त संख्या ३८८ पुगेको छ। कृषि विकास बैंकको वाणिज्य बैकिङ्ग कारोवार गर्ने ४७ वटा शाखाहरूलाई समावेश गर्दा २०६२ चैत्र मसान्तसम्म देशभरमा वाणिज्य बैकिङ्ग कारोवार गर्ने शाखा संख्या ४३५ रहेको छ। कृषि विकास बैंकलाई समेत समेट्दा हाल १८ वटा वाणिज्य बैंकहरू संचालित छन। ती वाणिज्य बैंकहरूको शाखा संख्या तालिका ४ (क) मा प्रस्तुत गरिएको छ।

### तालिका ४ (क) : वाणिज्य बैंकहरूको शाखा संख्या

| सि.नं | बैंकको नाम | *२०६२ आषाढ* | *२०६२ चैत्र* |
|---|---|---|---|
| १. | नेपाल बैंक लिमिटेड | १०६ | १०२ |
| २. | राष्ट्रिय वाणिज्य बैंक | ११४ | ११४ |
| ३. | नविल बैंक | १७ | १६ |
| ४. | नेपाल इन्भेस्टमेण्ट बैंक | १२ | १३ |
| ५. | स्टाण्डर्ड चार्टर्ड बैंक | ८ | ९ |
| ६. | हिमालयन बैंक | १५ | १६ |
| ७. | नेपाल एसविआई बैंक | १३ | १३ |
| ८. | नेपाल बंगलादेश बैंक | १७ | १७ |
| ९. | एभरेष्ट बैंक | १६ | १९ |
| १०. | बैंक अफ काठमाण्डौ | ९ | १० |
| ११. | नेपाल क्रेडिट एण्ड कर्मश बैंक | १७ | १७ |
| १२. | नेपाल इण्डस्ट्रियल एण्ड कमर्शियल बैंक | ८ | १० |
| १३. | लुम्बिनी बैंक | ४ | ६ |
| १४. | माछापुच्छ्रे बैंक | ९ | १२ |
| १५. | कुमारी बैंक | ४ | ५ |
| १६. | लक्ष्मी बैंक | ३ | ५ |
| १७. | सिद्धार्थ बैंक | ३ | ४ |
| १८. | कृषि विकास बैंक | ४७ | ४७ |
| | **जम्मा** | **३७५** | **३८८** |

स्रोत : नेपाल राष्ट्र बैंक

## विकास बैंक तथा "ख" वर्गका वित्तीय संस्थाहरूको साधन स्रोत तथा उपयोगको स्थिति

४.१९ आर्थिक वर्ष २०६१/६२ को प्रथम छ महिनाको तुलनामा आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा विकास बैंकहरूको कुल साधनमा २३.२ प्रतिशतले वृद्धि भई २०६२ पौष मसान्तमा रु. ५८ अर्ब ४९ करोड पुगेको छ। चालू आर्थिक वर्षको प्रथम छ महिनामा गत वर्षको सोही अवधिको तुलनामा नाफानोक्सान समायोजन पछिको पूँजीकोषमा झण्डै २ गुणाले सुधार आई रु. ३ अर्ब ७७ करोड हुन पुगेको छ। विगतमा कृषि विकास बैंक र नेपाल औद्योगिक विकास निगमको खराव वित्तीय स्थितिको कारण यस समूहको पूँजीकोष क्षय भई समग्र पूँजीकोष नकरात्मक हुन पुगेता पनि समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकले थप १० नयाँ विकास बैंकहरू सञ्चालनको स्वीकृति दिएको र सञ्चालनमा आईरहेका केही बैंकहरूको वित्तीय स्थितिमा समेत सुधार भएको हुँदा यस समूहको प्राथमिक पूँजीमा वृद्धि भई समग्र पूँजीकोषमा सुधार आएको हो। समीक्षा अवधिमा गत वर्षको सोही अवधिको तुलनामा निक्षेपमा २५.२ प्रतिशत वृद्धि भई रु. ७ अर्ब १७ करोड पुगेको छ भने कुल सापटीमा १.० प्रतिशतको सीमान्त वृद्धि भई रु. ५ अर्ब २३ करोड पुगेको छ।

४.२० यो समूहका बैंकहरूको सम्पत्ति तर्फ आर्थिक वर्ष २०६२/६३ को प्रथम छ महिनामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा कर्जा तथा सापटी, लगानी र तरल सम्पत्तिमा सामान्य वृद्धि भएको छ भने अन्य सम्पत्तिमा उल्लेख्य वृद्धि भएको छ। तरल सम्पत्ति ३.७ प्रतिशतले वृद्धि भई रु. ४ अर्ब ७१ करोड पुगेको छ भने कर्जा तथा सापटी, लगानी र अन्य सम्पत्ति क्रमशः ९.६ प्रतिशत, ६.७ प्रतिशत र ६१.७ प्रतिशतले वृद्धि भई रु. ३० अर्ब ६४ करोड, रु. २ अर्ब २ करोड र रु. २१ अर्ब १२ करोड पुगेको छ।

४.२१ आर्थिक वर्ष २०६१/६२ को प्रथम छ महिनासम्ममा वित्त कम्पनीहरूको १८.० प्रतिशतले बढेको कुल साधन आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा १५.८ प्रतिशतले वृद्धि भई रु. ३३ अर्ब ८७ करोड पुगेको छ। वित्त कम्पनीहरूको कुल साधनमा निक्षेपको हिस्सा ७१.९ प्रतिशत रहेको र यस्ता कम्पनीहरूको निक्षेप वृद्धिदर आर्थिक वर्ष २०६१/६२ को प्रथम ६ महिनामा १७.९ प्रतिशत रहेकोमा आ.ब. २०६२/६३ को सोही अवधिमा १५.१ प्रतिशतले वृद्धि भई रु. २४ अर्ब ३४ करोड पुगेको छ। आर्थिक वर्ष २०६१/६२ को प्रथम छ महिनासम्ममा १०.६ प्रतिशतले वृद्धि भएको पूँजीकोषमा आर्थिक वर्ष २०६२/६३ को उक्त अवधिमा १.७ प्रतिशतको न्यून वृद्धि भई रु. ४ अर्ब ५ करोड पुगेको छ। २०६१ पौष मसान्तसम्ममा वित्त कम्पनीहरूको कुल निक्षेप र पूँजीकोष क्रमशः रु. २१ अर्ब १५ करोड र रु. ३ अर्ब ९८ करोड पुगेको थियो। गत वर्षको प्रथम छ महिनामा वित्त कम्पनीहरूको कुल सापटीमा ६६.८ प्रतिशतको उल्लेख्य वृद्धि भएता पनि यस वर्षको प्रथम छ महिनाको अवधिमा सापटीमा १.२ प्रतिशले कमी आई रु. १ अर्ब ३१ करोड रहेको छ। २०६१ पौषमसान्तसम्ममा कुल ऋण साधन रु. १ अर्ब ३२ करोड रहेको थियो।

४.२२ वित्त कम्पनीहरूको कुल साधनमध्ये कर्जा तथा सापटीमा ७०.४ प्रतिशत, तरल सम्पत्तिमा ११.५ प्रतिशत, लगानीमा ८.० प्रतिशत र अन्य सम्पत्तिमा १०.१ प्रतिशत उपयोग गरेको पाईन्छ। कुल साधन उपयोगमा ठूलो अंश ओगटेको कुल कर्जा तथा सापटी आर्थिक वर्ष २०६२/६३ को प्रथम छ महिनामा १९.५ प्रतिशतले वृद्धि भई रु. २३ अर्ब ८५ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा तथा सापटी २२.० प्रतिशतले वृद्धि भएको थियो। वित्त कम्पनीहरूको लगानी २०६२ पौष मसान्तसम्म ५.९ प्रतिशतले वृद्धि भई रु. २

अर्ब ७० करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो लगानी १.१ प्रतिशतले ह्रास भएको थियो। चालू आर्थिक वर्ष २०६२/६३ को प्रथम छ महिनामा वित्त कम्पनीहरूको तरल सम्पत्ति ५.१ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब ९१ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा कुल तरल सम्पत्ति ३३.९ प्रतिशतले वृद्धि भएको थियो।

४.२३ आर्थिक वर्ष २०६१/६२ को प्रथम छ महिनाको तुलनामा चालू आर्थिक वर्ष २०६२/६३ को प्रथम छ महिनामा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरेका सहकारी संस्थाहरूको कुल वित्तीय साधन ११.९ प्रतिशतले वृद्धि भई रु. २ अर्ब ६३ करोड पुगेको छ। साना किसान सहकारी संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरिवेक्षण साना किसान विकास बैंक मार्फत सम्पादन गरिने व्यवस्था मिलाईएकोले नेपाल राष्ट्र बैंकको नियमनको दायरा भित्रका वित्तीय सहकारी संस्थाहरूको संख्या घट्न पुगेको देखिन्छ। यसैले यस्ता सहकारी संस्थाहरूको पूँजीकोष, निक्षेप, ऋण साधन र अन्य दायित्व र उपयोगतर्फ लगानी, कर्जा तथा सापटी र अन्य सम्पत्तिसमेत विगत केही वर्षहरूमा घट्दै गएको देखिएता पनि हाल यी संस्थाहरूको संख्या स्थिर रही वित्तीय अवस्थामा समेत केही सुधार आएको हुँदा गत वर्षको तुलनामा समीक्षा अवधिमा यस्ता संस्थाहरूको सम्पत्ति एवं दायित्वमा सुधारात्मक प्रवृत्ति देखिन्छ।

४.२४ आर्थिक वर्ष २०६२/६३ को प्रथम छ महिनासम्ममा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा वित्तीय सहकारी संस्थाहरूको पूँजीकोष, निक्षेप र ऋण साधन क्रमशः ३६.२ प्रतिशत, १०.१ प्रतिशत र ५६.१ प्रतिशतले वृद्धि भई क्रमशः रु. ३५ करोड, रु. १ अर्ब ८३ करोड र रु. ६ करोड पुगेता पनि अन्य दायित्वमा भने ०.८ प्रतिशतले कमी आई रु. ३९ करोड पुगेको छ। यसैगरी समीक्षा अवधिमा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा यस्ता संस्थाहरूको कर्जा तथा सापटी, तरल सम्पत्ति र अन्य सम्पत्तिमा क्रमशः १०.३ प्रतिशत, ९.० प्रतिशत र ३१.० प्रतिशतले बढोत्तरी भई क्रमशः रु. १ अर्ब ५१ करोड, रु.४२ करोड र रु. ५५ करोड पुगेको छ भने लगानी ७.१ प्रतिशतले ह्रास भई रु. १५ करोडमा झरेको छ।

४.२५ आर्थिक वर्ष २०६१/६२ को प्रथम छ महिनाको तुलनामा चालू आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा लघु वित्त कारोबार गर्ने विकास बैंकहरूको कुल साधन ३४.७ प्रतिशतले वृद्धि भई रु. ७ अर्ब १३ करोड पुगेको छ। विशेषगरी ग्रामीण बैंक संरचना र सिद्धान्तमा आधारित विना धितो कर्जा लगानी गर्ने र स-सानो बचत स्वीकार गर्ने लघुवित्त विकास बैंकहरू ग्रामीण ईलाकामा बसोबास गर्ने महिलाहरूको आय वृद्धि गर्न सहयोगी बन्दै गएका छन्।

४.२६ आर्थिक वर्ष २०६२/६३ को प्रथम छ महिनामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा यस्ता विकास बैंकहरूको कुल निक्षेप ९.७ प्रतिशतले वृद्धि भई रु. ८२ करोड, सापटी ३२.९ प्रतिशतले वृद्धि भई रु. ४ अर्ब ६२ करोड र पूँजीकोष १५.७ प्रतिशतले वृद्धि भई रु. ९० करोड पुगेको छ। समीक्षा अवधिमा साधनको उपयोगतर्फ तरल सम्पत्ति ९८.० प्रतिशतले वृद्धि भई रु. १ अर्ब १२ करोड, लगानी ३७.० प्रतिशतले बढेर रु. १ अर्ब ६८ करोड र कर्जा तथा सापटी २३.८ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब ९० करोड पुगेको छ।

४.२७ वि.सं. २०४७ फागुनमा नेपाल सरकारको निर्णयानुसार गठन भएको ग्रामीण स्वावलम्वन कोषलाई आर्थिक वर्ष २०४७/४८ को बजेट मार्फत रु. १ करोड, आर्थिक वर्ष २०४८/४९ को बजेटमा थप रु. १ करोड र चालू आर्थिक वर्षको बजेटमा व्यवस्था भएको रु. २ करोड गरी सरकारले कुल रु. ४ करोड प्रदान गरेकोछ। नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०५८/५९ मा एकमुष्ट रु. १० करोड वीउ पूँजी (Seed Money) र नेपाल राष्ट्र बैंकको

मुनाफाको पाँच प्रतिशत रकम यस कोषमा जम्मा गर्ने नीति अनुरुप जम्मा भएको रकम समेत गरी नेपाल राष्ट्र बैंकवाट प्राप्त कुल रकम रु. २५ करोड ३४ लाख पुगेको छ। २०६२ पौष मसान्तसम्म सरकार र नेपाल राष्ट्र बैंकले प्रदान गरेको ग्रामीण स्वावलम्वन कोषको रकम रु. २९ करोड ३४ लाख पुगेको छ। थोक कर्जा प्रवाह गरिरहेको यो कोषबाट २०६२ पौष मसान्तसम्म अधिराज्यका २६ जिल्लामा ५० गैर-सरकारी संस्था र ४२ जिल्लामा १८१ सहकारी संस्था गरी कुल ४७ जिल्लामा २३१ संस्थाहरूलाई रु. ८ करोड ९५ लाख कर्जा वितरण भएको छ। समीक्षा अवधिमा कोषको कर्जा असूली दर ९१ प्रतिशत रहेको छ।

४.२८ देशको ग्रामीण क्षेत्रमा बसोबास गर्ने विपन्न वर्गका महिलाहरूलाई समूहिकृत गरी विविध किसिमका आयमूलक काममा संलग्न गराउनका लागि आवश्यक पर्ने वित्तीय साधनको परिपूर्ति गर्ने उद्देश्यले हरेक विकास क्षेत्रमा एक/एक वटा ग्रामीण बैंक अनुशरणकर्ता वित्तीय संस्थाको रूपमा ग्रामीण विकास बैंकहरू स्थापना भई हालसम्म कार्यरत रहेका छन्। यी बैंकहरूले २०६२ साल पौषमसान्तसम्ममा मुलुकका ४५ जिल्लाका १,०१८ गाउँ विकास समितिहरूमा ५,०९१ केन्द्र मार्फत ३५,५८३ समूह गठन गरी जम्मा १,६५,२१७ महिला सदस्यहरूमध्ये १,४७,५५० जनालाई विना धितो लघु कर्जा प्रवाह गरी उनीहरूलाई स्थानीय सीप, साधन र स्रोतको परिचालन गरेर आर्थिक क्रियाकलाप सञ्चालन गरी आय-आर्जन गर्ने कार्यमा सहयोग पुऱ्याएका छन्। यी ग्रामीण विकास बैंकहरूको स्थापना भई सञ्चालनमा आए देखि हालसम्ममा जम्मा रु. ११ अर्ब ७६ करोड कर्जा प्रवाह भएको छ। सो मध्ये रु. १० अर्ब ५२ करोड असूल उपर भई जम्मा रु. १ अर्ब २४ करोड उठाउन बाँकी रहेको छ। २०६२ पौष मसान्तसम्ममा बैंकका सहभागी सदस्यहरूबाट समूहकोष बचततर्फ रु. ४३ करोड ८ लाख र व्यक्तिगत बचततर्फ रु. ५ करोड ६३ लाख गरी जम्मा रु. ४९ करोड ४३ लाख बचत निक्षेप जम्मा भई सकेको छ। यी पाँचवटै विकास बैंक अन्तर्गत विभिन्न कार्यालयहरूमा १,००९ कर्मचारीहरू कार्यरत रहेका छन्।

४.२९ त्यसैगरी ग्रामीण बैंक अनुशरणकर्ताको रूपमा कार्यरत अन्य ४ बैंकहरू (निर्धन उत्थान बैंक लि., छिमेक विकास बैंक लि., डिप्रोक्स विकास बैंक लि. र स्वावलम्बन विकास बैंक लि.) ले २०६२ पौष मसान्तसम्म अधिराज्यका ११२१ गाउँ विकास समितिहरूमा ६,३७० केन्द्रहरू मार्फत ३३,२१७ समूहका १,३०,२७५ ऋणी सदस्यहरूलाई रु. ५ अर्ब ६० करोड कर्जा वितरण गरेका छन् र सो अवधिसम्म रु. ४ अर्ब ६५ करोड असूली भई रु. ९५ करोड उठाउन बाँकी रहेको छ।

## गैर बैंक वित्तीय संस्थाहरू

४.३० चालू आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनासम्ममा कर्मचारी संचयकोषको कर्जा वितरण ६२.२ प्रतिशतले वृद्धि भई रु. ७ अर्ब २१ करोड पुगेको छ । २०६१/६२ को सोही अवधिमा कर्जा वितरण ७१.० प्रतिशतले वृद्धि भई रु. ४ अर्ब ४४ करोड पुगेको थियो। २०६१/६२ को प्रथम आठ महिनासम्ममा साँवा असूलीमा ८.२ प्रतिशतले वृद्धि भएको तुलनामा समीक्षा अवधिमा असूली ३६.९ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ३८ करोड पुगेको छ। यस अवधिमा कोषको कर्जा वितरण तथा असूलीमा भएको वृद्धिले गर्दा लगानीमा रहिरहेको उठाउन बाँकी कर्जा समेत गत वर्षको तुलनामा १९.१ प्रतिशतले वृद्धि भई रु. २४ अर्ब ७२ करोड पुगेको छ।

४.३१ विगत दुई वर्षदेखि नागरिक लगानी कोषको निक्षेप सङ्कलन र लगानीमा उल्लेख्य वृद्धि भएकाले कुल वित्तीय सम्पत्तिमा कोषको योगदान पनि बढ्दै गएको छ। आर्थिक वर्ष २०६१/६२ मा कोषको कुल सम्पत्ति/दायित्व २२.८ प्रतिशतले वृद्धि भएको थियो भने चालू आर्थिक वर्षको अन्त्यसम्ममा १८.३ प्रतिशतले वृद्धि भई रु. ६ अर्ब ७७ करोड पुग्ने अनुमान छ। वित्तीय स्रोतमा महत्वपूर्ण योगदान रहेको कोष (निक्षेप) सङ्कलन गत आर्थिक वर्ष २६.१ प्रतिशतले वृद्धि भएकोमा चालू आर्थिक वर्षको अन्त्यसम्म १९.३ प्रतिशतले वृद्धि भई रु. ६ अर्ब ८ करोड पुग्ने अनुमान छ। कोषले विगत ५ वर्षयता वित्तीय स्रोतको रूपमा कुनै प्रकारको सापटी लिएको छैन। सम्पत्तितर्फ सवैभन्दा बढी हिस्सा ओगट्ने लगानी गत आर्थिक वर्षमा ५६.६ प्रतिशतले वृद्धि भएकोमा यस आर्थिक वर्षको अन्त्यसम्ममा ११.८ प्रतिशतले वृद्धि भई रु. ५ अर्व २ करोड पुग्ने अनुमान छ। यसरी नै कोषको कर्जा तथा सापटी गत आर्थिक वर्षमा ७०.२ प्रतिशतले ह्रास भएकोमा चालू आर्थिक वर्षमा १३२.४ प्रतिशतले वृद्धि भई रु. ३३ करोड पुग्ने अनुमान छ। कोषको तरल सम्पत्तिमा गत आर्थिक वर्षमा ३६.२ प्रतिशतले ह्रास आएकोमा चालू आर्थिक वर्षमा ४१.६ प्रतिशतले वृद्धि भई रु. ९८ करोड पुग्ने अनुमान छ।

४.३२ मुलुकको वित्तीय बजारमा बिमा बजारको कारोवारमा विगत केही वर्षदेखि उल्लेख्य रूपमा वृद्धि भएको छ। चालू आर्थिक वर्षको प्रथम ८ महिनामा निर्जीवन बिमा कारोवार मात्र गर्ने कम्पनीहरू १६, जीवन बिमा कारोवार मात्र गर्ने तीन र एउटा कम्पनीले जीवन तथा निर्जीवन दुवै प्रकारका कारोवार गर्दै आएकाले बिमा समितिको नियमनको परिधिमा रहेका यस्ता कम्पनीको संख्या २० पुगेको छ। प्राथमिकता प्राप्त क्षेत्रमा गरिएको कर्जाको बिमा गर्ने सरकारी क्षेत्रमा स्थापित निक्षेप बिमा तथा कर्जा सुरक्षण निगम समेत गर्दा बिमा व्यवसाय गर्ने वित्तीय संस्थाहरूको संख्या २०६२ चैत्र मसान्तसम्म २१ पुगेको छ। साथै विदेशी पूँजी लगानीमा ३ वटा र संयुक्त लगानीमा ३ वटा बिमा कम्पनीहरू सञ्चालनमा रहेका छन्। जीवन तथा निर्जीवन बिमा व्यवसायवाट संकलित बिमा प्रिमियममा भएको वृद्धिले गर्दा गैर-कृषि क्षेत्र अन्तर्गत रहेको बिमा प्रिमियमवाट कुल गार्हस्थ्य उत्पादनमा हुने योगदान २०६१ चैत्रमा १.१ प्रतिशत रहेकोमा समीक्षा अवधिमा १.३ प्रतिशत पुगेको छ। गत वर्ष जीवन तथा निर्जीवन दुवै गरी बिमा कम्पनीहरूले सङ्कलन गरेको प्रिमियम २३.२ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा २१ प्रतिशतले वृद्धि भई रु. ७ अर्ब ८ करोड पुगेको छ। बिमा कम्पनीहरूले प्रिमियमको रूपमा संकलित सो रकम सरकारी ऋणपत्र, मुद्दती निक्षेप र अन्य सम्पत्तिमा लगानी गरेको पाइन्छ। जीवन बिमातर्फको लगानी गतवर्ष २२.७ प्रतिशतले वृद्धि भएकोमा यस वर्ष गतवर्षकै हाराहारीमा अर्थात २२.८ प्रतिशतले वृद्धिभै रु. १४ अर्ब ७३ करोड पुगेको छ। यसरी नै निर्जीवन बिमातर्फको लगानी गत वर्ष १२.१ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा १०.५ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब ३१ करोड पुगेको छ। बिमा कम्पनीहरूको कुल लगानी गत वर्ष २०.४ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा २०.३ प्रतिशतले वृद्धि भई रु. १८ अर्ब ४ करोड पुगेको छ।

## वित्तीय क्षेत्र सुधार कार्यक्रम

४.३३ आर्थिक सुधार कार्यक्रमको एक महत्वपूर्ण अंगको रूपमा वित्तीय क्षेत्र सुधार कार्यक्रमलाई अगाडि बढाउँदै लगिएको छ। सरकारले मिति २०५७/८/७ मा मार्गदर्शकको रूपमा वित्तीय क्षेत्र सुधार सम्बन्धी रणनीति पत्र जारी गरी यस सुधार कार्यक्रमको थालनी गरेको थियो। यस कार्यक्रमको अवलम्वनबाट मुलुकको वित्तीय क्षेत्रलाई स्वस्थ, प्रतिस्पर्धी, कुशल तथा व्यवसायिक बनाई आर्थिक विकासको लागि पर्याप्त योगदान दिन सक्ने बनाउने लक्ष्य

लिइएको छ । विश्व बैंक, बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभाग (Department for International Development/DFID) र नेपाल सरकारको ऋण तथा अनुदान सहयोगमा वित्तीय क्षेत्र सुधार कार्यक्रम सञ्चालन भइरहेको छ । यस अन्तर्गत मुख्यतया तीन वटा कार्यक्रमहरू सञ्चालनमा ल्याईएका छनः नेपाल राष्ट्र बैंकको सुदृढीकरण, नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको पुनरसंरचना, र वित्तीय क्षेत्रको सक्षमता अभिवृद्धि ।

४.३४ नेपाल राष्ट्र बैंकलाई सक्षम केन्द्रीय बैंकको रूपमा विकास गर्न नेपाल राष्ट्र बैंकको पुनरसंरचना सम्बन्धी कार्यलाई निरन्तरता प्रदान गरिएको छ । यस अन्तर्गत नेपाल राष्ट्र बैंकको मानव संशाधन (Human Resources) को विकास गर्ने, नेपाल राष्ट्र बैंकको नियमन व्यवस्था र निरीक्षण तथा सुपरीवेक्षण प्रणालीलाई अझ बढी सशक्त एवं प्रभावकारी बनाउने, बैंकको कार्यको आधारमा सांगठनिक पुनरसंरचना गर्ने, बैंकलाई कम्प्युटराइज्ड गर्ने, बैंकको लेखा प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको बनाउने तथा बैंकका कार्यहरू सरल एवं सहज बनाउँदै केन्द्रीय बैंकलाई चुस्त बनाउने कार्यक्रमहरू सञ्चालनमा ल्याइएका छन् ।

मञ्जूषाः ४ (१)

## नेपाल राष्ट्र बैंकको पुनरसंरचना

क) बैंकको कामकारवाहीलाई चुस्त र छरितो बनाउने उद्देश्यले कर्मचारीको उत्पादकत्व बढाउन तथा कम कर्मचारीबाटै गुणस्तरीय सेवा प्रदान गर्न ल्याईएको स्वेच्छिक अवकाश योजना अन्तर्गत ५७१ र अनिवार्य अवकाश योजना अन्तर्गत ११ जना कर्मचारीले अवकाश लिई सकेका छन् भने नयाँ कर्मचारी विनियमावली २०६२ लागू गरिएको छ ।

ख) बैंकलाई चाहिने जनशक्तिको उपयुक्त स्तर हासिल गर्न तथा जनशक्तिको कार्यदक्षता र क्षमता अभिवृद्धि गर्ने सम्बन्धमा आई.ओ.एस. पार्टनर्स (IOS Partners) ले सिफारिश गरे बमोजिम एकजना विदेशी मानव संशाधन सल्लाहकार (Human Resources Advisor) नियुक्त गरिएको छ । निजबाट मानव संशाधन विकासका लागि योजना, तालिम, जनशक्तिको स्तर पहिचान र विकास जस्ता कार्य भई रहेको छ ।

ग) नेपाल राष्ट्र बैंकको पुनरसंरचना तर्फको दोश्रो चरणको कार्यक्रमहरू सञ्चालनमा ल्याउन विश्व बैंकले बजारबाट ६ जना स्थानीय चार्टर्ड एकाउण्टेण्ट नियुक्त गर्न सिफारिश गरेकोमा नेपाल राष्ट्र बैंकको पहलमा बैंक भित्रै कार्यरत ७ जना चार्टर्ड एकाउण्टेण्टहरूको एउटा कार्यदल गठन गरी सो कार्यदलले तोकिएका कार्य गर्न सुरु गरिसकेको छ । यसबाट नेपाल राष्ट्र बैंकले व्यहोर्नु पर्ने परियोजना लागतमा कमी आएको छ ।

घ) अर्न्तराष्ट्रिय स्तरको लेखा प्रणाली कार्यान्वयनमा ल्याउनका लागि बैंकले चार्ट अफ एकाउण्ट तयार गरिसकेको छ भने बैंकको विद्यमान लेखा निर्देशिकामा आवश्यक सुधार गरी अन्तर्राष्ट्रिय लेखा प्रणाली अनुसारको बनाउने कार्य सुरु गरिएको छ ।

ङ) नेपाल राष्ट्र बैंकको नियमन क्षमता अभिवृद्धि गर्ने सन्दर्भमा अन्तर्राष्ट्रिय स्तरको एकीकृत नियमन व्यवस्था तर्जुमा गरी लागू गर्ने कार्य सकिएको छ । यसको अतिरिक्त बैंकको निरीक्षण तथा सुपरिवेक्षण क्षमता अभिवृद्धि गर्न अन्तर्राष्ट्रिय स्तरको स्थलगत निरीक्षण तथा सुपरिवेक्षण निर्देशिका तयार गरी लागू गरिएको छ ।

च) बैंकको निरीक्षण तथा सुपरीवेक्षण क्षमता अभिवृद्धि गर्न अन्तर्राष्ट्रिय स्तरको स्थलगत तथा गैह्र स्थलगत निरीक्षण तथा सुपरिवेक्षण निर्देशिका समेत तयार गरी लागू गरिएको छ । सबै वाणिज्य बैंकहरूको संस्थागत (Corporate) तहमा वर्षको एक पटक निरीक्षण गर्न थालिएको छ । त्यस्तै, वित्तीय संस्थाहरूको निरीक्षण गरिने संख्यामा वृद्धि गरी निरीक्षण कार्यलाई क्रमशः सुदृढीकरण गरिंदै लगिएको छ ।

छ) नेपाल राष्ट्र बैंकको सूचना प्रविधि संयन्त्रलाई आधुनिकीकरण गर्ने उद्देश्यले सूचना प्रविधि प्लेटफर्म स्थापना गरी कार्य सम्पन्न गर्न विदेशी सूचना प्रविधि परामर्शदाता नियुक्त भई निजबाट सो सम्बन्धी कार्य भइरहेको छ । निकट भविष्यमा लागू हुने नेपाल एकीकृत वित्तीय व्यवस्थापन सूचना प्रणाली (Nepal Integrated Financial Management Information System) का लागि एकजना सूचना प्रविधि प्रशिक्षक तथा दुईजना स्थानीय सफ्टवेयर प्रोटोटाइप डेभलपर नियुक्त गरी निजहरूद्वारा सम्झौता बमोजिमको कार्य सम्पन्न गरिएको छ । यस सन्दर्भमा नियुक्त गरिएका सूचना प्रविधि प्रशिक्षकद्वारा बैंकका ३६ जना अधिकृतहरूलाई ३ महिने पूर्व प्रक्युरमेण्ट तालिम समेत प्रदान भई सकेको छ ।

ज) नेपाल राष्ट्र बैंकको पुनरसंरचनाको दोश्रो चरणको कार्यक्रमको लागि Bank Examination Expert, Non-Bank Examination Expert तथा गैह्रस्थलगत सुपरभाइजर नियुक्त गर्ने सिलसिलामा छनोट भएको संस्था M/S INC in association with KPMG, Sri Lanka सँग नेपाल राष्ट्र बैंक तथा विश्व बैंकको स्वीकृति पश्चात् फेब्रुवरी ६, २००६ मा २ वर्षका लागि सम्झौता सम्पन्न भई निज परामर्शदाताहरूबाट मिति २०६२/१२/१३ गते (तदनुसार मार्च २६, २००६) देखि कार्य सुरु गरिएको छ ।

झ) वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत नेपालको आर्थिक पत्रकारितालाई सुदृढ पार्ने उद्देश्यले ब्रिटिश काउन्सिल मार्फत नेपालका २२ जना आर्थिक पत्रकारहरूलाई दुई महिने आधारभूत तालिम प्रदान गर्ने कार्य सम्पन्न भएको छ । त्यस्तैगरी, निष्क्रिय कर्जा घटाउने प्रयासलाई अझै प्रभावकारी बनाउन न्यायालयको भूमिका महत्वपूर्ण हुने हुँदा यस्तो कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले "वित्तीय क्षेत्र सुधारमा न्यायपालिकाको भूमिका" विषयक एक दिने गोष्ठी सम्पन्न गरिएको छ ।

ञ) देशका दुई ठूला बाणिज्य बैंकहरू नेपाल बैंक लिमिटेड र राष्ट्रिय बाणिज्य बैंकको पुनरसंरचना कार्य अन्तर्गत रणनैतिक लगानीकर्ता खोजी गर्ने कार्यमा आवश्यक सहयोग पुऱ्याउन एक विदेशी पुनरसंरचना सल्लाहकार नियुक्त गर्ने प्रक्रिया थालिएको छ ।

*स्रोत: नेपाल राष्ट्र बैंक*

४.३५ वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत दुई पुराना वाणिज्य बैंकहरूको संरचनागत सुधारलाई निरन्तरता दिइएको छ । यस क्रममा नेपाल बैंक लिमिटेड तथा राष्ट्रिय वाणिज्य बैंकको व्यवस्थापन करारमा लिने व्यवस्थापन समूहहरूको करार अवधि थप गरिएको छ । व्यवस्थापन करारमा दिइए पछि उक्त दुई बैंकहरूको अपेक्षित सुधार हुन नसकेता पनि लामो समयदेखि हुन नसकेको विभिन्न आर्थिक वर्षको लेखा परीक्षण गर्ने कार्य सम्पन्न भएको, भाखा नाघेको कर्जा मध्ये केही असूल भएको र दुबै बैंकहरू लामो समयदेखि घाटामा सञ्चालित रहेकोमा नाफाको अवस्थामा आइपुगेको जस्ता केही सकारात्मक परिणाम देखिएका छन् भने दुबै बैंकमा आन्तरिक सुधारका विभिन्न कार्यहरू सम्पन्न भएका छन् ।

मञ्जूषा: ४ (२)

## नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको संरचनागत सुधार

क) वित्तीय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत नेपाल बैंक लिमिटेडको व्यवस्थापन सुधार गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक र आई.सी.सी. कन्सल्टिङ्ग, बैंक अफ स्कटल्याण्ड (आयरल्याण्ड) लिमिटेड बीच सन् २००२ जुन १७ मा २ वर्षको लागि सम्झौता भई उक्त फर्मको व्यवस्थापन समूहले नेपाल बैंक लिमिटेडमा कार्य गरिरहेकोमा उक्त बैंकको व्यवस्थापन समूहको करार अवधि सन् २००४ जुलाई २२ देखि लागू हुनेगरी पहिलोपटक १ वर्षको लागि र दोश्रो पटक सन् २००५ जुलाई २२ देखि लागू हुने गरी दुई वर्षको लागि थप गरिएको छ। त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंकको व्यवस्थापन समूहका परामर्शदाताहरूसँग सुरुमा १६ जनवरी २००३ देखि दुई वर्षका लागि, त्यसपछि पहिलो पटक १६ जनवरी २००५ देखि लागू हुने गरी १ वर्षका लागि करार अवधि थप गरिएको र दोश्रो पटक १६ जनवरी २००६ देखि लागू हुने गरी १५ जनवरी २००८ सम्म (२ वर्ष) का लागि करार अवधि थप गरिएको छ।

ख) पुनरसंरचना थालिएका दुबै बैंकहरूको भाखा नाघेको कर्जाको असूलीतर्फको प्रगति सन्तोषजनक नदेखिएतापनि दुबै बैंकहरूले हालसम्म हासिल गरेका अन्य प्रगतिहरूलाई समग्रमा समीक्षा गर्दा दुबै बैंकले आर्थिक वर्ष २०६०/६१ देखि खुद मुनाफा आर्जन गरेको, बैंकको ऋणात्मक पूँजीकोषलाई घटाउँदै लगेको, बैंकलाई स्थिरता प्रदान गर्ने सम्बन्धमा व्यवस्थापन समूहहरूले अन्तर्राष्ट्रिय स्तरका विभिन्न निर्देशिका, नीति, नियमहरू तयार गरी लागू गरेको र बैंकहरूभित्र अन्तर्राष्ट्रिय रूपमा स्वीकार्य व्यवस्था तथा शैलीहरू तर्जुमा गरी सोको कार्यान्वयन गरिरहेको तथ्यलाई दृष्टिगत गर्दा हालसम्म भएको प्रगतिलाई सन्तोषजनक रूपमा लिन सकिन्छ।

ग) २०५६ सालदेखि वार्षिक रूपमा अर्बौं रकम घाटा व्यहोर्दै आएको नेपाल बैंक लिमिटेडले आर्थिक वर्ष २०५९/६० मा खुद नोक्सानीलाई घटाएर रु. २५ करोड ८० लाखमा सीमित राखेको र आर्थिक वर्ष २०६०/६१ र २०६१/६२ मा घाटाको स्थितिबाट सुधार आई सो बैंकले क्रमशः रु. ७१.० करोड र रु. १ अर्ब ७३ करोड खुद मुनाफा आर्जन गर्न सफल भएको छ। त्यसैगरी राष्ट्रिय वाणिज्य बैंकको आर्थिक वर्ष २०५९/६० मा खुद नोक्सान रु. ४ अर्ब ८४ करोड रहेकोमा आर्थिक वर्ष २०६०/६१ र आर्थिक वर्ष २०६१/६२ मा सो बैंकले क्रमशः रु. १ अर्ब ४ करोड र रु. १ अर्ब ३२ करोड खुद मुनाफा आर्जन गर्न सकेको छ। अपरिष्कृत वित्तीय विवरण अनुसार २०६२/६३ को प्रथम अर्ध वार्षिक अवधिमा नेपाल बैंक लिमिटेडले रु. ३५ करोड र राष्ट्रिय वाणिज्य बैंकले रु. ५१ करोड खुद मुनाफा आर्जन गरेका छन्। यसरी दुबै बैंक मुनाफाको स्थितिमा फर्किएको अवस्था छ।

घ) दुवै बैंकको ऋणात्मक पूँजीकोषमा क्रमशः सुधार हुन थालेको छ। नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको पुनरसंरचना गर्ने कार्यको सुरुवात भएपछि २०६० आषाढ मसान्तसम्ममा नेपाल बैंक लिमिटेडको कुल पूँजीकोष रु. ९ अर्ब ८० करोडले ऋणात्मक रहेकोमा २०६१ आषाढ र २०६२ आषाढ मसान्तमा सो बैंकको ऋणात्मक पूँजीकोष घटेर क्रमशः रु. ८ अर्ब ९० करोड र रु. ७ अर्ब १३ करोड रहन गयो। यसै गरी राष्ट्रिय वाणिज्य बैंकको २०६० आषाढ मसान्तमा कुल पूँजीकोष रु. २२ अर्ब ३९ करोडले ऋणात्मक रहेकोमा २०६१ आषाढ र २०६२ आषाढमा पूँजीकोषको ऋणात्मक

स्थितिमा कमी आई उक्त पूँजीकोष क्रमशः रु. २१ अर्ब १ करोड र रु.२० अर्ब ७ करोडले ऋणात्मक रह्यो ।

ङ) निष्कृय कर्जाको मात्रा आशा गरे अनुरुप नघटेता पनि सोको स्तर क्रमशः घट्न थालेको छ । नेपाल बैंक लिमिटेडको कुल कर्जामा भाखा नाघेको कर्जा (NPA) २०६० आषाढ मसान्तसम्ममा ६०.४७ प्रतिशत रहेकोमा २०६१ आषाढ मसान्त र २०६२ आषाढ मसान्तमा त्यस्तो खराब कर्जा क्रमशः ५३.७४ प्रतिशत र ४९.६४ प्रतिशतमा सीमित रह्यो । यसैगरी, राष्ट्रिय वाणिज्य बैंकमा पनि भाखा नाघेको कर्जा २०६० आषाढ मसान्तसम्ममा ६०.२ प्रतिशत रहेकोमा २०६१ आषाढ मसान्त र २०६२ आषाढ मसान्तसम्ममा त्यस्तो खराब कर्जा क्रमशः ५७.६४ प्रतिशत र ५०.७० प्रतिशतमा ओर्लिएको छ ।

च) नगद असूली तर्फको प्रगतिलाई हेर्दा नेपाल बैंक लिमिटेडको व्यवस्थापन समूहले साढे तीन वर्षको अवधिमा भाखा नाघेको कर्जा मध्येबाट करिब रु. ७ अर्ब ६१ करोड बराबरको नगद रकम असूल गर्‍यो । त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंकको व्यवस्थापन समूहले तीन वर्षको अवधिमा भाखा नाघेको कर्जामध्येबाट रु. ६ अर्ब ७९ करोड बराबरको नगद रकम असूल उपर गर्न सक्यो ।

छ) विगत केही वर्षदेखि दुबै बैंकको लेखापरीक्षण हुन नसकी रहेकोमा नेपाल बैंक लिमिटेडमा विदेशी व्यवस्थापन समूह आएपछि आर्थिक वर्ष २०५६/५७, २०५७/५८, २०५८/५९, २०५९/६०, २०६०/६१ र २०६१/६२ सम्मको लेखापरीक्षण गर्ने कार्य सम्पन्न भई सकेको छ। त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंकमा नयाँ व्यवस्थापनको नियुक्तिपछि आर्थिक वर्ष २०५८/५९, २०५९/६०, २०६०/६१ र २०६१/६२ सम्मको लेखापरीक्षण गर्ने कार्य सम्पन्न भई सकेको छ। लेखापरीक्षण भएका विवरणहरू अद्यावधिक गरिएका छन् । साथै दुई बैंकहरूले एक महिना भित्रैमा बैंकको त्रैमासिक वित्तीय विवरणहरू प्रकाशन गर्न थालेका छन् ।

ज) दुबै बैंकले जनशक्तिको योजनावद्ध विकास गर्न व्यवस्थापन योजना, मानव संशाधन विकास योजना तथा क्षमता अभिवृद्धि योजना बनाई लागू गरेका छन् । कर्मचारी आवश्यकता पहिचान (Staff Need Assessment) गर्ने कार्य सम्पन्न भएको छ। त्यसैगरी, दुबै बैंकले नेपाल राष्ट्र बैंक समक्ष उत्तराधिकारी योजना पेश गरिसकेका छन् । कर्मचारीको संख्यालाई उपयुक्त स्तरमा राख्न स्वेच्छिक अवकास योजना लागू गरी नेपाल बैंक लिमिटेडले २०५८ आषाढ मसान्तमा रहेको कर्मचारी संख्या ६०३० बाट घटाई २०६२ आषाढ मसान्तसम्ममा २९१२ मा झारेको छ भने बैंकमा दक्ष जनशक्ति भित्र्याउने क्रममा केही नयाँ कर्मचारीहरूलाई नियुक्ती तथा पदस्थापन पश्चात २०६२ पौष महिनामा उक्त बैंकमा कार्यरत कर्मचारी संख्या २९७९ पुगेको छ । त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंकमा २०५८ आषाढ मसान्तमा कुल कर्मचारी संख्या ५७४३ रहेकोमा उक्त कर्मचारी संख्या घटाई २०६२ आषाढ मसान्तसम्ममा ३४१७ पुर्‍याइयो भने २०६२ पौष मसान्तसम्ममा उक्त संख्या ३३६९ रहेको छ ।

झ) व्यवस्थापन समूहले बैंकिङ्ग प्रणालीलाई भित्रैबाट मजबुत तथा सक्षम बनाउन विभिन्न किसिमका योजना, नीति तथा मार्गदर्शन वनाई लागू गरेको छ । खासगरी कर्जा व्यवस्थापनमा सुधार ल्याउन कर्जा नीति तथा निर्देशिका बनाई लागू गरेको, सम्पत्ति तथा दायित्व व्यवस्थापन तर्फ सम्पति तथा दायित्व व्यवस्थापन निर्देशिका (Asset Liability Management Guidelines) बनाई लागू गरेको र सम्पत्ति दायित्व व्यवस्थापन

समिति (Asset Liability Management Committee) गठन भएको छ। नयाँ लेखा निर्देशिका, आन्तरिक लेखा परीक्षण निर्देशिका, लेखा शीर्षक वर्गीकरण निर्देशिका, Portfolio Status and Plan, बजेट योजना, रणनीति योजना आदि तर्जुमा गरी लागू भएका छन्। राष्ट्रिय बाणिज्य बैंकले हालै कार्यसम्पादनमा आधारित पुरस्कृत गर्ने प्रणाली (Performance Based Reward System) समेत लागू गरेको छ।

त्र) बैंकिङ्ग कारोवारलाई कम्प्युटर पद्धतिबाट सम्पन्न गरी छिटो छरितो तथा व्यवस्थित बनाउने सम्वन्धमा सूचना प्रबिधि सम्वन्धी योजना तर्जुमा भई सोही अनुरुप शाखाहरूमा कम्प्युटराइजेशनको कार्य सुरु भएको छ। उक्त योजना अनुरुप ठूलो कारोवार हुने राष्ट्रिय वाणिज्य बैंकको ४७ वटा शाखाहरू र नेपाल बैंक लिमिटेडमा ४४ वटा शाखाहरूलाई कम्प्यूटराइज्ड गर्ने योजना रहेकोमा वाणिज्य बैंकमा २०६२ पौष मसान्तसम्ममा ४ वटा शाखामा र नेपाल बैंक लिमिटेडमा ४३ वटा शाखाहरूमा कम्प्युटराइजेशन गर्ने कार्य सम्पन्न भएको छ।

*स्रोतः नेपाल राष्ट्र बैंक*

## वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि

४.३६ समग्र वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न कार्यहरू थालिएका छन्। यस अन्तर्गत कर्जा सूचना केन्द्रलाई सुदृढीकरण गर्ने क्रममा संस्थालाई कम्पनीको रूपमा दर्ता गर्ने र कम्प्यूटराइजेशन गर्ने कार्य सम्पन्न भएको छ। सम्पत्ति व्यवस्थापन निगमको स्थापना गर्ने सम्बन्धमा ऐनको मस्यौदा तयार भई सरकार समक्ष पेश भई सकेको छ। बैंक तथा वित्तीय संस्थाहरूको जनशक्तिलाई तालिम प्रदान गरी क्षमता अभिवृद्धि गर्नको लागि एउटा तालिम केन्द्रको स्थापना गर्ने जस्ता महत्वपूर्ण कार्यहरूको समेत सुरुवात गरिसकिएको छ।

४.३७ नेपाल राष्ट्र बैंकको बैंकर्स प्रशिक्षण केन्द्रलाई सुदृढीकरण र आधुनिकीकरण गरी एउटा राष्ट्रिय स्तरको बैंकर्स प्रशिक्षण प्रतिष्ठान गठन गर्ने कार्यका लागि चाहिने आवश्यक पूर्वाधार तयार पारी राष्ट्रियस्तरको बैंकर्स प्रशिक्षण तथा अनुसन्धान संस्थाको स्थापना गर्ने सम्बन्धमा एउटा उच्चस्तरीय समितिको गठन भई उक्त समितिले विदेशको व्यवस्था सम्बन्धी अध्ययन समेत गरी सो सम्बन्धी आवश्यक कार्य अगाडि बढाएको छ। साथै, नेपालको ऋण असूली न्यायाधिकरणलाई सुदृढ पार्नुपर्ने आवश्यकता मनन गरी सोका लागि सीप अभिवृद्धि र भौतिक साधन पूर्ति गर्ने जस्ता कार्यक्रमहरू अगाडि बढाईएका छन्।

४.३८ सम्पत्ती व्यवस्थापन निगम ऐन, मुद्रा निर्मलीकरण नियन्त्रण अध्यादेश जस्ता ऐनहरूको मस्यौदा तयार भई सरकार समक्ष पेश भईसकेका छन्। नेपालमा घरजग्गा बाहेक अन्य चल सम्पत्तिहरू पनि रजिष्टर्ड हुने र धितो राख्न सकिने व्यवस्थालाई व्यवस्थित गर्न सुरक्षित कारोवार अध्यादेश, २०६२ हाल कार्यान्वयनमा आईसकेको छ। त्यसका साथै दामासाही ऐन पनि कार्यान्वयनमा आइसकेको छ। बैंकिङ्ग क्षेत्रको बढ्दो खराब कर्जाको समस्या समाधान गर्ने उद्देश्यले ऋण असुली ऐन तर्जुमा हुनाका साथै ऋण असुली न्यायाधिकरणको स्थापना भई विभिन्न मुद्दाहरू सुनुवाई गर्ने कार्य भइरहेको छ। बैंकिङ्ग जालसाजी नियन्त्रण ऐन, गाभ्ने वा गाभिने सम्बन्धी छुट्टै ऐन, सम्पत्ति शुद्धीकरण ऐन, साख मूल्याङ्कन संस्था ऐन जस्ता थप ऐनको खाँचो पनि महशुस हुँदै गएकोले त्यस्ता ऐनहरू क्रमशः तर्जुमा गर्ने कार्य सुरु गरिएको छ। यसप्रकार केही ऐनहरू आइसकेका छन् भने केही ऐनहरूको मस्यौदा तयार

भइसकेका तथा केही तयार हुने क्रममा रहेका छन् । यसबाट वित्तीय क्षेत्रसँग सम्बन्धित कानूनी संरचना बलियो र परिष्कृत हुदै गएको छ ।

४.३९ बैंक तथा वित्तीय संस्था सम्वन्धी विभिन्न ऐनहरूलाई खारेज गरी एउटै बैंक तथा वित्तीय संस्था सम्वन्धी अध्यादेश, २०६० लागू गरिएकोमा उक्त अध्यादेशमा भएका कमी कमजोरी र देखा परेका समस्याहरूलाई समयानुकूल खारेज, परिमार्जन/संशोधन र थप गरी बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ जारी भई लागू भएको छ ।

४.४० बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ को दफा १३ को प्रयोजनका लागि व्यवसायिक विशेषज्ञहरूको सूची कायम गर्ने सन्दर्भमा मिति २०६१/५/२१ र २०६१/९/१४ मा कायम गरिएको ५७ जना तथा २०६१/१२/१८ गते प्रकाशित सूचना अनुसार प्राप्त आवेदन उपर आवश्यक छानविन गरी तोकिए बमोजिम रीत पुरा गरेका ४६ जना समेत गरी हालसम्म १०३ जना व्यक्तिहरूको व्यवसायिक विशेषज्ञको सूची तयार भएको छ । सो सूची पत्र-पत्रिकामा प्रकाशन गरिनुका साथै नेपाल राष्ट्र बैंकको वेब साईटमा समेत राखिएको छ ।

४.४१ सीमित दायित्व (Limited Liability) एवं अन्य सर्वमान्य सिद्धान्त अनुरुप नियतपूर्वक ऋण नतिर्ने ऋणीहरू सम्बन्धी विभिन्न व्यवस्थाहरू पुनरावलोकन गर्न आवश्यक र उचित देखिएकोले २०६२ चैत्र मसान्त भित्र अध्ययन गरी प्रतिवेदन पेश गर्न मिति २०६२/१२/६ मा एउटा तीन सदस्यीय पुनरावलोकन समिति गठन गरिएको छ । उक्त समितिले चैत्र महिनाको तेश्रो हप्तासम्ममा आवश्यक सूचनाहरू सङ्कलन गर्ने कार्य सम्पन्न गरीसकेको छ ।

## बैंक तथा वित्तीय संस्था नियमन सम्बन्धी व्यवस्था

४.४२ बैंक तथा ऋणी बीचको कारोवारमा कुनै पनि पक्षलाई मर्का पर्न गएमा त्यस्तो मर्काको सुनुवाइको लागि मिति २०६२/१/११ मा नेपाल राष्ट्र बैंकमा वरिष्ठ डेपूटी गर्भनरको संयोजकत्वमा एक गुनासो सुनुवाई एकाई (Grievance Hearing Cell) को गठन गरिएको छ । उक्त गुनासो सुनुवाई एकाईको गठन भएयता २०६२ चैत्र मसान्तसम्म २०९ वटा उजुरी परेकोमा १४८ वटा उजुरी उपर सुनुवाइ भई निर्णय भइसकेको छ भने बाँकि ६१ वटा उजुरीको सम्बन्धमा सम्बन्धित बैंक तथा वित्तीय संस्थासँग लेखापढी भइरहेको छ । नेपाल राष्ट्र बैंकमा गठन गरिएको सो इकाईको कृयाकलापबाट बैंक र ऋणी बीच उत्पन्न समस्यालाई समाधान गर्न सघाउ पुगेको छ ।

४.४३ विगतमा बैंक, विकास बैंक, वित्त कम्पनी, लघु वित्त विकास बैंक आदिलाई छुट्टा-छुट्टै किसिमका निर्देशनको व्यवस्था भएकोमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त सबै वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूलाई २०६२ श्रावण १ गतेबाट लागू हुने गरी २०६२ आषाढ २९ गते एकीकृत निर्देशन जारी गरिएको छ । यसअनुसार 'क', 'ख' र 'ग' वर्गको संस्थाको लागि आर्थिक वर्ष २०६१/६२ मा पूँजीकोष जोखिम भारित सम्पत्तिको ११ प्रतिशत (जसमध्ये प्राथमिक पूँजी ५.५ प्रतिशत) हुनुपर्ने व्यवस्था भएकोमा आर्थिक वर्ष ०६२/६३ देखि पूँजीकोष जोखिम भारित सम्पत्तिको १२ प्रतिशत र प्राथमिक पूँजी ६ प्रतिशत हुनुपर्ने व्यवस्था कायम गरिएको छ । 'घ' वर्गको संस्थाको लागि भने विगतमा पूँजीकोष ६ प्रतिशत र प्राथमिक पूँजी ३ प्रतिशत रहेकोमा हाल पूँजीकोष ८ प्रतिशत र प्राथमिक पूँजी ४ प्रतिशत कायम गरिएको छ । त्यसैगरी प्राथमिक पूँजी र पूरक पूँजी शीर्षकहरूलाई पुनः

परिभाषित गरिएको छ। त्यस्तै, पूँजीकोष नपुग भएमा सञ्चालक समितिको सिफारिश सहितको पूँजीकोष योजना र कार्यक्रम यस बैंकमा ३५ दिनभित्र पेश गर्नु पर्ने र पूँजीकोष नपुगेमा लाभांश तथा बोनस शेयर वितरण गर्न नपाइने व्यवस्था थप गरिएको छ।

४.४४ एकीकृत निर्देशनमा विद्यमान अवधिको आधारमा कर्जा सापटको वर्गीकरण गरी सोही अनुरुप नोक्सानी व्यवस्था कायम गर्ने व्यवस्थालाई यथावतै राखी कर्जा अन्तर्गत क्रेडिट कार्ड कर्जा समेत समावेश गर्ने र एक वर्षसम्मको चालू पूँजी कर्जा व्याज असूल गरी नवीकरण गराएमा असल कर्जामा वर्गीकरण गरिने नयाँ व्यवस्था थप गरिएको छ। आवधिक कर्जा र कर्जा दुरुपयोगलाई परिभाषित गरिएको छ भने पुनरतालिकीकरण र पुनरसंरचनाको परिभाषा थप गरिएको छ। पुनरतालिकीकरण/पुनरसंरचना गरिएको कर्जाको साँवा किस्ता र व्याज भुक्तानी लगातार दुई वर्षसम्म नियमित भएमा त्यस्तो कर्जा वापतको कर्जा नोक्सानी व्यवस्था पुनरलेखन (Write Back) गरी समायोजन गर्न पाइने व्यवस्था गरिएको तर त्यस्तो रकमबाट प्राप्त भएको रकम मुनाफामा देखाई लाभांश तथा बोनस शेयर वितरण गर्न नपाईने व्यवस्था गरिएको छ।

४.४५ लघु कर्जाको सीमा रु. ३० हजारबाट वृद्धि गरी रु. ४० हजार पुऱ्याइएको छ। तोकिएको सीमा भन्दा बढी कर्जा कारोवार गरेमा पूँजी (Capital Charge) थप गर्ने व्यवस्थालाई हटाई बढी लगानी भएको रकमको शतप्रतिशत कर्जा नोक्सानीको व्यवस्था गर्नुपर्ने गरिएको छ। त्यसैगरी, विकास बैंक र वित्त कम्पनीको क्षेत्रगत कर्जा लगानी सीमा हटाइएको छ। नेपाल आयल निगम र नेपाल खाद्य संस्थानलाई जाने कर्जा तथा सुविधामा प्रति ग्राहक कर्जा सीमा नरहने व्यवस्था गरिएको छ।

४.४६ विगतमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूको लागि रहेको बेग्ला-बेग्लै वित्तीय विवरण सम्बन्धी व्यवस्थालाई एकीकृत गरी परिमार्जन गरिएको छ। वासलात र नाफा/नोक्सान हिसाब प्रदर्शन गर्ने विधिलाई परिमार्जन गरिएको छ। वासलात, नाफा-नोक्सान हिसाब, शेयर पूँजीमा परिवर्तन र नगद प्रवाहलाई मुख पृष्ठमा नै देखाउनु पर्ने व्यवस्था गरिएको छ। नेपाल लेखामान र अर्न्तराष्ट्रिय लेखामानसँग मेलखाने गरी लेखा नीति/विवरण तयार पार्ने व्यवस्था गरिएको छ भने विवरण सार्वजनिक गर्ने कार्यलाई बढी महत्व दिइएको छ। कर्जा सापटीको व्याज आम्दानी नगद प्राप्तीको आधारमा गर्नुपर्ने व्यवस्था गरिएको छ।

४.४७ कुनै पनि प्रकारको निक्षेप सम्वन्धी व्यवसाय सञ्चालन गर्ने संस्थाका संचालक यस बैंकबाट इजाजतपत्र प्राप्त अन्य संस्थामा संचालक हुन नपाइने व्यवस्था थप गरिएको छ र प्रमुख कार्यकारी/संचालकलाई बढी जिम्मेवार बनाइनुको साथै स्वनियमनमा रहन जोड दिइएको छ। यस बैंकबाट इजाजतपत्र प्राप्त संस्थाका कर्मचारीहरू कुनैपनि इजाजतपत्र प्राप्त संस्थाको संचालक हुन नपाउने व्यवस्था र एकै व्यक्ति, फर्म तथा साझेदार एउटै संस्थामा आन्तरिक र वाह्य लेखापरीक्षक हुन नपाईने व्यवस्था समेत थप गरिएको छ।

४.४८ वित्तीय क्षेत्रमा सूचना प्रविधिको विकास हुँदै गरेको र समयमै सूचना प्राप्त भएमा मात्र त्यसको महत्व हुने भएकोले वित्तीय विवरण तथा प्रतिवेदनहरू नेपाल राष्ट्र बैंकमा पठाउने अवधिलाई ४५ दिनबाट घटाई ३० दिन कायम गरिएको छ। त्यसैगरी तरलता विवरण ७ दिन भित्र र अन्य विवरण १५ दिन भित्र पठाउनु पर्ने र नपठाएमा जरिवाना लगाइने

व्यवस्था थप गरिएको छ भने क्षेत्रगत कर्जा सीमामा रहेको नियन्त्रित व्यवस्थालाई सामान्य परिवर्तन गरी आफ्नै तर्फबाट अनुगमन गर्नुपर्ने व्यवस्था थप गरिएको छ ।

४.४९ "ग" वर्गका संस्थाले शेयर प्रत्याभूति गर्न सक्ने विद्यमान सीमा आफ्नो प्राथमिक पूँजीको ३० प्रतिशतबाट बढाई सबै सँगठित संस्थामा ५० प्रतिशतसम्म लगानी गर्न सक्ने गरी सीमा बढाइएको छ । वित्तीय स्वार्थ भएका कम्पनीमा गरेको लगानीलाई प्राथमिक पूँजीमा घटाउने व्यवस्था गरिएको छ । संस्थापक शेयर नामसारी सम्बन्धमा व्यवस्था विद्यमान व्यवस्थालाई निरन्तरता दिँदै संस्थापक समूहको शेयर खरीद/बिक्री र मृत्युको अवस्थामा शेयर नामसारी गर्दा यस बैंकको स्वीकृति आवश्यक नपर्ने व्यवस्था थप गरिएको छ । बैंकबाट ऋण लिई ऋण तिर्न नचाहने वा तिर्न नसकिरहेका ऋणीहरूलाई बैंक तथा वित्तीय संस्थाले नै ऋणीलाई परिस्थितिवश र नियतवश ऋण नतिर्ने गरी वर्गीकरण गर्ने व्यवस्था र पासपोर्ट जफतको लागि सिफारिश गर्न सक्ने नयाँ व्यवस्था थप गरिएको छ । संचालक समितिले परिस्थितिजन्य कारणले ऋण नतिर्ने ऋणीहरूलाई एक वर्षसम्म कालोसूचीमा नराख्न सक्ने गरी म्याद थप गर्न सक्ने व्यवस्था समेत मिलाइएको छ ।

४.५० "क" वर्गको इजाजतप्राप्त संस्था र चल्ती खाता समेत सञ्चालन गर्ने "ख" र "ग" वर्गको संस्थाले ५ प्रतिशत र चल्ती खाता बाहेकका अन्य खाता सञ्चालन गर्ने "ख" र "ग" वर्गका संस्थाले २ प्रतिशत मात्र अनिवार्य नगद मौज्दात राख्नु पर्ने व्यवस्था गरिएको छ । त्यस्तै, साप्ताहिक औसतको आधारमा ४ हप्ता अगाडिको निक्षेपको आधारमा अनिवार्य नगद अनुपात गणना गर्ने व्यवस्थामा संशोधन गरी २ हप्ता अघिको निक्षेपमा गणना गरिने र सप्ताह वितेको ७ दिन भित्र विवरण पठाउनु पर्ने ब्यवस्था गरिएको छ ।

४.५१ "घ" वर्गको इजाजत पाएका संस्थालाई आफ्नो क्षेत्रमा शाखा कार्यालय खोल्न छुट दिइएको छ भने यस बैंकले तोकेको चूक्ता पूँजी पूरा गरेका संस्थाहरूले व्यवसायिक योजनाको आधारमा शाखा कार्यालय खोल्न सक्ने व्यवस्था गरिएको छ । त्यस्तै "क" "ख" र "ग" वर्गको इजाजत पाएका राष्ट्रिय स्तरका संस्थाले उपत्यका वाहिर एक शाखा खोलेमा उपत्यका भित्र एक शाखा खोल्न सक्ने व्यवस्था गरिएको छ ।

४.५२ निक्षेपमा प्रदान गर्ने प्रकाशित व्याजदरमा ०.५ प्रतिशतसम्म परिवर्तन गर्न सक्ने छुट दिइएको छ । साथै, क्षेत्रीय स्तरका संस्थाले सोही क्षेत्र/जिल्लाका पत्रिकामा वित्तीय विवरण प्रकाशन गर्न सक्ने व्यवस्था थप गरिएको छ । त्यस्तै, नगदमा असुल नभएको व्याज आम्दानीलाई आम्दानी जनाउन नपाउने व्यवस्था समेत लागू गरिएको छ ।

४.५३ "ख" वर्गका संस्थाले प्राथमिक पूँजीको २० गुणासम्म, "ग" वर्गका संस्थाले प्राथमिक पूँजीको १५ गुणासम्म र "घ" वर्गको संस्थाले २० गुणा बढाई ३० गुणासम्म वित्तीय श्रोत सङ्कलन गर्न सक्ने व्यवस्था थप गरिएको छ । त्यस्तै, निश्चित अवधिसम्म चल्ती नभएका निक्षेप/लाभांशको लागि सूचना प्रकाशन गर्नु पर्ने र त्यसो गर्दा समेत रकम भुक्तानीको लागि माग नभएमा नेपाल राष्ट्र बैंकले तोकेको खातामा जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ । शर्त पूरा गरेको अवस्थामा वित्तीय श्रोत सङ्कलन गर्न प्राथमिक पूँजीको ५० प्रतिशतसम्म डिवेञ्चर जारी गर्न सक्ने व्यवस्था गरिएको छ भने सीमाभन्दा बढी वित्तीय श्रोत सङ्कलन गरेमा ३ महिनाको अवधिमा सीमा भित्र ल्याइसक्नुपर्ने व्यवस्था छ । यसरी सीमामा नल्याएसम्म लाभांश घोषणा, वितरण र थप वित्तीय श्रोत सङ्कलन गर्न नपाइने थप व्यवस्था पनि गरिएको छ ।

४.५४ नेपाल राष्ट्र बैंकले सबै इजाजतपत्र प्राप्त बाणिज्य बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो ग्राहकको पहिचान (Know Your Customers) सम्बन्धमा एउटा स्पष्ट कार्यविधि अवलम्बन गर्न आवश्यक महशुस गरी सो सम्बन्धमा मागदर्शन जारी गरेको छ ।

**मञ्जूषाः ४ (३)**

**<u>आफ्नो ग्राहक पहिचान (Know Your Customers) सम्बन्धी मार्गदर्शन</u>**

(क) बैंक तथा वित्तीय संस्थाले आफ्नो ग्राहकको स्पष्ट पहिचान गर्नुको मूल उद्देश्य नै गैर कानूनी तरीकावाट आर्जन गरेको रकमलाई बैंक तथा वित्तीय संस्थाको माध्यमबाट शुद्धीकरण गर्ने कार्यलाई रोक्नु रहेकोले बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो ग्राहकको पहिचान सम्बन्धी कार्यविधि तयार गर्दा मुख्य रूपमा ग्राहक स्वीकार प्रक्रिया, ग्राहकको परिचय गर्ने प्रक्रिया, ग्राहकको कारोवारको अनुगमन प्रक्रिया र जोखिम व्यवस्थापन प्रक्रिया जस्ता विषयमा केन्द्रीत भई कार्यविधि तयार गर्नु पर्नेछ ।

(ख) बैंक तथा वित्तीय संस्थाले ग्राहकको खाता खोल्दा, ग्राहकलाई ऋण प्रदान गर्दा, बिदेशी मुद्राको ड्राफ्ट, टि.टि,.मेल, टेलिग्राफिक ट्रान्सफर गर्दा वा त्यस्तो ड्राफ्ट टि.टी., मेल र टेलिग्राफिक ट्रान्सफरवाट रकम स्वीकार गर्दा तथा ग्राहकसँग मुद्रा वा मुद्राको प्रतिस्थापन सम्बन्धी कारोवार गर्दा तथा प्रतितपत्र लगायतका अन्य कारोवार गर्दा अनिवार्यरूपमा ग्राहकसँग आवश्यकता अनुसारका सूचनाहरू लिनु पर्नेछ । सम्बन्धित बैंक तथा वित्तीय संस्थाले मुद्रा शुद्धीकरण तथा आतंककारी गतिविधिमा हुने लगानी तथा कारोवार नियन्त्रणका सम्बन्धमा आवश्यक देखेका अन्य कुराहरू थप गर्न सक्ने छन् ।

(ग) बैंक तथा वित्तीय संस्थाले कुनै ग्राहकको शंकास्पद तथा अस्वभाविक रूपमा कारोवार बढेमा वा घटेमा वा अस्वाभाविक रूपमा विदेशबाट विप्रेषणको माध्यमबाट वा कुनै माध्यमबाट रकम प्राप्त भएमा वा विदेशबाट प्राप्त हुने विप्रेषण रकमको श्रोत नखुलेमा वा स्पस्ट नभएमा त्यस्ता शंकास्पद तथा अस्वभाविक कारोवार र ग्राहक ( व्यक्ति, फर्म, कम्पनी वा संस्था) को विवरण तयार गरी मासिक रूपमा आफ्नो संचालक समितिमा पेश गर्नु पर्नेछ । साथै, बैंक तथा वित्तीय संस्थामा जम्मा (प्राप्त) हुन आउने दश लाख रुपैयाँ भन्दा माथिका रकमको कारोवार, खाता, बही, श्रेस्ता वा हिसाव सञ्चालन सम्बन्धी छुट्टै प्रक्रियागत संयन्त्र तयार गर्नु पर्नेछ र सम्बन्धित ग्राहकबाट त्यस्तो कारोवारको श्रोत उल्लेख गर्न लगाई अध्यावधिक गरी राख्नु पर्नेछ ।

(घ) दश लाख रुपैयाँ भन्दा कम रकमको कारोवार भएकोमा समेत यदि त्यस्तो कारोवार शंकास्पद वा अस्वभाविक लागेमा त्यस्तो कारोवारको खाता, बही, श्रेस्ता वा हिसाव समेत अद्यावधिक गरी राख्नु पर्नेछ ।

(ङ) बैंक तथा वित्तीय संस्थामा विप्रेषणबाट वा अन्य कुनै माध्यमबाट प्राप्त हुने (ड्राफ्ट, टि.टी, मेल र इलेक्ट्रोनिक ट्रान्सफर समेतको माध्यमबाट) एक लाख रुपैयाँ भन्दा बढीको रकम ग्राहकलाई भुक्तानी गर्दा खातामा जम्मा हुने गरी वा एकाउण्टपेयी चेकको माध्यमबाट भुक्तानी गर्नु पर्नेछ ।

(च) बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो ग्राहकहरू बीचको कारोवारको अभिलेख ( ईलेक्ट्रोनिक रेकर्ड समेत) कारोवार समाप्त भएको मितिले पाँच वर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

*स्रोतः नेपाल राष्ट्र बैंक*

४.५५ कृषि विकास बैंकले नेपाल राष्ट्र बैंकले तोकेको शर्तहरू पूरा गरेको हुँदा नेपाल राष्ट्र बैंकको सिफारिशमा कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता भई 'क' वर्गको वाणिज्य बैंकको रूपमा वित्तीय कारोवार गर्ने इजाजतपत्र प्राप्त गरेको छ ।

## बैंक तथा वित्तीय संस्थाहरूलाई विभिन्न परिपत्र जारी

४.५६ नेपाल राष्ट्र बैंक खुलेको दिनमा सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरूले अनिवार्य रूपमा कार्यालय सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । तर अन्य सार्वजनिक बिदाका दिनहरूको हकमा भने सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरूले आफैं निर्णय गर्न सक्ने व्यवस्था गरिएको छ । नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त वित्त कम्पनीहरू ("ग" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्थाहरू) ले बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, २०६२ को दफा ४७ को उपदफा (३) को खण्ड (फ) बमोजिम बैंकको राष्ट्र ऋण विभागको इजाजतपत्र लिई "नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र खरीद विक्री गर्ने वा सकार गर्ने" सम्बन्धी कार्य गर्न पाउने व्यवस्था गरिएको छ ।

४.५७ सरकारको युवा स्वरोजगार तथा रोजगार प्रशिक्षण कार्यक्रम अन्तर्गत कुनै पनि बाणिज्य बैंकले प्रदान गरेको बैदेशिक रोजगार कर्जा र नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वित्तीय संस्थाहरूले कुनै पनि बैंकबाट कर्जा लिई बैदेशिक रोजगारमा प्रवाह गरेको कर्जा रकमलाई सम्बन्धित बाणिज्य बैंकको विपन्न वर्ग कर्जा लगानीमा गणना गर्ने व्यवस्था गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धी अध्यादेश, २०६२ को दफा ४७ को उपदफा (२), (३) र (४) वमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त वित्तीय संस्थाहरूलाई बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट स्वीकृति प्राप्त गरी इन्वार्ड रेमिट्यान्स्, भारतीय मुद्राको खरिद-विक्री, विदेशी मुद्राको निक्षेप स्वीकार, विदेशी मुद्राको खरिद-विक्री, पासपोर्ट वापतको सटही सुविधा प्रदान गर्ने, विदेशी मुद्रामा खाता खोल्ने तथा डेबिट-क्रेडिट कार्ड जारी गर्ने जस्ता कार्य सम्पादन गर्न पाउने गरी तोकिएको छ ।

४.५८ बैंक तथा वित्तीय संस्थाहरूको संस्थापक शेयर धितोबन्धक राखी कर्जा प्रवाह गर्दा बैंक तथा वित्तीय संस्थाहरूले निश्चित शर्तहरू पालना गरी संस्थापक शेयर धितोवन्धक राख्न सक्ने व्यवस्था गरिएको छ। प्रचलित कानून र नेपाल राष्ट्र बैंकको निर्देशन पालना गर्ने/गराउने सन्दर्भमा बैंक तथा वित्तीय संस्थाहरूले धारण गरेको संस्थापक शेयर संस्थापक-संस्थापक बीचमा हस्तान्तरण गर्नुपर्ने अवस्था आई परेमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई प्रति व्यक्ति, फर्म, कम्पनी, संस्था तथा समूहको १५ प्रतिशतको सीमाभन्दा बढी भएमा समेत खरीद बिक्री गर्न सक्ने तर, यसरी धारण गरेको शेयर १५ प्रतिशतको सीमाभन्दा बढी भएको अवस्थामा उक्त शेयर आफूले धारण गरेको मितिले ५ वर्ष भित्र बिक्री वितरण गरी अनिवार्य रूपमा १५ प्रतिशतको सीमा भित्र ल्याई सक्नु पर्ने व्यवस्था गरिएको छ ।

४.५९ साविक बैंक तथा वित्तीय संस्था सम्वन्धी अध्यादेश, २०६० प्रारम्भ हुँदाका वखत प्रचलित कानून वमोजिम स्थापना भई सञ्चालनमा रहेका बाणिज्य बैंक, कृषि विकास बैंक, नेपाल औद्योगिक विकास निगम, विकास बैंक तथा वित्त कम्पनीले सो अध्यादेश प्रारम्भ भएको मितिले २ वर्ष भित्र साविक बैंक तथा वित्तीय संस्था सम्वन्धी अध्यादेश, २०६२ को दफा ३० को उपदफा (२) वमोजिम बैंक वा वित्तीय संस्थाहरू आवश्यकता अनुसार संस्थापन गरी वा आफ्नो प्रबन्धपत्र, नियमावली लगायतका कागजातमा आवश्यक संशोधन गरी वित्तीय कारोवार सञ्चालन गर्ने इजाजतपत्र प्राप्त गर्नका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिई

सक्नु पर्नेमा विविध कारणवश त्यस्तो निवेदन दिन नसकेका तथा निवेदन दिई सकेको भएतापनि आवश्यक प्रक्रिया पूरा नगरेका बैंक तथा वित्तीय संस्थाहरूलाई वित्तीय कारोवार सञ्चालन गर्न निवेदन दिने म्याद थप गर्ने गरी मिति २०६२/१०/२१ मा नेपाल राष्ट्र बैंकबाट एक आदेश जारी गरिएको छ ।

४.६० नेपाल राष्ट्र बैंकद्वारा जारी आदेशमा साविक बैंक तथा वित्तीय संस्था सम्वन्धी अध्यादेश, २०६२ को दफा ३० को उपदफा (२) बमोजिमको प्रावधान अनुसार सम्पूर्ण कागजात तयार गरी नेपाल राष्ट्र बैंक समक्ष पेश गरी नसकेका बैंक तथा वित्तीय संस्थाहरूलाई तीन महिनासम्म वित्तीय कारोवार यथावत सञ्चालन गर्न अनुमति प्रदान गरिएको छ । त्यस्तै, त्यस्ता बैंक तथा वित्तीय संस्थाहरूले सम्वत् २०६२ साल माघ २० गते पश्चात् ७५ दिन भित्र उक्त कानूनी व्यवस्था वमोजिमका सम्पूर्ण प्रावधान पूरा गरी कम्पनी अध्यादेश, २०६२ वमोजिम प्रबन्धपत्र तथा नियमावली उपर आवश्यक संशोधन गरी तथा मिति २०६२/६/३ को गोरखापत्र दैनिकमा प्रकाशित नेपाल राष्ट्र बैंकको सूचना अनुसारका थप विवरणहरू समेत संलग्न गरी बैंक समक्ष निवेदन दिई सक्नुपर्ने व्यवस्था गरिएको छ ।

४.६१ नेपाल राष्ट्र बैंक खुलेको दिनमा सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरूले अनिवार्य रूपमा कार्यालय सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । तर अन्य सार्वजनिक बिदाका दिनहरूको हकमा भने सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरूले आफैं निर्णय गर्न सक्ने व्यवस्था गरिएको छ । नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त वित्त कम्पनीहरू ("ग" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्थाहरू) ले बैंक तथा वित्तीय संस्था सम्वन्धी अध्यादेश, २०६२ को दफा ४७ को उपदफा (३) को खण्ड (फ) बमोजिम बैंकको राष्ट्र ऋण विभागको इजाजतपत्र लिई " नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र खरीद विक्री गर्ने वा सकार गर्ने" सम्बन्धी कार्य गर्न पाउने व्यवस्था गरिएको छ ।

## निरीक्षण र सुपरिवेक्षण

४.६२ आर्थिक वर्ष २०६१/६२ मा १७ वटै वाणिज्य बैंकहरूको समष्टिगत स्थलगत निरीक्षण गर्ने लक्ष्य राखिएकोमा सवै वाणिज्य बैंकहरूको समष्टिगत स्थलगत निरीक्षण कार्य सम्पन्न भैसकेको छ । तदनुरुप विभिन्न वाणिज्य बैंकहरूलाई विभिन्न निर्देशनहरू दिइएको छ ।

४.६३ २०६२ आषाढ मसान्तमा राष्ट्रिय वाणिज्य बैंकको प्राथमिक पूँजी रु. २० अर्ब ४२ करोडले ऋणात्मक रहेको पाइएको र बैंकले गर्ने मुनाफाबाट मात्रै पूँजीकोषमा सुधार सम्भव नदेखिएकोले सो बैंकलाई पूँजी योजनाको माध्यमले कार्यदिशा निर्धारण गरी कार्यान्वयन गराउने निर्देशन दिइएको छ । यसका अतिरिक्त उक्त बैंकलाई २०६२ आषाढ मसान्तमा रु. ४७ करोड १२ लाख कम कर्जा नोक्सानी व्यवस्था गरेको पाइएकोले कम कर्जा नोक्सानी व्यवस्था गरेका कर्जाहरूमा थप नोक्सानी व्यवस्था कायम गर्न भनिएको छ ।

४.६४ नेपाल बैंक लिमिटेडको सन्दर्भमा नेपाल राष्ट्र बैंक र प्रमुख लगानीकर्ता सरकारसँग समन्वय राखी मस्यौदा पूँजी योजनालाई लागू गर्ने व्यवस्था गर्न निर्देशन दिइएको छ । प्रतिकूल वर्गीकरण गरिएको कर्जाको लागि रु. २ करोड ८ लाखको थप कर्जा जोखिम व्यवस्था गर्न, प्रति ग्राहक कर्जा सीमा नाघेका ग्राहकहरूको कर्जालाई सीमाभित्र ल्याउने स्पष्ट अवधि किटान सहितको योजना वनाई लागू गर्न, अपलेखन नीति तथा सूचना प्रविधी नीति पारित गर्न, कर्जा सूचना प्राप्त नभई कर्जा प्रवाह वा नवीकरण नगर्न, व्यवस्थापन समितिले गरेका

निर्णयहरू कार्यान्वयन भए-नभएको अनुगमन गर्ने संयत्र (MIS) निर्माण गर्न र उत्तराधिकारी योजना स्वीकृत गराउन पनि निर्देशन दिइएको छ। यस बैंकको निर्देशन विपरित प्रमुख कार्यकारी अधिकृत लेखापरीक्षण समितिको स्थायी सदस्य रहेकोले सो समितिबाट निजलाई हटाई आवश्यक पर्दा आमन्त्रित सदस्यको रूपमा मात्र राख्न तथा वित्तीय संकटमोचन साइट (Disaster Recovery Site) को स्थापना गर्न पनि निर्देशन दिइएको छ।

४.६५ विभिन्न बाणिज्य बैंकहरूको निरीक्षण र अनुगमनको क्रममा नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएका विभिन्न नीति-निर्देशन तथा व्यवस्था अन्तर्गतका विभिन्न बुंदाहरू पलना नभएको पाइएकोमा नविल बैंक लिमिटेड, नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, हिमालयन बैंक लिमिटेड, नेपाल एसविआई बैंक लिमिटेड, एभरेष्ट बैंक लिमिटेड, नेपाल बंगलादेश बैंक लिमिटेड, बैंक अफ काठमाडौं लिमिटेड, लुम्बिनी बैंक लिमिटेड, नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड, कुमारी बैंक लिमिटेड, माछापुच्छ्रे बैंक लिमिटेड र सिद्धार्थ बैंक लिमिटेडलाई नेपाल राष्ट्र बैंकको सम्बन्धित नीति-निर्देशनको पालनाका लागि ध्यानाकर्षण गराउने, निर्देशन दिने र हर्जाना लगाउने कार्य गरिएको छ।

## वित्तीय संस्थाहरूको स्थलगत निरीक्षण तथा गैरस्थलगत सुपरिवेक्षण

४.६६ बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश २०६२ लागू हुनु अगाडि विभिन्न ऐन अन्तर्गत सञ्चालनमा रहेका बैंकिङ्ग वित्तीय संस्थाहरू मध्ये विकास बैंकहरू, वित्त कम्पनीहरू र लघु वित्त कारोबार गर्ने वित्तीय संस्थाहरू हाल यसै अध्यादेश अन्तर्गत क्रमशः "ख", "ग" र "घ" वर्गका वित्तीय संस्थाहरूको रूपमा सञ्चालनमा रहेका छन्। वाणिज्य बैंकहरू भने "क" वर्गका वित्तीय संस्थाहरूको रूपमा सञ्चालित छन्। २०६२ चैत्र मसान्तसम्म "ख" वर्गका विकास बैंकहरू २८ वटा, "ग" वर्गका वित्त कम्पनीहरू ६७ वटा र नेपाल सरकार, नेपाल राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाहरूको स्वामित्वमा स्थापित क्षेत्रीय ग्रामीण विकास बैंकहरू ५ वटा समेत "घ" वर्गका लघुवित्त कारोबार गर्ने ११ विकास बैंकहरूका अतिरिक्त नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न स्वीकृति प्राप्त १९ वटा वित्तीय सहकारी संस्थाहरू एवं ४७ वटा वित्तीय गैर सरकारी संस्थाहरू नेपाल राष्ट्र बैंकको नियमन परिधि भित्र रही सञ्चालनमा रहेका छन्। नेपालको वित्तीय प्रणालीमा बचत तथा कर्जा लगानीका लागि नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोवार गर्न स्वीकृति प्राप्त सहकारी संस्थाहरूको भन्दा सहकारी ऐन अन्तर्गत दर्ता भई सञ्चालनमा रहेका वित्तीय सहकारी संस्थाहरूको संख्या धेरै बढी छ। राष्ट्रिय बाणिज्य बैंक, नेपाल बैंक लिमिटेड र कृषि विकास बैंकका ग्रामीण ईलाकामा संचालित शाखाहरूमध्ये असुरक्षा र वित्तीय स्थिति खराब रहेका कारणबाट केही बन्द भएका तथा केही गाभिएकाले ग्रामीण ईलाकामा वित्तीय सेवाको आपूर्तिमा संकुचन आईरहेको वर्तमान अवस्थामा वित्तीय सहकारी संस्थाहरू, लघु विकास बैंकहरू र गैरसरकारी संस्थाहरूको सेवाको मागका वृद्धि भई ग्रामीण वित्तीय संस्थाहरू स्थापना हुने क्रम तीव्र रूपमा बढेको छ।

४.६७ २०६१ चैत्रदेखि २०६२ फागुनसम्म १२ महिनाको अवधिमा नेपाल राष्ट्र बैंकको सुपरिवेक्षकीय दायराभित्र रहेका वित्तीय संस्थामध्ये २९ वित्त कम्पनी, १५ विकास बैंक, ३ सहकारी संस्था र ७ गैरसरकारी संस्थाहरूको स्थलगत निरीक्षण सम्पन्न गरिएको छ। यसका अतिरिक्त ३ विकास बैंक, ३ वित्त कम्पनी र १ सहकारी संस्थाको विशेष स्थलगत निरीक्षण र २ वित्त कम्पनी र १ विकास बैंकको अनुगमन निरीक्षण गरिएको छ।

४.६८ स्थलगत निरीक्षण तथा अनुगमनको क्रममा देखिएका कैफियतहरू सम्बन्धमा सम्बन्धित विकास बैंक, वित्त कम्पनी, सहकारी संस्था तथा गैर-सरकारी संस्थाहरूलाई कैफियत सुधारका लागि निर्देशन दिने, जरिवाना गर्ने, निकट अनुगमनमा राख्ने र इजाजत-पत्र रद्द गर्ने सम्मका कारबाही सम्पन्न गरिएका छन् ।

# ५. पूँजी तथा मुद्रा बजार

## प्राथमिक बजार

५.१ आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनामा धितोपत्रको प्राथमिक बजार मार्फत २३ वटा सँगठित संस्थाहरूले नेपाल धितोपत्र बोर्डबाट साधारण शेयर, हकप्रद शेयर तथा डिवेञ्चर गरी जम्मा रु. १ अर्ब ५३ करोड ७८ लाख मूल्य बराबरको धितोपत्र निष्काशन गरी पूँजी परिचालन गर्न अनुमति लिएका छन् । उक्त रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १६५.९ प्रतिशतले बढी रहेको छ । आर्थिक वर्ष २०६१/६२ को प्रथम नौ महिनाको अवधिमा ६ वटा सँगठित संस्थाहरूले रु.५७ करोड ८४ लाख बराबरको पूँजी परिचालन गर्न अनुमति लिएका थिए ।

### तालिका ५ (क) : प्राथमिक बजारको प्रवृत्ति

(रु. करोडमा)

| विवरण | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | प्रथम नौ महिना | |
| | | | | | | २०६१/६२ | २०६२/६३ |
| १. पूँजी परिचालन अनुमति | ७१.७२ | १५५.५१ | ८५.३८ | १५४.७८ | १२७.०३ | ५७.८४ | १५३.७८ |
| क) साधारण शेयर | २६.८५ | ५२.८७ | ५५.१५ | ७५.५ | ३०.०९ | २.७५ | ३३.४४ |
| ख) हकप्रद शेयर | ३६.५८ | ३८.७९ | १६.२२ | ४२.९९ | ६६.९४ | २५.०९ | १००.३४ |
| ग) अग्राधिकार शेयर | - | १४.०० | - | - | - | - | - |
| घ) डिवेञ्चर | - | ३६.०० | -( | ३०.०० | ३०.०० | ३०.०० | २०.०० |
| ङ) म्युच्युअल फण्ड | - | - | १०.०० | - | - | - | -( |
| च) नागरिक एकांक योजना | ८.२९ | १३.८५ | ४.०१ | ६.२९ | ४.५५ | - | - |
| २. पूँजी परिचालनकर्ता सँगठित संस्थाहरूको संख्या | ९ | १६ | १७ | १६ | १२ | ६ | २३ |

स्रोतः नेपाल धितोपत्र बोर्ड ।

## दोस्रो बजार

५.२ आर्थिक वर्ष २०६१/६२ को अन्तमा नेपाल धितोपत्र विनिमय बजार लि. मा सूचीकृत कम्पनीहरूको संख्या १२५ रहेकोमा आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनाको अवधिमा थप ३ वटा कम्पनीहरू सूचीकृत भई कुल सूचीकृत कम्पनीहरूको संख्या १२८ पुगेको छ । यस्तै आर्थिक वर्ष २०६१/६२ को अन्तमा बजार पूँजीकरण मूल्य रु. ६१ अर्ब ३७ करोड

कायम रहेकोमा आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनाको अन्तमा उक्त बजार पूँजीकरण मूल्यमा २९.५ प्रतिशतले बृद्धि भई रु. ७९ अर्ब ४७ करोड पुगेको छ ।

५.३ आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनामा भएको धितोपत्र कारोवार रकममा आर्थिक वर्ष २०६१/६२ को सोही अवधीको तुलनामा करिब ५२ प्रतिशतले कमी आई रु. १ अर्ब ८३ करोड ३६ लाख मूल्यको ५८ लाख ९ हजार ३ सय ४५ कित्ता शेयर कारोवार भएको छ । आर्थिक वर्ष २०६१/६२ को प्रथम नौ महिनामा रु. ३ अर्ब ७९ करोड ८१ लाख मूल्यको १ करोड ३५ लाख ८२ हजार कित्ता धितोपत्र कारोवार भएको थियो ।

५.४ आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनामा आर्थिक वर्ष २०६१/६२ को सोही अवधीको तुलनामा कारोवार संख्यामा १३.६६ प्रतिशतले कमी आई कुल ७१ हजार ७ सय ७७ वटा कारोवार भएको छ । आर्थिक वर्ष २०६१/६२ को प्रथम नौ महिनाको अवधिमा कुल ८३ हजार १ सय ३५ वटा कारोवार भएको थियो ।

## तालिका ५ (ख) : दोश्रो बजार प्रवृत्ति

(रु. करोडमा)

| विवरण | आर्थिक वर्ष | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रथम नौ महिना | |
| | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ | २०६१/६२ | २०६२/६३ |
| धितोपत्र कारोवार रकम | २३४.४२ | १५४.०६ | ५७.५८ | २१४.४३ | ४५०.७७ | ३७९.८१ | १८३.३६ |
| कारोवार शेयर संख्या (हजारमा) | ४९८९ | ६००५ | २४२८ | ६४६८ | १८४३४ | १३५८२ | ५८०९.३४ |
| कारोवार संख्या | ४६०९५ | ४२०२८ | ६९१६३ | ८५५३३ | १०६२४६ | ८३१३५ | ७१७७७ |
| बजार पूँजीकरण मूल्य | ४६३४.९४ | ३४७०.३८ | ३५२४.०४ | ४१४२.४८ | ६१३६.५९ | ६२५६.७९ | ७९४७.१३ |
| बजार पूँजीकरण मूल्यमा कारोवारको प्रतिशत | ५.०६ | ४.४४ | १.६३ | ५.१८ | ७.३४ | ६.०७ | २.६६ |
| कुल गार्हस्थ्य उत्पादनमा बजार पूँजीकरण मूल्यको प्रतिशत | ११.७८ | ८.५६ | ८.०९ | ८.७७ | १२.१७# | १२.४१ | - |
| सूचीकृत धितोपत्रको चुक्ता मूल्य | ८१६.५२ | ९६८.५० | १२५६.०० | १३४०.४९ | १६७७.१९ | १६६४.७० | १८६४.३ |
| सूचीकृत संगठित संस्थाहरूको संख्या | ११५ | ९६ | १०८ | ११४ | १२५ | १२३ | १२८ |
| कारोवार भएको कम्पनीको संख्या | ६७ | ६९ | ८१ | ९२ | १०२ | ८७ | ८३ |
| नेप्से परिसूचक (विन्दुमा) | ३४८.४० | २२७.५० | २०४.८६ | २२२.०४ | २८६.६७ | २९३.२६ | ३३४.७७ |

# कुल गार्हस्थ्य उत्पादनको अनुमानको आधारमा
स्रोत : नेपाल धितोपत्र विनिमय बजार लि. ।

५.५ आर्थिक वर्ष २०६१/६२ को प्रथम नौ महिनाको अन्तमा कायम रहेको नेप्से परिसूचकमा ४१.५१ विन्दुले वृद्धि भई आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनाको अन्तमा ३३४.७७ विन्दु कायम भएको छ ।

## नेपाल धितोपत्र बोर्ड

५.६ धितोपत्र बजारको नियमन प्रणालीलाई स्तरीय तुल्याई विश्वसनीय, प्रतिस्पर्धी तथा पारदर्शी धितोपत्र बजारको विकास गर्नका लागि तयार गरिएको धितोपत्र सम्वन्धी अध्यादेश, २०६२ मिति २०६२/६/७ मा लागू भएको छ । एशियाली विकास बैंकको सहयोगमा धितोपत्र बजार सुधारका लागि संचालित संस्थागत तथा वित्तीय सु-शासन परियोजनाको कार्यान्वयनका लागि समेत उक्त अध्यादेश अत्यावश्यक रहेको थियो ।

५.७ धितोपत्र सम्बन्धी अध्यादेश, २०६२ लाई कार्यान्वयनमा ल्याउनका लागि आवश्यक नियमहरू मस्यौदा गर्ने कार्य चालू रहेको छ । आवश्यक नियमावलीहरू "मध्ये नेपाल धितोपत्र बोर्ड व्यवस्थापन तथा कार्यसञ्चालन नियमावली" स्वीकृतिका लागि अर्थ मन्त्रालयमा मिति २०६२/९/२८ मा पेश भएको छ । साथै "धितोपत्र बजार सञ्चालन अनुमति नियमावली", "धितोपत्र व्यवसाय सञ्चालन नियमावली" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली" को प्रारम्भिक मस्यौदा तयार भएको छ ।

५.८ आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनाको अवधिमा सरकारी ऋणपत्रहरूलाई धितोपत्र विनिमय बजारमा सूचिकरण गरी कारोवार गराउने व्यवस्थाका लागि सरकारी ऋणपत्रको दोस्रो बजार व्यवस्थापन विनियमावली, २०६२ तथा सरकारी ऋणपत्रको दोस्रो बजार कारोवार विनियमावली, २०६२ लागू भएका छन् ।

५.९ धितोपत्र बोर्ड तथा कम्पनी रजिष्ट्रारको कार्यालयको संस्थागत क्षमता अभिवृद्धि तथा धितोपत्र विनिमय बजारको आधुनिकीकरण गर्ने उद्देश्य रहेको संस्थागत तथा वित्तीय सु-शासन परियोजना कार्यान्वयनको चरणमा रहेको छ । परियोजना अन्तर्गत यस आर्थिक वर्षको चैत्र मसान्तसम्ममा देहाय बमोजिमका कामकारवाहीहरू भएका छन् ।

(क) नेपाल धितोपत्र विनिमय बजारमा यान्त्रिकृत कारोवार प्रणाली स्थापना गर्नका लागि प्रस्ताव आव्हान गरी छनौट कार्य अगाडि बढेको छ । साथै नेपाल धितोपत्र विनिमय बजार व्यवसायिकता अभिवृद्धि गर्ने सन्दर्भमा "धितोपत्र विनिमय बजार सुशासन प्रतिवेदन" समेत तयार भएको छ ।

(ख) नेपाल धितोपत्र बोर्डमा व्यवस्थापन सूचना प्रणाली स्थापनाका लागि Request for Proposal को प्रारम्भिक मस्यौदा तयार भएको छ ।

(ग) कम्पनी रजिष्ट्रार कार्यालयको व्यवस्थापन सूचना प्रणाली स्थापनाका लागि प्रस्ताव आव्हान गरी प्राप्त प्रस्तावहरूको छनौटका लागि मूल्यांकन अध्ययन भैरहेको छ ।

५.१० नेपालमा संस्थागत सुशासन अभिवृद्धिमा सघाउ पुऱ्याउने उद्देश्यले नेपाल धितोपत्र बोर्डले "Corporate Governance: Principles and Practices" विषयमा आयोजना गरेको सेमिनारको Proceedings प्रकाशनमा ल्याएको छ । साथै संस्थागत सुशासनसँग सम्बन्धित कानूनहरू सम्बन्धमा बोर्डले नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था तथा नेपाल बैंकर्स संघसँग सहकार्य गरी चेतनामूलक कार्यक्रमको आयोजना समेत गरेको छ ।

## नेपाल धितोपत्र विनिमय बजार लि.

५.११ आर्थिक वर्ष २०६२/६३ को प्रथम ९ महिनाको अवधिमा नेपाल धितोपत्र विनिमय बजार लि. ले धितोपत्र कारोवारबाट रु. २ करोड २५ लाख ८० हजार पूँजीगत लाभकर उठाई सरकारी राजस्व सङ्कलन गरेको छ । आर्थिक वर्ष २०६१/६२ मा नेपाल धितोपत्र विनिमय बजार लि. ले धितोपत्र कारोवारबाट रु. ३ करोड ४२ लाख १० हजार पूँजीगत लाभकर सङ्कलन गरेको थियो ।

५.१२ नेपाल धितोपत्र विनिमय बजार लि. ले धितोपत्र सूचीकरण विनियमावली, २०५३ मा भएको व्यवस्था अनुसार आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनामा कुल १२८ वटा सुचीकृत कम्पनीहरूमध्ये ५६ वटा कम्पनीहरूलाई "क" वर्गमा वर्गीकरण गरेको छ । आर्थिक वर्ष २०६१/६२ मा कुल १२५ वटा सूचीकृत कम्पनीहरूमध्ये ४८ वटा कम्पनीहरूलाई "क" वर्गमा वर्गीकरण गरिएको थियो ।

## धितोपत्र व्यवसायीहरू

५.१३ आर्थिक वर्ष २०६२/६३ को चैत्र मसान्तसम्ममा धितोपत्र बजारमा २४ वटा धितोपत्र दलाल, ९ वटा धितोपत्र निष्काशन तथा विक्री प्रवन्धक तथा २ वटा धितोपत्र व्यापारीहरू कायम रहेका छन् । आर्थिक वर्ष २०६१/६२ मा समेत सोही संख्यामा धितोपत्र व्यवसायीहरू रहेका थिए ।

## सामूहिक कोष तथा एकांक योजना

५.१४ नागरिक लगानी कोषले सञ्चालन गरेको नागरिक एकांक योजनाका साथै यसले सञ्चालन गरेको अन्य कर्मचारी बचत वृद्धि, उपदान योजना, लगानीकर्ता हिसाब योजना जस्ता योजनाहरू अन्तर्गत आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनामा खुद रु. १ अर्व १७ करोड पूँजी परिचालन भई जम्मा संकलित कोष रकम रु. ६ अर्ब २० करोड पुगेको छ । यस अवधिमा संकलित कुल कोष रकम मध्ये कर्मचारी बचत वृद्धि अवकाश कोषमा ६९.२ प्रतिशत, नागरिक एकांक योजनामा १२.० प्रतिशत, लगानीकर्ता हिसाब योजनामा २.६ प्रतिशत र उपदान कोष योजनामा १६.२ प्रतिशत रहेको छ । कोषले २०६२ चैत्र मसान्तसम्ममा जम्मा रु. ६ अर्व २ करोड १८ लाख बराबरको लगानी परिचालन गरेको छ, जसमध्ये सरकारी ऋणपत्रमा २८.७ प्रतिशत, समयकालिन कर्जामा ६.३ प्रतिशत, संगठित संस्थाको शेयर, प्रिफिरेन्स शेयर तथा डिवेन्चरमा ४.६ प्रतिशत र सहभागी सापटीमा ४.३ प्रतिशत लगानी भएको छ भने बाँकी ५६.१ प्रतिशत कोष रकम वाणिज्य बैंकहरूको डिपोजिटमा रहेको छ । कोषले सञ्चालन गरेका कार्यक्रमहरूमा पुनर्खरिद र फिर्ता भुक्तानी व्यवस्था रहे अनुसार आर्थिक वर्ष २०६२/६३ को चैत्र मसान्तसम्ममा कोषले रु. ६३ करोड ९६ लाख रकम बराबर पुनर्खरिद र फिर्ता भुक्तानी गरेको छ ।

५.१५ एन. आई. डि. सी. क्यापिटल मार्केट्स लि. को व्यवस्थापन तथा नेपाल औद्योगिक विकास निगम ट्रष्टी भई सञ्चालनमा ल्याइएको रु. १० करोड बराबरको एन. सि. एम. म्युचुअल फण्ड मिति २०६० भाद्र देखि नेपाल धितोपत्र विनिमय बजार लि. मा सूचीकृत भई फण्ड अन्तर्गत जारी गरिएका युनिटहरूको खरिद-विक्री कार्य भइरहेको छ । उक्त फण्डमा कुल

लगानी रु. १० करोड मध्ये एन. आई. डि. सी. क्यापिटल मार्केट्स लि. तथा नेपाल औद्योगिक विकास निगमको १५.० प्रतिशत र एन. सि. एम. फष्ट म्युचुअल फण्ड-२०५० का युनिटधनीहरूलाई १३.२७ प्रतिशत छुट्याई बाँकी ७१.७३ प्रतिशत सर्वसाधारण लगानीकर्ताहरूलाई बिक्री खुल्ला गरिएको थियो । २०६२ चैत्र मसान्तमा फण्डको कुल मूल्य रु. १६ करोड ९८ लाख २२ हजार तथा फण्डको प्रति युनिट खुद मूल्य (Net Assets Value) रु. १६.९८ रहेको छ ।

## चुनौतीहरू

५.१६ धितोपत्र बजारको नियमन व्यवस्थालाई प्रभावकारी तुल्याउन धितोपत्र सम्बन्धी अध्यादेश, २०६२ जारी भएको छ । उक्त अध्यादेशलाई कार्यान्वयनमा ल्याउन विभिन्न नियम, विनियम तथा निर्देशन तर्जुमा गर्दा अन्तर्राष्ट्रिय प्रचलनको आधारमा विकास गरी चाँडो लागू गराई एक स्वस्थ, गतिशील तथा विश्वसनीय धितोपत्र बजारको विकास गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

५.१७ कम्पनी अध्यादेश, २०६२ ले संस्थागत ऋणपत्रको निष्काशनमा ट्रष्टी रहनुपर्ने व्यवस्था गरेको तर ट्रष्टीको नियमन निकाय लगायत अन्य महत्त्वपूर्ण नियमन पक्षहरू सम्बन्धी व्यवस्था स्पष्ट नभएको वर्तमान अवस्थामा वित्तीय साधन परिचालनमा सहायक सामूहिक लगानी, धितोपत्र डिपोजिटरी तथा अन्य ट्रष्टी कार्यलाई समेत उपयोग हुने गरी ट्रष्टी सम्बन्धी छुट्टै ऐन तर्जुमा गर्नुपर्ने आवश्यकता रहेको छ ।

५.१८ धितोपत्र सम्वन्धी अध्यादेश, २०६२ ले नेपाल धितोपत्र बोर्डलाई धितोपत्र बजार नियमनका लागि आवश्यक अधिकारहरू प्रदान गरेता पनि संस्थागत विकासका लागि कर्मचारी तथा आर्थिक सञ्चालन नियमहरूमा स्वायत्तता प्रदान भै नसकेकोले सो प्रदान गर्न र बोर्डको कार्यगत क्षमता अभिवृद्धिका लागि तत्काल आवश्यक जनशक्तिको व्यवस्था गरी साधन स्रोत सम्पन्न गराउन आवश्यक देखिन्छ ।

५.१९ धितोपत्र बजार तथा व्यवसायीहरूको व्यवसायिकता, संस्थागत क्षमता र सेवाको पंहुच प्रायशः राजधानीमा मात्र सीमित रहेको अवस्थामा हाल प्रचलनमा रहेको धितोपत्र कारोवारको खुला बोलकबोल प्रथालाई विद्युतीय कारोवार प्रणालीले प्रतिस्थापन गरी पारदर्शी तथा दक्ष बनाई धितोपत्र बजार सेवालाई व्यवसायिक र देशव्यापी रूपमा समेत विस्तार गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

५.२० धितोपत्रको मूल्यलाई स्थिरता प्रदान गर्न तथा बजारको विस्तार गर्नका लागि कर्मचारी संचय कोष, नागरिक लगानी कोष र सामूहिक लगानी योजना संचालक जस्ता संस्थागत लगानीकर्ताहरूको बजार प्रवेश महत्वपूर्ण हुने भए तापनि यस्तो लगानीलाई धितोपत्र बजारमा प्रोत्साहित गर्न सकिएको छैन । साथै यस्ता संस्थाहरूको नियमन सम्बन्धी स्पष्ट व्यवस्था गर्न समेत आवश्यक छ ।

# ६. अन्तर्राष्ट्रिय व्यापार तथा शोधनान्तर स्थिति

६.१ आर्थिक वर्ष २०६२/६३ मा वैदेशिक व्यापारको कारोबारमा मिश्रित उपलव्धी देखिएको छ भने शोधनान्तर स्थिति अनुकूल रहेको छ । चालू आर्थिक वर्षको प्रथम आठ महिनाको तथ्याङ्क अनुसार आयात र निर्यात दुवैको आयतनमा उल्लेखनीय वृद्धि आएकोमा निर्यातको तुलनामा आयातको वृद्धिदर उच्च रहेकाले व्यापार घाटामा विस्तार भएको छ । त्यस्तै, आयात र निर्यात दुवै आधारमा वैदेशिक व्यापार पुनः भारत केन्द्रित हुंदै गएको देखिन्छ ।

६.२ लगानीको सुरक्षा, वैदेशिक लगानीको सन्दर्भमा आप्रवाह एवम् वहिर्गमनको व्यवस्था, लचिलो श्रम नीति, निजी क्षेत्रको सुशासनको लागि दरिलो लेखा तथा लेखापरीक्षण प्रणाली लगायतका प्रभावकारी कानूनी तथा संगठनात्मक प्रावधानहरूको अभावले गर्दा आशानुरुप लगानी प्रोत्साहित हुन सकेन । पर्यटन क्षेत्रको स्थिति पनि राम्रो रहन सकेको छैन । आर्थिक वर्ष २०६२/६३ को प्रथम ७ महिनासम्ममा पर्यटन लगायत सेवा क्षेत्रको खुद विदेशी मुद्रा आप्रवाहमा उल्लेख्य ह्रास आएको छ भने विप्रेषण आप्रवाह अर्थतन्त्रको मेरुदण्डको रूपमा देखापरेको छ ।

## निर्यात

६.३ आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनामा ४.६ प्रतिशतले मात्र बढेको कुल निर्यात चालू आर्थिक वर्षको सोही अवधिमा १४.७ प्रतिशतले वृद्धि भई रु. ४३ अर्ब ३१ करोड पुगेको छ । आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनामा कुल निर्यात रु. ३७ अर्ब ७७ करोड रहेको थियो । भारततर्फको निर्यातमा उच्च दरले वृद्धि भएको साथै अन्य मुलुकतर्फको निर्यातमा पनि सुधार आएकोले समीक्षा अवधिमा कुल निर्यातको वृद्धिदर उल्लेख्य रहन पुगेको हो । समीक्षा अवधिमा कुल निर्यातमा भारततर्फको निर्यातको अंश दुई तिहाईभन्दा बढी अर्थात ६९.१ प्रतिशत रहेको छ भने अन्य मुलुकतर्फको निर्यातको अंश ३०.९ प्रतिशत मात्र छ । आर्थिक वर्ष २०६०/६१ को प्रथम आठ महिनामा कुल निर्यातमा भारततर्फ निर्यातको अंश ६५.२ प्रतिशत रहेको थियो भने अन्य मुलुकतर्फको निर्यातको अंश ३४.८ प्रतिशत रहेको थियो ।

६.४ आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनामा १९.५ प्रतिशतले वृद्धि भएको भारततर्फको निर्यात आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा २१.५ प्रतिशतले वढ्न गई रु. २९ अर्व ९१ करोड पुग्न गएको छ । गत आर्थिक वर्षको यसै अवधिमा भारततर्फको निर्यात रु. २४ अर्व ६२ करोड रहेको थियो । समीक्षा अवधिमा खासगरी पोलिष्टर धागो, तयारी पोशाक, जस्ता पाता, तार र जुटका सामानको निर्यातमा उल्लेख्य वृद्धि भएको कारण भारततर्फको निर्यात वृद्धिदर उत्साहजनक रहन गएको हो । भारततर्फ निर्यात हुने प्रमुख वस्तुहरूमा वनस्पति घ्यूको निर्यातमा समीक्षा अवधिमा ३.९ प्रतिशतको सामान्य वृद्धि भएको छ भने पोलिष्टर धागोको निर्यातमा १५९.० प्रतिशतको उत्साहजनक वृद्धि भएको छ । त्यसैगरी जुट तथा जुटबाट निर्मित वस्तुहरूको निर्यात २६.० प्रतिशतले, जस्ता पाताको ६६.८ प्रतिशतले, तारको ६९.९ प्रतिशतले र रसायनको निर्यात ०.६ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा जि. आई. सिटको निर्यातमा १४.४ प्रतिशतले, पोशाक (Textiles) मा

२३.१ प्रतिशतले, अन्य धागोमा १६.० प्रतिशतले, प्लाष्टिकका भांडामा २४.८ प्रतिशतले, टूथपेष्टमा ३४.८ प्रतिशतले र दालको निर्यातमा ७.४ प्रतिशतले कमी आएको छ । भारततर्फ निर्यात भएका वस्तुहरूलाई समूहगत संरचनाको आधारमा विश्लेषण गर्दा आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनामा कुल निर्यातमा प्राथमिक वस्तुको अंश २८.९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा सो अंश २९.९ प्रतिशत रहेको छ भने गत वर्ष तयारी वस्तुको अंश ७१.१ प्रतिशत रहेकोमा समीक्षा अवधिमा यस्तो अंश ७०.१ प्रतिशतमा सीमित रहेको छ ।

६.५ आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा अन्य मुलुकतर्फको निर्यातमा २.० प्रतिशतले वृद्धि भई रु. १३ अर्ब ४० करोड पुगेको छ । गत आर्थिक वर्षको यसै अवधिमा यस्तो निर्यातमा १५.३ प्रतिशतले कमी आई रु. १३ अर्ब १५ करोड रहन गएको थियो । समीक्षा अवधिमा खासगरी पश्मिना, दाल, उनी गलैचा, काठबाट निर्मित हस्तकलाका वस्तु र छालाको निर्यातमा आएको सुधारको कारण अन्य मुलुकतर्फको निर्यात सीमान्त दरले बढ्न गएको हो । नेपालको प्रमुख निर्यातजन्य वस्तुको रूपमा रहेको तयारी पोशाकको निर्यातमा समीक्षा अवधिमा ५.२१ प्रतिशतले ह्रास आएको छ भने ऊनी गलैंचाको निर्यातमा १.६ प्रतिशतको सीमान्त वृद्धि र पश्मिनाको निर्यातमा ५१.३ प्रतिशतको उत्साहजनक वृद्धि भएको छ । सुन तथा चांदीका गहनाको निर्यात समीक्षा अवधिमा ८.० प्रतिशतले घटेको छ भने नेपाली कागज तथा कागजबाट निर्मित वस्तुको निर्यातमा १४.० प्रतिशतले कमी आएको छ । समूहगत संरचनाको आधारमा अध्ययन गर्दा अन्य मुलुकतर्फको निर्यातमा प्राथमिक वस्तुको अंश ६.० प्रतिशत रहेको देखिन्छ भने तयारी वस्तुको अंश ९४.० प्रतिशत रहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निर्यातमा प्राथमिक वस्तुको अंश ८.१ प्रतिशत र तयारी वस्तुको अंश ९१.९ प्रतिशत रहेको थियो ।

## आयात

६.६ आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनामा कुल आयात ६.२ प्रतिशतले मात्र वृद्धि भई रु. ९१ अर्ब ८७ करोड रहन गएको तुलनामा आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा २७.९ प्रतिशतको उच्च दरले वृद्धि भई रु. ११७ अर्ब ४८ करोड पुग्न गएको छ । खासगरी भारतबाट भएको आयातमा उच्च वृद्धि हुनुका साथै अन्य मुलुकबाट भएको आयातमा पनि उल्लेखनीय वृद्धि भएको कारण समीक्षा अवधिमा कुल आयातमा उच्च दरले वृद्धि आएको हो । कुल आयातमा भारतबाट भएको आयातको अंश ६३.३ प्रतिशत रहेको छ भने अन्य मुलुकबाट भएको आयातको अंश ३६.७ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनामा कुल आयातमा भारतबाट भएको आयातको अंश ५८.३ प्रतिशत रहेकोमा चालू आर्थिक वर्षको प्रथम आठ महिनामा यस्तो आयातको अंश ६१.४ प्रतिशत पुगेको छ । कुल आयातमा अन्य मुलुकहरूबाट भएको आयातको अंश आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनामा ४१.७ प्रतिशत रहको तुलनामा समीक्षा अवधिमा ३८.६ प्रतिशत रहन गएको छ ।

६.७ भारतबाट भएको आयात गत आर्थिक वर्षको प्रथम आठ महिनामा १०.९ प्रतिशतले वृद्धि भई रु. ५३ अर्ब ५५ करोड पुग्न गएकोमा आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा ३४.८ प्रतिशतको उच्चदरले बढ्न गई रु. ७२ अर्ब १७ करोड पुगेको छ । समीक्षा अवधिमा विशेष गरी पेट्रोलियम पदार्थ, चामल, धागो, औषधी र रासायनिक मलको

आयातमा उल्लेखनीय वृद्धि भएकोले भारतबाट भएको आयात उच्च दरले बढ्न गएको हो । भारतबाट आयात हुने प्रमुख वस्तु पेट्रोलियम पदार्थको आयात आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा ३८.२ प्रतिशतको उच्चदरले वृद्धि भएको छ । भारतबाट आयात गरिने अन्य प्रमुख वस्तुहरूमा समीक्षा अवधिमा यातायातका साधन तथा पाटपूर्जाको आयात ६.८ प्रतिशतले, औषधी २६.४ प्रतिशतले, रासायनिक पदार्थ १.५ प्रतिशतले र अन्य मेशिनरी तथा पार्टपूर्जा १९.० प्रतिशतले बढ्न गएको छ भने चामलको आयात ७८१.० प्रतिशतले, सिन्थेटिक धागो ३८०.० प्रतिशतले र रासायनिक मलको आयात १७५.९ प्रतिशतले बढ्न गएको देखिन्छ । समूहगत संरचनाको आधारमा अध्ययन गर्दा समीक्षा अवधिमा भारतबाट आयात भएको वस्तुमा प्राथमिक वस्तु र तयारी वस्तुको अंश क्रमशः ४८.६ प्रतिशत र ५१.४ प्रतिशत रहेको छ । गत आर्थिक वर्षको यसै अवधिमा प्राथमिक वस्तु र तयारी वस्तुको अंश क्रमशः ४६.२ प्रतिशत र ५३.८ प्रतिशत रहेको थियो ।

६.८ अन्य मुलुकबाट भएको आयात आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा १८.२ प्रतिशतले बढी रु. ४५ अर्ब ३१ करोड पुग्न गएको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आयात ०.३ प्रतिशतको सीमान्तदरले मात्र बढी रु. ३८ अर्ब ३३ करोडमा सीमित रहेको थियो । समीक्षा अवधिमा विशेषगरी कच्चा पाम तेल, टेक्सटायल डाई, पाम तेल, प्लाष्टिकका दाना र विद्युतीय सामाग्रीको आयातमा उल्लेख्य दरले वृद्धि आएको कारण अन्य मुलुकबाट भएको आयातको वृद्धिदर उच्च रहन गएको हो । यस अवधिमा अन्य मुलुकबाट आयात भएका प्रमुख वस्तुहरूमा कच्चा पाम तेल १३३.४ प्रतिशतले, प्लाष्टिकका दाना ११२.६ प्रतिशतले, पाम तेल ८६६.४ प्रतिशतले, टेक्सटायल डाई १०२८.३ प्रतिशतले, विद्युतीय सामाग्री १११.७ प्रतिशतले र जिंक इन्गट ७८.२ प्रतिशतले वृद्धि भएको छ भने पोशाक, यातायात साधन तथा पाटपूर्जा, दूरसञ्चारका उपकरण तथा पार्टपूर्जा, औषधी तथा स्वास्थ्य सम्बन्धी उपकरण, तांबाको तार, छड तथा पाताको आयातमा भएको वृद्धि पनि उल्लेखनीय रहेको छ । समूहगत रूपमा विश्लेषण गर्दा अन्य मुलुकबाट भएको कुल आयातमा समीक्षा अवधिमा प्राथमिक वस्तुको अंश २९.७ प्रतिशत र तयारी वस्तुको अंश ७०.३ प्रतिशत रहेको छ । गत आर्थिक वर्षको प्रथम आठ महिनामा यस्तो अंश क्रमशः २५.२ प्रतिशत तथा ७४.८ प्रतिशत रहेको थियो ।

**<u>व्यापार सन्तुलन</u>**

६.९ आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा कुल निर्यात र कुल आयात दुवैमा वृद्धि भएतापनि निर्यातको तुलनामा कुल आयातको वृद्धिदर निकै उच्च रहन गएकोले कुल व्यापार घाटा ३७.१ प्रतिशतको उच्चदरले बढ्न गई रु. ७४ अर्ब १७ करोड पुगेको छ । गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा ७.४ प्रतिशतले मात्र बढी रु. ५४ अर्ब ११ करोड रहन गएको थियो । आर्थिक वर्ष २०६२/६३ को समीक्षा अवधिमा भारतसँगको व्यापार घाटा ४६.१ प्रतिशतले बढ्न गई रु. ४२ अर्ब २६ करोड पुगेको छ भने अन्य मुलुकसँगको व्यापार घाटामा २६.७ प्रतिशतले बृद्धि आई रु. ३१ अर्ब ९१ करोड पुग्न गएको छ । गत आर्थिक वर्षको सोही अवधिमा भारत तथा अन्य मुलुकसँगको व्यापार घाटा क्रमशः ४.५ प्रतिशत तथा १०.९ प्रतिशतले मात्र बढेको थियो । समीक्षा अवधिमा कुल व्यापार घाटामा भारतसँगको व्यापार घाटाको अंश ५७.० प्रतिशत रहेको छ भने अन्य मुलुकसँगको व्यापार घाटाको अंश ४३.० प्रतिशत रहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा भारतसँगको

व्यापार घाटाको अंश ५३.५ प्रतिशत र अन्य मुलुकसँगको व्यापार घाटाको अंश ४६.५ प्रतिशत रहन गएको थियो ।

## शोधनान्तर स्थिति

६.१० आर्थिक वर्ष २०६२/६३ को प्रथम सात महिनाको तथ्याङ्क अनुसार विप्रेषण आप्रवाहमा आएको उत्साहजनक वृद्धिका कारण चालू खातामा बचत सिर्जना हुने क्रम जारी छ भने समग्र शोधनान्तर स्थिति पनि अनुकूल रहेको छ । गत वर्षको प्रथम सात महिनाको तुलनामा समीक्षा अवधिमा चालू खाता बचतमा ४४.९ प्रतिशतले ह्रास आई रु. ४ अर्ब ८३ करोडमा सीमित रहन गएको छ भने पूँजी खातातर्फ रु. २ अर्ब २० करोड बराबरको पूँजीगत ट्रान्सफर प्राप्त भएको छ । त्यसैगरी समीक्षा अवधिमा रु. १३ अर्बको शोधनान्तर बचत भएको छ ।

६.११ भन्सार प्रवेश नगरी हुने व्यापार समेतलाई समायोजन गर्दा चालू वर्षको प्रथम सात महिनामा कुल निर्यात १२.५ प्रतिशतले वृद्धि भई रु. ३७ अर्ब ९२ करोड पुगेको छ भने कुल आयात २६.६ प्रतिशतले वृद्धि भई रु. १०० अर्ब ७७ करोड पुगेको छ । फलस्वरुप गत वर्षको यसै अवधिमा १२.४ प्रतिशतले वृद्धि भएको कुल व्यापार घाटा यस वर्ष ३७ प्रतिशतले बढी रु. ६२ अर्ब ८५ करोड पुगेको छ । द्वन्द्वका कारण पर्यटन क्षेत्रमा यस वर्ष पनि शिथिलता कायमै रहेकोले समीक्षा अवधिमा पर्यटन क्षेत्रतर्फको आय १५.६ प्रतिशतले घटेको छ । तथापि अन्यत्र नपरेको सरकारी आय ३६.४ प्रतिशतले तथा अन्य सेवा आय २६.६ प्रतिशतले वृद्धि हुनाले कुल सेवा आय गत वर्षको तुलनामा १०.० प्रतिशतले वृद्धि भई रु. १६ अर्ब ३९ करोड पुगेको छ । नेपालीहरू विदेश जाने क्रम बढ्दो रहेकोले समीक्षा अवधिमा भ्रमण खर्च ४० प्रतिशतको उल्लेख्य दरले बढेको छ । त्यसैगरी यस अवधिमा यातायात खर्च र अन्य भुक्तानी पनि वृद्धि भएको कारण कुल सेवा भुक्तानी गत वर्षको सोही अवधिको तुलनामा २५.६ प्रतिशतले वृद्धि भई रु. १८ अर्ब ८२ करोड पुगेको छ । फलस्वरुप, समीक्षा अवधिमा खुद सेवा आय रु. २ अर्ब ४२ करोडले ऋणात्मक रहन गएको छ । ट्रान्सफरतर्फ निजी क्षेत्रको विप्रेषण आय समीक्षा अवधिमा ४८.२ प्रतिशतको उत्साहजनक दरले बढी रु. ५३ अर्ब ४६ करोड पुगेको छ । बैदेशिक रोजगारीको लागि नेपालीहरू मलेशिया तथा खाडी मुलुकहरूमा जाने क्रम चालू वर्ष उल्लेख्य रुपले बढेको कारण विप्रेषण आय यसरी बढेको हो । समीक्षा अवधिमा अनुदान र पेन्सन भने क्रमशः १३.९ प्रतिशत र १४.४ प्रतिशतले घटेको छ । फलस्वरुप, यस अवधिमा खुद ट्रान्सफर आय गत वर्षको सोही अवधिको तुलनामा २२.८ प्रतिशतले वृद्धि भई रु. ६८ अर्ब ६ करोड पुगेको छ । वित्तीय खातातर्फ अन्य लगानी सम्पत्ति गत वर्षको प्रथम सात महिनामा रु. १८ अर्ब थप भएकोमा समीक्षा अवधिमा रु. ६ अर्ब ७ करोड थप भएको छ । अन्य लगानी दायित्वतर्फ समीक्षा अवधिमा रु. २ अर्ब ७५ करोड बराबरको सरकारी ऋण आप्रवाह भएको छ भने रु. ३ अर्ब ४० करोड बराबरको साँवा भुक्तानी भएको छ । यसरी यस अवधिमा खुद सरकारी ऋण आप्रवाह रु. ६५ करोडले ऋणात्मक रहेको छ ।

## विदेशी विनिमय संचिति

६.१२ २०६२ आषाढ मसान्तको तुलनामा फाल्गुण मसान्तमा कुल विदेशी विनिमय संचिति ११.३ प्रतिशतले वृद्धि भई रु. १४४ अर्ब ५२ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो

संचिति १.२ प्रतिशतले मात्र बढेको थियो। विद्यमान संचितिमध्ये नेपाल राष्ट्र बैंक र वाणिज्य बैंकहरूको अंश क्रमशः ७८.५ प्रतिशत र २१.५ प्रतिशत रहेको छ। यसैगरी कुल संचितिमा परिवर्त्य मुद्राको अंश ९४.० प्रतिशत र अपरिवर्त्य मुद्राको अंश ६.० प्रतिशत रहेको छ। नेपाल राष्ट्र बैंकसँग रहेको रु. ११३ अर्ब ४३ करोड विदेशी विनिमय संचितिमा परिवर्त्य र अपरिवर्त्य मुद्राको अंश क्रमशः ९४.५ प्रतिशत र ५.५ प्रतिशत रहेको छ भने वाणिज्य बैंकहरूसँग रहेको रु. ३१ अर्ब ९ करोड विदेशी विनिमय संचितिमा परिवर्त्य र अपरिवर्त्य मुद्राको अंश क्रमशः ९२.५ प्रतिशत र ७.५ प्रतिशत रहेको छ। हालसम्मको आयातको प्रवृत्ति हेर्दा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय संचिति करीब ९.८ महिनाबराबरको वस्तु आयात र ८.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको देखिन्छ। गत वर्षको फाल्गुण मसान्तमा बैंकिङ्ग क्षेत्रसँग रहेको संचिति सोही वर्षकै आयात प्रवृत्तिको आधारमा करीब ११.५ महिनाको वस्तु आयात र ९.७ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने स्तरमा रहेको थियो।

## विनिमय दर

६.१३ आर्थिक वर्ष २०६२/६३ मा नेपाली रुपैयाँको मुख्य अन्तर्राष्ट्रिय मुद्राहरूसँगको विनिमयदरमा मिश्रित प्रवृत्ति देखिएको छ। नेपाली मुद्रा अमेरिकी डलरसँग २०६२ आषाढको तुलनामा २०६२ फाल्गुणमा १.४९ प्रतिशतले अवमूल्यन भएको छ जुन गत वर्षको सोही अवधिमा ४.७१ प्रतिशतले अधिमूल्यन भएको थियो। त्यसैगरी नेपाली मुद्रा २०६२ आषाढ मसान्तको तुलनामा फाल्गुण मसान्तमा स्टर्लिङ्ग पाउण्डसँग ०.०२ प्रतिशतले र यूरोसँग ०.१४ प्रतिशतले अवमूल्यन भएको छ। यस अवधिमा नेपाली रुपैयाँ स्वीस फ्रयांङ्कसँग भने ०.४२ प्रतिशतले र जापानी येनसँग ४.१४ प्रतिशतले अधिमूल्यन भएको छ।

## सन्धि-सम्झौता तथा कानूनी व्यवस्था

६.१४ चालू आर्थिक वर्षमा नेपाल-भारत पारवहन सन्धि नवीकरण गरिएको छ भने चीनमा निर्यात गरिने नेपाली वस्तुहरूको भन्सार मिनहा गर्ने सम्झौतामा हस्ताक्षर गरिनुका साथै नेपाललाई भारत र चीनको पारवहन विन्दु बनाउनको लागि आवश्यक सम्झौता गर्ने दिशामा काम भइरहेको छ । त्यसैगरी दक्षिण एशियाली स्वतन्त्र व्यापार क्षेत्र (SAFTA), विम्स्टेक (BIMSTEC) तथा विश्व व्यापार संगठन (WTO) का बैठकहरूमा व्यापार, लगानी तथा सहयोग सम्बन्धी केही महत्वपूर्ण निर्णय लिइएका छन्।

**मन्जूषाः ६ (१)**

**द्विपक्षीय र बहुपक्षीय सन्धि तथा सम्झौताहरू**

क) नेपाल-भारत पारवहन सन्धि १८ चैत्र २०६२ मा सात बर्षका लागि नवीकरण गरिएको छ। यो सन्धि सन् २००६ जनवरीदेखि लागू हुने गरी सन् २०१३ जनवरी ५ सम्मका लागि नवीकरण गरिएको हो। सन् १९९९ को जनवरी ६ मा सम्पन्न भएको पारवहन सन्धिको म्याद सन् २००६ को जनवरी ५ मा सकिएको थियो। त्यतिबेला यो सन्धिलाई तीन महिनाका लागि बढाइएको थियो। नवीकरण गरिएको पारवहन सन्धि र कार्यान्वयनसम्बन्धी प्रोटोकल र मेमोऱ्यान्डमका व्यवस्थामा केही नयाँ प्रावधान थपिएका छन्।

ख) नेपालवाट चीनमा निर्यात हुने नेपाली बस्तुहरूको भन्सार पूरै मिनहा गर्न २ चैत्र २०६२ मा नेपाल र चीनबीच सम्झौतामा हस्ताक्षर भएको थियो। नेपाल सरकारले मध्य चीन, हङकङ र तिव्वत निर्यात हुने १५०० बस्तुका लागि भन्सार नलाग्ने सुविधा मागेकोमा अधिकांश वस्तुलाई सहुलियत दिने सम्झौता भएको छ। नेपाल सरकारले पठाएको सूचीमा प्राथमिक कृषिजन्य वस्तु, पशुजन्य उत्पादन, निर्माण सामाग्री, उपभोग्य वस्तु लगायत छन्। सूचीमा हस्तकला सामग्री, कपडा, वनस्पति घ्यू, अल्मुनियमका भाँडाकुँडा, सिमेन्ट, फलामे छड, बिस्कुट, अगरबत्ती, चाउचाउ जस्ता वस्तु पनि परेका छन्। यसबाट चिनीयाँ बजारमा नेपाली वस्तुको प्रतिस्पर्धात्मक क्षमता बढ्न गई नयाँ व्यापार सम्भावना सिर्जना हुने र बजार विविधिकरणमा सहयोग पुग्नेछ। साथै, यस व्यवस्थाबाट नेपालले दुई देशबीचको व्यापारमा खेप्दै आएको व्यापार घाटा न्यूनीकरणका लागि पनि सघाउ पुग्ने देखिन्छ।

ग) नेपाललाई भारत र चीनको पारवहन विन्दु बनाउन नेपाल सरकारद्वारा गठित उच्चस्तरीय निर्देशन समितिले गत १० माघ २०६२ मा दुवै छिमेकी मुलुकसँग परामर्श गरी अघि वढ्ने निर्णय गरेको थियो। नेपाललाई भारत र चीनको ट्रान्जिट प्वाइन्टका रूपमा विकास गर्ने वारे अध्ययन गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा कार्यदल गठन गरिएको थियो। कार्यदलको प्रतिवेदनमा पारवहन व्यवस्थावाट वढी आर्थिक लाभ हासिल गर्न चाल्नुपर्ने तत्कालीन, अल्पकालीन र दीर्घकालीन कदम औंल्याइएका छन्। पहिलो चरणमा भारत र चीनसँग परामर्श गरी उनीहरूको वास्तविक इच्छा वुझ्ने र दुवै मुलुकसँग द्विपक्षीय पारवहन सन्धि गर्ने सुझाव गरिएको छ।

घ) ६ जनवरी २००४ मा इस्लामाबादमा बसेको सार्कको बाह्रौ शिखरसम्मेलनमा दक्षिण एशियाली स्वतन्त्र व्यापार क्षेत्र (South Asian Free Trade Area) सम्वन्धी सम्झौतामा हस्ताक्षर भएको थियो। साफ्टा सम्झौता अनुसार प्रथम चरणमा (सन् २००६ देखि २००८ सम्ममा) विकासोन्मुख राष्ट्रहरू (भारत, पाकिस्तान र श्रीलंका) र अति कम विकसित राष्ट्रहरू (बंगलादेश, भुटान, माल्दिभ्स र नेपाल) ले आ-आफनो भन्सार दर क्रमशः २० प्रतिशत र ३० प्रतिशतमा झार्नुपर्ने छ। त्यसपछि भारत तथा पाकिस्तानले सन् २०१३ सम्ममा र श्रीलंकाले सन् २०१४ सम्ममा भन्सार दर ५ प्रतिशत वा सो भन्दा कम गर्नुपर्ने छ। त्यसैगरी अल्पविकसित राष्ट्रहरूले सन् २०१६ सम्ममा भन्सार दर ५ प्रतिशत वा सो भन्दा तल झार्नुपर्ने व्यवस्था गरिएको छ।

ङ) सन् १९९७ को जुनमा बंगलादेश, भारत, श्रीलंका र थाइल्याण्डबीच सामाजिक तथा आर्थिक सहयोग अभिवृद्धि गर्ने उदेश्यले स्थापित बिम्स्टेक (BIMSTEC - Bay of Bengal Initiative for Multi-Sectoral Technical and Economic Cooperation) क्षेत्रीय संगठनको ८ फेब्रुअरी २००४ मा बैंककमा बसेको छैठौं मन्त्रीस्तरीय बैठकमा बिम्स्टेक स्वतन्त्र व्यापार क्षेत्र (BIMSTEC Free Trade Area) को अवधारणा संबन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ। वस्तु व्यापारमा स्वतन्त्र व्यापार क्षेत्र सम्झौता जुलाई २००६ देखि लागू हुनेछ भने सेवा व्यापार तथा लगानीमा उक्त सम्झौता जुलाई २००७ देखि लागू हुनेछ। बिम्स्टेकका सदस्य राष्ट्रहरूले यस कार्यक्रमलाई अघि बढाउन Trade Negotiating Committee (TNC) बनाएका छन्। नेपाल फेब्रुअरी २००४ देखि यस संस्थाको सदस्य रहिआएको छ।

च) सन् २००५ को डिसेम्बर १३ देखि १८ सम्म हंगकंगमा सम्पन्न World Trade

Organization को मन्त्रीस्तरीय बैठकमा विकसित तथा विकासोन्मुख राष्ट्रहरूले सन् २००६ देखि २००८ सम्मको लागि गरीब राष्ट्रहरूको कुल निर्यातजन्य वस्तुहरूमध्ये ९७ प्रतिशत वस्तुहरूलाई भन्सार तथा कोटामुक्त बजार प्रवेश (Duty and Quota Free Market Access) दिने सहमति व्यक्त गरेका छन् । विकसित तथा विकासोन्मुख राष्ट्रहरू सेवा व्यापारको मोड ४ (Mode 4) अर्न्तगत रहेको सीमापार गई काम गर्ने (Cross-Border Movement of Persons for Work) प्रावधानको उदारीकरणबारे छलफल गर्न सहमत भएका छन् ।

छ) बैठकमा विकसित राष्ट्रहरूले गरीब राष्ट्रहरूको क्षमता अभिवृद्धि गर्न बढी प्रभावकारी प्राविधिक सहयोग प्रदान गर्ने र व्यापारका लागि सहयोग (Aid for Trade) नामक नयाँ कार्यक्रम लागू गर्ने घोषणा गरेका छन् । बैठकमा विकसित राष्ट्रहरूले गरिब राष्ट्रहरूको क्षमता अभिवृद्धि गर्न बढी प्रभावकारी प्राविधिक सहयोग प्रदान गर्ने र व्यापारका लागि सहयोग (Aid for Trade) नामक नयाँ कार्यक्रम लागू गर्ने घोषणा गरेका छन् ।

स्रोतः नेपाल राष्ट्र बैंक ।

६.१५ नेपालमा लगानी गर्न चाहने नेपाली मूलका विदेशीलाई नेपाल सरकारले असीमित प्रवेशाज्ञा र लगानी गर्ने समयसम्म नेपाली सरह व्यावसायिक सुविधा र अधिकार दिने कानूनी व्यवस्था गरेको छ । वढ्दो द्वन्द्व र प्रतिकूल आर्थिक स्थितिले आन्तरिक तथा बाह्य लगानी तीव्ररूपमा प्रभावित भइरहेकाले नेपाल सरकारले विदेशमा बस्ने सम्पन्न नेपालीबाट लगानी आकर्षित गर्न २०६२ भाद्र २५ मा गैर-आवासीय नेपाली सम्बन्धी अध्यादेश घोषणा गरेको छ ।

**मन्जूषाः ६ (२)**

**गैर-आवासीय नेपालीलाई नागरिकसरह अधिकार**

गैर-आवासीय नेपाली सम्बन्धी अध्यादेश अनुसार गैर-आवासीयको हैसियतमा नेपालमा लगानी गर्ने नेपाली मूलका विदेशी नागरिक र उनको परिवारलाई शुरूमा दशवर्षे भिसा दिइनेछ । भिसा म्याद समाप्त भए लगत्तै एक पटकमा दश बर्षका लागि नवीकरण हुने व्यवस्था समेत छ ।

प्रचलित कानून बमोजिम विदेशी लगानीका लागि खुला गरिएका क्षेत्रमा गैर-आवासीय नेपालीले विदेशी मुद्रामा लगानी गर्न पाउने र त्यसवाट प्राप्त लाभ बराबरको विदेशी मुद्रा चाहेको अवस्थामा फिर्ता लैजान सक्ने व्यवस्था अध्यादेशमा छ । गैर-आवासीय नेपालीको ५० प्रतिशतभन्दा बढी स्वामित्व भएको कम्पनीलाई समेत यो सुविधा दिइने भएको छ ।

नेपाल सरकारले गैर-आवासीय नेपालीलाई छुट्टै परिचयपत्र दिएर त्यसका आधारमा यस्तो सुविधा दिने घोषणा गरेको हो । यस्तो परिचयपत्रवाहकले यहाँका सबै बैंकमा विदेशी मुद्रामा खाता खोली कारोबार गर्न पाउँनेछन् । उनीहरूलाई नेपाली नागरिकसरह मुलुकभरि लगानी र बसोबास गर्ने सुविधा दिइनेछ । लगानी गर्ने हैसियत नभएकालाई समेत यो अधिकार प्राप्त हुनेछ ।

गैर-आवासीय नेपालीबाट विदेशी मुद्राको लगानी नेपाल राष्ट्र बैंकद्वारा बित्तीय कारोबार गर्न इजाजत प्रदान गरिएका वाणिज्य बैंक वा संस्थामार्फत भित्रिनुपर्ने र कानूनी

कारणबाहेक अरू बेला लगानीको स्रोत खोल्नु नपर्ने तथा बैंकिङ्ग प्रणालीबाट ल्याउने प्रारम्भिक पूँजीमा कर नलगाउने प्रावधान राखिएको छ। अध्यादेशमा नेपाली मूलका विदेशीलाई जीवनकालभर स्वामित्वमा रहने गरी जग्गा खरिद गरी आवास निमार्ण गर्न पाउने व्यवस्था पनि गरिएको छ।

स्रोतः व्यापार प्रवर्द्धन समाचार सेवा, बर्ष ३४, अंक २, भाद्र २०६२

## चुनौतीहरू

६.१६ नेपालले विश्व व्यापार संगठनको सदस्यता लिने क्रममा गरेका कतिपय प्रतिबद्धताहरू सन् २००६ को अन्त्यसम्ममा पूरा गर्नु पर्ने हुन्छ। ती प्रतिबद्धताहरू कार्यान्वयन गर्ने सिलसिलामा सम्बन्धित ऐन-नियम तथा कानूनहरू समयबद्धरूपमा तर्जुमा गरी लागू गर्ने कार्य चुनौतीपूर्ण रहेको छ। त्यसैगरी सेवा क्षेत्र क्रमिकरूपमा उदारीकरण गर्दै जाँदा स्वदेशी सेवा प्रदायकहरूले अन्तर्राष्ट्रिय सेवा प्रदायकहरूसँग कडा प्रतिस्पर्धा गर्नुपर्ने भएकोले उनीहरुको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने चुनौती पनि अगाडि आएको छ।

६.१७ देशमा आएको राजनीतिक परिवर्तनका कारण शान्ति स्थापना र विकासका विविध संभावनाहरू देखा परेका छन्। युद्धविरामको घोषणा लगत्तै होटल बुकिंगहरू बढ्न गएकोले पर्यटकीय गतिविधिमा सुधारको संकेत देखिन थालेको छ। त्यसैगरी मुलुकमा भौतिक पूर्वाधारहरूको पुनर्स्थापना तथा अन्य विकासका कार्यहरूको लागि दातृ राष्ट्रहरूले सहयोग प्रदान गर्ने प्रतिबद्धताहरू व्यक्त गरेका छन्। त्यसकारण आगामी वर्ष बैदेशिक अनुदान र ऋण आप्रवाहमा उच्च वृद्धि आउने संकेत देखा परेको छ। आउँदो वर्षमा देशको शान्ति सुरक्षाको स्थितिमा सुधार आउने देखिएकोले भारततर्फ विस्थापित भएका धेरै नेपालीहरू स्वदेश फर्कने र तदनुरुप ग्रामीण भेकमा कृषि तथा अन्य आर्थिक क्रियाकलापहरू पनि बढ्ने पूर्वानुमान गरिएको छ। त्यसैगरी राजनीतिक स्थिरता कायम हुँदा बैदेशिक लगानीमा वृद्धि हुने तथा आन्तरिक उद्योग एवं व्यापारिक गतिविधि पनि फस्टाउने र यसले निर्यात तथा आयात दुबैलाई बढावा दिन मद्दत गर्ने अनुमान गरिएको छ। तर शान्ति सुरक्षाको स्थितिमा खलल पर्न गएमा सबै क्षेत्रमा प्रतिकूल प्रभाव पर्ने भएकाले देशमा स्थायी शान्ति कायम गर्ने कार्य ठूलो चुनौतीको रूपमा रहन गएको छ।

६.१८ पेट्रोलियम पदार्थको स्रोतको सुरक्षाका कारणले र विश्व बजारको माग अनुरुप तेल उत्पादन क्षमतामा वृद्धि हुन नसकेको कारणले तेलको मूल्य विगत २ वर्षमा दोव्वर हुन पुगेको छ। सन् २००६ र २००७ मा तेलको मासिक औसत मूल्य प्रति व्यारल ६८ अमेरिकी डलर हुने अनुमान गरिएको छ। यसप्रकार आगामी वर्ष पनि पट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्य उच्च रहने तथा देशमा आर्थिक गतिविधिमा बृद्धि हुंदा यसबाट आन्तरिक मागमा थप वृद्धि आउने भएकोले कुल आयातमा उच्च वृद्धि आउने देखिन्छ। यस प्रकार आयातमा हुने उच्च वृद्धिको असरलाई न्यूनीकरण गर्न निर्यात पनि उच्च दरले बढाउनु पर्ने अवस्था चुनौतीको रूपमा विद्यमान रहेको देखिएको छ।

६.१९ आर्थिक वर्ष २०५७/५८ मा कुल वैदेशिक व्यापारमा भारततर्फको व्यापारको अंश करिब ४७ प्रतिशत रहेकोमा सो अंशमा क्रमिकरूपमा वृद्धि आई चालू आर्थिक वर्षको प्रथम आठ महिनामा यस्तो अंश ६६.० प्रतिशत पुग्ने अनुमान छ। यस अवस्थामा भारत बाहेकका मुलुकहरूतर्फको व्यापारको अंशमा वृद्धि गर्नको लागि देशगत रूपमा व्यापार विविधीकरण गर्ने कार्य पनि चुनौतीको रूपमा देखा परेको छ।

# ७. गरिवी निवारण र रोजगारी

## गरिवी निवारण

७.१ गरिवीका विभिन्न आयामहरूको विश्लेषण गर्दा आय, उत्पादन र रोजगारीका साथै मानव विकास र सामाजिक तथा राजनैतिक समावेशीकरणका पक्षहरूलाई समेट्ने प्रचलन बढ्दो छ । मानव विकासका सूचकाङ्कहरू जस्तै प्राथमिक स्कूल तहको भर्नादर, शिशु मृत्युदर, औसत आयु, खानेपानीमा पहुँच, आवासीय सेवाहरूको उपयोग, सार्वजनिक सेवामा सरल पहुँच आदिका अतिरिक्त वृहत्तर समावेशीकरणको पक्ष अझै महत्वपूर्ण बन्दै गइरहेको छ । मानव अधिकार, आफ्नो जीवन पद्धतीमा असर पार्ने सबै खाले निर्णय, सो निर्णयको कार्यान्वयन र अन्तत्वोगत्वा ती निर्णयको कार्यान्वयनको मूल्याङ्कन गर्न पाउने लोकतान्त्रिक पद्धतिको स्थापना समेत गरिवीको परिभाषामा समाहित भइरहेका छन् । संक्षेपमा, आर्थिक, सामाजिक र राजनैतिक आयामहरूको समग्र स्वरुपको आंकलनबाट मात्र गरिवीको परिभाषा सार्थक हुने देखिन्छ ।

७.२ आम्दानी प्रवृत्तिको गरिवी (Income Poverty) का अनुसार उपलब्ध आम्दानीको क्रयशक्ति (Purchasing Power) बाट जीवनमा न्यूनतम रूपमा आवश्यक पर्ने वस्तु तथा सेवाहरूको उपभोग गर्न भ्याउने वा नभ्याउने पार विन्दु मार्फत गरिवीको रेखा (Threshold) कल्पना गरिन्छ । आधारभूत आवश्यकताहरूको परिपूर्ति गर्न आवश्यक पर्ने समग्र वस्तु तथा सेवाहरूलाई एकत्र गरी तीनको मूल्य निकाली कल्पित रेखा भन्दा कम वा वेसी के छ तुलना गरी आम्दानीले भ्याउने नभएमा गरिवीको परिभाषामा समावेश गरिन्छ । अन्तराष्ट्रिय स्तरमा तुलना गर्न क्रय शक्ति समता मूल्य (Purchasing Power Parity - PPP) को समेत हिसाव गर्ने गरिएको छ । कुल जनसंख्यामा यस्तो क्रय शक्ति कल्पित रेखा भन्दा कम भएकाहरूको प्रतिशत निकाली गरिवीको प्रतिशत कति रहेछ भनी यकीन गरिन्छ । नेपालमा गतसाल केन्द्रीय तथ्याङ्क विभागले प्रकाशित गरेको सर्वेक्षण "नेपाल जीवनस्तर दोस्रो" का अनुसार कुल जनसंख्यामा ३०.८५ प्रतिशत गरिव रहेको पाइएको छ ।

७.३ आम्दानी तथा उपभोगको दृष्टिले परिभाषित गरिएको गरिवीको अर्थ संकिर्ण भएको कारणले सामाजिक पक्षहरू जस्तै स्वास्थ्य, पोषण, औसात आयु, सुलभ खानेपानीको पहुँच, साक्षरता प्रतिशत र विद्यालयमा पहुँच आदि समेतलाई समेटिनु पर्ने महसुस गरी मानव विकास सूचकाङ्कलाई गरिवी विश्लेषणमा क्रमशः सान्दर्भिक ठानिदैं आएको हो ।

७.४ आर्थिक र सामाजिक आयामहरूको अतिरिक्त आधारभूत मानव हक अधिकारहरूलाई प्रवर्द्धन गर्नु पर्ने मान्यतामा राजनैतिक पक्षसँग सम्बन्धित अर्को नयाँ आयाम पनि गरिवी विश्लेषणमा थपिएको छ । शान्तिपूर्ण र सुरिक्षत अनुभूतिका साथ वाँच्न नपाउने अवस्था, अवसरहरूको उपभोग गर्न नसकिने अवस्था, छनौटको अनुपलब्धता, स्वतन्त्र, आत्मसम्मान र प्रतिष्ठापूर्ण रूपमा वाँच्न नपाउने अवस्था र सामाजिक विभेदीकरण र वहिष्कारको विद्यमानता, सदैव सीमान्त रूपमा वाँच्नु पर्ने वाध्यता आदि सवैले नागरिक हक अधिकारको अभावको संज्ञा दिने हुँदा यस प्रकारको गरिवी स्वभावतः कहाली लाग्दो हुन्छ । तसर्थ, राजनैतिक पक्षसँग सम्बन्धित गरिवी नहटेसम्म सामाजिक र आर्थिक पक्षको गरिवीबाट

कदापि मुक्त हुन नसकिने स्वयंसिद्ध तथ्य भएकोले आर्थिक, सामाजिक र राजनैतिक गरिवी उन्मुक्त समाजको सिर्जना गर्नु आजको अहं सवाल भएको छ ।

७.५ गरिवी निवारणको प्रसंगमा गरिवीको स्थिति (Incidence), गरिवीको विषमता (Poverty Gap) र गरिवीको गहनता (Squared Poverty Gap) सवैको विश्लेषण अत्यावश्यक हुन्छ । गरिवीको स्थिति (Incidence) ले कुल जनसंख्यामा गरिवीको रेखामुनी रहेको जनसंख्या कति छ भनेर जनाउँदछ भने गरिवीको विषमता (Poverty Gap) ले गरिव मानिएकाहरू मध्ये कति प्रतिशत गरिवहरू गरिवी रेखा भन्दा कति कतिले टाढा छन् भन्ने जनाउँदछ । साथै, गरिवीको गहनताको सूचकले गरिवहरू मध्ये पनि कति गहिरो असमानता छ भन्ने देखाउँदछ ।

७.६ व्यवस्थित रूपमा सरकारी तवरबाट आर्थिक वर्ष २०५२/५३ देखि नेपाल जीवन स्तर मापन सर्वेक्षणहरू सुरु गरिएका हुन् । आर्थिक वर्ष २०५२/५३ मा गरिवीको रेखामुनि रहेका जनसंख्या ४२.० प्रतिशतको हाराहारीमा थिए । आर्थिक वर्ष २०६०/६१ मा केन्द्रीय तथ्याङ्क विभागले दोस्रो जीवनस्तर मापन सर्वेक्षण सम्पन्न गरेको थियो । समग्र नेपालमा गरिवीको रेखामुनी रहेको जनसंख्या (Poverty Incidence) ३०.८५ प्रतिशत पाइएको थियो । शहरी क्षेत्रमा ९.५५ प्रतिशत र ग्रामीण क्षेत्रमा ३४.६२ प्रतिशत जनसंख्या गरिवीको रेखामुनी रहेको अनुमान थियो । यस अतिरिक्त नेपालमा गरिवीको विषमता (Poverty Gap) ७.५५ र गरिवीको गहनता (Squared Poverty Gap) २.७ रहेको अनुमान गरिएको थियो । यस सर्वेक्षणका अन्य केही प्रमुख नतिजाहरू मन्जूषा ७ (१) मा प्रस्तुत गरिएको छ ।

**मन्जूषाः ७ (१)**

**प्रमुख नतिजाहरू**

क) ग्रामीण क्षेत्रमा गरिवीको रेखामुनिको जनसंख्या २०५२/५३ देखि २०६०/६१ को ८ वर्षको अवधिमा ८ प्रतिशत विन्दु (४३ प्रतिशतबाट ३५ प्रतिशत) मा झरेको र शहरी क्षेत्रमा १२ प्रतिशत विन्दु (२२ प्रतिशतबाट १० प्रतिशत) मा झरेको अनुमान गरिएको थियो ।

ख) यस अवधिमा "गरिवीको विषमता" (Poverty Gap) मा पनि सुधार भएको देखिन्छ । गरिवीको रेखामुनिका जनसंख्यामध्ये धेरै रेखानजिक आइपुगेको अनुमान गरिएको थियो ।

ग) सालाखाला प्रति व्यक्ति वार्षिक उपभोग खर्च वि. सं. २०५२/५३ मा रु. ७२३५ रहेकोमा २०६०/६१ मा उक्त उपभोग खर्च बढेर रु. १५,२२४ पुगेको अनुमान गरिएको थियो । २०५२/५३ को स्थिर मूल्यमा २०६०/६१ को सालाखाला प्रति व्यक्ति वार्षिक उपभोग रु. १०,३१८ रहेको अनुमान थियो ।

घ) उपभोगमा वृद्धि हुनुका मोटामोटी कारणहरूमा विप्रेषण, कृषिक्षेत्रको औसत ज्याला, गैर-कृषि ब्यवसायका आम्दानी र ज्याला, आर्थिकरूपले सकृय जनशक्तिको अनुपात र शहरीकरणमा उल्लेखनीय वृद्धि आदि ठानिएका थिए ।

ङ) दुई सर्वेक्षणको अवधिमा उपभोगको गरिवीको दरमा सुधार आए पनि यसको असमानता अर्थात् धनी र गरिव वीचको खाडलमा विस्तार भएको पाइएको थियो । असमानता जनाउने सूचक (Gini Coefficient) २०५२/५३ मा ०.३४ रहेकोमा

|  |  |
| --- | --- |
|  | २०६०/६१ मा आएर ०.४१ पुगेको अनुमान थियो । |
| च) | दुई सर्वेक्षण वीचको अवधिमा पारिवारिक आम्दानीमा विप्रेषण (Remittance) को अंश ६ प्रतिशतबाट १० प्रतिशतमा वृद्धि भएको देखिन्छ । २०५२/५३ मा विप्रेषण प्राप्त गरेका घरपरिवारहरू करिव २३ प्रतिशत रहेकोमा २०६०/६१ मा ३२ प्रतिशत पुगेको पाइएको थियो । |

## गरिबी अनुगमनसम्बन्धी कार्य

७.७ राष्ट्रिय योजना आयोगको गरिवी अनुगमन महाशाखाबाट गरिवी अनुगमन तथा विश्लेषण व्यवस्था (Poverty Monitoring and Analysis System - PMAS) लाई संस्थागत गर्ने कार्य भैरहेको छ । यस व्यवस्था कार्यान्वयन भएपछि वित्तीय तथा भौतिक प्रगतिमा मात्रै केन्द्रित हुने गरेको पुरानो अनुगमन तथा मूल्याङ्कन व्यवस्थामा सुधार आई विषय-क्षेत्रगत प्रतिफल, असर तथा प्रभाव पनि अनुगमन गर्ने व्यवस्थालाई संस्थागत गर्ने प्रयास भएको छ । यस्तो अनुगमन गर्नका लागि अन्तरिम तथा अन्तिम सूचकहरू सहितको व्यवस्थित प्रणालीको विकास भएको छ । यो व्यवस्था लागू भैसकेपछि निर्दिष्ट सूचकहरूका आधारमा हालसम्म गरिवी न्यूनीकरण रणनीतिको प्रथम तथा दोस्रो वर्षको प्रगति प्रकाशन गरिनुका साथै तेस्रो वर्षको प्रगति प्रकाशन कार्य अन्तिम चरणमा रहेको छ ।

७.८ जिल्लास्तरको अनुगमन तथा मूल्याङ्कन प्रणालीमा विद्यमान कमजोरी हटाई त्यसलाई सवल गराउन जिल्ला गरिवी अनुगमन तथा विश्लेषण प्रणालीको मस्यौदा गरी सो लागू गर्न स्थानीय विकास मन्त्रालयमार्फत सबै जिल्ला विकास समितिहरू (जि.वि.स.) मा पठाइएको छ । यसका अतिरिक्त यस व्यवस्था सम्बन्धमा जिल्ला विकास समितिहरूका कर्मचारीहरूलाई समावेश गरी छलफल कार्यक्रमहरू पनि सम्पन्न भएका छन् ।

७.९ विकास प्रतिफल एवं आयोजना तथा कार्यक्रम कार्यान्वयनका सम्बन्धमा सर्वसाधारण जनताको अनुभूति एवं पृष्ठप्रेषण अत्यावश्यक हुने भएकाले त्यस प्रक्रियालाई व्यवस्थित गर्न समेतका लागि सहभागितामूलक गरिवी अनुगमन व्यवस्थाको मस्यौदा रुपरेखा तयार गरिएको छ । यसलाई परिमार्जन गरी अन्तिम रुप दिने कार्य जारी छ । साथै, यसै वर्ष उक्त मस्यौदा व्यवस्थाका आधारमा रसुवा र कञ्चनपुर जिल्लामा शिक्षा, स्वास्थ्य सेवा, कृषि तथा पशुसेवा, विद्युत् सेवा र नागरिकता वितरण सम्बन्धमा सर्वसाधारण जनताको प्रतिक्रिया लिनका लागि “नागरिक प्रतिवेदन कार्ड” (Citizen Report Card) को नमूना परीक्षण समेत गरिएको छ ।

७.१० विभिन्न क्षेत्रगत मन्त्रालयहरूलाई सम्बन्धित क्षेत्रको लक्षित नतिजा प्रति जवाफदेही बनाउन र तिनको यथोचित मूल्याङ्कन गर्न मन्त्रालयहरूसँगको परामर्श समेतका आधारमा कार्य सम्पादनमा आधारित मूल्याङ्कन व्यवस्थाको विकास गरिएको छ ।

७.११ सरकारले सञ्चालन गरेका विभिन्न आयोजना तथा कार्यक्रमहरूको सूचनालाई व्यवस्थित गरी सर्वसाधारणसम्म यसको पहुँच पुऱ्याउने दीर्घकालीन सोच सहित तयार गरिएको आयोजना कार्य सम्पादन सूचना प्रणाली (Project Performance Information System- PPIS) लाई अद्यावधिक गरी वार्षिक कार्यक्रम तथा तिनको प्रगति प्रतिवेदन प्रविष्ट गर्ने काम सुरु गरिएको छ ।

## सहस्राब्दी विकास लक्ष्यसम्वन्धी कार्य

७.१२ नेपालको तर्फबाट अन्तर्राष्ट्रिय रूपमा प्रतिवद्धता जनाइएको सहस्राब्दी विकास लक्ष्यहरू (MDGs) हासिल गर्ने मार्गमा आर्थिक वर्ष २०६२/६३ मा देहाय बमोजिमका विभिन्न कार्यहरू भएका छन् ।

७.१२.१ विभिन्न सरकारी निकाय, नागरिक समाज, निजी क्षेत्र तथा दाताहरू समेतको संलग्नतामा सहभागितामूलक हिसावले सहस्राब्दी विकास लक्ष्यहरूसम्बन्धी दोस्रो प्रगति प्रतिवेदन, २०६२ प्रकाशित गरिएको छ ।

७.१२.२ सहस्राब्दी विकास लक्ष्यलाई आन्तरिकीकरण गर्ने क्रममा ती लक्ष्यहरू हासिल गर्नका लागि सञ्चालन गर्नुपर्ने कार्यक्रमहरू, त्यसको लागत, साधन उपलब्धता र थप साधनको आवश्यकता अनुमान तथा विश्लेषण गरी सहस्राब्दी विकास लक्ष्यहरूको आवश्यकता पहिचान अध्ययन (MDGs Needs Assessment Study) कार्य सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ । जिल्लास्तरमा पनि नमूनाका रूपमा यस्तो आवश्यकता पहिचान गर्ने क्रममा रुपन्देही जिल्लामा सहस्राब्दी विकास लक्ष्यसम्बन्धी आवश्यकता पहिचान अध्ययन कार्य सञ्चालन भइरहेको छ ।

७.१२.३ सहस्राब्दी विकास लक्ष्यलाई आन्तरिकीकरण गर्ने क्रममा अन्तर्राष्ट्रिय रूपमा निर्दिष्ट लक्ष्यहरू अनुगमन गर्नका लागि नेपालको सन्दर्भमा आवश्यक पर्ने सूचकहरू पहिचान गर्ने र सहस्राब्दी विकास लक्ष्यका दृष्टिले गरिवी निवारण रणनीति पत्रको समीक्षा गरी आगामी योजना प्रक्रियालाई अझै यी लक्ष्यहरू-मैत्री बनाउनका लागि लिनुपर्ने नीतिगत सुधारहरू सम्बन्धी विषय-क्षेत्रगत अध्ययन गराई प्रतिवेदन समेत लिइसकेको छ ।

७.१२.४ सहस्राब्दी विकास लक्ष्यलाई स्थानीयकरण गर्ने, यी लक्ष्यहरू हासिल गर्ने सम्बन्धमा थप वर्गीकृत तहको स्थिति समेतमा जानकारी लिने एवं स्थानीय विकास तथा योजना तर्जुमा प्रक्रियालाई पनि सहस्राब्दी विकास लक्ष्यमैत्री गराउन सहयोग गर्ने उद्देश्यले नमूनाका रूपमा कञ्चनपुर, बाँके, चितवन, भक्तपुर र मोरङ्ग गरी ५ वटा जिल्लाको सहस्राब्दी विकास लक्ष्यसम्बन्धी प्रगति प्रतिवेदन तयार भइरहेको छ ।

## तत्काल कार्य योजना (Immediate Action Plan)

७.१३ गरिवी निवारण रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न सुधार कार्यक्रमहरूलाई अगाडि बढाइएको छ । हरेक वर्ष गर्नुपर्ने महत्वपूर्ण सुधारका कार्यलाई तत्काल कार्य योजनाका रूपमा ल्याई तिनको प्रभावकारी अनुगमन गर्ने व्यवस्था विगत केही वर्षदेखि भैरहेको छ । यसै क्रममा, सुधारका २१ वटा विभिन्न कार्यहरू समावेश गरिएको तत्काल कार्य योजना, २०६२/६३ स्वीकृत भएको छ । यस कार्य योजनामा अन्य कुराहरूका अतिरिक्त सुशासन, विशेष आर्थिक क्षेत्र/निर्यात प्रशोधन क्षेत्र, सार्वजनिक खरिद, निवृत्तिभरण कोष, सुरक्षित कारोवार, दामासाही र कम्पनी आदि सम्बन्धी नयाँ कानूनी व्यवस्था वा परिमार्जन गर्ने, पारदर्शी र स्वत: समायोजन हुने मूल्य सूत्रको प्रयोग गरी पेट्रोलियम पदार्थको उपभोक्ता मूल्यलाई अन्तर्राष्ट्रिय बजार मूल्य अनुरुप हुनेगरी समायोजन गर्ने, स्थानीय निकायहरूलाई पूर्ण निक्षेपण गर्ने जस्ता कुराहरू समेटिएका छन् । यसमध्ये

सुशासन, सुरक्षित कारोवार, दामासाही र कम्पनी अध्यादेश जारी भैसकेका छन् भने सार्वजनिक खरिदसम्बन्धी कानूनी व्यवस्थाका लागि अन्तिम मस्यौदा तयार भएको छ ।

## आर्थिक सुधार सहयोग कार्यक्रम

७.१४ विभिन्न दातृसंस्था र राष्ट्रहरूबाट वर्षेनी प्राप्त हुने प्राविधिक सहायतालाई सरकारले सुरु गरेका सुधार कार्यहरूलाई सहयोग पुग्नेगरी सरकारको आवश्यकता र प्राथमिकता अनुसार खर्च गर्ने र यस्तो सहायतालाई एउटै छातामुनी ल्याई समन्वयात्मक रूपमा उपयोग गर्ने उद्देश्यले चालू आर्थिक वर्षदेखि आर्थिक सुधार कार्यक्रमको सुरुवात गरी हालसम्म निम्नानुसारका प्रमुख कार्यहरू भएका छन्:

७.१४.१ कार्यक्रमका लागि विश्व बैंकसँग भएको सम्झौता २०६२/८/१३ देखि प्रभावकारी भएको छ । सहायतालाई विद्यमान बजेट, निकासा प्रणाली र लेखापालन व्यवस्था अनुसार परिचालन गर्ने व्यवस्था गरिएको छ ।

७.१४.२ विभिन्न १३ वटा पूर्व पहिचान भएका कार्यहरूका लागि कार्यक्रमको निर्देशक समितिले रु. ७ करोड भन्दा बढी रकम बाँडफाँड गरेको छ र सो अनुरुप सम्बन्धित कार्यान्वयन निकायहरूसँग ८ वटा समझदारी पत्रमा हस्ताक्षर भै कार्यान्वयन प्रारम्भ भएको छ ।

७.१४.३ अर्को क्रियाकलाप अन्तर्गत अवसर कोषबाट रकम प्राप्त गरी सुधार कार्यक्रम सञ्चालन गर्न इच्छुक सरकारी निकायहरूबाट आयोजना प्रस्ताव आव्हान गरिएको छ । यस अनुसार प्राप्त हुने प्रस्तावहरूलाई प्रतिस्पर्धात्मक आधारमा मूल्याङ्कन गर्ने व्यवस्था गरिएको छ ।

## गरिवी निवारण कोष

७.१५ नेपाल सरकारको दशौं राष्ट्रिय आवधिक योजना तथा गरिवी न्यूनीकरण रणनीति (PRSP) को तेस्रो आधारस्तम्भ “लक्षित कार्यक्रम” को उद्देश्य अनुरुप निरपेक्ष गरिवीको रेखामुनि रहँदै आएको जनसंख्याको तल्लो समूहलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गर्न मद्दत पुऱ्याउने उद्देश्यले छुट्टै ऐन अन्तर्गत स्वायत्त संस्थाको रूपमा २०६० मा अध्यादेश मार्फत गरिवी निवारण कोषको स्थापना गरिएको हो ।

७.१६ कोषले आफ्नो कार्यक्रम सञ्चालनको लागि साधन जुटाउने क्रममा नेपाल सरकारले विश्व बैंकसँग अमेरिकी डलर १ करोड ५० लाख अनुदान सहायताका लागि विकास अनुदान सम्झौता (Development Grant Agreement) सन् २००४ मा र कोषले विश्व बैंकसँग परियोजना सम्झौता (Project Agreement) भाद्र २०६१ मा साथै नेपाल सरकारसँग सहायक अनुदान सम्झौता (Subsidiaary Grant Agreement) कार्तिक २०६१ मा गरेको थियो । कोषले आफ्नो व्यवस्थापकीय जिम्मेवारी तथा कार्यक्रम सञ्चालनका लागि कार्य सञ्चलान तथा आर्थिक व्यवस्थापन - लेखा निर्देशिका (Operational and Financial Manual), वातावरण मूल्याङ्कन ढाँचा (Environment Assessment Framework) र गरिवी निवारण कोष नियमावली तयार गरिसकेको छ । यसैगरी कोषले सामाजिक परिचालन निर्देशिका तथा जागरण संयन्त्र (Social Mobilization Guidelines and Sensitization Tools) पनि तयार गरेको छ ।

७.१७ यस कोषले समाजका गरिब तथा पिछडिएका वर्गको सक्रिय सहभागितामा स्थानीय मागमा आधारित पद्धति अन्तर्गत कार्यक्रम सञ्चालन गर्दै आएको छ । कार्यक्रम सञ्चालन गरिएका जिल्लाहरूमा विद्यमान रहेको चरम गरिवी कम गर्नु कोषको प्रमुख लक्ष्य हो ।

७.१८ गरिब समुदाय स्वयंलाई पूर्ण रुपले सहभागी गराई समुदायको परियोजना उनीहरूबाटै कार्यन्वयन गराउन तिनै गरिव समुदायको प्रतिनिधित्व रहने गरी सामुदायिक संस्था (Community Organization - CO) को स्थापना र संस्थागत विकास गरी कार्यक्रमहरू सञ्चालन गरिएको छ । यस कार्यमा समुदायलाई आवश्यक सहयोग तथा सहजीकरण उपलब्ध गराउनका लागि (Partner Organization - PO) को रूपमा गैर सरकारी संस्था, सामुदायिक संस्था, निजी संस्था तथा स्थानीय निकायहरूलाई परिचालन गरिएका छन् ।

७.१९ यी सहयोगी संस्थाहरूले सामाजिक परिचालन, क्षमता विकास तथा सीप विकास तालीम, सामुदायिक संस्थाको संस्थागत विकास, सामुदायिक परियोजना तर्जुमा तथा कार्यान्वयन गर्न सामुदायिक संस्थालाई आवश्यक प्राविधिक सहयोग र सहजीकरण गरी मद्दत पुऱ्याउनुको साथै समुदाय र कोष बीचको सम्पर्क र सञ्चारमा सहयोग पुऱ्याउँदछन् । कोषको कार्यक्रम सञ्चालनको क्रममा अगुवा परीक्षणको रूपमा दार्चुला, मुगु, प्यूठान, कपिलवस्तु, रामेछाप र सिराहा गरी ६ वटा जिल्लाहरूमा कार्यक्रम सञ्चालन गरेकोमा आर्थिक वर्ष २०६२/६३ देखि थप १९ जिल्लामा कार्यक्रम विस्तार गरिएको छ । थप गरिएका १९ जिल्लामा अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेलधुरा, दैलेख, डोल्पा, डोटी, हुम्ला, जाजरकोट, जुम्ला, कालीकोट, महोत्तरी, रसुवा, रौतहट, रोल्पा, रुकुम, सर्लाही र सिन्धुली रहेका छन् । कार्यक्रमको यो विस्तारसँगै अत्यन्त विपन्न जिल्लाका रूपमा वर्गीकृत २५ वटै जिल्लामा कोषले कार्यक्रम विस्तार गरेको छ । यी जिल्लाहरूमा बाहेक कोषले अन्य १७ जिल्लाहरूमा पनि सृजनशील (Innovative) प्रस्तावनाहरूलाई छनौट गरी कार्यक्रम सञ्चालन गरिरहेको छ । कार्यक्रम सञ्चालन गर्न आर्थिक वर्ष २०६२/६३ सम्म २१० वटा सहयोगी संस्थाहरू छनौट तथा सम्झौता गरी सामाजिक परिचालन, सामुदायिक संस्थागत विकास तथा समुदायको परियोजना तयार पार्ने काम भइरहेको छ ।

७.२० हालसम्म १४ जिल्लाका ३७३ गाउँ विकास समितिहरूमा १,२६९ सामुदायिक संस्थाहरूको विकास भई कोषमा दर्ता भइसकेका छन् भने १,१६३ सँग परियोजना सञ्चालनका लागि संझौता भइसकेको छ । सामुदायिक परियोजना कार्यान्वयनको चरणमा रहेका १ हजार १ सय ६३ सामुदायिक संस्था मध्ये १ हजार ७६ कोषका अगुवा परीक्षण जिल्लाहरूमा रहेका छन् र बाँकी ८७ सिर्जनशील कार्यक्रम अन्तर्गतका अरु जिल्लामा रहेका छन् ।

## रोजगारी

७.२१ नेपालमा छुट्टै रोजगारीको सर्वेक्षण, प्रक्षेपण र अनुमान गर्ने व्यवस्था हालसम्म स्थापना हुन सकेको छैन । दशौं योजनाको तर्जुमाका बखत यस योजना अवधिमा थप १० लाख ५३ हजार रोजगारी सिर्जना हुने अनुमान गरिएको थियो । अर्थतन्त्रका विभिन्न क्षेत्रहरूमा हुने उत्पादन वृद्धिको प्रभाव र अन्तर क्षेत्रगत सम्बन्ध (Inter-Sectoral Linkages) को योगदानका कारणले उपर्युक्त रोजगारीका अवसर उपलब्ध हुने ठानिएको थियो । त्यस अनुसार दशौं योजनाको अन्त्यसम्ममा कुल रोजगारी १ करोड १० लाख १२ हजार पुग्ने अनुमान पनि गरिएको थियो । दशौं योजनामै उल्लेख भए अनुसार योजनाको अन्त्य (आर्थिक वर्ष २०६३/६४) सम्म आर्थिक दृष्टिले सक्रिय जनसंख्या १ करोड १५ लाख ८० हजार पुग्ने र

यसमध्ये पूर्ण वेरोजगार केवल ४.१ प्रतिशतमात्र रहने अनुमान गरिनुका साथै, अर्ध-वेरोजगारीको स्थिति दशौं योजनाको अन्त्यसम्ममा २२.३ प्रतिशतमा झर्ने अनुमान गरिएको थियो । यी लक्ष्यहरूको प्रगति स्थिति उपलब्ध हुन सकेको छैन । अझै, भरपर्दो रोजगारी सर्वेक्षणको अभावले रोजगारीको अनुमान जटिल भएको महशुस गरिएको छ ।

७.२२ दशौं योजनाको प्रमुख उद्देश्य गरिवी निवारण भएकोले सो उद्देश्य प्राप्ती रोजगारी बढाई मात्र सम्भव हुने सोचाइ अनुरुप विभिन्न नीतिहरू भने लागू भइरहेका छन् । आर्थिक तथा सामाजिक विकासका कार्यहरू विस्तार गरी रोजगारीका अवसरहरू वढाउने, रोजगारीका अवसरहरूमा गरिवको पहुँच वढाउन श्रममुखी व्यवसायको प्रवर्द्धन गर्ने, पिछडिएका वर्ग तथा क्षेत्र विशेषको लागि आयमूलक र रोजगारीका लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने, व्यवसायिक कार्यकूशलता अभिवृद्धि तथा श्रमिक वर्गको आधारभूत हक हितको संरक्षणका पक्षहरूलाई सन्तुलित रूपमा अघि वढाउने, सीपयुक्त जनशक्ति उत्पादन गरी वैदेशिक रोजगारीका अवसरहरूको समेत अधिकतम उपयोग गर्ने जस्ता नीतिहरू हाल कार्यान्वयनमा रहेका छन् । यद्यपि यी नीति तथा कार्यक्रमहरूले के कति रोजगारी सिर्जना गर्न सके भन्ने समग्र र अद्यावधिक सूचना उपलब्ध भएको छैन ।

७.२३ श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत केही नीतिगत, कानूनी संरचनात्मक सुधारहरू भएका छन् । मुलुकमा लगानी-मैत्री वातावरणको सिर्जना, उत्पादनशील, विभेदरहित, शोषणमुक्त, मर्यादित, सुरक्षित, स्वस्थ्य रूपमा काममा अवसर प्रदान गर्ने र अन्तर्राष्ट्रिय अर्थ व्यवस्थाको निर्माणमा सहयोग पुऱ्याउन श्रम बजारको विकास र व्यवस्थापनको लागि श्रम तथा रोजगार नीति, २०६२ कार्यान्वयनमा ल्याइएको छ । वैदेशिक रोजगार व्यवसायलाई सेवामुखी, प्रवर्द्धनात्मक एवं पारदर्शी, मर्यादित, व्यवस्थित र नियमित बनाउन तथा वैदेशिक रोजागरीमा जाने कामदारको हक अधिकारको संरक्षण गर्ने उद्देश्यले ल्याइने वैदेशिक रोजगार ऐन तर्जुमा कार्य सुरु भएको र वैदेशिक रोजगार नियमावली शंसोधनको लागि सम्वन्धित सरोकारवालाहरूसँग छलफल भइसकेको छ । अन्तर्राष्ट्रिय श्रम बजारमा नेपाली श्रमिकहरूको पहुँच सरल र व्यवस्थित गर्ने उद्देश्यले श्रम प्रवासन नीति ल्याउने कार्य अन्तिम चरणमा पुगेको छ । युवा स्वरोजगार तथा रोजगार प्रशिक्षण कार्यक्रम र व्यवसायिक प्रशिक्षण तथा सीप विकास तालीम अन्तर्गत विभिन्न १७ ट्रेडमा ४ हजार जनालाई ३ महिने तथा ६ महिने सीप विकास तालीम, वैदेशिक रोजगार सम्बन्धी विशेष सीप विकास तालीम, युवा स्वरोजगार तालीम तथा रोजगार प्रशिक्षण कार्यक्रमहरू आदि सञ्चालन भएका छन् ।

**मन्जूषाः ७ (२)**

**श्रम तथा रोजगार नीति, २०६२**

**दीर्घकालीन उद्देश्य :**

मैत्रीपूर्ण लगानीको वातावरण सिर्जना गरी श्रम गर्ने उमेरका नागरिकहरूलाई उत्पादनशील, विभेदरहित, शोषणमुक्त, मर्यादित, सुरक्षित र स्वस्थ कामका अवसर प्रदान गर्नु र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने राष्ट्रिय अर्थ व्यवस्थाको निर्माणमा सहयोग पुऱ्याउन श्रम बजारको विकास र व्यवस्थापन गर्नु “श्रम तथा रोजगार नीति, २०६२” को दीर्घकालीन उद्देश्य रहेको छ ।

**उद्देश्यहरू :**

१. लगानी मैत्री वातावरण सिर्जना गरी मुलुकमा विद्यमान सबै जनशक्तिलाई उत्पादनशील र पूर्ण रोजगारीका अवसरहरू प्रदान गर्दै दीगो आर्थिक विकासको मार्ग प्रशस्त गर्ने ।

२. बाँधा श्रम लगायत बाध्यकारी प्रकृतिका श्रम अभ्यासलाई उन्मूलन गर्दै औपचारिक एवं अनौपचारिक क्षेत्रका कार्यस्थलमा क्रमिकरूपमा अन्तर्राष्ट्रिय श्रमका मापदण्डहरूलाई प्रचलनमा ल्याई सुमधुर श्रम सम्बन्धको स्थापना गर्दै उत्पादकत्वमा वृद्धि गर्ने ।

३. अनौपचारिक क्षेत्रलाई समेत समेट्ने गरी सामाजिक सुरक्षा प्रणालीको विकास गर्दै श्रम बजारलाई क्रमशः सुरक्षित, स्वस्थ, प्रतिस्पर्धी एवं लचिलो बनाउँदै लैजानुका साथै व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको प्रवर्द्धन र विकास गर्दै जाने ।

४. गुणस्तरीय बहुसीपयुक्त मानव संसाधनको विकास गरी रोजगार र स्वरोजगारका सम्भावनामा अभिवृद्धि गर्ने ।

५. रोजगारीमा महिला, दलित, जनजाति तथा विस्थापितहरूको समान पहुँच सुनिश्चित गर्ने ।

६. वालश्रमलाई उन्मुलन गर्ने ।

७. श्रम र रोजगार प्रशासनलाई चुस्त, दुरुस्त, सक्षम र प्रभावकारी बनाउने ।

*स्रोतः श्रम तथा रोजगार नीति, २०६२, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।*

७.२४ श्रम तथा रोजगार प्रवर्द्धन विभाग अन्तर्गत सञ्चालित रोजगार विनिमय सेवा आयोजनाले यस सम्बन्धमा केही महत्वपूर्ण कार्यहरू गर्दै रहेको छ । श्रम बजार सम्बन्धी सूचना सङ्कलन गर्ने, सर्वेक्षणका लागि प्रश्नावली तयार गरी ५ विषयको पाठ्क्रम तयार गर्न विशेषज्ञहरूसँग सम्पर्क गरिरहेको छ । यस सिलसिलामा पेण्टर, वेटर, हाउस किपिङ्ग, प्लम्बीङ्ग र जनरल मेकानिक्स विषयको पाठ्यक्रम तयार गरी सम्बन्धित निकायहरूमा पठाइसकिएको छ । यस आयोजनाले स्थापना काल आर्थिक वर्ष २०३७/३८ देखि श्रम बजार सूचनाको माग अनूरुप श्रम तथा रोजगार प्रवर्द्धन विभाग अन्तर्गत सञ्चालित सीप विकास तालीम केन्द्रहरू तथा व्यवसायिक प्रशिक्षण केन्द्रहरूको तालीममा एकरुपता र स्तरीयताको निमित्त अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को स्तर (Standard) अनुसार DACMM (Development of Curriculum Model) र MOESC (Module of Employable Skills Chart) अनुसार आर्थिक वर्ष २०६१/६२ सम्ममा जम्मा ९० वटा विभिन्न विषयका आधारभूत अर्धदक्ष (Semi–skill) तथा अभिवृद्धि (Upgrading) तालीमहरूको पाठ्यक्रम निर्माण तथा परिमार्जन गरी सकेको छ ।

७.२५ घरेलु तथा साना उद्योग विभाग अन्तर्गत विभिन्न सीप विकास र उद्यमशीलता विकास कार्यक्रमहरू सञ्चालन भएका छन् । दशौं योजनाले लिएको गरिवी निवारण गर्ने उद्देश्य अनुरुप घरेलु तथा साना उद्योग व्यवसायको प्रवर्द्धन एवं विकास गर्नका लागि आवश्यक सीप विकास र उद्यमशीलता विकास जस्ता कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरिदैं आएको छ । आर्थिक वर्ष २०६१/६२ मा सीप विकास तालीम कार्यक्रमहरूमा १ देखि ६ महिने तालीम २ हजार ७ सय जनालाई, छोटो अवधिको तालीम ८ सय १० जनालाई र

विशेष कार्यक्रम १ हजार ३ सय ५० जनालाई लक्ष्य गरी सञ्चालन गर्न प्रस्ताव भएकोमा लक्ष्य भन्दा बढी नै प्रगति भएको पाइएको छ । यसैगरी उद्यमशीलता विकास कार्यक्रम तालीम १ हजार ८ सय ९० जनालाई प्रदान गर्ने कार्यक्रम भएकोमा २ हजार ६ जनालाई तालीम दिइएको छ । आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा यस विभाग अन्तर्गत भएको सीप विकास तालीमहरू पनि उल्लेख्य रहेका छन् । यस वर्ष २ हजार जनालाई १ देखि ६ महिने अवधिको तालीम दिने लक्ष्य रहेकोमा प्रथम आठ महिनामा १ हजार १ सय ८५ जनालाई तालीम दिइसकिएको छ । छोटो अवधिको तालीम वार्षिक ७ सय जनालाई दिने लक्ष्य रहेकोमा प्रथम आठ महिनामा ६ सय ८ जनालाई र विशेष कार्यक्रम तालीम वर्ष भरीमा ७ सय २० जनालाई दिने लक्ष्य राखिएकोमा प्रथम आठ महिनामा ५ सय २० जनालाई तालीम दिइसकिएको छ । यस आर्थिक वर्ष २०६२/६३ मा १ हजार ८० द्वन्द्व पिडीत, दलित, जनजाति महिलालाई सीप विकास कार्यक्रम तालीम दिने कार्यक्रम राखिएकोमा प्रथम आठ महिनासम्म ६ सय ४ जनालाई सो तालीम दिइसकिएको छ । यसैगरी १ हजार ६ सय २० जनालाई उद्यमशीलता विकास तालीम दिने लक्ष्य रहेकोमा ८ सय ४५ जनालाई प्रथम आठ महिनाभित्र तालीम दिईसकिएको छ । यस प्रकार सीप विकास तालीमले स्वरोजगार बन्न र दक्षता अभिवृद्धि गरी उच्च सीपयुक्त रोजगारीको अवसर पहिल्याउन सक्ने अवसर प्रदान गरेको देखिएको छ ।

७.२६ रोजगार-स्वरोजगार प्रवर्द्धन गर्ने सन्दर्भमा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत पनि थुप्रै तालीमहरू सञ्चालन भएका छन् । महिला सशक्तीकरण र लैङ्गिक मूलप्रवाहीकरण कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०६१/६२ मा प्रशासनिक पदमा महिलाहरूको सहभागिता बढाउने उद्देश्यले १ सय जना महिलाहरूलाई लोक सेवा आयोगबाट लिइने ना. सु. स्तरको परीक्षाको तयारीका लागि विशेष तालीम कक्षाहरू सञ्चालन गर्ने कार्यक्रम रहेकोमा हेटौंडा र विराटनगरमा सो कार्यक्रम सञ्चालन गरी १ सय १८ जना महिलाहरूलाई प्रशिक्षण प्रदान गरिएको छ । यसैगरी एकल महिला समूह काठमाण्डौंलाई सीप मूलक तालीम सञ्चालनका लागि अनुदान दिइएको छ । यस मन्त्रालय अन्तर्गतको लैङ्गिक समानताको लागि मूलप्रवाहीकरण कार्यक्रम अन्तर्गत द्वन्द्व पीडित महिलाहरूको समूह सदस्यहरूलाई रु. १४ हजार बीउ पूँजी वितरण, केहीलाई उद्यमशीलता विकास तालीम, केहीलाई सीप विकास तालीम, ६१ जनालाई लैङ्गिक समानता (Gender Equality), मानव अधिकार र महिला महासन्धी (CEDAW) सम्बन्धी अभिमूखीकरण र ७८ जनालाई आत्मविश्वास विकास तालीम दिइएको छ । यसैगरी कार्यक्रम अन्तर्गत १ हजार २ सय ३० जना समूह सदस्यहरूलाई बचत तथा ऋण सम्बन्धी तालीम दिइएको छ । साथै लैङ्गिक सम्वेदनशील योजना तथा कार्यक्रम तय गर्ने उद्देश्यले जिल्ला स्तरीय लैङ्गिक केन्द्र विन्दुहरू (Gender Focal Points : GFPs) मा लैङ्गिक सवालमा तालीम दिइएको छ । साथै, यस कार्यक्रम अन्तर्गत महिलाहरूलाई नीति निर्माण तहमा सहभागी गराउन उप-सचिव पदका प्रतिस्पर्धि ३० जना उम्मेदवारहरूको लागि विशेष तयारी कक्षा सञ्चालन गरिएको छ भने निजामती सेवामा महिलाहरूको सेवा बढाउन स्नातक स्तरका ३ सय ३३ महिलाहरूलाई परामर्श गोष्ठी कार्यक्रम सम्पन्न गरिएको छ ।

७.२७ प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् अन्तर्गत आर्थिक वर्ष २०६१/६२ मा लामो अवधि र अल्पकालिन अवधिका तालीमहरू सञ्चालन भएका थिए । लामो अवधिको तालीम ८ हजार ५७ जनालाई पूरा गराउने लक्ष्य रहेकोमा ६ हजार ५ सय ५६ जनाले पूरा गरेका थिए भने अल्पकालिन तालीम अन्तर्गत ३ हजार ७ सय १५ जनालाई तालीम दिने कार्यक्रम रहेकोमा ५ हजार ५८ जनाले तालीम पूरा गरेका थिए । सीप परीक्षण परीक्षा सञ्चालन तर्फ

१ हजार जनाको परीक्षण गर्ने लक्ष्य रहेकोमा लक्ष्यको दोब्बर प्रगति भई २ हजार ३० जनाको सीप परिक्षण गर्न सकिएको छ । आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा ६ हजार जनालाई लामो अवधिको तालीम दिई सकिएको छ भने अल्पकालीन तालीम अन्तर्गत ४ हजार ९ सय ६३ जनालाई तालीम दिई सकिएको छ । यस आर्थिक वर्षको प्रथम आठ महिना भित्र ९ सय जनाको सीप परीक्षण गरिसकिएको छ ।

७.२८ नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानले आर्थिक वर्ष २०६१/६२ मा आन्तरिक स्रोत परिचालनबाट ११२२ र विकास कार्यक्रमतर्फ २८० जनालाई गरी कुल १४०२ जनालाई तालीम उपलब्ध गराएको छ । आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा आन्तरिक स्रोत परिचालनबाट ६४१ जनालाई तालीम दिइसकेको छ भने विकास कार्यक्रम तर्फबाट १०७ जनालाई तालीम प्रदान गरिसकिएको छ । एशियाली विकास बैंकको ऋण सहयोगमा निर्माण भएको ट्रेनिङ होटलको सम्पूर्ण निर्माण कार्य पूरा भइसकेको र उक्त ट्रेनिङ होटल पूर्ण व्यवहारिक तालीमको लागि प्रयोग भैरहेको छ । प्रतिष्ठानले ग्रामीण क्षेत्रमा पर्यटन व्यवसायको प्रवर्द्धन गर्न त्यस क्षेत्रका जनतामा पर्यटन व्यवसायमा लगानी गर्ने अभिरुची उत्पन्न गराउन पर्यटक मूलक व्यवसाय सञ्चालनार्थ आवश्यक तालीमहरू सञ्चालन गर्नुको साथै शहरी क्षेत्रका साना-ठूला सबै पर्यटक मूलक उद्योग तालीमको पहिचान गरी तालीम सञ्चालन गर्न आवश्यक पाठ्यक्रमहरू तयार गरेको छ । प्रतिष्ठानले पहिला बेसिक तथा सुपरभाइजरी तालीमहरू मात्र सञ्चालन गर्दै आइरहेकोमा आर्थिक वर्ष २०५४/५५ देखि एकोमोडेसन अपरेसनमा एक वर्षे डिप्लोमा कोर्ष र तीन वर्षे व्याचलर इन होटल म्यानेज्मेन्ट कोर्ष २०५६/५७ देखि सञ्चालन गरेको हो । यसैगरी तीन वर्षे व्याचलर इन ट्राभल एण्ड टुरिज्म मेनेज्मेन्ट कोर्ष आर्थिक वर्ष २०६०/६१ देखि सुरु भई ९० जनाको तीन व्याच सञ्चालन भइरहेको छ । यसरी पर्यटन सम्बन्धी विभिन्न थरिका व्यवसायिक तालीमहरू प्रदान गर्दै आएको नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको उल्लेखित गतिविधिबाट पर्यटन उद्योगमा आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनमा गुणात्मक एवं संख्यात्मक रूपमा वृद्धि भइरहेको छ । यस संस्थाले प्रदान गर्ने सीप तथा व्यवसायिक प्रकृतिका तालीमहरू प्रत्यक्ष रूपमा रोजगार मूलक भएबाट शिक्षित, अर्धशिक्षित युवा पिढीले रोजगारीको अवसर प्राप्त गर्न सक्ने सम्भावनाहरू बढाएको छ ।

७.२९ औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले पनि विभिन्न सीपमूलक तालीमहरू प्रदान गर्दै आएको छ । आर्थिक वर्ष २०६१/६२ मा सञ्चालन भएका कार्यक्रमहरूमा लघु व्यवसाय सिर्जना तालीम कार्यक्रम, प्रशिक्षकको लागि प्रशिक्षण तालीम, नयाँ व्यवसाय सिर्जना तालीम, लघु व्यवसाय विस्तार तथा विकास कार्यक्रम, विभिन्न विषयको अनुसन्धान सम्वन्धी तालीम कार्यक्रम, व्यवसाय चेतना अभिवृद्धि कार्यक्रम आदि नै प्रमुख हुन् । विशेषतः यी कार्यक्रमहरू स्वरोजगार हुनमा योगदान गर्ने प्रकारका छन् । यस प्रतिष्ठानले प्रदान गरेका प्रमुख तालीम कार्यक्रमहरूमा लघु व्यवसाय सिर्जना तालीम २ सय १० जनालाई, प्रशिक्षकको लागि प्रशिक्षण तालीम १ सय जनालाई, लघु व्यवसायमा विस्तार तथा विकास कार्यक्रम ३० जनालाई, व्यवसाय चेतना अभिवृद्धि कार्यक्रम ७५ जनालाई आदि प्रमुख हुन् । आर्थिक वर्ष २०६१/६२ मा वार्षिक लक्षको तुलनामा यस प्रतिष्ठानले ९० प्रतिशत भन्दा वढी उपलब्धी हासिल गरी रोजगार र स्वरोजगार सिर्जनामा योगदान दिएको छ । आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा पनि उपरोक्त कार्यक्रमहरू चालू नै रहेका र प्रगति विवरण संतोषजनक रहेको पाइनुले थप योगदान दिएको देखिन्छ ।

७.३० केही वर्षयतादेखि वैदेशिक रोजगारको खोजीमा जाने नेपालीहरूको संख्या निकै बढेको छ । आर्थिक वर्ष २०६०/६१ को अन्त्यसम्ममा संस्थागत रुपबाट ४ लाख ५३ हजार ७ सय बाइसजनालाई वैदेशिक रोजगारीमा जाने स्वीकृति प्रदान गरिएकोमा आर्थिक वर्ष २०६१/६२ को अन्त्यसम्ममा यो संख्या बढी ५ लाख ९१ हजार ४ सय पुगेको छ । आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा मात्र १ लाख २३ हजार २ सय ७९ जना वैदेशिक रोजगारीमा गएको देखिन्छ । समग्रमा आधिकारिक रुपबाट वैदेशिक रोजगारको खोजीमा जाने नेपालीहरूको संख्या २०६३ फाल्गुण मसान्तसम्म ७ लाख १४ हजार ६ सय ७९ पुगेको देखिन्छ । यसको विस्तृत विवरण तालीका ७ (क) मा प्रस्तुत गरिएको छ ।

## तालिका ७ (क) : देशगत वैदेशिक रोजगारी

| क.सं | मुलुक | आर्थिक वर्ष २०६१/६२ सम्मको कुल संख्या | आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनाको संख्या | कुल संख्या | प्रतिशत अंश |
|---|---|---|---|---|---|
| १ | साउदी अरब | १३१६८३ | १०८४४ | १४२५२७ | १९.९५ |
| २ | कतार | १४८१५२ | ३९३९७ | १८७५४९ | २६.२४ |
| ३ | यु. ए. ई. | ६३५८५ | १०८२४ | ७४४०९ | १०.४२ |
| ४ | बहराइन | ४८५३ | ३२९ | ५१८२ | ०.७३ |
| ५ | कुवेत | ८७६० | ४७१ | ९२३१ | १.२९ |
| ६ | ओमान | ७५८ | २८ | ७८६ | ०.११ |
| ७ | हङ्गकङ्ग | ३१६७ | ९७ | ३२६४ | ०.४५ |
| ८ | मलेसिया | २२०५०५ | ६०५४१ | २८१०४६ | ३९.३२ |
| ९ | कोरिया | ५४८० | ३१ | ५५११ | ०.७७ |
| १० | अन्य मुलुकहरू | ४४५७ | ७१७ | ५१७४ | ०.७२ |
| | १०.१ इजरायल | - | ५९२ | - | - |
| | १०.१.१ इजरायलमा महिला मात्र | - | ५६८ | - | - |
| | जम्मा | ५९१४०० | १२३२७९ | ७१४६७९ | १००.०० |

*स्रोत : श्रम तथा रोजगार प्रवर्द्धन विभाग ।*

७.३१ वैदेशिक रोजगारीको खोजीमा जाने नेपालीहरूको प्रवृत्ति हेर्दा सबै भन्दा बढी नेपाली रोजगारीका लागि जाने मुलुक मलेसिया भएको छ, जहाँ २ लाख ८१ हजार ४६ (३९.३३ प्रतिशत) नेपालीहरू रोजगारीका लागि पुगेका छन् भने दोस्रो ठूलो मुलुक कतार (२६.२३ प्रतिशत) र तेस्रो ठूलो मुलुक साउदी अरब (१९.९४ प्रतिशत) हुन पुगेको छ । त्यसैगरी यु. ए. ई. मा पनि करिब ७४ हजार नेपालीहरू कामको खोजीमा पुगेको देखिएको छ ।

७.३२ चालू आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा मात्र अर्थात यस आर्थिक वर्षको सुरुदेखि फाल्गुण मसान्तसम्म कुल १ लाख २३ हजार २ सय ७९ जना वैदेशिक रोजगारीको

खोजीमा विदेश गएका र सो मध्ये मलेसियामा मात्र करिब ६० हजार ५ सय पुगेका छन् । यसैगरी कतारमा करिब ३९ हजार ४ सय र साउदी अरेवीयामा १० हजार ८ सय नेपालीहरू यस आर्थिक वर्षको प्रथम आठ महिनामा पुगेका छन् ।

७.३३ तालीका ७ (क) मा उल्लेख भएको अन्य मुलुकहरू अन्तर्गत यस आर्थिक वर्षको प्रथम आठ महिनामा ७ सय १७ जना नेपालीहरू वैदेशिक रोजगारीको खोजीमा विदेश गएकोमा ५ सय ९२ जना इजरायलमा मात्र गएको पाइएको छ । यस प्रकार परम्परागत गन्तव्य देशहरूको प्रवृत्तिको तुलनामा इजरायल नयाँ गन्तव्य देश भएको छ । अझै चाख लाग्दो प्रवृति के देखिएको छ भने कुल ५ सय ९२ जना इजरायलमा गएका नेपालीहरू मध्ये ५६८ जना (९५.९५ प्रतिशत) त महिला मात्र गएको पाइएको छ ।

७.३४ श्रम तथा रोजगार प्रवर्द्धन विभागका अनुसार आर्थिक वर्ष २०६१/६२ मा वैदेशिक रोजगारी सम्बन्धमा भएका उजुरी, दावी रकम, फरफारक रकम, अदालतमा दायर भएका मुद्दाहरू, खारेज भएका कम्पनीहरू, नयाँ मेनपावर सम्वन्धी संस्था दर्ता, नवीकरण तथा वैदेशिक श्रम स्वीकृतिको विवरण मन्जूषा ७ (३) मा उल्लेख गरिएको छ ।

**मन्जूषाः ७ (३)**

**आर्थिक वर्ष २०६१/६२ मा उजुरी, दर्ता, नवीकरण र श्रम स्वीकृति**

१) **उजुरी :**

- व्यक्तिगत उजुरी संख्या : ३०५
- व्यक्तिगत उजुरी दावी रकम : रु. १५,९६,८६,८२४।-
- व्यक्तिगत उजुरी फरफारक रकम : रु. १,४४,१०,६२५।-
- कम्पनीको तर्फबाट उजुरीको संख्या : ५००
- कम्पनीको तर्फबाट उजुरी दावी रकम : रु. ६,५०,७०,०८४।-
- कम्पनीको तर्फबाट फरफारक रकम : रु. २,२७,७८,०१५।-
- काठमाण्डौं जिल्ला अदालतमा मुद्दा दायर संख्या : ७५
- खारेजी भएका कम्पनी : १६

२) **संस्था दर्ता :**

- ४४ वटा मेनपावर कम्पनी दर्ता भएको ।
- अभिमुखीकरण तालीम सञ्चालन गर्न २९ संस्थालाई सूचीकृत गरिएको ।
- अभिमुखीकरण तालीम खारेजी १ (एक)
- वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त मेनपावर कम्पनीको शेयर दाखिला खारेज संख्या : ६ (छ) ।
- मेनपावर कम्पनीको नवीकरण संख्या : ३३४

३) **ट्रेड यूनियन दर्ता/नवीकरण तर्फः**

- ट्रेड यूनियन संघ दर्ता संख्या १६
- महासंघ दर्ता संख्या १
- ट्रेड यूनियन संघको नवीकरण संख्या १५

४) **श्रम स्वीकृतिः**

विदेशी नागरिकलाई नेपालमा काम गर्न श्रम स्वीकृति प्रदान गरिएको संख्या १३७ ।

*स्रोत :श्रम तथा रोजगार प्रवर्द्धन विभाग*

## चुनौतीहरू

### गरिवी निवारण तर्फ

७.३५ नेपालमा परम्परागत पेशा कृषिलाई भरपर्दो रूपमा विकास गर्न नसकिएकोले अर्ध रोजगारी र सुषुप्त रोजगारी अझै कायम देखिन्छ । फलतः कृषि व्यवसाय निर्वाहमूखी भई कम उत्पादन र कम आम्दानीमूलक पेशा हुन पुगेकोले गरिवी निवारणमा यसै क्षेत्र र यस अन्तर्गतका अनेक उप-क्षेत्रहरूको विकास गर्नु पर्ने चुनौती यथावत छ ।

७.३६ गैर-कृषि क्षेत्रगत कृयाकलापहरू सुविधा सम्पन्न सहरी क्षेत्रमा केन्द्रीत रहनु र ती कृयाकलापहरूका असरहरूको ग्रामीण क्षेत्रतर्फको प्रवाहमा समस्या देखिएकोले गरिवीमा क्षेत्रगत विषमता स्पष्ट छ । यो विषमता कम गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

७.३७ मानव विकास सूचकाङ्क र मानव सशक्तीकरण सूचकाङ्कहरू अझै न्यून रहेका छन् । गरिवीको परिभाषामा आर्थिक, सामाजिक र राजनैतिक आयामहरू समावेश हुने हुनाले सवै पक्षलाई सन्तुलित ढंगले अगाडि बढाउनु पर्ने चुनौती रहेको छ ।

७.३८ गरिवी निवारण गर्ने सन्दर्भमा गरिव जनसंख्या, गरिवीको विषमता र गरिवीको गहनता सवैलाई सम्वोधन गर्ने नीति र कार्यक्रमको खाँचो अझै महसूस भई रहनुले यस्ता नीति र कार्यक्रमको अभावको सामायिक परिपूर्ति गर्ने चुनौती रही रहेको छ ।

### रोजगारी तर्फ

७.३९ सीप, तालीम र योग्यतायुक्त जनशक्तिलाई वैदेशिक रोजगारीमा पठाउन सके आम्दानी र प्रतिष्ठा वृद्धि हुन सक्ने सम्भावना भएकोले कोरा जनशक्तिलाई कसरी स्तरयुक्त जनशक्ति बनाउने भन्ने चुनौती विद्यमान रहेको देखिन्छ ।

७.४० देशगत (Country Specific) माग पक्ष (Demand Side) लाई बुझेर त्यसको आपूर्ति पक्षलाई कसरी व्यवस्थित गर्न सकिन्छ सो बारेमा विचार गर्ने वेला आइसकेको भएता पनि यसो गरी तालीम र शिक्षा दिई अभिमूखीकरण सहितको आपूर्ति व्यवस्था सुधार्न सकिएको छैन । न त देशगत माग पक्षको सूचना सङ्कलन, प्रक्षेपण र विश्लेषण गर्न नै सकिएको छ । यी दुवै पक्षहरू चुनौतीपूर्ण रहेको देखिन्छ ।

७.४१ विदेशमा काम गर्न जाने प्रकृया र विदेशमा रहँदा देखिएका अनेकन विकृतिहरूलाई सुधार्न अझै बाँकी छ ।

७.४२ देशमा दिइने तालीमहरू पर्याप्त नभएका र तीनको स्तर निर्धारणको समस्या पनि यथावतै छ ।

# ८. कृषि, उद्योग र पर्यटन

## कृषि

### उत्पादन स्थिति

८.१ चालू आर्थिक वर्ष २०६२/६३ मा नेपाल अधिराज्यको कुल खाद्यान्न उत्पादन (धान, गहुँ, मकै, कोदो, जौ) अघिल्लो वर्षको तुलनामा करिब १ लाख ११ हजार मेट्रिक टन अर्थात १.४३ प्रतिशतले घट्न गई ७६ लाख ५६ हजार मे. टन हुने प्रारम्भिक अनुमान छ। गत आर्थिक वर्षमा यस्तो उत्पादन ७७ लाख ६७ हजार मे. टन हुने अनुमान गरिएको थियो। आर्थिक वर्ष २०६२/६३ मा खाद्यान्न बालीले ढाकेको कुल क्षेत्रफल ०.२३ प्रतिशतले वृद्धि भई ३३ लाख ६० हजार हेक्टर पुग्ने अनुमान छ। कृषि बालीले ढाकेको क्षेत्रफलको वृद्धिदर र कृषि उत्पादनको घट्दो दरले कृषि क्षेत्रमा उपलब्धी सन्तोषजनक रहेन। चालू आर्थिक वर्षमा प्रतिकूल मौसमको कारणले धान, गहुँ र जौ बालीको उत्पादनमा समेत कमी आएकोले समस्त खाद्यान्न बालीको उत्पादनमा असर पर्न गएको छ।

८.२ आर्थिक वर्ष २०६२/६३ मा तेलहन बाली (तोरी, सर्स्यू, सूर्यमुखी आदि) को उत्पादन गत वर्ष भन्दा १.८८ प्रतिशतले कमी भई १ लाख ३९ हजार मे. टन हुने अनुमान गरिएको छ। क्षेत्रफलमा नगन्य वृद्धि भई १ लाख ८८ हजार हेक्टर पुग्ने प्रारम्भिक अनुमान छ। यसवर्ष तेलहन बाली लाग्ने तराईका प्रमुख जिल्लाहरूमा हिउँदे वर्षा नभएको तथा केही स्थानमा ढिलो वर्षा भएको कारण तेलहन बालीको उत्पादन घट्न गएको अनुमान छ। चालू आर्थिक वर्षमा आलु बालीको क्षेत्रफल एवं उत्पादन दर वृद्धि हुने अनुमान छ भने सूर्तिबालीको उत्पादन घट्न जाने अनुमान छ। त्यस्तै उखुबालीको क्षेत्रफल र उत्पादनमा वृद्धि हुने अनुमान छ भने जुटबालीको उत्पादन, क्षेत्रफल तथा उत्पादकत्व पनि वृद्धि हुने अनुमान छ।

८.३ यस आर्थिक वर्षमा कुल दलहन बालीको उत्पादन अघिल्लो वर्षको तुलनामा १.४२ प्रतिशतले घट्न गई २ लाख ७१ हजार मे. टनबाट २ लाख ६७ हजार मे. टन हुने अनुमान छ। त्यस्तै फलफूलको उत्पादन २.४ प्रतिशतले घट्न गई ५ लाख ४८ हजार मे. टनबाट ५ लाख ३५ हजार मे. टन हुने अनुमान गरिएको छ। यस आर्थिक वर्षमा तरकारी बालीको उत्पादन ४.८६ प्रतिशतले वढ्न जाने अनुमान गरिएको छ। अन्य बालीको साटो प्रमुख नगदेबालीको रूपमा हालका दिनहरूमा तरकारी खेती गर्ने गरिएका कारण यसको क्षेत्रफल तथा उत्पादनमा निरन्तर वृद्धि हुँदै गएको पाइएको छ र यसबाट संलग्न कृषकको जीवनस्तरमा समेत उल्लेख्य सुधार आएको अनुमान छ।

८.४ आर्थिक वर्ष २०६१/६२ मा मुख्य कृषि बालीहरूको उत्पादनमा खाद्यान्न बालीहरूको अंश ६५.५ प्रतिशत तथा नगदे बालीहरूको अंश ३४.५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा खाद्यान्न बालीहरूको अंश ६२.५ प्रतिशत तथा नगदे बालीहरूको अंश ३७.५ प्रतिशत रहने अनुमान छ। त्यस्तै आर्थिक वर्ष २०६१/६२ मा जस्तै आर्थिक वर्ष २०६२/६३ मा पनि कुल बाली लगाइएको क्षेत्रफल मध्ये खाद्यान्न बालीले ढाकेको क्षेत्रफल तथा नगदे बालीले

ढाकेको क्षेत्रफलको अंशमा खासै परिवर्तन नआई यिनीहरूको अंश क्रमशः ८९.० प्रतिशत तथा ११.० प्रतिशत रहने अनुमान छ ।

## मुख्य खाद्यान्न बालीको उत्पादन स्थिति

८.५ **धान** : प्रमुख खाद्यान्न बालीमा आधा भन्दा बढी हिस्सा ओगटेको धानको उत्पादन दर घट्न जाने अनुमान छ भने धान उत्पादन गर्ने क्षेत्रफलमा सामान्य वृद्धि हुने र उत्पादन दरमा ह्रास आउने अनुमान छ । चालू आर्थिक वर्षमा धानको उत्पादन गत आर्थिक वर्षको तुलनामा १.८८ प्रतिशतले घट्न गई ४२ लाख ९० हजार मे. टनबाट ४२ लाख ९ हजार मे. टन मात्र हुने अनुमान छ। धान बाली लगाइएको क्षेत्रफलमा गत वर्षको तुलनामा ०.५० प्रतिशतको सामान्य वृद्धि भई १५ लाख ४९ हजार हेक्टर पुग्न जाने र उत्पादन दर भने २.३५ प्रतिशतले घट्न गई २ हजार ७ सय १७ के.जी. प्रति हेक्टर पुग्ने अनुमान रहेको छ। आषाढको अन्तिम सातादेखि श्रावणको मध्यसम्मको सुख्खाले धान रोपाई ढिलो हुन गई छिपिएको विउ प्रयोग हुनुका कारण उत्पादकत्व घटेको तथा कार्तिक महिनाको सुरुमा परेको वर्षा र हिमपातले धानबालीको समग्र उत्पादनमा थप प्रभाव पर्न गएको थियो ।

८.६ **मकै** : यस वर्षमा मकैको उत्पादन गत वर्षको १७ लाख १६ हजार मे. टनको तुलनामा १.०७ प्रतिशतले सामान्य वृद्धि आई १७ लाख ३४ हजार मे. टन हुने अनुमान छ। यसवर्ष मकै लगाइएको क्षेत्रफल र उत्पादन दरमा क्रमशः ०.१२ र ०.९५ प्रतिशतले वृद्धि भई ८ लाख ५१ हजार हेक्टर र २ हजार ३८ के.जी. प्रति हेक्टर हुने अनुमान छ। समग्रमा मकैको उत्पादनमा लामो खडेरीले गर्दा विगत वर्षको तुलनामा सन्तोष जनक वृद्धि भएको छैन् ।

८.७ **गहुँ** : आर्थिक वर्ष २०६२/६३ मा गहुँको उत्पादन गत आर्थिक वर्षको तुलनामा ३.३५ प्रतिशतले ह्रास भई १३ लाख ९४ हजार मे. टन हुने अनुमान गरिएको छ । गहुँको उत्पादनमा ५ वर्ष पछि पहिलोपटक कमी देखिनुको मुख्य कारण हिउँदे वर्षा नभएको, खेती गरिएको क्षेत्रफलमा कमी भएको साथै कृषि सामग्रीको आपूर्ति समेत प्रभावित भएबाट कुल गहुँको उत्पादन घट्न गएको अनुमान छ । गहुँ खेती गरिएको क्षेत्रफल ०.५६ प्रतिशतले कमी भई ६ लाख ७२ हजार हेक्टर रहेको अनुमान छ जुन गत वर्ष ६ लाख ७५ हजार हेक्टर थियो ।

८.८ **जौ** : जौ बालीले ओगटेको क्षेत्रफल तथा जौको उत्पादन घट्ने अनुमान छ। जौ बालीको क्षेत्रफल ०.७६ प्रतिशतले ह्रास भएकोले उत्पादन समेत ४.५५ प्रतिशतले घट्ने अनुमान छ। यस वर्ष जौ खेती गरिएको कुल क्षेत्रफल २६ हजार २ सय २७ हेक्टर तथा उत्पादन २७ हजार ७ सय ८६ मे. टन रहने अनुमान छ। जौको उत्पादन एवं क्षेत्रफल घट्नुमा कृषकको अन्य बालीतर्फको रुची र प्रतिकूल मौसम नै प्रमुख कारणको रूपमा रहेको देखिन्छ।

८.९ **कोदो** : यस आर्थिक वर्षमा कोदोको उत्पादनमा ०.३८ प्रतिशतले वृद्धि भई गत वर्षको २ लाख ९० हजार मे. टनबाट करिब २ लाख ९१ हजार मे. टन रहने अनुमान छ। यस वर्ष केही जिल्लाहरूमा धान लगाउन नसकेको र त्यस्ता केही क्षेत्रमा कोदो खेती गरिएकोले यसको खेती गरिएको क्षेत्रफलमा १.०९ प्रतिशतले वढ्न गएको अनुमान छ । अनपेक्षीत मौसमकै कारण उत्पादकत्व ०.७१ प्रतिशतले घट्न गई गत वर्षको १ हजार १ सय २० के.जी. प्रति हेक्टरबाट १ हजार १ सय १२ के.जी. प्रति हेक्टरमा झर्ने अनुमान गरिएको छ।

## नगदे बालीको उत्पादन स्थिति

८.१० **उखु** : प्रमुख औद्योगिक बालीको रूपमा रहेको उखु लगाइएको क्षेत्रफल यस वर्ष ५.० प्रतिशतले बढ्न गई ६२ हजार हेक्टर रहन गएको छ भने उत्पादनमा ३.६४ प्रतिशतले वृद्धि भई २४ लाख ६३ हजार मे. टन उखु उत्पादन हुने अनुमान छ।

८.११ **तेलहन** : चालू आर्थिक वर्षमा तेलहन बालीको उत्पादन गतवर्ष भन्दा १.८८ प्रतिशतले कमी भई १ लाख ३९ हजार मे. टन हुने अनुमान गरिएको छ । तेलहन लगाइएको क्षेत्रफलमा भने नगन्य वृद्धि भई १ लाख ८८ हजार हेक्टर पुग्ने प्रारम्भिक अनुमान छ। यस वर्ष तेलहन बाली लाग्ने तराईका प्रमुख जिल्लाहरूमा हिउँदे वर्षा नभएको वा ढिलो भएका कारण तेलहन बालीको उत्पादन घट्न गएको अनुमान छ।

८.१२ **आलु** : चालू आर्थिक वर्षमा आलुको उत्पादन, खेती गरिएको क्षेत्रफल र उत्पादन दर क्रमशः १३.५७, २.७८ र १०.५ प्रतिशतले वृद्धि हुन गई उत्पादन १९ लाख ७५ हजार मे. टन, क्षेत्रफल १ लाख ५१ हजार हेक्टर र उत्पादन दर १३.१ मे. टन प्रति हेक्टर हुने अनुमान गरिएको छ । उन्नत प्रविधि र बिउको प्रयोगका कारण आलु बालीको उत्पादकत्व हालका वर्षहरूमा उल्लेख्य रूपमा बढ्दै गएको छ।

८.१३ **सूर्ती** : सूर्ती बालीको उत्पादन यस वर्ष ९.८८ प्रतिशतले घट्न गई २ हजार ७ सय १८ मे. टन हुने अनुमान छ। विगत वर्षहरूदेखि नै यसको खेति गरिएको क्षेत्रफल घट्ने क्रमः जारी नै रहेको देखिन्छ। सूर्ती बाली लगाइएको क्षेत्रफल गत वर्ष ३ हजार हेक्टर रहेको अनुमान गरिएकोमा यस वर्ष करिब ९.० प्रतिशतले घट्न गई २ हजार ७ सय ३३ हेक्टरमा सीमित रहेको अनुमान छ। सूर्ती बालीतर्फ कृषकहरूको रुची घट्दै गएका कारण यस्तो हुन गएको अनुमान छ।

८.१४ **जुट** : पूर्वाञ्चलका ६ वटा जिल्लाहरू झापा, मोरङ, सुनसरी, सप्तरी, सिराहा तथा उदयपुरमा मात्र खेती गरिने जुटबालीको उत्पादन, क्षेत्रफल तथा उत्पादकत्व यस वर्ष क्रमशः ५.७, २.२ तथा ३.५ प्रतिशतले वृद्धि हुने अनुमान छ।

८.१५ **दलहन** : यस आर्थिक वर्षमा नेपालमा कुल दलहनको उत्पादन अघिल्लो वर्षको तुलनामा १.४२ प्रतिशतले घट्न गई २ लाख ७१ हजार मे. टनबाट २ लाख ६७ हजार मे. टनमा सीमित रहने अनुमान छ। खेती गरिएको क्षेत्रफल तर्फ पनि १.०२ प्रतिशतले कमी आई ३ लाख १७ हजार हेक्टरबाट ३ लाख १३ हजारमा झर्ने अनुमान छ। वर्षे दलहन बालीहरूमा राम्रो उत्पादन भएता पनि हिउँदे दलहन बालीको उत्पादनमा कमी आएका कारण समग्र दलहनको उत्पादनमा कमी आएको हो।

### तालिका ८ (क) : कृषि बालीको उत्पादकत्व

(**के.जी. / हेक्टर**)

| **उत्पादनहरू** | **आर्थिक वर्ष** | |
|---|---|---|
| | २०६१/६२ | २०६२/६३* |
| खाद्यान्न बालीहरू | २३१७ | २२७९ |
| धान | २७८२ | २७१७ |

| | | |
|---|---|---|
| मकै | २०१९ | २०३८ |
| गहुँ | २१३४ | २०७४ |
| कोदो | ११२० | १११२ |
| जौ | ११०१ | १०५९ |
| दलहन बाली | ८५६ | ८५३ |
| बागबानी बाली | | |
| आलु | ११८४६ | १३०९० |
| तरकारी | ११५०० | ११५०० |
| फलफूल | ९९६४ | ९४७६ |

** अनुमान ।*
*स्रोत : कृषि व्यवसाय प्रवर्द्धन तथा तथ्याङ्क महाशाखा, कृषि तथा सहकारी मन्त्रालय ।*

## अन्य बालीहरूको उत्पादन स्थिति

८.१६ **फलफूल** : गत वर्षको तुलनामा फलफूलको उत्पादन २.४ प्रतिशतले घट्न गई ५ लाख ४८ हजार मे. टनबाट ५ लाख ३५ हजार मे. टन पुग्ने अनुमान गरिएको छ । फलफूल खेती गरिएको क्षेत्रफल भने २.६३ प्रतिशतले वृद्धि भई ५५ हजारबाट ५६ हजार ४ सय ४५ हेक्टर पुग्ने अनुमान छ। आँप तथा स्याउको उत्पादनमा समेत कमी आएका कारण फलफूलको कुल उत्पादन घट्न जाने अनुमान छ ।

८.१७ **तरकारी** : यस आर्थिक वर्षमा तरकारी बालीको उत्पादन ४.८६ प्रतिशतले बढ्न गई गत वर्षको २० लाख ८१ हजारबाट २१ लाख ८२ हजार मे. टन पुग्ने अनुमान गरिएको छ। तरकारी बालीले ढाकेको क्षेत्रफल १ लाख ८९ हजार हेक्टर रहने अनुमान छ। अन्य बालीहरूको साटो प्रमुख नगदे बालीको रूपमा तरकारीको खेती गर्न कृषकहरू आकर्षित भएका कारण यसले ढाकेको क्षेत्रफल तथा उत्पादन दुवैमा निरन्तर वृद्धि भएको पाइएको छ ।

८.१८ **मसला बाली** : मसला बालीहरू जस्तै अदुवा, लसुन, बेसार, अलैंची आदिको खेती गरिएको क्षेत्रफल तथा उत्पादनमा सामान्य वृद्धि भएको पाइएको छ । लसुन, बेसार आदिमा खेती गरिएको क्षेत्रफल, उत्पादन र उत्पादकत्व सबै बढ्न गएको छ । यसवर्ष खुर्सानी बाली लगाइएको क्षेत्रफल, उत्पादन र उत्पादकत्वमा उत्साहजनक प्रगति भएको पाइएको छ ।

८.१९ **चिया, कफी तथा कपास** : चिया, कफी तथा कपास जस्ता औद्योगिक बालीहरू मध्ये चिया, कफी तथा कपास लगाइएको क्षेत्रफल तथा उत्पादनमा उल्लेख्य वृद्धि भएको अनुमान छ ।

८.२० **मह** : यस वर्ष मौरी घारमा गत वर्षको तुलनामा १.६२ प्रतिशतले वृद्धि भई १ लाख ३२ हजार १ सय पुग्ने अनुमान छ जुन गत वर्ष १ लाख ३० हजार घार थिए । कुल मह उत्पादन गत वर्षको तुलनामा करिब २२.० प्रतिशतले वृद्धि भई ७ सय ३४ मे. टन पुग्ने अनुमान छ । जङ्गली मौरीहरू मुढे, खोपे आदिको घारमा कमी भएता पनि आधुनिक मौरीहरू सेरेना तथा मोलीफेरा आदिमा वृद्धि आएका कारण समग्र मह उत्पादनमा वृद्धि आएको हो ।

८.२१ **पुष्प खेती** : यस वर्ष करिब रु. २१ करोड ६२ लाख बराबरको पुष्पखेतीको कारोवार भएको अनुमान छ । गत वर्ष भन्दा यो अंक करिब रु. १ करोडले बढी छ ।

## पशुजन्य उत्पादन स्थिति

८.२२ **पशुपंछी संख्या** : आर्थिक वर्ष २०६२/६३ मा नेपालमा गाई/गोरुको संख्या गतवर्षको तुलनामा ०.१२ प्रतिशतले वृद्धि भई करिब ७० लाख ३ हजार रहेको अनुमान छ । त्यस्तै भैंसी/राँगाको संख्या गत वर्षको तुलनामा ३.०२ प्रतिशतले वृद्धि भई ४२ लाख ५ हजार पुगेको अनुमान छ । भेडा/भेडीको संख्या गतवर्षको तुलनामा ०.५७ प्रतिशतले घट्न गई ८ लाख १२ हजार रहेको, बाख्रा/बोकाको संख्या ३.७५ प्रतिशतले वृद्धि भई ७४ लाख २२ हजार रहेको र संगुर/बंगुरको संख्या पनि गत वर्षको दांजोमा १.३८ प्रतिशतले वृद्धि भई ९ लाख ६१ हजार पुग्न गएको अनुमान छ । पंछी तर्फ आर्थिक वर्ष २०६२/६३ मा कुखुराको संख्यामा अघिल्लो वर्षको तुलनामा १.८९ प्रतिशतले वृद्धि भई २ करोड २८ लाखबाट २ करोड ३२ लाख पुग्ने अनुमान गरिएको छ । वर्ड फ्लूको हल्लाका कारण कुखुरा उत्पादन आशा गरिए अनुरुप वृद्धि हुन नसकेको हो । त्यस्तै हाँसको संख्या ०.२७ प्रतिशतले बढ्न गई करिब ३ लाख ९३ हजार पुग्ने अनुमान छ ।

८.२३ **दूध** : चालू आर्थिक वर्षमा गाई र भैंसीबाट (नाक र चौंरी बाहेक) करिब १३ लाख १२ हजार मे. टन दूध उत्पादन हुने अनुमान छ जुन गत वर्षको तुलनामा २.९७ प्रतिशतले बढी छ । कुल दूध उत्पादन मध्ये गाईबाट २९.४ प्रतिशत र भैंसीबाट ७०.६ प्रतिशत योगदान रहेको अनुमान छ ।

८.२४ **मासु** : कुल मासु उत्पादन गत वर्षको तुलनामा २.०३ प्रतिशतले वृद्धि भई २ लाख १९ हजार मे. टन हुने अनुमान रहेको छ । कुल मासु उत्पादन मध्ये राँगाबाट ६४.८ प्रतिशत, भेडाबाट १.२ प्रतिशत, खसी/बोकाबाट १९.५ प्रतिशत, बंगुरबाट ७.२ प्रतिशत, कुखुराबाट ७.१ प्रतिशत र हाँसबाट ०.१० प्रतिशत उत्पादन हुने अनुमान छ ।

८.२५ **फुल** : कुल फुल उत्पादन गत वर्षको ५९ करोड १ लाख गोटाबाट १.३२ प्रतिशतले वृद्धि भई ५९ करोड ७९ लाख गोटा हुने अनुमान छ । जसमध्ये कुखुराबाट ९७.७ प्रतिशत र हाँसबाट २.३ प्रतिशत उत्पादन हुने अनुमान छ ।

८.२६ **मत्स्य** : आर्थिक वर्ष २०६२/६३ मा कुल माछाको उत्पादन गत वर्षको तुलनामा ७.७४ प्रतिशतले वृद्धि भई ४५ हजार ७ सय मे. टन हुने अनुमान छ । गत वर्ष यस्तो उत्पादन ४२ हजार ५ सय मे. टन रहेको थियो । कुल माछा उत्पादन मध्ये करिब ५०.० प्रतिशत माछा पोखरीबाट र बाँकी अन्य प्राकृतिक स्रोतबाट उत्पादन हुने अनुमान गरिएको छ ।

## मौसमी प्रभाव

८.२७ गत आषाढको अन्तिम हप्तादेखि श्रावणको मध्यसम्ममा परेको लामो खडेरीले विशेषत पूर्वाञ्चल र मध्यमाञ्चलका तराई जिल्लाहरूमा नराम्रो असर पाऱ्यो । यस क्षेत्रमा सो समयमा औषत भन्दा आधा मात्र वर्षा भयो । अर्कोतिर सोही अवधिमा सुदूर पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल र पश्चिमाञ्चल क्षेत्रका तराई जिल्लाहरूमा राम्रो वर्षा भएको कारण धान बालीमा राम्रो प्रभाव पर्न गएको थियो । जेष्ठ महिनामा औषतको ६४.० प्रतिशत, असार महिनामा ९३.० प्रतिशत, श्रावण महिनामा ११७.० प्रतिशत र भाद्र महिनामा ७३.० प्रतिशत वर्षा भएको थियो । यसरी श्रावण महिनामा मात्र औषत भन्दा बढी वर्षा भएको र अरु महिनामा कम वर्षा भएका कारण वर्षे बाली विशेषत धान बालीको उत्पादनमा

नकारात्मक प्रभाव पर्‍यो । मकै बालीलाई पनि प्रतिकूल वर्षा एवं खडेरीका कारण नराम्रो प्रभाव पर्न गयो । हिउँदे बाली खासगरी गहुँ, तोरी, दलहन तथा फलफूलहरूको लागि पनि मौसम प्रतिकूल रहन गयो । मंसीर, पुष, माघ र फाल्गुण चारै महिनामा हिउँदे वर्षा औषत भन्दा निकै कम पर्न गई गत २५ वर्षको सबैभन्दा सुख्खा हिउँदको रूपमा यो वर्ष रहन गएको छ । यस वर्ष सबैभन्दा ठूलो प्राकृतिक प्रकोपको रूपमा सुख्खा नै देखियो । सुख्खाको प्रतिकूल असर वर्षेबाली मध्ये खास गरी धान र समस्त दिउँदे बालीहरूमा अधिक रहेको पाइयो ।

## रासायनिक मल तथा उन्नत वीउ-वीजन

८.२८ **रासायनिक मल** : कृषि सामग्री कम्पनी लि. को स्थापना भएपछि मुलुकमा किसानहरूको माग अनुसार सो कम्पनीले रासायनिक मल सर्वसुलभ रूपमा बिक्री वितरण गर्दै आएको छ । आपूर्ति व्यवस्थालाई निरन्तरता दिन कम्पनीले आवश्यकता अनुसार सिधै उत्पादक संस्था, निजको अधिकृत वितरक वा मलको कारोवारमा विशिष्ठता प्राप्त व्यापारिक संस्थाबाट मल खरिद गर्दै आएको छ । कम्पनीले रासायनिक मलको अतिरिक्त अन्य रासायनिक मल, सूक्ष्मतत्व मल तथा जैविक मल एवं अन्य कृषि उपजहरूको कारोवार गर्ने सम्वन्धमा अध्ययन प्रारम्भ गरिरहेको छ । आर्थिक वर्ष २०६१/६२ मा कृषि सामाग्री कम्पनी लिमिटेडबाट रासायनिक मलको आपूर्ति न्यूट्रियन्टमा १८ हजार ४ सय ५८ मे. टन भएको छ । आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनामा कृषि सामग्री कम्पनी लिमिटेडबाट न्युट्रियन्टमा ८ हजार ९ सय ९ मे. टन रासायनिक मल वितरण भएकोमा आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा न्यूट्रियन्टमा ७ हजार २ सय ६८ मे. टन रासायनिक मल वितरण भएको छ ।

८.२९ **उन्नत वीउ-वीजन** : वीउ-वीजनको कारोवारमा निजी क्षेत्रसँग प्रतिस्पर्धा गराउने नीति अनुरुप राष्ट्रिय वीउ-वीजन कम्पनी लिमिटेडले गुणस्तरयुक्त वीउ-वीजन किसानहरूको घर दैलोसम्म पुऱ्याउन डिलरहरू मार्फत बिक्री वितरण गर्दै आएको छ । कम्पनीले आफ्नो लक्ष्य अनुसार वीउ-वीजन बिक्री वितरणको लागि आफ्नो फार्म तथा किसानहरूसँगको वीज वृद्धि कार्यक्रमबाट गुणस्तरयुक्त वीउ सङ्कलन गरी रोगनाशक विषादीले उपचार गरी स्थानीय स्तरमै बिक्री वितरण गर्दै आएको छ । आर्थिक वर्ष २०६१/६२ मा राष्ट्रिय वीउ-वीजन कम्पनीबाट ५ सय १० मे. टन धानको, २ हजार २ सय ३७ मे. टन गहुँको, र मकैको १.५४३ मे. टन वीउ-वीजन वितरण भएको छ । आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा कम्पनीले धानको १ सय ३० मे. टन, गहुँको २ हजार ८ सय १० मे. टन र मकैको ६.११० मे. टन वीउ-वीजन वितरण गरेको छ । धान र मकैको वीउ-वीजन वितरण लक्ष्यभन्दा कम देखिएको छ । लक्ष्य अनुसार प्रगति नहुनुका कारणमा कृषकबाट सम्झौता अनुसार योग्य वीउ सङ्कलन नहुनु, तरकारी एवं अन्य वीउको हकमा हाईब्रिड वीउतिर कृषकको बढी झुकाव बढ्नु एवं खुला सिमानाका कारण भारतबाट कम गुणस्तरका वीउ-वीजनहरू भित्रिनु रहेका छन् ।

८.३० **सिंचाइ** : विगत वर्षहरूमा जस्तै सिंचाइ सम्बन्धी विकास आयोजनाहरू सरकारी स्तर र कृषि विकास बैंकबाट संचालित हुदै आएका छन् । आर्थिक वर्ष २०६१/६२ मा सरकारी स्तरबाट १० हजार ५ सय १३ हेक्टरमा र कृषि विकास बैंकबाट संचालित आयोजनाहरूबाट ८ सय १२.५ हेक्टर कृषियोग्य जमिनमा व्यवस्थित सिंचाइ सुविधा पुग्न गएको छ । आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा सरकारी स्तरबाट संचालित आयोजनाहरूबाट ४

हजार ३ सय ३३ हेक्टर तथा कृषि विकास बैंकबाट संचालित आयोजनाहरूबाट १ सय ३२.५ हेक्टर क्षेत्रफल गरी जम्मा ४ हजार ४ सय ६५.५ हेक्टर क्षेत्रफलमा सिंचाइ सुविधा उपलब्ध भएको छ।

८.३१ **कृषि ऋण** : कृषि उत्पादनमा महत्वपूर्ण भूमिका खेल्ने कृषि ऋणको प्रवाहले निरन्तरता पाएको छ। आर्थिक वर्ष २०६१/६२ मा कृषि विकास बैंकबाट ११ अर्ब ८१ करोड ७० लाख कृषि ऋण प्रवाह भएको छ भने असूलीतर्फ १० अर्ब ३३ करोड ९ लाख भई आर्थिक वर्षको अन्त्यमा २१ अर्व १७ करोड ३० लाख ऋण बक्यौता रहन गएको छ। आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनामा ६ अर्ब ९१ करोड ५४ लाख ऋण प्रवाह भएकोमा आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा ऋण प्रवाहमा वृद्धि भई ८ अर्ब ५० करोड ३३ लाख ऋण प्रवाह भएको छ। प्रवाह भएको ऋण लगानीमध्ये सवैभन्दा बढी लगानी कृषि उद्योग, बेचविखन तथा गोदाम निर्माण क्षेत्रमा करिब ५०.० प्रतिशत छ भने सबभन्दा कम लगानी चिया/कफी खेतीतर्फ भएको छ।

८.३२ **साना किसान विकास बैंक** : साना किसान तथा विपन्नवर्गको आर्थिक एवं सामाजिक विकासका लागि लघुवित्त कार्यक्रम सञ्चालन गरी ग्रामीण स्तरमा सहकारी प्रवर्द्धन गर्ने कार्यमा साना किसान बैंक संलग्न छ। बैंकद्वारा सञ्चालित कार्यहरू मध्ये सामाजिक परिचालन, पशुबिमा कार्यक्रम, साना किसान संस्थागत विकास र वित्तीय संस्थाको लघुवित्त कार्यक्रम प्रमुख रहेका छन्। सामाजिक परिचालन अन्तर्गत विपन्न तथा साना किसानको पहिचान गरी प्रत्येक परिवारको ५ देखि १२ जना सदस्यको समूह सञ्चालन गरिन्छ भने एउटै वडामा भएका प्रतिनिधिहरू सहितको वडास्तरीय अन्तर समूह गठन गरी प्रत्येक वडाको अन्तर समूहबाट १/१ प्रतिनिधि छनौट भै गा. वि. स. स्तरीय सञ्चालन समिति गठन गरी साना किसान सहकारी संस्था सञ्चालन गरिन्छ। आर्थिक वर्ष २०६१/६२ मा बैंकसँग आवद्ध संस्थाको संख्या १ सय १४ रहेकोमा आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनासम्म १ सय ३१ पुगेको छ। आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा कर्जा प्रवाह तर्फ रु. ४८ करोड १२ लाख ७४ हजार रहेकोमा सावाँ असूलीतर्फ रु. ४२ करोड १९ लाख ९८ हजार र ब्याज असूलीतर्फ रु. ११ करोड ३७ लाख ५६ हजार पुगेको छ। यस संस्थाले कृषि विकास बैंक मार्फत १ सय १४ गा. वि. स. मा पशु बिमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छ। आर्थिक वर्ष २०६१/६२ मा रु. ६६ करोड ९५ लाख बराबरको ५ हजार ७ सय ९५ थान पशुबिमा गराएकोमा चालू आर्थिक वर्षको प्रथम आठ महिनासम्म ११ करोड ४ हजार बराबरको थप ८ सय ८४ थान पशुको स्थानीय संस्था मार्फत बिमा गरिएको छ। यस वित्तीय संस्थाको सहयोगमा ४ वटा गा. वि. स. मा साना किसान संस्थागत (अनुशरण) कार्यक्रम सञ्चालन गरिएको छ। चालू आर्थिक वर्षको प्रथम आठ महिनासम्म १ सय ३१ वटा साना किसान सहकारी संस्थाहरूलाई कर्जा उपलब्ध गराइएको छ। यस कार्यक्रमबाट ३७ हजार ९ सय ७२ जना महिला र ४३ हजार ३ सय १५ जना पुरुष गरी जम्मा ८१ हजार २ सय ८७ जनाले सेवा प्राप्त गरेका छन्। आर्थिक वर्ष २०६१/२०६२ मा यस्तो सेवा ३२ हजार ५ सय ६३ महिला र ३८ हजार ४ सय ४४ पुरुष गरी जम्मा ७१ हजार ७ जनाले प्राप्त गरेका थिए।

८.३३ **नेपाल कृषि अनुसन्धान परिषद** : नेपाली जन-जीविकाको मूल आधार तथा राष्ट्रको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको कृषि क्षेत्रको विकासलाई अनुसन्धान मार्फत बढी प्रभावकारी वनाउन स्थापना भएको नेपाल कृषि अनुसन्धान परिषदले जनप्रतिनिधिहरूद्वारा दिइएका सरसल्लाहहरू, विभिन्न गोष्ठीमा उठाइएका सवालहरू एवं कृषकहरूले स्थलगत

रूपमा भोगेका समस्याहरूलाई ध्यानमा राखी कृषिको विभिन्न पक्षमा अध्ययन अनुसन्धान गर्दै आएको छ । नेपालको मुख्य खाद्यान्न बालीको रूपमा रहेको धान र गहुँको उत्पादकत्व वृद्धि गर्ने र उत्पादन खर्च कम गर्ने, खेती गर्ने उन्नत प्रविधिको खोजीमा धान तथा गहुँलाई ड्याङ्गमा वा विना खनजोत गरी लगाउँदा बढी उत्पादनको साथै उत्पादन खर्चमा पनि भारी कटौती हुने देखिएकोले यस्ता प्रविधिको परीक्षण कार्य सञ्चालन गरिएका छन् । साथै खेती गर्ने प्रविधिको विकास, भिटामीन ए युक्त बालीको विकास र बढी उत्पादन हुने वर्णशंकर ( हाइब्रीड) वीउको विकास गर्ने तर्फ पनि कार्य भई रहेको छ । तरकारीमा खास गरेर गोलभेडा, काउली, बन्दा जस्ता बालीहरू एवं फलफूलहरूको वेमौसमी खेतीका लागि उपयुक्त जातहरूको पहिचान गर्ने अनुसन्धान कार्यको थालनी गरिएको छ । दूध एवं मासुको उत्पादन वढाउन पोसिलो आहार विना सम्भव नहुने भएकोले विभिन्न पशुहरूको लागि उपयुक्त पशु आहारको पहिचान गर्न पशु आहारको विभिन्न पक्षमा अनुसन्धान गर्न र पशुको नश्लमा सुधार ल्याई दूध तथा मासु उत्पादनमा वृद्धि ल्याउन पशु प्रजनन् सम्वन्धी अनुसन्धान कार्यहरू भई रहेका छन् । कर्णाली अञ्चल जस्तो विकट स्थानमा पशु पालन व्यवसायमा हिँउदमा पशु आहाराको कमीले गर्दा तिनीहरूको स्वास्थ्यमा प्रतिकूल असर परी दूध एवं मासु उत्पानदमा ह्रास आउने प्रवृत्ति रहेकोले सो निराकरणका लागि वैकल्पिक पशु आहाराको व्यवस्था वारे अध्ययन गर्ने योजना तर्जुमा गरिएका छन् । कृषिजन्य विभिन्न वस्तुहरू उत्पादनोपरान्त विभिन्न कारणले खेर जानुका साथै गुणस्तरमा ह्रास आई त्यसको उचित मूल्य कृषकहरूले नपाउने सन्दर्भमा कृषि उपजको हुने नोक्सानीलाई न्यूनीकरण गर्न उन्नत भण्डारण प्रविधिको विकास गर्न योजना तर्जुमा गरिएको छ । उत्पादनमा वृद्धि ल्याउन परिषद्बाट धानको लागि लोकतन्त्र, राम र मिथिला, मकैको लागि देउती र शितला, तोरी तर्फ उन्नती र प्रीति, बदाम तर्फ राजश्री र वैदेही एवं दालतर्फ कल्याण र प्रतिक्षा जातको विकास गरी सिफारिश गरिने क्रममा रहेका छन् ।

८.३४ **कृषि उत्पादन आयात तथा निर्यात स्थिति** : अन्तर्राष्ट्रिय स्तरको वर्गीकरण (SITC) समूह अनुसार आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनामा रु. ४ अर्ब ४४ करोड ४२ लाख मूल्य बराबरको खाद्य वस्तु तथा जीवजन्तु एवं सूर्ती तथा पेय पदार्थहरू निर्यात भएकोमा आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा रु. ५ अर्ब ६६ करोड ५१ लाख मूल्यका उपर्युक्त वस्तुहरू निर्यात भएको अनुमान छ। त्यस्तै आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनामा रु. ६ अर्ब ४५ करोड ६८ लाख बराबरका उपर्युक्त वस्तुहरू आयात भएकोमा आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा रु. १० अर्ब २० करोड १० लाख बराबरका वस्तुहरू आयात भएको अनुमान छ ।

८.३५ **सहकारी संस्थाहरू** : सहकारीताको माध्यमबाट सर्वसाधारण जनताले आफूसँग रहेको सीमित स्रोत, साधन र सीपको उपयोग तथा विकास गरी आय तथा रोजगारमूलक कार्यमा सकृय रूपमा लाग्न सकेमा गरिवी निवारणमा महत्वपूर्ण योगदान पुग्ने कुरा निर्विवाद छ । नेपालमा सहकारी प्रणालीलाई सम्वर्द्धन र विकास गर्दै सहकारी मार्फत आर्थिक तथा सामाजिक विकासका प्रयासलाई निरन्तरता दिने नीति बमोजिम सहकारी संस्थाहरूलाई गुणात्मक रूपमा परिचालन गर्दै विपन्नहरूका माभमा पूँजी र उद्यमशीलता जागृत गराउने कार्य अगाडि बढाइएको छ । सहकारी ऐनमा समसामयिक सुधार गरी सहकारी कृयाकलापको समुचित नियमनको व्यवस्था गर्दै यसको प्रभावकारिता वृद्धि गर्न विभिन्न कृयाकलापहरू सञ्चालनमा ल्याइएका छन् । देशमा रहेका सहकारी संस्था, तिनको प्रकृति, कारोवार र रोजगारीको डाटावेस तयार गरिएको छ । सहकारी चेतना सम्बन्धी श्रव्य-दृष्य सामग्री तयार

गरिएको छ । सहकारी सम्बन्धी तालीम चालू आर्थिक वर्षको प्रथम ९ महिनासम्ममा २ हजार ६ सय जना सहकारी कर्मीहरूलाई प्रदान गरिएको छ ।

८.३६ **भूमिसुधार** : भूमि बैंक अन्तर्गत अल्पकालिन कार्यक्रम स्वरुप २०५९ सालको लगतबाट थप हुन आएका करिब १३ हजार भूमिहीन मुक्त कमैयाहरूमध्ये बाँके र कैलाली जिल्लाका भूमिहीन मुक्त कमैया परिवारलाई बढीमा रु. १ लाख ५० हजार र घटीमा १० कठ्ठासम्म जग्गा खरिद गर्न कृषि विकास बैंकमार्फत ऋण उपलब्ध गराउने कार्य प्रारम्भ भएको छ । साथै दीर्घकालीन अवधारणा अनुरुप भूमि बैंक स्थापना गर्न एक कार्यदल गठन भई अवधारणा पत्र, प्रतिवेदन र भूमि (व्यवस्थापन तथा कारोवार) बैंक अध्यादेश, २०६३ को मस्यौदा तयार गर्ने कार्य भै रहेको छ । पुनस्थापन कार्यक्रम अन्तर्गत मुक्त कमैया परिवारलाई आय आर्जनका अवसर उपलब्ध गराउन विभिन्न किसिमका सीपमूलक तालीम प्रदान गर्ने तथा आय आर्जनका लागि ऋण उपलब्ध गराउने कार्य भई रहेको छ । जमिन माथिको द्वैध नियन्त्रण अन्त्य गर्ने कार्य अनुरुप जग्गा धनी र मोहीको हक, हिस्सा छुट्याउने कार्य चालू रहेको छ । त्यस्तै राष्ट्रिय भूमि नीतिको मस्यौदा तयार भएको छ भने सरकारी/सार्वजनिक जग्गाको संरक्षण तथा उद्योग प्रतिष्ठानलाई हदवन्दी छुट दिने सम्बन्धी नीति वनाई लागू गरिएको छ ।

## उद्योग

८.३७ **विशेष आर्थिक क्षेत्र** : आर्थिक वर्ष २०६०/६१ को बजेट बक्तव्यमा उल्लेख भएवमोजिमका कार्यहरू कार्यान्वयन गर्न मिति २०६०/१०/१५ को निर्णयबाट विशेष आर्थिक क्षेत्र आयोजना स्थापना भई कार्य भइरहेको छ । विशेष आर्थिक क्षेत्रको स्थापना र त्यसको सञ्चालन एवं उद्योगहरूलाई प्रदान गर्ने छुट एवं सहुलियतको सम्बन्धमा व्यवस्था गर्न आर्थिक वर्ष २०६१/६२ मा विशेष आर्थिक क्षेत्र अध्यादेशको मस्यौदा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयबाट स्वीकृत भई मन्त्रिपरिषद्को सैद्धान्तिक सहमति समेत प्राप्त भएको छ भने प्रस्तावित अध्यादेशमा उल्लेख भएका आर्थिक छुट तथा सहुलियतको विषयमा अर्थ मन्त्रालयमा छलफल भइरहेको छ । वीरगञ्ज, पाँचखाल तथा नुवाकोटमा विशेष आर्थिक क्षेत्र (Special Economic Zone: SEZ) स्थापना गर्न सम्भाव्यता अध्ययन भइसकेको छ भने भैरहवामा निर्यात प्रशोधन क्षेत्र (Export Processing Zone: EPZ) स्थापनाको लागि जग्गा विकास, बाटो तथा निकास सम्बन्धी कार्य एवं भवन निर्माण सम्पन्न भइसकेको छ ।

८.३८ **लघुउद्यम विकास कार्यक्रम** : लघुउद्यमको विकासको लागि दोस्रोचरण (आर्थिक वर्ष २०६१/६२) मा केही संस्थागत र संरचनागत सुधार अन्तर्गत १० जिल्लाका कार्यालयका कर्मचारीहरूलाई स्थानीय गैर-सरकारी संस्था/निजी कम्पनीको रूपमा रुपान्तरण गराई ती संस्थाहरूलाई सेवा प्रदायक संस्थाको रूपमा स्थापित गर्न सहयोग पुऱ्याइएको छ । लघु उद्यमीहरूको हक हितको प्रवर्द्धन र संरक्षण गर्न एवं उनीहरूले उत्पादन गरेका वस्तुहरूको सामूहिकरूपमा वजारीकरण गर्न पहिलो चरणमा १० जिल्लामा लघु उद्यमीहरूको अन्तर-समूह र लघु उद्यमी संस्था स्थापना गरी संस्थागत संरचना खडा गरिएको छ । जिल्ला घरेलु विकास समिति वा कार्यालयबाट लघु उद्यमीहरूलाई आफ्नो उद्यम सञ्चालन गर्न परिचयपत्र दिने व्यवस्था मिलाइएको छ । लघु उद्यमीहरूको आर्थिक स्थितिलाई ध्यानमा राखी लघु उद्यमलाई गा. वि. स. स्तरमा नै दर्ता गर्ने व्यवस्था मिलाउने पहल भइरहेको छ ।

८.३९ **विश्वव्यापार संगठन** (WTO) : नेपाल विश्व व्यापार संगठनको १४७ औं सदस्य भएको छ । वार्ताको माध्यमबाट सदस्य हुने अतिकम विकसित राष्ट्रहरूमध्ये नेपाल प्रथम हो । सदस्यता प्राप्त गर्दाका वखत गरेका प्रतिवद्धताहरू समयवद्धरूपमा पूरा गर्न र सो को लागि नेपालको अर्थतन्त्रलाई विश्व अर्थतन्त्रमा आवद्ध गर्ने क्रममा ऐन, कानून तथा नीति नियमहरूलाई वहुपक्षीय व्यापार प्रणाली अनुरुप पारदर्शी एवं भविष्यपरक बनाउँदै लैजानु पर्ने हुन्छ । विश्व व्यापार संगठनको सदस्यता पछि केही ऐन, नियमहरूको तर्जुमा, परिमार्जन तथा संशोधन गर्ने अठोट वमोजिम प्रारम्भिक मस्यौदा तयार गर्ने कार्य प्रायजसो सम्पन्न भई आवश्यक छलफलको क्रममा रहेका छन् । वार्ताको माध्यमबाट उपलब्धी हासिल गर्ने माध्यम विश्व व्यापार संगठनका गतिविधि एवं बैठकहरूका प्रत्येक सवाल (Issue) मा आफ्नो धारणा प्रष्ट पार्न सकिएको छैन भने निजी क्षेत्र र नागरिक समाजसँग समेत पर्याप्त छलफल र समन्वय हुन सकिरहेको छैन ।

**मन्जूषा : ८ (१)**

**WTO को सदस्यता पश्चात भइरहेका गतिविधिहरू:**

१) केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश मार्फत निकासी पैठारी (नियन्त्रण) ऐन, पेटेन्ट डिजाइन तथा ट्रेडमार्क ऐन र प्रतिलिपी ऐनलाई संशोधन मार्फत WTO को प्रावधान अनुकूल बनाई कार्यान्वयनमा ल्याइएको छ ।

२) प्रतिस्पर्धा सम्बन्धी कानून, एन्टीडम्पिङ तथा काउन्टरभेलिङ्ग सम्बन्धी कानून, वौद्धिक सम्पदा सम्बन्धी कानून, बनस्पती स्रोत सम्बन्धी ऐन, अनुवांशिक स्रोतसम्म पहुँच सम्बन्धी ऐन, बनस्पती संरक्षण सम्बन्धी ऐन, नेपाल गुणस्तर चिन्ह सम्बन्धी ऐन र नयाँ औद्योगिक नीतिको मस्यौदा तयार भई छलफलको क्रममा रहेको छ ।

३) कम्पनी अध्यादेश, बैंक तथा वित्तीय संस्था सम्बन्धी अध्यादेश, ब्याङ्करप्सी/इन्सल्भेन्सी सम्बन्धी अध्यादेश, विद्युतीय कारोवार अध्यादेश, धितोपत्र सम्बन्धी अध्यादेशहरू जारी भई कार्यान्वयनमा ल्याइएको छ ।

४) विश्व व्यापार संगठनको प्रावधान अनुकूल SPS (Sanitary & Phytosanitary) को लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, TBT (Technical Barrier To Trade) सम्बन्धमा नेपाल गुणस्तर तथा नाप तौल विभाग र Service Enquiry Point को लागि उद्योग वाणिज्य तथा आपूर्ति मत्रालयको विश्व व्यापार संगठन महाशाखालाई Enquiry Point तोकी कार्य प्रकृया अगाडि बढाइएको छ ।

५) नेपाल विश्व व्यापार संगठनको सदस्य भए पश्चात यसबाट नेपाललाई प्राप्त हुने उपलब्धी तथा पर्नसक्ने प्रभावका विषयमा केन्द्रीयस्तर, क्षेत्रीयस्तर र जिल्लास्तरमा निजी क्षेत्रसँगको समन्वयमा जनचेतानामूलक कार्यक्रकम सञ्चालन भई रहेको छ ।

६) डिसेम्बर १३-१८, २००५ मा विश्व व्यापार संगठनको हङ्कङ्गमा सम्पन्न छैठौं मन्त्रीस्तरीय सम्मेलनमा नेपालको प्रभावकारी सहभागिता रहेको छ । सो सम्मेलनका उपलब्धीहरू मध्ये कृषि तथा गैर-कृषिजन्य वस्तुमा भन्सार तथा कोटारहित बजार पहुँचको सुविधा, कृषि वस्तुमा दिइएको अनुदानमा कटौती, सरल उत्पत्तीको नियम एवं अल्पविकसित मुलुकको भौतिक संरचना निर्माण तथा व्यापार क्षमता अभिवृद्धि कार्यक्रमबाट नेपालले फाइदा उठाउन सक्ने अपेक्षा गरिएको छ ।

*स्रोत : उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।*

## समूहगत औद्योगिक उत्पादन तथा औद्योगिक सूचकाङ्क स्थिति

८.४० आर्थिक वर्ष २०६१/६२ को तुलनामा आर्थिक वर्ष २०६२/६३ मा प्रमुख औद्योगिक उत्पादनको स्थितिलाई विश्लेषण गर्दा अधिकांश खाद्य पदार्थ, पेय पदार्थ, सूर्तीजन्य वस्तु, जुत्ता, काठ तथा काठजन्य वस्तु, कागज तथा स्टेशनरी बोर्ड, अन्य रासायनिक सामान, धातु बाहेकका खनिजजन्य वस्तुको उत्पादनमा वृद्धि हुने देखिन्छ भने प्लाष्टिकका सामान र विद्युत् उपकरण तथा सामान र औद्योगिक उपकरणको उत्पादन घट्ने अनुमान छ । यस अवधिमा खाद्य समूह अन्तर्गत चाउचाउ २ हजार ९ सय ६५ मे. टनले, सर्वत (जुस समेत) १४ लाख ४५ हजार लिटरले, चिनी ७ सय २५ मे. टनले र चिया १ सय १४ मे. टनले उत्पादन वृद्धि हुने देखिन्छ भने वनस्पती घ्यू २० हजार ३ सय ४८ मे. टनले ह्रास आउने देखिन्छ । त्यस्तै मदिराको उत्पादन ९२ हजार लिटर, चुरोट ७ करोड ५० लाख खिल्ली, जुत्ता ६ लाख २१ हजार जोर, प्लाइउड ७६ हजार वर्गफुट, स्ट्रावोर्ड १६ मे. टन, कागज ९ सय ४६ मे. टन, सावुन ५ सय ५४ मे. टन, धुलो सावुन ३० मे. टन, सिमेन्ट ३ हजार ५ सय ९९ मे. टन र ए. सी. आर. एस. कन्डक्टर र पि. भि. सि. तार २१ मे. टनले उत्पादनमा वृद्धि हुने अनुमान छ भने प्लाष्टिक सामान १ सय ६२ मे. टन र जि. आई. एच. वी तार ५३ मे. टनले ह्रास आउने अनुमान छ ।

८.४१ आर्थिक वर्ष २०६१/६२ मा गत वर्षको तुलनामा समूहगत औद्योगिक सूचकाङ्क विद्यमान कठीन परिस्थितिका वावजुद पनि २.६५ प्रतिशतले वृद्धि हुन गएको छ । यस अवधिमा अधिकांश खाद्य वस्तु एवं खाद्य समूह जस्तै वनस्पती तेल तथा घ्यू ७.०१ प्रतिशतले, दुग्ध पदार्थ ३.४३ प्रतिशतले, अन्न तथा पशुदाना ५.२२ प्रतिशतले, अन्य खाद्य पदार्थ ५.३८ प्रतिशतले र पेय समूह २.४९ प्रतिशतले वृद्धि भएको देखिन्छ । त्यस्तै सूर्तीजन्य वस्तु ०.४६ प्रतिशतले, लत्ता कपडा ५.८९ प्रतिशतले, अन्य लत्ता कपडा ६.३४ प्रतिशतले, बुनेको कपडा ०.७२ प्रतिशतले, छाला तथा छालाका सामान ६.०४ प्रतिशतले, काठ तथा काठका सामान २.४९ प्रतिशतले, कागज र कागजका उत्पादन ५.४४ प्रतिशतले, प्रकाशन, छापाखाना तथा रेकर्डिङ्ग ३.२९ प्रतिशतले, अन्य रासायनिक पदार्थ ५.०२ प्रतिशतले, प्लाष्टिकका सामान १.२३ प्रतिशतले, गैर-धातु खनिजजन्य उत्पादन २.५८ प्रतिशतले, फेव्रिकेटेड धातुका सामान १.२९ प्रतिशतले, धातुका उपकरण २.३० प्रतिशतले र विजुलीका उपकरण ३.६२ प्रतिशतले वृद्धि भएको देखिन्छ भने लगाउने कपडा (गार्मेन्ट) १९.५८ प्रतिशतले ह्रास भएको देखिन्छ । आन्तरिक शान्ति सुरक्षाको प्रतिकूल स्थिति, बढ्दो वेरोजगारी, कमजोर आय स्थिति, कमजोर बचत एवं उपभोग क्षमता, निर्यात/आयात ढाँचामा परिवर्तन, उपभोग प्रवृत्तिमा देखिएको परिवर्तन जस्ता कारणहरूले औद्योगिक उत्पादन सूचकाङ्कमा अपेक्षित सुधार हुन सकेको छैन ।

८.४२ आर्थिक वर्ष २०६२/६३ को प्रथम ६ महिनामा समूहगत औद्योगिक सूचाकाङ्क गत वर्षको १०२.८३ मा सामान्य कमी आई १०२.१५ रहन गएको अनुमान छ । समीक्षा अवधिमा वनस्पती तेल तथा घ्यू, दुग्ध पदार्थ, अन्न तथा पशुदाना, अन्य खाद्य पदार्थ, पेय समूह, सूर्तीजन्य वस्तु, लत्ता कपडा, अन्य लत्ता कपडा, बुनेको कपडा, छाला र छालाका सामान, प्रकाशन छापाखाना तथा रेकर्डिङ्ग, अन्य रासायनिक पदार्थ, प्लाष्टिकका सामान, गैर-धातु खनिजजन्य उत्पादन, फेव्रिकेटेड धातुका सामान र विजुलीका उपकरणको सूचकाङ्क वृद्धि हुने अनुमान छ भने लगाउने कपडा, काठ तथा काठका सामान, कागज (अखवारी कागज बाहेक) र धातुका उपकरणको सूचकाङ्कमा ह्रास आउने अनुमान छ ।

## उद्योगमा विदेशी लगानी

८.४३ आर्थिक वर्ष २०६२/६३ मा विदेशी लगानी र प्रविधि हस्तान्तरण ऐन अनुरुप मुलुकको द्रुततर आर्थिक विकासका लागि विदेशी लगानी आकर्षित गर्न र प्रकृयागत सरलीकरण गर्दै लगानीलाई आवश्यक स्वीकृति, सेवा तथा सहुलियत प्रदान गर्ने कार्य एकै थलोबाट मिलाउने उद्देश्यबाट विदेशी लगानी प्रवर्द्धन समिति कार्यविधि, २०६२ तयार भई कार्यान्वयन भइरहेको छ।

८.४४ देशको औद्योगिक प्रक्रियामा पूँजी तथा प्राकृतिक एवं मानवीय संसाधनको अधिकतम एवं उच्चतम ढङ्गले परिचालन गरी अर्थ व्यवस्थालाई सबल, सुदृढ, गतिशील एवं प्रतिस्पर्धात्मक वनाई आत्मनिर्भरता तर्फ उन्मुख गराउन विदेशी लगानी एवं प्रविधि हस्तान्तरण आवश्यक छ। विदेशी लगानीबाट पूँजी, आधुनिक प्रविधि, व्यवस्थापन र प्राविधिक सीप, अन्तर्राष्ट्रिय बजारमा पहुँच, प्रतिस्पर्धात्मक व्यावसायिक संस्कारको विकास जस्ता साधन, स्रोत र व्यावसायिक गुणहरू राष्ट्रमा भित्रिन गई औद्योगिक विकास एवं आन्तरिक राजस्वका आधारहरूमा बढोत्तरी मार्फत् देशको आर्थिक विकासमा स्वाबलम्वी एवं आन्मनिर्भरता तर्फ उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकासमा महत्वपूर्ण योगदान पुग्ने हुन्छ। आर्थिक वर्ष २०६०/६१ मा जम्मा आयोजना लागत रु. ४ अर्ब ३२ करोड ३७ लाख भएका ७८ उद्योगहरू विदेशी लगानीमा स्थापना गर्न स्वीकृति दिइएको थियो भने आर्थिक वर्ष २०६१/६२ मा आयोजना लागत रु. १ अर्ब ८० करोड ११ लाख भएका ६४ उद्योगहरू विदेशी लगानीमा स्थापना गर्न स्वीकृति दिइएको पाइन्छ। आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनामा रु. २ अर्व १७ करोड ३९ लाख स्थिर पूँजी भएका र रु. २ अर्ब ८७ करोड ४७ लाख आयोजना लागत भएका ८१ वटा उद्योगहरूलाई निजी विदेशी लगानीमा स्थापना गर्न अनुमति प्रदान गरिएको छ। यसरी समयसापेक्ष, व्यावहारिक, उदार एवं खुल्ला नीतिको अवलम्वनद्वारा विदेशी लगानीलाई आकर्षित गर्ने प्रयास स्वरुप आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनासम्ममा विदेशी लगानीमा जम्मा १ हजार ६३ वटा उद्योग स्थापना गर्न स्वीकृति दिइएको छ। ती उद्योगहरूमा कुल स्थिर पूँजी रु. ७६ अर्ब ८६ करोड ३० लाख रहेको छ भने कुल परियोजना लागत रु. ९२ अर्ब ८० करोड ९७ लाख रहेको छ। यी उद्योगहरूमा कुल रु. २८ अर्ब ५६ करोड ७४ लाख विदेशी लगानी भएको देखिन्छ। यी उद्योगहरू सञ्चालनमा आएपछि १ लाख ४ हजार ८ सय ४८ नेपाली नागरिकले थप रोजगारीको अवसर प्राप्त गर्नेछन्।

### तालिका ८ (ख) : आर्थिक वर्ष २०६१/६२ मा विदेशी लगानीका लागि स्वीकृति दिइएका उद्योगहरू

(रु. दश लाखमा)

| उद्योगका प्रकार | संख्या | कुल परियोजना लागत | कुल स्थिर पूँजी | विदेशी लगानी | रोजगारी प्राप्त संख्या |
|---|---|---|---|---|---|
| औद्योगिक उत्पादन | २५ | ८८७ | ५२७ | ११८२ | २०७२ |
| सेवा उद्योग | २४ | ७५७ | ५१४ | ३४९ | ३१९५ |
| होटल/रिसोर्ट | १२ | ५७ | ४६ | ३७ | २५४ |
| निर्माण | २ | ८८ | ५४ | ६४ | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| कृषि | १ | १२ | १० | ७ | ३७ |
| जम्मा | ६४ | १८०१ | ११५१ | १६४० | ५५७६ |

*स्रोत : उद्योग विभाग, त्रिपुरेश्वर*

## तालिका ८ (ग) : आर्थिक वर्ष २०६२/६३* मा विदेशी लगानीका लागि स्वीकृति दिइएका उद्योगहरू

(रु. दश लाखमा)

| उद्योगका प्रकार | संख्या | कुल परियोजना लागत | कुल स्थिर पूँजी | विदेशी लगानी | लक्ष्यित रोजगारी संख्या |
|---|---|---|---|---|---|
| औद्योगिक उत्पादन | २६ | १२८० | ८१७ | ८१५ | १८१७ |
| सेवा उद्योग | २९ | १२३९ | १०६७ | ५७५ | १६५९ |
| पर्यटन उद्योग | २२ | १५५ | १२९ | १०५ | ९९६ |
| निर्माण | २ | ८१ | ६३ | २८ | ११२ |
| उर्जा | २ | १२० | ९८ | २५ | ११४ |
| जम्मा | ८१ | २८७५ | २१७४ | १५४८ | ४६९८ |

** प्रथम नौ महिना*
*स्रोत : उद्योग विभाग, त्रिपुरेश्वर*

## तालिका ८ (घ) : देशगत रूपमा विदेशी लगानी

(उद्योगको संख्या)

| सि.नं. | देशहरू | आर्थिक वर्ष २०६१/६२ | प्रथम नौ महिना | |
|---|---|---|---|---|
| | | | २०६१/६२ | २०६२/६३ |
| १ | भारत | १५ | ८ | २५ |
| २ | चीन | १२ | ६ | १६ |
| ३ | जापान | ५ | ४ | ८ |
| ४ | अमेरिका | ३ | १ | ५ |
| ५ | वेलायत | ३ | २ | ५ |
| ६ | दक्षिण कोरिया | ७ | २ | ३ |
| ७ | बेल्जियम | १ | १ | २ |
| ८ | जर्मनी | ३ | ३ | २ |
| ९ | इरान | १ | - | २ |
| १० | नेदरल्याण्ड | १ | १ | २ |
| ११ | स्पेन | – | – | २ |
| १२ | अन्य | १३ | ७ | ९ |
| | जम्मा : | ६४ | ३५ | ८१ |

*स्रोत : उद्योग विभाग, त्रिपुरेश्वर*

८.४५ आर्थिक वर्ष २०६१/६२ मा स्वीकृति दिइएका ६४ उद्योगहरूमध्ये २५ वटा औद्योगिक उत्पादन, २४ वटा सेवा उद्योग, १२ वटा होटल / रिसोर्ट, २ वटा निर्माण र १ वटा कृषि क्षेत्रसँग सम्बन्धित रहेका छन् । मुलुकगत लगानीबाट हेर्दा १५ वटा उद्योगमा भारत, १२ वटामा चीन, ७ वटामा दक्षिण कोरिया, ५ वटामा जापान, ३/३ वटामा अमेरिका, वेलायत र जर्मनी, २ वटामा रसिया तथा १/१ वटामा अष्ट्रेलिया, अजरबैजान, बेल्जियम, डेनमार्क, फिनल्याण्ड, हङकङ्ग, इरान, इटाली, नेदरल्याड, पोर्चुगल, दक्षिण अफ्रिका, सिंगापुर, स्विडेन र टर्की संलग्न रहेका छन् ।

८.४६ आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनामा स्वीकृति प्रदान गरिएका ८१ उद्योगहरूमा २६ वटा औद्योगिक उत्पादन, २९ वटा सेवा उद्योग, २२ वटा पर्यटन उद्योग र २/२ वटा निर्माण एवं उर्जा क्षेत्रसँग सम्बन्धित छन्। मुलुकगत लगानीबाट हेर्दा आर्थिक वर्ष २०६१/६२ को प्रथम नौ महिनामा ३५ वटा विदेशी लगानीका लागि स्वीकृति दिइएका उद्योगमध्ये भारत ८ वटा उद्योगमा, चीन ६ वटा उद्योगमा, जापान ४ वटा उद्योगमा, जर्मनी ३ वटा उद्योगमा, वेलायत र दक्षिण कोरिया २/२ वटा उद्योगमा र अन्य देश १० वटा उद्योगमा संलग्न रहेको देखिन्छ । आर्थिक वर्ष २०६२/६३ को प्रथम नौ महिनामा विदेशी लगानीका लागि स्वीकृति दिइएका ८१ वटा उद्योगमध्ये भारत २५ वटा उद्योगमा, चीन १६ वटा उद्योगमा, जापान ८ वटा उद्योगमा, अमेरिका र बेलायत ५/५ वटा उद्योगमा, दक्षिण कोरिया ३ वटा उद्योगमा, बेल्जियम्, जर्मनी, इरान, नेदरल्याण्ड र स्पेन २/२ वटा उद्योगमा तथा बंगलादेश, क्यानडा, फ्रान्स, मलेसिया, फिलिपिन्स, पोल्याण्ड, रसिया, स्विडेन र स्वीजरल्याण्ड १/१ वटा उद्योगमा संलग्न रहेको देखिन्छ ।

## केही उद्योगहरूको उत्पादन क्षमताको उपयोग

८.४७ केही छानिएका उद्योगहरूको उत्पादन क्षमताको उपयोगको विश्लेषण गर्दा चिनी र चुरोटका सामान उत्पादन गर्ने उद्योगहरूको समग्र उत्पादनमा आर्थिक वर्ष २०६०/६१ को तुलनामा आर्थिक वर्ष २०६१/६२ मा कमी आएको देखिएको छ भने सलाई, जुत्ता, वियर र सिमेन्टका सामान उत्पादन गर्ने उद्योगको उत्पादनमा वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०६१/६२ मा कुल उत्पादन क्षमतामध्ये चुरोट र जुट उद्योगले क्रमशः ८७.० प्रतिशत र ६८.० प्रतिशत क्षमता उपयोग गरेका छन् भने चिनी, वियर, सलाई, जुत्ता र सिमेन्ट उद्योगहरूले क्रमशः ४२.० प्रतिशत, ६८.० प्रतिशत, ६४.० प्रतिशत, ४५.० प्रतिशत र ४९.० प्रतिशतले क्षमता उपयोग गरेको देखिएको छ। यस अवधिमा चुरोट र जुट उद्योगको क्षमता उपयोगमा ह्रास आएको देखिन्छ भने वियर, सलाई, जुत्ता र सिमेन्टका सामान उत्पादन गर्ने उद्योगको क्षमता उपयोगमा वृद्धि भएको पाइन्छ ।

## औद्योगिक क्षेत्रको वर्तमान स्थिति

८.४८ औद्योगिक प्रतिष्ठानहरूको स्थापना, सञ्चालन र प्रवर्द्धनको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार एवं अन्य सुविधाहरू प्रदान गरी औद्योगिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले औद्योगिक क्षेत्रहरूको स्थापना गरिएको हो । वर्तमान समयसम्म आइपुग्दा बालाजु, हेटौंडा, पाटन, नेपालगंज, धरान, पोखरा, वुटवल, भक्तपुर, वीरेन्द्रनगर, धनकुटा र राजविराज समेत गरी कुल ११ वटा औद्योगिक क्षेत्रहरू रहेका छन् । उक्त औद्योगिक क्षेत्रहरूमा कुल ५ सय ७ उद्योगहरू रहेका भए तापनि ७४ उद्योगहरू बन्द अवस्थामा छन् भने ३५ उद्योगहरू

निर्माणाधिन अवस्थामा रहेका छन् । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड अन्तर्गतका औद्योगिक क्षेत्रहरूमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको तर्फबाट कुल रु. १९ करोड २७ लाख स्थिर पूँजी लगानी भएको छ भने निजी उद्योगको तर्फबाट ८ अर्ब ४९ करोड ५४ लाख लगानी भएको पाइन्छ । औद्योगिक क्षेत्रहरूको कुल क्षेत्रफल ५ हजार ७ सय ६ रोपनी जमिनमध्ये ५ हजार ३० रोपनी जमिन विकसित अवस्थामा रहेको छ जसमध्ये ३ हजार ३ सय ९७ रोपनी जमिन विभिन्न उद्योगहरूलाई भाडामा दिइएको छ । औद्योगिक क्षेत्रहरूमा स्थापित उद्योगहरूले कुल १४ हजार १ सय ७८ जनालाई रोजगारी प्रदान गरेका छन् । गत वर्षभन्दा यस वर्ष रोजगारी प्राप्त गर्नेको संख्या ५६ ले बढेको पाइएको छ । बढी रोजगारी प्रदान गर्ने औद्योगिक क्षेत्रमा क्रमशः बालाजु, हेटौंडा, वुटवल, पोखरा, पाटन, भक्तपुर, नेपालगञ्ज, धरान, विरेन्द्रनगर र राजविराज रहेका छन् ।

## रुग्ण उद्योगतर्फ

८.४९ मुलुकमा देखापरेको आर्थिक मन्दी एवं असहज परिस्थितिको मारबाट देशका उद्योग धन्दा र व्यवसायहरूमा पर्ने प्रतिकूल असर कम गराउन नेपाल सरकारले आर्थिक वर्ष २०५८/५९ देखि नै रुग्ण उद्योग सम्बन्धी नीति र कार्यक्रमहरू ल्याएको हो । आर्थिक वर्ष २०६२/६३ को मौद्रिक नीतिमा नेपाल राष्ट्र बैंकबाट रु. २ अर्ब को पुनर्कर्जा उपलव्ध गराउने व्यवस्था छ । पुनर्कर्जा रकम वितरण गर्दा होटेल र अन्य क्षेत्रका ठूला उद्योगहरूका अतिरिक्त साना तथा मझौला उद्योग वा फर्म वा कम्पनीहरूलाई समेत न्यायोचित रूपमा पुनर्कर्जाको उपलब्धता सुनिश्चित गर्ने मापदण्डहरू निर्धारण भएका छन् । हालसम्मको प्रगति हेर्दा रुग्ण उद्योगहरूले विशेषतः पुनर्कर्जा, कर्जा पुनर्तालिकीकरण र ब्याज मिनाहा जस्ता सुविधाहरू प्राप्त गरी राहत महशुस गर्न सकेको देखिन्छ । रुग्ण उद्योगलाई व्यवस्थित रूपमा सहयोग गर्ने प्रयोजनार्थ वनाइएको निर्देशिका अनुसार रुग्ण उद्योगको परिभाषा निम्नानुसार रहेको छः

क) न्यूनतम ३ वर्षदेखि सञ्चालनमा रही लगातार २ वर्षदेखि नगद घाटामा गएको ।
ख) लगातार २ वर्षदेखि पारविन्दु (Break Even Point) मा सञ्चालन हुन नसकेको ।
ग) रु. २५ लाखभन्दा कम ऋण लिने उद्योगका सन्दर्भमा विगत ३ वर्षको कारोवार (Turnover) क्रमशः २५ प्रतिशतको दरले घटेको ।

यस आर्थिक वर्षको चैत्र मसान्तसम्ममा १८ वटा होटल तथा रिसोर्टलाई रु. २२ करोड ९३ लाख र २ वटा ठूला तथा मझौला उद्योगहरूलाई रु. ५ करोड १० लाख गरी जम्मा रु. २८ करोड ३ लाख पुनर्कर्जा सुविधा प्रदान गरिएको छ ।

### तालिका ८ (ङ) : २०६२ साल श्रावणदेखि चैत्र मसान्तसम्म बितरण भएको पुनरकर्जा रकम

(रु. करोडमा)

| क्र.सं. | होटल/उद्योग | स्वीकृत भएको पुर्नकर्जा रकम | प्रतिशत |
|---|---|---|---|
| १ | होटेल तथा पर्यटन व्यवसायतर्फ | २२.९३ | ८१.८ |
| २ | उद्योग व्यवसायतर्फ | ५.१० | १८.२ |
| | जम्मा | २८.०३ | १००.० |

*स्रोतः नेपाल राष्ट्र बैंक*

## नेपाल औद्योगिक विकास निगम

८.५० मुलुकको आर्थिक समृद्धिको निम्ति उद्योग, व्यापार, सेवा व्यवसाय आदिसँग सम्बन्धित कार्यको लागि गुणस्तरीय र भरपर्दो बैंकिङ्ग तथा वित्तीय मध्यस्थता सेवा तथा वित्तीय कारोवार समेत गर्ने उद्देश्य लिएको नेपाल औद्योगिक विकास निगमले आर्थिक वर्ष २०६१/६२ मा ऋण असूली रणनीति कार्यान्वयन गर्न ऋण पुनरसंरचना गर्ने, ऋण राफसाफ गर्न सुविधा दिने आदि कार्यलाई तीव्रता प्रदान गरेको कारण सो अवधिमा रु. ९७ लाख मात्र ऋण लगानी भई रु. १४ करोड ३१ लाख ब्याज असूली भएको छ । यस अवधिमा उद्योगको किसिम अनुसार होटल र पर्यटन उद्योगतर्फ १७.० प्रतिशत, सिमेन्ट उद्योगतर्फ ७४.० प्रतिशत र विविधतर्फ ९.० प्रतिशत ऋण बितरण भएको देखिन्छ । आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा रु. १ करोड ४८ लाख ऋण लगानी तथा रु. १३ करोड ५७ लाख २१ हजार साँवा र रु. ८ करोड १२ लाख ४ हजार ब्याज समेत गरी जम्मा रु. २१ करोड ६९ लाख २५ हजार असूली भएको छ । यस अवधिमा उद्योगको किसिम अनुसार होटल र पर्यटन उद्योगतर्फ २९.४८ प्रतिशत, चिनी उद्योगतर्फ २.९६ प्रतिशत, टेक्सटाइल उद्योगतर्फ ४.२१ प्रतिशत, मुद्रण र प्रकाशनतर्फ १७.१३ प्रतिशत र विविधतर्फ ४६.१३ प्रतिशत ऋण वितरण गरिएको छ । लामो समयदेखि निगममा लगानी कोषको अभावले गर्दा परियोजना प्रवर्द्धन, ऋण लगानी तथा ऋण असूलीमा लक्ष्य अनुसारको प्रगति भने हासिल हुन सकेको छैन ।

## घरेलु तथा साना उद्योग

८.५१ आर्थिक वर्ष २०६१/६२ मा दर्ता भएका घरेलु तथा साना उद्योगहरूको संख्यामा आर्थिक वर्ष २०६०/६१ को तुलनामा १२.५७ प्रतिशतले वृद्धि हुन गएको देखिन्छ । उद्योगको किसिम अनुसार आर्थिक वर्ष २०६१/६२ मा प्राइभेट फर्महरू १६.४९ प्रतिशतले वृद्धि भएको देखिन्छ भने प्राइभेट लिमिटेड फर्महरू ६.८३ प्रतिशतले र साझेदारी फर्महरू ८.९४ प्रतिशतले ह्रास भएको पाइएको छ । यसरी नै दर्ता भएका घरेलु तथा साना उद्योगहरूमा भएको स्थिर पूँजी लगानीको अनुपातमा ८०.२० प्रतिशतले वृद्धि भई कुल रु. ११ अर्व १ करोड मात्र लगानी भएको पाइएको छ । आर्थिक वर्ष २०६२/६३ को प्रथम ८ महिनाको अवधिमा कुल ४ हजार ५ सय ५६ उद्योगहरू दर्ता भई कुल रु. १ अर्व ८७ करोड ५७ लाख लगानी भएको अनुमान छ ।

## औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

८.५२ औद्योगिक विकासका लागि आधुनिक प्रविधि, गुणस्तरयुक्त व्यवस्थापकीय कौशल, उद्यमशीलता र प्राविधिक जनशक्तिको विकास गर्ने लक्ष्य लिएको औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले नयाँ व्यवसाय सिर्जना, व्यवसाय व्यवस्थापन, प्रशिक्षण कार्यक्रमहरू लगायत परामर्श सेवा तथा उद्योग व्यवसाय सम्वन्धी अनुसन्धानात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । प्रतिष्ठानले चालू आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनासम्ममा लघु व्यवसाय सृजना कार्यक्रममा १ सय ८४ जना, प्रशिक्षकको प्रशिक्षणमा १ सय ९ जना तथा व्यवसाय अभिवृद्धि चेतना कार्यक्रममा १ सय ५ जनालाई प्रशिक्षण प्रदान गरेको छ ।

## खानी तथा भूगर्भ

८.५३ राष्ट्रिय भूकम्पमापन केन्द्र सञ्चालन आयोजना अन्तर्गत काठमाडौं भूकम्पमापन केन्द्र र सुर्खेत भूकम्पमापन केन्द्रबाट अधिराज्यका विभिन्न ठाउँमा अवस्थित २१ वटा भूकम्पमापन केन्द्रहरू सुचारु रूपमा सञ्चालन भइरहेका छन् । यी केन्द्रहरूबाट हरक्षण भूकम्पको रेकर्ड गर्ने गरिएको र ४ रेक्टर स्केल भन्दा बढीको भूकम्प आएमा १ घण्टा भित्र सञ्चारमाध्यममा पठाई सर्वसाधारणलाई जानकारी गराउने व्यवस्था गरिएको छ । नियमित रेकर्डिङ गरिएका भूकम्पहरूको आधारमा भूकम्प जोखिम क्षेत्र पहिचान गर्नुका साथै इपिसेन्टर नक्साहरू प्रकाशन गरी प्रयोगकर्तालाई उपलब्ध गराउने व्यवस्था रहेको छ । खनिज अन्वेषणको क्षेत्रमा चुनढुङ्गाका साथै अन्य खनिज अन्वेषण गर्दा निर्माणमुखी खनिजपदार्थ, शीघ्र आर्थिक प्रतिफल प्राप्त हुने किमती/अर्ध किमती पत्थरहरू, किमती धातु खनिज, अधातु खनिज तथा इन्धन खनिज तर्फ अन्वेषणको कार्य केन्द्रित गरी आर्थिक एवं प्राविधिक संभाव्यताका आधारमा देशले सम्भाव्य प्राकृतिक खनिजजन्य पदार्थबाट लाभ लिने कार्य चुनौतिको रूपमा देखा परेको छ ।

## पर्यटन

८.५४ नेपाल भ्रमणमा आएका पर्यटकहरूको संख्या, तिनको वृद्धिदर तथा बसाइ अवधिको विश्लेषण गर्दा २०६० पौषदेखि २०६१ पौषसम्मको अवधिमा पर्यटक संख्यामा गत वर्षको भन्दा १३.९ प्रतिशतले वृद्धि भएकोमा २०६१ पौषदेखि २०६२ पौषको अवधिमा पर्यटक संख्यामा २.६ प्रतिशतले कमी आएको देखिन्छ । २०६० पौषदेखि २०६१ पौषसम्मको अवधिमा प्रति पर्यटक सरदर बसाइ अवधि १३.५१ दिन रहेकोमा २०६१ पौषदेखि २०६२ पौषसम्मको अवधिमा सरदर बसाइ अवधिमा कमी आई ९.१ दिन कायम हुन आएको देखिन्छ ।

### तालिका ८ (च) : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन सम्बन्धी परिमाणात्मक लक्ष्य एवं उपलब्धी

| सि. नं. | विवरण | आर्थिक वर्ष २०५८/५९ को स्थिति | आर्थिक वर्ष २०६३/६४ को लक्ष्य | आर्थिक वर्ष २०६१/६२ को प्रगति |
|---|---|---|---|---|
| १. | पर्यटक आगमन (हजारमा) | ३६५ | ५१६ | ३७५ (२०६२ पौष) |
| २. | पर्यटक बसाइ अवधि (दिनमा) | १०.९३ | १३ | ९.१ (२०६२ पौष) |
| ३. | विदेशी मुद्रा आर्जन (अमेरिकी डलर दश लाखमा) | १४० | २०५ | रु. १०४६ करोड ४० लाख |
| ४. | प्रति पर्यटक प्रति दिन आम्दानी (अमेरिकी डलरमा) | ३९.६ | ६० | – |
| ५. | कुल ग्राहस्थ्य उत्पादनमा योगदान (प्रतिशतमा) | ३.० | ३.० | २.० |
| ६. | रोजगारी : प्रत्यक्ष (हजारमा) | ८० | १०० | – |
| | अप्रत्यक्ष (हजारमा) | - | १२५ | – |
| ७. | नियमित उडानमा नेपाल आउने अन्तर्राष्ट्रिय विमान सेवा (संख्यामा) | १३ | १७ | – |
| ८ | अन्तर्राष्ट्रिय सेक्टरमा एकतर्फी हवाई सिट उत्पादन (हजारमा) | १००० | १२०० | – |

*स्रोत : दशौं योजना र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।*

८.५५ भ्रमणको उद्देश्य अनुसार पर्यटक आगमन संख्याको अध्ययन गर्दा अधिकांश पर्यटकहरू मनोरन्जन, पदयात्रा तथा पर्वतारोहणका लागि आउने गरेको पाईएको छ। २०६१ पौषदेखि २०६२ पौषसम्मको अवधिमा कुल पर्यटक आगमन संख्याको ४३.४ प्रतिशत मनोरन्जन, १५.६ प्रतिशत पदयात्रा र पर्वतारोहण, ५.९ प्रतिशत व्यापार, ४.५ प्रतिशत औपचारिक भ्रमण, १२.७ प्रतिशत तीर्थयात्रा र १७.९ प्रतिशत अन्य प्रयोजनका लागि नेपाल आएको पाइएको छ। गत वर्षको सोही अवधिको समीक्षा गर्दा औपचारिक भ्रमण, व्यापार, तीर्थयात्राको प्रयोजनका लागि नेपाल आउने पर्यटक बढेको पाइएको छ भने मनोरञ्जनको उद्देश्यले आउने पर्यटकको अंश स्थिर रहेको देखिन्छ।

८.५६ पर्यटकहरूको आगमनलाई क्षेत्रगत रूपमा विश्लेषण गर्दा २०६१ पौषदेखि २०६२ पौषसम्मको अवधिमा कुल पर्यटक संख्या मध्ये २६.१ प्रतिशत पश्चिम यूरोपबाट, ६.१ प्रतिशत उत्तर अमेरिकाबाट, २.२ प्रतिशत अष्ट्रेलिया एवं प्रशान्त क्षेत्रबाट, २.२ प्रतिशत पूर्वी यूरोपबाट, ०.९ प्रतिशत मध्य तथा दक्षिण अमेरिकाबाट र ०.३ प्रतिशत अफ्रिकाबाट आगमन भएको छ। ६१.३ प्रतिशत एशिया महादेशबाट आएकोमा भारतबाट मात्र २५.७ प्रतिशत पर्यटक आएको पाइन्छ। पर्यटक आगमन क्षेत्रमा गतवर्षको सोही अवधिको तुलनामा भारत, पूर्वी यूरोप र एशियाली राष्ट्रबाट पर्यटक आगमन अंश केही बढेको देखिन्छ।

८.५७ उपलब्ध होटल र होटल शैया संख्यालाई हेर्दा २०६१ पौषदेखि २०६२ पौषसम्मको अवधिमा तारे स्तरका होटल संख्यामा कुनै थप नभई ११० नै रहेको छ भने तारेदेखि बाहेकका होटल संख्यामा १० थप भई ८ सय ९६ पुगेको छ। यस अवधिमा तारे स्तरका होटल शैया संख्या स्थिर रहेको र तारेदेखि बाहेकका होटल शैया संख्या १.० प्रतिशतले वृद्धि भई २८ हजार ६ सय ६९ पुगेको छ। समीक्षा अवधिमा कुल होटल संख्यामा १.० प्रतिशत र शैया संख्यामा ०.७ प्रतिशतले वृद्धि भएको छ।

८.५८ नेपाल आउने पर्वतारोहण दल र पर्वतारोहीहरूको स्थितिको विश्लेषण गर्दा २०६१ पौषको तुलनामा २०६२ पौषसम्म पर्वतारोहण दलको संख्या, पर्वतारोहीको संख्या र सामयिक रोजगारी संख्या घट्न गएको पाइन्छ भने सरकारलाई प्राप्त रोयल्टी रकम बढेको छ। २०६१ पौषदेखि २०६२ पौषसम्मको अवधिमा पर्वतारोहण दलको संख्या १४० बाट घटेर १२८, पर्वतारोहीको संख्या १ हजार ४२ बाट घटेर ९ सय ४० र सामयिक रोजगारी संख्या ९ हजार ३ सय ६२ बाट घटेर ६ सय ३६ मा झरेको पाइन्छ भने नेपाल सरकारलाई प्राप्त रोयल्टी रु. १२ रोड ७० लाख ७२ हजारबाट बढेर रु. १५ करोड ६२ लाख ४० हजार पुगेको देखिन्छ। पर्वतारोहीहरूले नेपालमा गरेको खर्च रु. ४० करोड १ लाख ३७ हजार रहेको छ।

८.५९ नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानले पर्यटन प्रवर्द्धन एवं जनशक्ति उत्पादनको लागि तालीम सञ्चालन गर्दै आइरहेको छ। ग्रामीण क्षेत्रमा पर्यटन व्यवसाय प्रवर्द्धन गर्ने उद्देश्यले पर्यटन व्यवसाय सञ्चालन गर्न आवश्यक तालीम सञ्चालन गर्नुका साथै शहरी क्षेत्रका साना-ठूला सवै पर्यटनमूलक व्यवसायको लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न आर्थिक वर्ष २०६०/६१ देखि ३ वर्षे ब्याचलर इन ट्राभल एण्ड टुरिज्म म्यानेजमेन्ट कोर्ष सुरु गरेको छ। प्रतिष्ठानबाट पथ प्रदर्शक, गाइड, टूर-ट्राभल एजेन्सी एवं टिकेटिङ्ग, कुक, नाईके, जलयात्रा प्रदर्शक, हस्पिटालिटी कोर्ष र विभिन्न पर्यटकीय स्थानमा घुम्ती तालीम दिइरहेको छ। आर्थिक वर्ष २०६१/६२ मा प्रतिष्ठानले विभिन्न विषयहरूमा १ हजार ३ सय ८६ जनालाई प्रशिक्षण दिएकोमा आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ

महिनामा ६ सय २० जनालाई विभिन्न विषयको तालीम दिइएको छ । हालसम्म प्रतिष्ठानबाट उत्पादित जनशक्ति २१ हजार नाघिसकेको छ ।

**मन्जूषा : ८ (२)**

**पर्यटन क्षेत्रका मुख्य गतिविधिहरू**

क) **पर्यटन गुरुयोजना** : हिन्दू तथा बौद्धमार्गीहरूलाई नेपालमा आकर्षण गर्न धार्मिक पर्यटन प्रवर्द्धनमा समेत जोड दिँदै पर्यटन गुरुयोजना तर्जुमा गर्ने कार्य भैरहेको छ ।

ख) **पर्यटक प्रहरी** : पर्यटक सुरक्षाको स्थितिलाई सुदृढ तुल्याउन पर्यटक प्रहरीको संख्या ७ बाट बढाएर ३८ पुऱ्याइएको छ । यसबाट पर्यटकहरूलाई सेवा सुविधा उपलब्ध गराउने कार्य प्रभावकारी बन्ने अपेक्षा गरिएको छ ।

ग) **ब्राण्डिङ्ग** : नेपाललाई अन्तर्राष्ट्रिय पर्यटक उद्गम बजारहरूमा उपयुक्त ढङ्गले ब्राण्डिङ्ग गर्ने सिलसिलामा **Naturally Nepal: Once is not Enough** नामक ब्राण्डिङ्ग नेपालका साथै जर्मनीमा भएको संसारको सबै भन्दा ठूलो पर्यटन मेला **(International Tourism Expo)** जर्मनीमा लन्चिङ्ग सम्पन्न भएको ।

घ) **महिला पर्वतारोहीहरूलाई सम्मान** : विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने प्रथम महिला सगरमाथा आरोही जापानकी जुन्को तावेई लगायत अन्य सफल महिला आरोहीहरूलाई सम्मान गरिएको छ ।

ङ) **तेस्रो विश्व हिन्दू महासम्मेलन** : तेस्रो विश्व हिन्दु महासम्मेलन विभिन्न कार्यक्रमका साथ २०६२ चैत्रमा वीरगञ्जमा सम्पन्न भयो ।

च) **राष्ट्रिय हवाई नीति, २०६२** : राष्ट्रिय हवाई नीति, २०६२ तर्जुमा गर्ने कार्य भइरहेको छ ।

छ) **विमानस्थल निर्माण तथा सुधार** : गौतम बुद्ध विमानस्थल भैरहवालाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा विकास विस्तार गर्न जमिन अधिग्रहण एवं मुआब्जा वितरण कार्य भैरहेको छ । जनसहभागितामा निर्माणाधीन मनमायाँ राई खानीडाँडा विमानस्थललाई आर्थिक सहयोग स्वरुप ऋण लगानी उपलब्ध गराईएको छ । डोल्पाको मसिनेचौर विमानस्थलको नेपाल सरकार, नेपाल नागरिक उड्डयन प्राधिकरण र स्थानीय स्तरको सहयोगमा निर्माण कार्य भइरहेको छ ।

ज) **गोरखा दरवार संरक्षण** : गोरखा दरवार संरक्षणको लागि कोतघर पर्खाल मर्मत, महादेव मन्दिर संरक्षण, पस्लाङ्गको चौतारा निर्णोद्धार, खड्ग देवीस्थानको संरक्षण र पृथ्वी संग्राहालय विकास गर्ने कार्य भैरहेको छ ।

झ) **सांस्कृतिक संस्थानको भवन निर्माण** : राष्ट्रिय नाचघर सपिङ्ग कम्पलेक्स भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ जसबाट कलाकार प्रशिक्षण, संगीत उत्सव, नाटक प्रतियोगिता, सास्कृतिक महोत्सव एवं गीत, संगीत र नृत्यको विकास भै राष्ट्रिय संस्कृति प्रवर्द्धन हुने अपेक्षा लिइएको छ ।

*स्रोत : सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय*

## पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्रा

८.६० आर्थिक वर्ष २०६०/६१ को तुलनामा आर्थिक वर्ष २०६१/६२ मा पर्यटन क्षेत्रबाट आर्जित विदेशी मुद्रामा ४२.३४ प्रतिशतले ह्रास आई रु. १० अर्ब ४६ करोड ४० लाख कायम भएको देखिन्छ । आर्थिक वर्ष २०६२/६३ को प्रथम ७ महिनामा रु. ५ अर्ब ६४ करोड १० लाख विदेशी मुद्रा यस क्षेत्रबाट आर्जन भएको अनुमान छ जुन गत वर्षको सोही अवधिको आर्जित विदेशी मुद्रा भन्दा घटी देखिन्छ । आर्थिक वर्ष २०६२/६३ को प्रथम ७ महिनामा आर्जित विदेशी मुद्राको अंश कुल वस्तु निर्यातबाट प्राप्त विदेशी मुद्राको अनुपातमा १४.९ प्रतिशत, कुल वस्तु निर्यात एवं सेवाबाट प्राप्त विदेशी मुद्रा आर्जनको अनुपातमा १०.४ प्रतिशत र आर्जित कुल विदेशी मुद्राको अनुपातमा ८.० प्रतिशत रहेको छ । आर्थिक वर्ष २०६१/६२ को सोही अवधिको तुलनामा पहिलो दुई अनुपातमा ह्रास आएको देखिन्छ भने अन्तिम अनुपात चाहिँ बढेको पाईएको छ ।

८.६१ नेपाल पर्यटन बोर्डबाट पर्यटन प्रवर्द्धन, पर्यटन सम्पदा विकास तथा संसाधन विकास कार्यमा जोड दिइएको छ । बोर्डले विभिन्न अर्न्तार्ष्ट्रिय मेला, मिडिया क्याम्पेनिङ, टूर अपरेटर्स मिट, परिचयात्मक भ्रमण, प्रवर्द्धनात्मक सामग्रीहरूको उत्पादन तथा वितरण जस्ता पर्यटन प्रवर्द्धन कार्य गरिरहेको छ । जापान, चीन, बेलायत, फ्रन्स, रसिया, सिंगापुर, थाइल्याण्ड, भारत आदि देशबाट ४० भन्दा बढी टोलिले नेपालको परिचयात्मक भ्रमण गरेका छन् । त्यस्तै नेपालले ५० भन्दा बढी निजी पर्यटन व्यवसायीका साथ जापान, बेलायत, चीन, जर्मनी तथा भारतमा भएका पर्यटन मेलाहरूमा भाग लिएको छ । यसबाट पर्यटन प्रवर्द्धनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

## चुनौतीहरू

८.६२ देशमा हालै भएको परिवर्तनलाई संस्थागत र दिगो बनाउन स्थायी शान्तिमार्फत कृषि, उद्योग, पर्यटन लगायतका क्षेत्रको विकास गर्ने र सो को प्रतिफल ग्रामीण क्षेत्र र सीमान्त वर्गमा पुऱ्याई समृद्ध राष्ट्र निर्माण गर्ने चुनौती आई परेको छ ।

८.६३ कृषकहरूलाई आफ्नो कृषि उपजको बजार सहज रूपमा प्राप्त गराउनुका साथै उचित मूल्य प्राप्त गर्न सक्ने अवस्थाको सृजना गर्दै कृषि पूर्वाधार लगायत कृषि उपजको ग्रेडिङ्ग, स्तर निर्धारण, गुणस्तर प्रमाणीकरण एवं सुदृढीकरण गरी कृषि क्षेत्रलाई प्रतिस्पर्धात्मक क्षेत्रको रूपमा विकसित गराउने चुनौती रहेको छ ।

८.६४ भारतीय सीमावर्ती बजारबाट अवैध तरिकाबाट कम मूल्यमा कृषिजन्य वस्तुहरू आयात हुँदै आएकोले भारतीय उत्पादनसँग नेपाली उत्पादनले प्रतिस्पर्धात्मक क्षमता बढाउन उत्पादन लागत घटाउनको साथै कृषि क्षेत्रलाई सहयोग पुग्ने गरी कृषि सडक निर्माण, ग्रामीण विद्युतीकरण, सिंचाइ सुविधामा वृद्धि, व्यवसायिक कृषि बालीलाई प्रोत्साहन, गुणस्तरीय रासायनिक मल एवं उन्नत बीउ-बीजनको समयमै आपूर्तिको उचित व्यवस्था र कृषि उत्पादनको उपयुक्त भण्डारण व्यवस्था गरी कृषि क्षेत्रलाई प्रोत्साहन पुऱ्याउनु पर्ने चुनौती यथावतै रहेको छ ।

८.६५ किसानहरूलाई बढी फाइदा हुने नगदे बाली, पशुजन्य उत्पादनहरू, फलफूल एवं तरकारीको व्यवसायिक उत्पादन गर्नेतर्फ केन्द्रीत गर्नका लागि कृषि प्रणालीलाई विविधीकरण र

आधुनिकीकरण गरी कृषि अनुसन्धान कार्यलाई बेमौसमी तरकारी एवं फलफूलको पहिचान एवं सुख्खा मौसममा पनि उत्पादन हुन सक्ने अन्य बालीतर्फ केन्द्रीत गर्नुपर्ने चुनौती रहेको छ ।

८.६६ विश्व व्यापार संगठन (World Trade Organization - WTO) को सदस्यता पछि नेपालले उठाउन सक्ने लाभ एवं आई पर्ने चुनौतीको सामना गर्न आधुनिक व्यवस्थापन, नवीन सीपको प्रयोग, उन्नत प्रविधिको उपयोग, प्राविधिक दक्षता अभिवृद्धि, उद्यमशीलताको विकास एवं प्रवर्द्धन गरी मुलुकको अर्थतन्त्रमा विदेशी एवं गैर-आवासीय नेपाली (Non-resident Nepalese - NRN) को लगानीलाई आकर्षित गर्ने चुनौती रहेको छ ।

८.६७ पर्यटन पवर्द्धन, पर्यटकीय पूर्वाधारको विकास, पर्यटन उद्योगको विविधीकरण, व्यापक प्रचार प्रसार, अन्तर्राष्ट्रिय क्षेत्रमा सही सूचना प्रवाह गरी पर्यटकलाई पर्याप्त रूपमा सुसूचित गर्दै नेपाल बारे रहेको अनभिज्ञता हटाई पर्यटकहरूको आगमन संख्या बढाउने, बसाइ अवधि लम्ब्याउने र गुणस्तरीय पर्यटनलाई प्रोत्साहित गरी पर्यटन उद्योगको विकास एवं विस्तार गर्ने कार्य पनि चुनौतीको रूपमा रहेको छ ।

८.६८ ऐतिहासिक, सांस्कृतिक एवं पुरातात्विक महत्वका मठ-मन्दिर, संस्कृति एवं परम्पराको संरक्षण एवं प्रवर्द्धनका माध्यमबाट नेपाललाई सांस्कृतिक पर्यटकीय गन्तव्य स्थलकारूपमा विकसित गरी बढी भन्दा बढी पर्यटकहरूलाई आकर्षण गर्न पर्यटन प्रवर्द्धन गर्नुका साथै विश्वसम्पदा सूचीमा रहेका पर्यटकीय स्थलको संरक्षण गर्ने कार्य पनि उत्तीकै चुनौतीपूर्ण छ ।

# ९. सार्वजनिक संस्थान तथा निजीकरण

## सार्वजनिक संस्थानहरु

९.१ नेपाल सरकारको पूर्ण एवं आंशिक स्वामित्वमा रहेका ३६ वटा संस्थानहरुको समष्टिगत आर्थिक स्थितिको विश्लेषण गर्दा आर्थिक वर्ष २०६१/६२ मा १९ संस्थानहरुले मुनाफा आर्जन गरेका छन् भने १७ संस्थानहरु घाटामा सञ्चालन भएका छन् । मुनाफा आर्जन गर्ने संस्थानहरुमध्ये पनि धेरैजसोको आर्थिक अवस्था, क्षमता उपयोग तथा कर्मचारी उत्पादकत्व त्यति सन्तोषजनक देखिदैन । कुल ३६ वटा संस्थानहरुमा आर्थिक वर्ष २०६१/६२ को अन्त्यसम्म नेपाल सरकारको शेयर लगानी रु. ५९ अर्ब ६७ करोड ५९ लाख र ऋण लगानी रु. ६४ अर्ब ५५ करोड १९ लाख रहेको छ भने आर्थिक वर्ष २०६१/६२ मा नेपाल सरकारले शेयर लगानीबाट रु. ३ अर्ब ३५ करोड ४६ लाख लाभांश प्राप्त गरेको छ । यो लाभांश शेयर लगानीको ५.६२ प्रतिशत हुन आउँछ ।

## क्षेत्रगत विश्लेषण

### औद्योगिक क्षेत्र

९.२ आर्थिक वर्ष २०६१/६२ सम्म ९ संस्थानहरु रहेको औद्योगिक क्षेत्रमा एक संस्थान निजीकरण भएको र एक संस्थान खारेजीमा गएकोले आर्थिक वर्ष २०६२/६३ मा जम्मा ७ संस्थान बाँकी रहेका छन् । आर्थिक वर्ष २०६१/६२ को अन्त्यसम्म उक्त ७ संस्थानमा नेपाल सरकारको शेयर लगानी रु. ५ अर्ब ६२ करोड ८५ लाख तथा ऋण लगानी रु. ३ अर्ब ७७ करोड ६२ लाख रहेको छ । हालको आर्थिक अवस्था हेर्दा यी ७ संस्थानहरुको समष्टिगत नेट वर्थ रु. ८ करोड ७० लाख मात्र रहेको देखिन्छ । नेपाल ओरिण्ड म्याग्नेसाइटको मात्र नेट वर्थ रु. २ अर्ब ८३ करोड ३६ लाख ऋणात्मक रहेको छ भने उदयपुर सिमेण्टको नेट वर्थ रु. २ अर्ब ५७ करोड २ लाख धनात्मक पाइएको छ । यस क्षेत्रका संस्थानहरुको सञ्चालन नाफा/नोक्सानको अवस्था हेर्दा आर्थिक वर्ष २०६१/६२ मा जडीबुटी उत्पादन तथा प्रशोधन कं. लि., हेटौडा सिमेण्ट उद्योग लि. तथा जनकपुर चुरोट कारखाना लि. ले सञ्चालन नाफा आर्जन गरेको देखिन्छ भने दुग्ध विकास संस्थान, नेपाल औषधि लि., उदयपुर सिमेण्ट उद्योग लि. तथा नेपाल ओरिण्ड म्याग्नेसाइट सञ्चालन घाटामा रहेका छन् । ७ संस्थानहरुको समष्टिगत खुद पूँजी लगानी आर्थिक वर्ष २०६१/६२ मा रु. ३ अर्ब ९५ करोड १३ लाख रहेको देखिन्छ । यस क्षेत्रबाट आर्थिक वर्ष २०६१/६२ मा नेपाल सरकारलाई कुनै लाभांश प्राप्त भएको छैन ।

### व्यापारिक क्षेत्र

९.३ व्यापारिक क्षेत्रका कुल ६ संस्थानहरुमा आर्थिक वर्ष २०६१/६२ सम्म नेपाल सरकारको शेयर लगानी रु. १ अर्ब ६० करोड ९९ लाख तथा ऋण लगानी रु. ६५ करोड ३९ लाख रहेको छ । आर्थिक वर्ष २०६१/६२ मा कृषि सामाग्री कम्पनी, राष्ट्रिय वीउ वीजन कम्पनी,

नेशनल ट्रेडिङ्ग लि. तथा टिम्बर कर्पोरेशन गरी ४ संस्थानहरुले सञ्चालन नाफा आर्जन गरेको देखिन्छ भने २ संस्थानहरु नेपाल खाद्य संस्थान एवं नेपाल आयल निगम घाटामा सञ्चालित छन् । सबै भन्दा धेरै सञ्चालन घाटा हुने संस्थानमा नेपाल आयल निगम रहेको छ । यस निगमको सञ्चालन घाटा आर्थिक वर्ष २०६१/६२ मा मात्र रु. २ अर्ब ५२ करोड पुगेको छ भने आर्थिक वर्ष २०६२/६३ मा यस्तो घाटा रु. ३ अर्ब २२ करोड २१ लाख पुग्ने अनुमान गरिएको छ । आर्थिक वर्ष २०६३/६४ मा रु. ४ अर्ब ४२ करोड २४ लाख सञ्चालन घाटा प्रक्षेपण गरिएको छ । व्यापारिक क्षेत्र अन्तर्गतका संस्थानहरुमा आर्थिक वर्ष २०६१/६२ को अन्त्यमा समष्टिगत नेट वर्थ रु. २६ करोड १७ लाख धनात्मक रहेको छ । आर्थिक वर्ष २०६१/६२ को खुद नाफा/नोक्सानीको अवस्था हेर्दा ४ संस्थानहरु खुद मुनाफामा छन् भने दुई संस्थानहरुले खुद नोक्सानी बेहोर्नु परेको छ । आर्थिक वर्ष २०६१/६२ मा नेपाल सरकारलाई लाभांश बुझाउने संस्थानमा राष्ट्रिय वीउ वीजन कम्पनी मात्र रहेको छ, जसले सरकारलाई रु. ५ लाख लाभांश बुझाएको छ ।

## सेवा क्षेत्र

९.४ सेवा क्षेत्र अन्तर्गत रहेका ७ संस्थानहरुमा आर्थिक वर्ष २०६१/६२ सम्ममा नेपाल सरकारको शेयर लगानी रु. १४ अर्ब ९६ करोड ७९ लाख तथा ऋण लगानी रु. ३ अर्ब २५ करोड ६८ लाख रहेको छ । आर्थिक वर्ष २०६१/६२ को अन्त्यमा यस क्षेत्रको समष्टिगत नेट वर्थ रु. ८ अर्ब ४१ करोड १२ लाख रहेको छ जसमध्ये नेपाल नागरिक उड्डयन प्राधिकरणको मात्र रु. ९ अर्ब ३९ करोड ४६ लाख धनात्मक छ भने नेपाल वायुसेवा निगमको नेट वर्थ रु. १ अर्ब ५८ करोड ८५ लाख ऋणात्मक रहेको छ । सञ्चालन कार्यकुशलताको अवस्था हेर्दा नेपाल पारवहन तथा गोदाम व्यवस्था कं. लि., नेपाल इञ्जिनियरिङ्ग कन्सल्टेन्सी, नेपाल वायुसेवा निगम र राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र घाटामा सञ्चालित छन् भने औद्योगिक क्षेत्र व्यवस्थापन लि., नेशनल कन्स्ट्रक्सन कं. लि. तथा नागरिक उड्डयन प्राधिकरण नाफामा सञ्चालित रहेको देखिन्छ । आर्थिक वर्ष २०६१/६२ सम्म यस क्षेत्रको समष्टिगत खुद पूँजी लगानी रु. १० अर्ब ७९ करोड २१ लाख छ भने समष्टिगत पूँजीको प्रतिफल ६.८६ प्रतिशत रहेको छ । यस क्षेत्र अन्तर्गत आर्थिक वर्ष २०६१/६२ मा नेपाल सरकारलाई लाभांश बुझाउने संस्थानमा औद्योगिक क्षेत्र व्यवस्थापन कं. रहेको छ जसबाट सरकारले लाभांशको रुपमा रु. ९२ लाख प्राप्त गरेको छ ।

## सामाजिक क्षेत्र

९.५ सामाजिक क्षेत्र अन्तर्गत रहेका ५ संस्थानहरुमा आर्थिक वर्ष २०६१/६२ सम्ममा नेपाल सरकारको शेयर लगानी रु. १ अर्ब ८१ करोड ११ लाख र ऋण लगानी रु. ७ करोड ९ लाख रहेको छ । आर्थिक वर्ष २०६१/६२ मा यस क्षेत्रको समष्टिगत नेट वर्थ रु. १ अर्ब ८० करोड ४० लाख धनात्मक रहेको छ । आर्थिक वर्ष २०६१/६२ मा जनक शिक्षा सामाग्री केन्द्र लि. र नेपाल टेलिभिजनले मात्र सञ्चालन नाफा आर्जन गरेको देखिन्छ भने बाँकी ३ संस्थानहरु सञ्चालन घाटामा रहेको पाइएको छ । खुद नाफा/नोक्सानीको अवस्था हेर्दा आर्थिक वर्ष २०६१/६२ मा जनक शिक्षा सामाग्री केन्द्र लि. ले खुद मुनाफा आर्जन गरेको छ भने बाँकी ४ संस्थानहरु खुद नोक्सानीमा रहेका छन् । आर्थिक वर्ष २०६१/६२ मा नेपाल सरकारलाई लाभांश बुझाउने संस्थानमा जनक शिक्षा सामाग्री केन्द्र लि. रहेको छ र यस संस्थानले बुझाएको लाभांश रकम रु. ३५ लाख रहेको छ ।

## जनोपयोगी क्षेत्र

९.६ नेपाल खानेपानी संस्थान, नेपाल विद्युत प्राधिकरण तथा नेपाल दूर सञ्चार कं. लि. लाई जनोपयोगी क्षेत्र भित्र समावेश गरिएको छ । यी तीन संस्थानहरुमा आर्थिक वर्ष २०६१/६२ सम्ममा नेपाल सरकारको शेयर तथा ऋण वापत क्रमशः रु. ३२ अर्ब ४८ करोड ११ लाख तथा रु. ५३ अर्ब १२ करोड ८६ लाख लगानी भएको छ । यी संस्थानहरुको हालको अवस्था हेर्दा नेपाल दूर सञ्चार कं. लि. ले मात्र मुनाफा आर्जन गरेको देखिन्छ भने बाँकी २ संस्थाहरु सञ्चालन घाटामा रहेका छन् । खुद नाफा/नोक्सानीको अवस्था हेर्ने हो भने आर्थिक वर्ष २०६१/६२ मा नेपाल खानेपानी संस्थानले पनि केही नाफा आर्जन गरेको देखिन्छ । आर्थिक वर्ष २०६१/६२ को तथ्याङ्क अनुसार नेपाल खानेपानी संस्थान तथा नेपाल विद्युत प्राधिकरणको सञ्चालन घाटा क्रमशः रु. २ करोड ८५ लाख र रु. १ अर्ब ९५ करोड ३ लाख रहेको छ भने नेपाल दूर सञ्चार कं. लि. को सञ्चालन नाफा रु. ४ अर्ब ३२ करोड ३० लाख रहेको छ । आर्थिक वर्ष २०६१/६२ सम्म लगानी भएको खुद पूँजीको प्रतिफल हेर्ने हो भने नेपाल दूर सञ्चार कं. लि. को २०.९१ प्रतिशत धनात्मक, नेपाल खानेपानी संस्थानको ०.७१ प्रतिशत ऋणात्मक र नेपाल विद्युत प्राधिकरणको २.६८ प्रतिशत ऋणात्मक रही यस क्षेत्रको समष्टिगत प्रतिफल २.४० प्रतिशत धनात्मक रहेको छ । यसरी जनोपयोगी क्षेत्रको समष्टिगत प्रतिफल कम हुनुको प्रमुख कारण उच्च पूँजी लगानी (रु. ७२ अर्ब ७७ करोड ६ लाख) रहेको नेपाल विद्युत प्राधिकरणको प्रतिफल ऋणात्मक रहनु हो । यस क्षेत्र अन्तर्गत आर्थिक वर्ष २०६१/६२ मा नेपाल दूर सञ्चार कं. लि. बाट नेपाल सरकारले रु. ३ अर्ब ३० करोड लाभांश प्राप्त गरेको छ ।

## वित्तीय क्षेत्र

९.७ वित्तीय क्षेत्रका कुल ८ संस्थानहरुमा आर्थिक वर्ष २०६१/६२ सम्ममा नेपाल सरकारले शेयर पूँजी वापत रु. ३ अर्ब १७ करोड ७४ लाख लगानी गरेको छ भने ऋण वापत रु. ३ अर्ब ६६ करोड ५५ लाख लगानी भएको छ । आर्थिक वर्ष २०६१/६२ को अन्त्यमा यस क्षेत्रको समष्टिगत नेट वर्थ रु. २५ अर्ब २० करोड ४८ लाख ऋणात्मक रहेको छ जसमध्ये राष्ट्रिय वाणिज्य बैंक तथा कृषि विकास बैंकको मात्र ऋणात्मक नेट वर्थ क्रमशः रु. २० अर्ब १९ करोड ९४ लाख र रु. ५ अर्ब ९८ करोड ९३ लाख रहेको छ । बाँकी ६ संस्थाहरुको नेट वर्थ मध्ये नेपाल औद्योगिक विकास बैंक लि. बाहेक अन्य ५ संस्थाहरुको नेट वर्थ भने धनात्मक नै छ । राष्ट्रिय वाणिज्य बैंक तथा कृषि विकास बैंकको नेट वर्थमा आर्थिक वर्ष २०६०/६१ को तुलनामा आर्थिक वर्ष २०६१/६२ मा केही सुधार भएको देखिन्छ । आर्थिक वर्ष २०६०/६१ को अन्त्यमा राष्ट्रिय वाणिज्य बैंकको नेट वर्थ रु. २१ अर्ब ४३ करोड ९० लाख ऋणात्मक रहेको थियो भने कृषि विकास बैंकको नेट वर्थ रु. ६ अर्ब १ करोड ४२ लाख ऋणात्मक रहेको थियो । आर्थिक वर्ष २०६१/६२ मा कृषि विकास बैंक र निक्षेप बिमा तथा कर्जा सुरक्षण निगम सञ्चालन घाटामा रहेका छन् भने बाँकी ६ संस्थानहरुले सञ्चालन नाफा आर्जन गरेका छन् । खुद नाफा/नोक्सानीको अवस्था हेर्दा आर्थिक वर्ष २०६१/६२ मा कृषि विकास बैंकले नोक्सानी बेहोर्नु परेको छ भने बाँकी ७ संस्थानहरुले खुद नाफा आर्जन गरेको देखिन्छ । यस क्षेत्र अन्तर्गत आर्थिक वर्ष २०६१/६२ मा नेपाल सरकारलाई लाभांश बुझाउने संस्थानहरुमा राष्ट्रिय बिमा संस्थान, निक्षेप बिमा तथा कर्जा सुरक्षण निगम र नेपाल स्टक एक्सचेन्ज रहेका छन् र यी संस्थानहरुले बुझाएको लाभांशको रकम क्रमशः रु. ३ करोड ९४ लाख, रु. ११ लाख र रु. ९ लाख रहेको छ ।

## लेखा परीक्षणको अवस्था

९.८ सार्वजनिक संस्थानहरु विभिन्न ऐन अन्तर्गत स्थापना भएको भएतापनि प्रत्येक वर्ष लेखा परीक्षण गराउनु पर्ने कानूनी वाध्यता सवै संस्थानहरुको हकमा रहेको छ । ऐनले नै लेखापरीक्षण गराउनुपर्ने अनिवार्य व्यवस्था भए पनि अधिकाशं संस्थानहरुको लेखापरीक्षण तोकिएको समयमा हुन सकेको छैन । कुल ३६ सार्वजनिक संस्थानहरु मध्ये २२ वटा संस्थानहरुको आर्थिक बर्ष २०६१/६२ सम्मको लेखा परीक्षण सम्पन्न भएको छ भने ८ वटा संस्थानहरुले आर्थिक बर्ष २०६०/६१ सम्मको लेखा परीक्षण सम्पन्न गरेका छन् । नेपाल औद्योगिक विकास निगम, टिम्बर करपोरेशन अफ नेपाल र नेपाल आयल निगम गरी ३ वटा संस्थानहरुको आर्थिक बर्ष २०५९/६० सम्मको लेखा परीक्षण सम्पन्न भएको छ । लामो अवधिसम्म लेखा परीक्षण नगर्ने संस्थानहरुमा नेपाल वायुसेवा निगम, नेपाल ओरिण्ड म्याग्नेसाईट र बीमा संस्थानको क्रमशः आर्थिक वर्ष २०५८/५९, आर्थिक वर्ष २०५५/५६ र आर्थिक वर्ष २०५४/५५ सम्मको मात्र लेखा परीक्षण भएको छ । लेखा र लेखा परीक्षण सम्बन्धमा कानूनले र्निदिष्ट गरेअनुसार लेखापरीक्षण गराउन ताकेता गरिएपछि यस क्षेत्रमा केही प्रगति देखिएता पनि माथि उल्लेख भएका केही संस्थानहरुको लेखापरीक्षण कार्यले अपेक्षित गति लिन सकेको देखिंदैन । यसबारे निरन्तर अनुगमन गरी लेखापरीक्षण अद्यावधिक गराउन सम्बन्धित संस्थालाई निर्देशन दिने कार्यलाई निरन्तरता दिइएको छ ।

## संस्थानहरुको संचालक समितिमा सुधार

९.९ संस्थानहरुको सञ्चालन तथा व्यवस्थापनमा दक्ष, व्यावसायिक एवं पेशाविदहरुलाई मात्र प्रतिनिधित्व गराउने र संचालक समितिमा संचालक सदस्य संख्या ५ मा सीमित गर्ने नीति अनुरुप अधिकांश संस्थानहरुमा यो व्यवस्था अवलम्बन गरिसकिएको छ । केही संस्थानहरुको सञ्चालक समितिको सदस्य संख्या ऐन/ नियमद्वारा नै तोकिएकाले ऐन/नियममा संशोधन गरी सदस्य संख्या ५ मा सीमित गर्ने कार्यले पूर्णता पाउन बांकी रहेको छ ।

## कार्यसम्पादन सम्झौता सम्बन्धी व्यवस्था

९.१० सार्वजनिक संस्थानहरुको कार्यकुशलतामा वृद्धि ल्याउने अभिप्रायबाट संस्थानहरुसँग कार्य-सम्पादन सम्झौता (Performance Contract/MOU) गर्ने भनी आर्थिक वर्ष २०६०/६१ को बजेट वक्तव्य मार्फत घोषणा गरिएअनुरुप केही सार्वजनिक संस्थान/कम्पनीहरुसँग कार्य सम्पादन सम्झौता गरिसकिएको छ । कार्यसम्पादन सम्झौतामा उल्लेख गरिने मूल आधारहरुमा कम्पनीको कार्यकुशलता बढाउने प्रकृतिका कार्यसम्पादन सूचकाङ्कहरु जस्तैः क्षमता उपयोग, टर्नओभर, लगानीको प्रतिफल, श्रम उत्पादकत्व, खुद मुनाफा आदि रहेका छन् भने संस्थान/कम्पनीलाई व्यवसायिक स्वायत्तताको प्रत्याभूति दिने तथा सरकारबाट दिइने सहयोगका सम्बन्धमा पनि सम्झौतामा उल्लेख गर्ने गरिएको छ । यस व्यवस्थाले संस्थालाई स्वायत्तता प्रदान गरी निर्धारित लक्ष्यहरु पूरा गर्न संचालक समिति र व्यवस्थापनलाई उत्तरदायी बनाउने विश्वास लिइएको छ । आर्थिक वर्ष २०६०/६१ मा ५ वटा संस्थानसँग कार्य सम्पादन सम्झौता भएको थियो भने त्यस पछिका आर्थिक बर्षमा यस कार्यले निरन्तरता पाउन सकेन । साथै कार्यसम्पादन सम्झौता बमोजिम कार्य भए-नभएको सम्बन्धमा मूल्याङ्कन गर्ने र उत्कृष्ट नतिजा प्राप्त गर्नेलाई पुरस्कृत तथा न्यून दर्जाको कार्य सम्पादन गर्नेलाई दण्डित गर्ने स्वीकृत नीति पनि कार्यान्वयन हुन सकेको छैन् । समय-

समयमा व्यवस्थापनमा हुने गरेको परिवर्तन र अपेक्षित रुपमा स्वायत्तता व्यवहारमा आउन नसकेको कारणले MOU बाट अपेक्षित लाभ लिन सकेको देखिंदैन ।

## कर्मचारीको अवस्था

९.११ सरकारी स्वामित्वमा सञ्चालित संस्थानहरुले रोजगारीको क्षेत्रमा उल्लेखनीय योगदान दिएको भएतापनि संस्थानको कार्यबोझका आधारमा मात्र कर्मचारी संख्या निर्धारण गरिनुपर्नेमा कतिपय संस्थानहरुमा आवश्यकता भन्दा बढी कर्मचारी रहेबाट संस्थानको खर्च बढ्न गएको छ । संस्थानहरुमा दीर्घकालीन दायित्व न्यून गर्ने उद्देश्यबाट अत्यावश्यक दरबन्दी मात्र राखी अनावश्यक पदहरु कटौती गर्दै लाने नीति लिइएअनुसार आर्थिक बर्ष २०६२/६३ सम्ममा विभिन्न संस्थानहरुमा बिभिन्न पदका करीब ४ हजार ५ सय दरबन्दी कटौती गरी संस्थानहरुको खर्च वाञ्छित सीमाभित्र राख्ने प्रयास गरिएको छ । तर सो प्रयासका बावजूद पनि अधिकांश संस्थानहरु सञ्चालन घाटामा नै रहेको हुँदा बढी जनशक्ति (Over-staffing) को समस्या अझै पनि चुनौतीको रुपमा रहेको देखिन्छ ।

## दायित्वको अवस्था

९.१२ सार्वजनिक संस्थानहरुलाई दायित्वको हिसावबाट सीमित र असीमित गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । सीमित दायित्व भएका संस्थानहरुमा शेयरवालाको दायित्व निजले खरीद गरेको वा खरिद गर्न कबूल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित छ भने असीमित दायित्व भएका संस्थानहरुको सम्पूर्ण दायित्व लगानीकर्तामा सर्ने व्यवस्था छ । कम्पनी ऐन, २०५३ अन्तर्गत स्थापित संस्थानहरु सीमित दायित्व अन्तर्गत पर्दछन् भने संस्थान ऐन, २०२१ अन्तर्गत स्थापित संस्थानहरु असीमित दायित्व अन्तर्गत पर्दछन् । एकातर्फ संस्थानहरु संचालन घाटामा रहेको अवस्था छ भने अर्कोतर्फ संस्थानको आर्थिक क्षमताले धान्नै नसक्ने गरी दायित्वको सृजना गरिएको छ । संस्थानले सृजना गरेको दायित्वको हिसाब समेत नराखेको अवस्थामा त्यसको लागि कोषको व्यवस्था गर्न लगाउने कार्य ज्यादै कठिन देखिन्छ । उपर्युक्त अवस्थाका कारण संस्थानहरुको सम्भावित दायित्व यकीन गरी व्यवस्थित गर्नुपर्ने आवश्यकता देखिएको छ । उपलब्ध विवरण अनुसार संस्थानहरुमा २०६२ आषाढसम्ममा कोष व्यवस्था नभएकोतर्फ रु. ३ अर्व ८७ करोड २९ लाख, मुद्दातर्फ रु. २७ करोड ११ लाख, जमानततर्फ रु. २ अर्व २१ करोड ४३ लाख र अन्य दायित्वतर्फ रु. ३ अर्व ९९ करोड १४ लाख गरी जम्मा रु. १० अर्व ३४ करोड ९७ लाख Unfunded र Contingent दायित्व रहेको देखिन्छ ।

## सार्वजनिक संस्थानहरुको निजीकरण र खारेजी

९.१३ देशले अवलम्वन गरेको आर्थिक उदारीकरण र खुला बजार अर्थतन्त्रको महत्वपूर्ण अंग (Component) को रुपमा सरकारले निजीकरण कार्यक्रमलाई स्वीकार गरेको छ । नेपालमा यो कार्यक्रम मूलतः उद्योग एवं प्रतिष्ठानको व्यवसायिक दक्षता बृद्धि गरी उत्पादकत्व बढाउने, सरकारलाई परेको वित्तीय एवं प्रशासनिक भार कम गर्ने, आर्थिक विकासमा निजीक्षेत्रको सहभागितामा व्यापक रुपमा बृद्धि गर्ने जस्ता उद्देश्यहरु प्राप्त गर्नेतर्फ केन्द्रित रहेको छ । यसै क्रममा सार्वजनिक संस्थानहरुको स्वामित्व एवं व्यवस्थापनमा निजीक्षेत्रको

सहभागिता आकर्षित गर्न विगत डेढ दशकदेखि निजीकरण कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिंदै आएको छ । व्यापारिक, आर्थिक एवं वित्तीयरुपमा सम्भाव्य देखिएका संस्थानहरु निजीक्षेत्रलाई हस्तान्तरण गरिएका छन् भने बदलिंदो परिप्रेक्ष्यमा स्थापनाकालको उद्देश्य हाल सान्दर्भिक नभई आर्थिक एवं सामाजिक रुपमा औचित्य र उपादेयता समाप्त भएका संस्थानहरु खारेज गरिएका छन् । हालसम्म निजीकरण एवं खारेजीको कार्य सम्पन्न भइसकेका २६ वटा सार्वजनिक संस्थानहरुको नामावली तालिका ९ (क) मा प्रस्तुत गरिएको छ ।

## तालिका ९ (क) : निजीकरण तथा खारेजी भएका सार्वजनिक संस्थानहरु

| क.सं. | संस्थान/प्रतिष्ठानको नाम | निजीकरण /खारेज भएको वर्ष (इ.सं.) | निजीकरण प्रक्रिया | एकमुष्ट शेयर बिक्री (प्रतिशत) | निजीकरणवाट प्राप्त रकम (रु. हजारमा) |
|---|---|---|---|---|---|
| १. | भृकुटी कागज कारखाना | १९९२ | **व्यवसाय एवं सम्पत्ति बिक्री** | - | २२९८०० |
| २. | हरिसिद्धि ईटा-टायल कारखाना | १९९२ | व्यवसाय एवं सम्पत्ति बिक्री | - | २१४८३० |
| ३. | बाँसबारी छाला जुत्ता कारखाना | १९९२ | व्यवसाय एवं सम्पत्ति बिक्री | - | २९८५४ |
| ४. | चलचित्र विकास कम्पनी | १९९३ | शेयर बिक्री | ५१.० | ६४६६२ |
| ५. | बालाजु कपडा उद्योग | १९९३ | शेयर बिक्री | ७०.० | १७७१६ |
| ६. | काँचो छाला संकलन तथा बिक्री केन्द्र | १९९३ | शेयर बिक्री | १००.० | ३९९० |
| ७. | नेपाल बिटुमिन तथा ब्यारेल उद्योग | १९९४ | शेयर बिक्री | ६५.० | १३१२७ |
| ८. | नेपाल ल्यूब आयल | १९९४ | शेयर बिक्री | ४०.० | ३१०५७ |
| ९. | नेपाल जुट विकास तथा व्यापार कम्पनी | १९९३ | खारेजी | - | - |
| १०. | सूर्ति विकास कम्पनी | १९९४ | खारेजी | - | - |
| ११. | नेपाल ढलौट कारखाना | १९९६ | शेयर बिक्री | ५१.० | १४४७३ |
| १२. | श्री रघुपति जुट मिल्स | १९९६ | शेयर बिक्री | ६५.० | ८२२०४ |
| १३. | विराटनगर जुट मिल्स* | २००२ | व्यवस्थापन करार | - | - |
| १४. | नेपाल बैंक लि.** | १९९७ | शेयर बिक्री | १०.० | १२५१४० |
| १५. | नेपाल चिया विकास निगम | २००० | शेयर बिक्री | ६५.० | २६७१०५ |
| १६. | कृषि आयोजना सेवा केन्द्र | २००१ | खारेजी | - | - |
| १७. | घरेलु शिल्पकला बिक्री भण्डार | २००२ | खारेजी | - | - |
| १८. | नेपाल कोल लि. | २००२ | खारेजी | - | - |
| १९. | हेटौंडा कपडा उद्योग | २००२ | खारेजी | - | - |
| २०. | नेपाल यातायात संस्थान | २००२ | विघटन | - | - |
| २१. | बुटवल पावर कम्पनी | २००३ | शेयर बिक्री | ७५.० | ८७४२०० +US $ १० लाख |
| २२. | वीरगञ्ज चिनी कारखाना लि. | २००३ | खारेजी | - | - |
| २३. | कृषि औजार कारखाना लि. | २००३ | खारेजी | - | - |

| | | | | | |
|---|---|---|---|---|---|
| २४. | भक्तपुर ईंटा कारखाना लि. | २००४ | सम्पत्ति बिक्री र भाडा | - | १४५०० (सम्पत्ति बिक्री) ३१९०० (१० वर्षको भाडा) |
| २५. | लुम्बिनी चिनी कारखाना | २००६ | सम्पत्ति बिक्री र भाडा | - | ७८६०० (सम्पत्ति बिक्री) ४२१२ (प्रति वर्ष भाडा |
| २६. | नेपाल रोजिन एण्ड टरपेण्टाइन लि. | २००६ | सम्पत्ति बिक्री र भाडा | - | ११०१०० (सम्पत्ति बिक्री) ३०१२ (प्रति वर्ष भाडा) |

* व्यवस्थापन करार मिल्सको व्यवस्थापनबाट भएको

** नेपाल सरकारको शेयरको १०.० प्रतिशत शेयर विक्री गरेको

९.१४ हालसम्म निजीकरण गरिएका सार्वजनिक प्रतिष्ठानमध्ये ३ वटाको सम्पत्ति एवं व्यवसाय बिक्री, १० वटाको शेयर बिक्री, ९ वटा खारेजी/विघटन, १ वटाको व्यवस्थापन करार र ३ वटा सम्पत्ति बिक्री र भाडामा दिई निजीकरण गरिएको छ । आर्थिक वर्ष २०६२/६३ मा निजीकरण/खारेजीको कार्य सम्पन्न गर्ने भनिएका संस्थानहरुमध्ये लुम्बिनी चिनी कारखानाको सम्पत्ति बिक्री तथा जग्गा र भवन २५ वर्षको लागि भाडा (Lease) मा दिने कार्य सम्पन्न भई यसै बर्ष देखिनै उक्त कारखाना निजीक्षेत्रबाट सञ्चालन भइसकेको छ । साथै, नेपाल रोजिन एण्ड टर्पेन्टाईन लि. को सम्पत्ति बिक्री तथा जग्गा र भवन १० वर्षको लागि भाडा (Lease) मा दिने कार्य भइसकेको छ । वि. सं. २०५९ सालदेखि बन्द रहेको उक्त कारखाना यसै आर्थिक वर्षदेखि निजीक्षेत्रबाट सञ्चालन हुने अवस्थामा छ ।

९.१५ कृषि चुन उद्योग लि. को कृषि चून उत्पादन गर्ने प्लाण्ट, मेशिन तथा स्पेयरपार्टहरु कृषि चून उत्पादन गर्ने शर्तमा हेटौंडा सिमेण्ट उद्योगलाई हस्तान्तरण गरिएको छ भने जोगिमारा स्थित ढुङ्गा खानी पनि उक्त सिमेण्ट उद्योगलाई दिने काम सम्पन्न भइसकेको छ । यस अनुसार साविकको कृषि चुन उद्योगलाई खारेजीमा लैजान लिक्विडेटर नियुक्त गरिएको छ ।

९.१६ चालु आर्थिक वर्षको बजेट वक्तव्यमा नेपाल औद्योगिक विकास निगमलाई निजीकरण गर्ने कुरा उल्लेख भए अनुसार नेपाल सरकारबाट शेयर बिक्री गरी निजीकरण गर्ने सैद्धान्तिक स्वीकृती प्राप्त भइसकेको छ । निगमको सम्पत्ती एवं व्यवसायको मूल्यांकनको प्रारम्भिक प्रतिवेदन प्राप्त भइसकेको छ । साथै, कम्पनी अध्यादेश, २०६२ अनुसार निगम कम्पनीमा परिणत भई बैङ्क तथा वित्तीय संस्था अध्यादेश, २०६२ अनुसार "ख" वर्गको संस्थानको रुपमा दर्ता भइसकेको छ ।

९.१७ चालु आर्थिक बर्षको बजेट वक्तव्यमा उल्लेख भएअनुसार पश्चिमाञ्चल ग्रामीण विकास बैङ्कमा रहेको नेपाल सरकारको स्वामित्वको रु. १००।- दरका ९९ हजार कित्ता शेयर बिक्री गर्ने प्रकृया शुरु गरिएको छ । त्यसैगरी बजेट वक्तव्यमा नेपाल दूर संचार कम्पनीको ५.० प्रतिशत शेयर कर्मचारीहरुलाई र १०.० प्रतिशत शेयर सर्वसाधारणलाई बिक्री गर्ने र नेपाल वायुसेवा निगमको निजीकरण गर्ने उल्लेख भएकोमा हाल यी विषयहरु निजीकरण समितिमा विचाराधीन रहेका छन् ।

९.१८ चालु आर्थिक बर्षको बजेट वक्तव्यमा नेशनल ड्रिलिङ कम्पनीलाई खारेज गर्ने कुरा उल्लेख भए अनुसार सम्बन्धित मन्त्रालयबाट खारेजीको प्रकृया अगाडि बढाईएकोमा केही कानूनी

प्रकृया पूरा गर्नु पर्ने भएकोले थप समय लाग्न गएको भएतापनि हाल सो कानूनी प्रकृया पूरा भएकोले यसै आर्थिक वर्षमा खारेजीको प्रकृया सम्पन्न गर्ने गरी प्रकृया अगाडि बढाईएको छ । वीरगञ्ज चिनी कारखानाको निजीकरण गर्ने तेस्रो पटकको प्रयास सफल हुन नसकेकोले निजीकरण समितिबाट कारखाना संचालनको संभाव्यता भए-नभएको सम्बन्धमा अध्ययन गराउने निर्णय भए अनुसार अध्ययन प्रतिवेदन प्राप्त भइसकेको छ । निजीकरण समितिबाट कारखानाको निजीकरणका सम्बन्धमा शीघ्र उपयुक्त नीतिगत निर्णय लिनु पर्ने अवस्था छ ।

९.१९ घरेलु शिल्पकला बिक्री भण्डार लि. को खारेजीको कार्य सम्पन्न गरी कम्पनी रजिष्ट्रारको कार्यलयबाट कम्पनीको दर्ता खारेज समेत भई सकेको छ । नेपाल कोल लि. र हेटौंडा कपडा उद्योग लि. को सम्पत्ति व्यवस्थापन हुन नसकेको कारणबाट लक्ष्य अनुसार खारेजीको कार्य सम्पन्न हुन नसके तापनि आगामी आर्थिक वर्षमा खारेजीको कार्य सम्पन्न गर्ने गरी कार्य अगाडि बढाइनेछ । त्यसैगरी निजी क्षेत्रलाई हस्तान्तरण भइसकेको भक्तपुर ईट कारखानालाई अन्तिम खारेजी गर्नु पूर्व सम्पन्न गर्नु पर्ने सबै कार्य (लेखापरीक्षण लगायत) सम्पन्न गरी खारेजीको कार्य गर्न लिक्विडेटर नियुक्ति गरिएको र खारेजीको कार्य अन्तिम अवस्थामा पुगेको छ ।

९.२० नेपाल सरकारको निर्णयबाट हिमाल सिमेण्ट कम्पनीलाई कम्पनी ऐनअनुसार खारेजीमा लैजान मुख्य शेयरधनी नेपाल औद्योगिक विकास निगमलाई निर्देशन दिइएको छ । कम्पनीका अवकास प्राप्त कामदार कर्मचारीलाई रकम भुक्तानी गर्न पटकपटक गरी नेपाल सरकारबाट करिब रु. २१ करोड ऋण लगानी गरिएको छ ।

९.२१ हेंटौडाको भैंसेदेखि काठमाडौंको मातातीर्थसम्म नेपाल रोपवे कम्पनी लि. बाट साविकमा संचालन भएको रोपवे संचालन गर्न निजी क्षेत्रबाट Expression of Interest माग गरिएकोमा केही कम्पनीहरुबाट संचालन गर्ने आशय प्राप्त भएको छ र यसअनुसार कारबाही अघि बढिरहेको छ ।

९.२२ विगतमा निजीकरण गरिएका सार्बजनिक प्रतिष्ठानहरुबाट नेपाल सरकारलाई प्राप्त हुनुपर्ने रकम प्राप्त हुन नसकेको र खरिदकर्ताले विशेषत समायोजन माग गरेको कारणबाट समयमै हिसाब फरफारक हुन सकिरहेको छैन । खासगरी खरिदकर्ताहरु मुद्दा (Litigation ) मा गएका कारण कतिपय मामिलामा टुङ्गोमा पुग्न अझै केही समय लाग्ने देखिएको छ ।

९.२३ संचालनमा रहेका अधिकांश सार्वजनिक संस्थानहरुमा कामदार/कर्मचारीको संख्या अधिक रहेकोले सो संख्यालाई उपयुक्त सीमा (Right size) मा राखी दीर्घकालमा नेपाल सरकारलाई पर्ने आर्थिक भार न्यून गर्न केही संस्थानहरुमा अवकाश योजना (Voluntary Retirement Scheme) लागू गरिसकिएको छ र भविष्यमा यस्तो योजना अन्य संस्थानहरुमा समेत क्रमशः लागू गर्ने नीति अवलम्वन गरिएकोछ ।

## चुनौतीहरु

९.२४ देशको आर्थिक विकासमा सरकारी संस्थानले निर्वाह गर्ने महत्वपूर्ण भूमिकालाई उदार, खुला तथा प्रतिस्पर्धात्मक अर्थव्यवस्था अनुकूल हुने गरी समायोजन गर्दै जानुपर्ने खाँचो महसूस गरिएको वर्तमान सन्दर्भमा संस्थानको लक्ष्यप्राप्तिमा देखिएको समष्टिगत प्रगतिबाट सन्तोष

लिन सकिने स्थिति देखिंदैन । संस्थानहरुको कार्यकुशलता सन्तोषजनक नहुनुमा व्यावसायिक रुपबाट संचालन हुन नसक्नु, अधिक कामदार कर्मचारी रहनु, प्लाण्ट एवं मेशिनरी पुराना एवं जीर्ण (Absolete) हुनु, प्रतिष्पर्धात्मक वातावरणमा संचालन हुन नसक्नु, संस्थान स्थापनाको उद्देश्य र औचित्य क्रमशः समाप्त हुँदै जानु प्रमुख कारणका रुपमा रहेका छन् भने यी समस्याहरुको निराकरणका लागि थप पूँजी र प्रविधि आवश्यक हुन जाने तर तत्काल त्यसो गर्न नसकिनु प्रमुख चुनौतीको रुपमा देखिन्छ ।

९.२५ उदार एवं खुला अर्थ नीति, विश्वव्यापीकरण, विज्ञान एवं प्रविधिमा भएको विकास, निजीक्षेत्रको आर्थिक गतिविधिमा बढ्दै गएको संलग्नता आदिबाट अधिकांश संस्थानहरुको स्थापनाको उद्देश्य र औचित्य क्रमशः न्यून हुँदै गएता पनि त्यस्ता संस्थानहरु अद्यापि संचालनमा रहनु र यस्ता संस्थानहरुको पहिचान गरी समयानुकूल सुधार कार्यक्रम अगाडि बढाउने कार्यमा नीति-निर्माणको तहबाट पर्याप्त प्रतिबद्धता प्रकट हुन नसक्नु पनि एक प्रमुख चुनौतीको रुपमा रहेको छ ।

९.२६ संचालन पारविन्दु (Break Even Point) भन्दा माथि रहेका संस्थानहरुले ऐन, नियम तथा विनियम अनुसार कर्मचारीलाई उपदान, पेन्सन, संचयकोष लगायतका सुविधाहरु उपलब्ध गराउने सन्दर्भमा जगेडा तथा दायित्व कोषको व्यवस्था नगरी सरकार उपर अदृश्य र असीमित दायित्व बढाउँदै लगेको अवस्था समेत चुनौतीको रुपमा रहेको छ । संस्थानहरुले लामो समयसम्म आफ्नो वार्षिक हिसाब तयार नगर्ने र लेखापरीक्षणमा ढिलाइ गर्ने गरेबाट संस्थानप्रतिको जनविश्वासमा ह्रास आउन सक्ने र संस्थान सुधारको कार्यलाई समेत प्रतिकूल प्रभाव पार्न सक्ने देखिन्छ ।

९.२७ घाटामा रहेका संस्थानहरुले पूर्णतः सरकारमाथिको निर्भरता बढाउँदै गएको र मुनाफामा चलेका संस्थानमा आवश्यकताभन्दा बढी सुविधा लिने प्रवृत्ति बढ्दै गएको गुनासाहरु यथावतै छन् । संस्थान संचालन घाटामा भए पनि दरबन्दीको यथार्थ विवरण सार्वजनिक नगर्ने र कर्मचारीको संख्यालाई उपयुक्त आकारमा ल्याउने (Rightsizing) सम्बन्धी सरकारी नीतिको समेत उपेक्षा हुनेगरी थप कर्मचारी भर्ना गर्ने प्रवृत्तिले संस्थानको खर्च बढ्दै गएको पाइन्छ । यसमा सम्बन्धित संस्थान र मन्त्रालयबाट समेत समयानुकूल प्रतिबद्धता र कार्यान्वयनको उत्तरदायित्व लिने परिपाटी बसाल्नुपर्ने चुनौती टड्कारो रुपमा देखिएको छ ।

९.२८ निजीकरणका कार्यक्रमलाई उदार अर्थनीतिको अभिन्न अंगको रुपमा स्वीकारेर संस्थागत हिसाबले निजीकरण कार्यक्रम कार्यान्वयनमा ल्याइएको भएतापनि यस कार्यक्रमले अपेक्षित रुपमा प्राथमिकता पाउन नसकेको कारणले निजीकरण कार्यक्रम आशातित रुपमा सफल हुन नसकेको अवस्था छ । निजीकरण भैसकेका सार्वजनिक संस्थानहरुमा निजीकरण गर्दा भएको सम्झौता अनुसार प्राप्त हुनु पर्ने रकम फरफारक हुन नसकी बेरुजु बढी रहेको अवस्था चुनौतीको रुपमा रहेको छ । विशेषत निजीक्षेत्रबाट अपेक्षित व्यवहार हुन नसकेको कारणले पनि कतिपय मामिलालाई बढी चुनौतीपूर्ण बनाएको छ ।

९.२९ निजीकरण र खारेजीमा गएका संस्थानहरुको हिसाब अद्यावधिक नभएको, लेखापरीक्षण नगरिएको, सृजित दायित्वको व्यवस्था (Provision) नगरिएको कारणबाट भुक्तानी गर्नु पर्ने दायित्व यकीन हुन नसकेको कारण सरकारी कोषउपर पर्ने भार यकीन हुन नसक्ने अवस्था विद्यमान छ । निजीकरण प्रक्रियालाई पुनः सक्रिय बनाउन संस्थानको सम्पत्ति एवं व्यवसायको मूल्याङ्कनलाई यथार्थपरक र पारदर्शी बनाउने, निजीकृत संस्थानमा लगानीका

लागि आकर्षक वातावरण बनाउने एवं निजीकरणको उपयुक्त ढाँचा (Modality) मार्फत सर्वसाधारणलाई समेत लगानी गर्न सहज हुने वातावरण सिर्जना गर्ने कार्य पनि चुनौतीपूर्ण देखिएको छ ।

९.३० निजीकरण गर्दा निजीकरणपछिको व्यवसायिक योजना (Business Plan) अनुसार संस्थानहरु संचालन भएका छन्/छैनन् भन्ने बारेमा अनुगमन एवं मूल्याङ्कन गर्ने परिपाटी स्थापना गरी आवश्यक पृष्टपोषण (Feedback) प्राप्त गर्नु पर्ने र निजीकरण नीति तथा कार्यक्रमलाई सही दिशा दिनुपर्ने देखिन्छ ।

# १०. ऊर्जा तथा वन

## ऊर्जा

१०.१ आर्थिक वर्ष २०६०/६१ को दाँजोमा आर्थिक वर्ष २०६१/६२ मा ऊर्जाको खपत १.३५ प्रतिशतले वृद्धि भई ८ हजार ६ सय १६ टन तेल शक्ति बराबर भएकोमा आर्थिक वर्ष २०६२/६३ मा कुल ऊर्जा खपत ८ हजार ९ सय ४ टन तेल शक्ति बराबर हुने अनुमान गरिएकोछ । ऊर्जाको यो अनुमानित खपत अघिल्लो वर्षको दाँजोमा ३.३४ प्रतिशतले बढी रहेको छ ।

१०.२ ऊर्जाको स्रोतलाई परम्परागत, व्यावसायिक एवं नवीकरणीय गरी तीन भागमा विभाजन गरी हेर्दा आर्थिक वर्ष २०६१/६२ मा परम्परागत, व्यावसायिक एवं नवीकरणीय ऊर्जा खपत अनुपात क्रमशः ८७.७० प्रतिशत, ११.७५ प्रतिशत र ०.५३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा सो अनुपात क्रमशः ८६.७१ प्रतिशत, १२.७२ प्रतिशत र ०.५६ प्रतिशत रहेको अनुमान छ । यसबाट नेपाली अर्थतन्त्रको परम्परागत ऊर्जा माथिको निर्भरता यस वर्ष पनि गत वर्ष झैं कायमै रहेको स्पष्ट हुन्छ ।

१०.३ प्राकृतिक ऊर्जातर्फ आर्थिक वर्ष २०६१/६२ मा दाउराबाट ८९.० प्रतिशत कृषिजन्य अवशेषबाट ४.३४ प्रतिशत र पशुजन्य अवशेषबाट ६.५७ प्रतिशत खपत रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा समेत सो अनुपात यथावत् नै रहने अनुमान गरिएको छ । व्यावसायिक ऊर्जातर्फ, आर्थिक वर्ष २०६१/६२ मा कुल ऊर्जा खपतमध्ये पेट्रोलियम पदार्थको ६९.६ प्रतिशत, कोइलाको १५.० प्रतिशत र विद्युत्को १५.४१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा ऊर्जा खपत अनुपात पेट्रोलियमको ६३.९ प्रतिशत र कोइला तथा विद्युत्को खपत क्रमशः २१.३ प्रतिशत र १४.८ प्रतिशत रहेको अनुमान गरिएको छ ।

१०.४ आर्थिक वर्ष २०६१/६२ मा कुल ऊर्जा आपूर्तिको खपत अनुपात घरेलु प्रयोगमा ९०.३ प्रतिशत, औद्योगिक क्षेत्रतर्फ ३.५ प्रतिशत, व्यावसायिक प्रयोगतर्फ १.६ प्रतिशत र कृषि र अन्य क्षेत्रतर्फ क्रमशः ०.८ प्रतिशत र ०.२ प्रतिशत रहेकोमा चालू आर्थिक वर्ष २०६२/६३ मा घरेलु प्रयोगतर्फ ८९.३ प्रतिशत, औद्योगिक क्षेत्रतर्फ ४.५ प्रतिशत, व्यापारिक क्षेत्रतर्फ १.५ प्रतिशत, कृषिमा ०.८ प्रतिशत र अन्य क्षेत्रतर्फ ०.२ प्रतिशत रहने अनुमान छ ।

## विद्युत्

१०.५ आर्थिक वर्ष २०६१/६२ को अन्त्यसम्ममा देशभरमा विभिन्न आयोजनाहरूबाट जम्मा ५५६.८०० मेगावाट (कुल क्षमताको ०.६७ प्रतिशत) विद्युत् उत्पादन गर्न सकिएको छ । त्यसैगरी तापीय विद्युत् केन्द्रहरूबाट कुल ५६.७५६ मेगावाट र सौर्यशक्ति केन्द्रहरूबाट उत्पादन भएको १०० किलोवाटसमेत कुल विद्युत् उत्पादन ६१३.५५७ मेगावाट पुगेको छ । हालसम्म नेपालका ७५ वटै जिल्लामा विद्युत् सेवा पुऱ्याउने कार्य सम्पन्न भइसकेको छ ।

१०.६ जल विद्युत् थप गर्दै लाने क्रममा जर्मन सरकारको सहयोगमा लमजुङ्ग जिल्लामा मध्यमर्स्याङदी जलविद्युत् आयोजना (७०.० मेगावाट) को निर्माण कार्य भइरहेको छ । सौर्य शक्तिबाट मात्र विद्युत् उपलब्ध भइरहेको हुम्ला र मुगुमा भरपर्दो विद्युत् सेवा पु¥याउन क्रमशः ५०० र ४०० किलोवाट क्षमताको हेल्दुङ्ग र गमगाड साना जलविद्युत् आयोजनाहरूको निर्माण चालू रहेको छ भने निजी क्षेत्रबाट सञ्चालित चाकुखोला (१.५ मेगावाट) पनि सञ्चालनमा आएको छ ।

१०.७ गत वर्षहरूमा जस्तै यस आर्थिक वर्षमा पनि निजीक्षेत्रको उत्साह सन्तोषजनक देखिएको छ । साथै, निजीक्षेत्रबाट निर्माण भइरहेका विद्युत् आयोजनाहरू क्रमिक रूपमा सम्पन्न भई सञ्चालनमा आउन थालेका छन् । विद्युत् खरिद सम्झौता भएकामध्ये मर्दिखोला (३.१ मेगावाट), तल्लो न्यादि (४.५ मेगावाट), खुदी (३.४ मेगावाट), मैलुङ्ग (५.० मेगावाट), दरम खोला (५.० मेगावाट), वरम्ची (०.९९९ मेगावाट), तल्लो इन्द्रावती (४.५ मेगावाट), माथिल्लो मोदिखोला (१४.० मेगावाट), खुदी खोला (३.४५ मेगावाट) र शाली नदी (०.२३२ मेगावाट) आयोजनाहरूको निमाण कार्य चालू रहेको छ ।

१०.८ विद्युतीकरणको विस्तार गर्दै लैजाने क्रममा आर्थिक वर्ष २०६१/६२ को अन्त्यसम्ममा उच्च भोल्टेज प्रसारण लाइन १३२ के.भि. स्तरमा सिंगल सर्किट ११३०.२ कि.मि., डवल सर्किट ४१३ कि.मि.; ६६ के.भि. स्तरमा सिंगल सर्किट २३१.३ कि.मि., डवल सर्किट १६४.५० कि.मि., चार सर्किट ४.४४ कि.मि.; ६६ र १३२ के.भि. संयुक्त प्रसारण लाइनमा २२ कि.मि. र ३३ के.भि. स्तरका २४७१ कि.मि. लाइन चालू रहेका छन् । त्यस्तै सवस्टेशनहरू तर्फ १३२/११ के.भी. ६६ एम.भि.ए., १३२/३३ के.भी. ३४८ एम.भि.ए., १३२/६६ के.भी. २१० एम.भि.ए., ६६/११ के.भी. ४१३ एम.भि.ए. र ६६/३३ के.भी. २५ एम.भि.ए. गरी जम्मा १०६२ एम.भि.ए. क्षमता रहेको छ । आर्थिक वर्ष २०६२/६३ मा १३२ के.भि. तर्फ वुटवल-सुनौली (२५ कि.मि.), पथलैया-परवानीपुर (२० कि.मी.) र ३३ के.भि. तर्फ इलाम-फिदिम-ताप्लेजङ्ग (९० कि.मि.), सितलपाटी-मुसीकोट (५० कि.मि.), वुइपा-ओखलढुंगा (२९ कि.मि.), छिन्चु-जाजरकोट (७० कि.मि.), घोराही-होलेरी (४५ कि.मि.) र उदीपुर-वेशीसहर-मनाङ ( ९० कि.मि.), डडेलधुरा - वैतडी (१४ कि.मी.) प्रसारण लाइनहरू निर्माणाधीन अवस्थामा रहेका छन् । छिमेकी राष्ट्र भारतसँग ५० मेगावाटसम्मको विद्युत् आदान-प्रदान भैरहेकोमा सो क्षमतालाई बढाई १५० मेगावाट पु¥याउने सैद्धान्तिक सहमतिअनुरुप विद्युत् आदान-प्रदान हुने नेपाल-भारत सीमाका थप तीन विन्दुहरू वुटवल-सुनौली (२५ कि.मी.), परवानीपुर-वीरगञ्ज (१५ कि.मी.), ढल्केवार-विर्तामोड (४५ कि.मी.) प्रसारण लाइनहरू बनाउन अध्ययन तथा तयारी कार्यहरू भइरहेकोमा वुटवल-सुनौली खण्डको निर्माण कार्य भने सुरु हुन लागेको छ । बढ्दो शहरीकरणले गर्दा काठमाडौं उपत्यकाको विद्युत् प्रसारण क्षमता सुदृढीकरण गर्न १३२ के.भि. क्षमताको "रिंगमेन" प्रसारण लाइन बनाउने सिलसिलामा एशियाली विकास वैंकको ऋृण सहयोगमा थानकोट-चापागाउँ-भक्तपुर १३२ के.भि. प्रसारण लाइनको निर्माण कार्य चालू रहेको छ । विद्यमान खिम्ती तथा भोटेकोशी जलविद्युत् केन्द्रहरू लगायत यस भेगमा बन्ने नयाँ आयोजनाहरूबाट उत्पादन हुने विद्युत् शक्ति नेपालको पूर्वी क्षेत्रमा प्रसारण गर्न खिम्ती-ढल्केवार २२० के.भि. प्रसारण लाइन (७५ कि.मि.) विश्व वैंकको सहयोगमा निर्माण गरिने छ ।

१०.९ विद्यमान विद्युत् संरचनालाई अद्यावधिक एवं सुदृढ गर्ने कार्य जारी राखिएको छ । विश्व बैंकको सहयोगमा चन्द्रनिगाहपुर विद्युत् प्रणाली सुदृढीकरण र एशियाली विकास बैंकको सहयोगमा अनारमणी, भरतपुर, पोखरा सबस्टेशनहरू सुदृढीकरण गर्ने कार्य सुरु भएको छ ।

१०.१० नेपाल सरकार र नेपाल विद्युत् प्राधिकरणको आफ्नो स्रोतबाट विद्युत् सेवा पुगेका सबै जिल्लामा विद्युतीकरण विस्तार गर्ने कार्यअनुरुप डेनमार्क सरकारको सहयोगमा कैलाली, कञ्चनपुर जिल्लामा थप विद्युतीकरणको कार्य जारी राखिएको छ । एशियाली विकास बैंकको ऋण सम्झौताअन्तर्गत सञ्चालित ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली सुदृढीकरण आयोजनाबाट २७ जिल्लामा थप विद्युतीकरण गर्ने कार्य भइरहेको छ । भक्तपुर, ललितपुर, नुवाकोट, धादिङ र काभ्रेपलाञ्चोक जिल्लाहरूका थप स्थानहरूमा विद्युतीकरण गर्न विश्व बैंकसँग ऋण सम्झौता सम्पन्न भै कार्य सुरु भएको छ ।

१०.११ जल विद्युत्को सम्भाव्यता एवं विस्तृत अध्ययनतर्फ विभिन्न कार्यहरू जारी रहेका छन् । विद्युत् शक्तिको माग आपूर्ति गर्न तामाकोशी जलविद्युत् आयोजनाको विस्तृत अध्ययनको लागि परामर्शदाताको छनौटको लागि प्रक्रिया बढाइनुका साथै प्रवेश मार्गको निर्माण थालनी भैसकेको छ । त्यस्तै कुलेखानी तेस्रोको विस्तृत अध्ययन भैसकेको छ । राष्ट्रिय विद्युत् प्रणालीमा विद्यमान माग र आपूर्तिमा मौसमी असन्तुलन हटाउने जलासययुक्त आयोजनाको कार्यान्वयन आवश्यक भई नेपाल विद्युत् प्राधिकरण र जाइकाको प्राविधिक सहयोगमा अध्ययन जारी रहेको तथा हालसम्मको अध्ययनबाट आकर्षक देखिएको माथिल्लो सेती ( दमौली) को विस्तृत अध्ययनका लागि वैदेशिक श्रोत जुटाउने प्रयासस्वरूप जापान सरकारसँग अनुरोध गरिएको छ । त्यस्तै नलश्याउगाड जलासययुक्त जलविद्युत्को अध्ययन पनि जारी रहेको छ । सम्भाव्यता अध्ययन गरी पहिचान गरिएको माथिल्लो त्रिशुली III (तेस्रो) ए जलविद्युत् आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (Detail Project Report : DPR) को क्रममा अध्ययन भइरहेको छ भने ठूलीगाडको प्रारम्भिक अध्ययन पनि भइरहेको छ ।

१०.१२ आर्थिक वर्ष २०६१/६२ मा जलविद्युत् उत्पादन २३८७.७ गेगावाट घण्टा, तापीय विद्युत् उत्पादन १३.६७ गेगावाट घण्टा र भारतबाट पैठारी २४१.३९ गेगावाट घण्टा गरी कुल विद्युत् आपूर्ति २६४२.७५ गेगावाट घण्टा विद्युत् आपूर्ति भएको मध्ये १८५३.७ गेगावाट घण्टा आन्तरिक खपत भएको र ११०.७ गेगावाट घण्टा भारत निकासी भएकोमा आर्थिक वर्ष २०६२/६३ मा कुल जलविद्युत् उत्पादन २४६४.८ गेगावाट घण्टा, तापीय विद्युत् उत्पादन २०.० गेगावाट घण्टा र भारतबाट पैठारी ३००.० गेगावाट घण्टा गरी जम्मा २७८४.८ गेगावाट घण्टा विद्युत् उपलब्ध हुने अनुमान छ। उपलब्ध विद्युत्मध्ये आन्तरिक खपत २००५.४८ गेगावाट घण्टा र निकासी १४०.० गेगावाट घण्टा हुन सक्ने अनुमान गरिएको छ।

१०.१३ क्षेत्रगत हिसाबमा विद्युत् ऊर्जाको खपत आर्थिक वर्ष २०६१/६२ मा उद्योग क्षेत्रमा ३८.८९ प्रतिशत, गार्हस्थ्य क्षेत्रले ३८.६ प्रतिशत, व्यापारिक क्षेत्रले ५.५६ प्रतिशत र निकासी ५.६४ प्रतिशत, विविध क्षेत्रले ११.३१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा औद्योगिक क्षेत्रमा ३७.२१ प्रतिशत, गार्हस्थ्य क्षेत्रले ३८.५ प्रतिशत, व्यापारिक क्षेत्रले ५.४९ प्रतिशत, निर्यात ६.३४ प्रतिशत र विविध क्षेत्रले १२.४४ प्रतिशत उपभोग गर्ने अनुमान गरिएको छ।

१०.१४ विद्युत् उपभोग गर्ने ग्राहकहरूको संख्या आर्थिक वर्ष २०६१/६२ को अन्त्यसम्ममा ११ लाख ५९ हजार ८ सय ५५ रहेकोमा आर्थिक वर्ष २०६२/६३ मा १०.४ प्रतिशतले वृद्धि भै १२ लाख ८० हजार ग्राहक संख्या पुग्ने अनुमान छ।

## पेट्रोलियम पदार्थ

१०.१५ आर्थिक वर्ष २०६१/६२ मा पेट्रोलियम पदार्थको खपतमा ९.२ प्रतिशतले कमी आई ६,८५,९०२ किलो लिटर र एल.पी. ग्यासको खपतमा १७.२८ प्रतिशतले वृद्धि भई ७७,५७५ मेट्रिक टन भएको छ। आर्थिक वर्ष २०६१/६२ को प्रथम आठ महिनामा पेट्रोलियम पदार्थ र एल.पी. ग्यास खपत क्रमशः ४,४७,५०० किलो लिटर र ५०,८३५ मेट्रिक टन रहेकोमा आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा पेट्रोलियम पदार्थको खपतमा ५.२४ प्रतिशतले कमी आई ४,२४,०३३ किलो लिटर र एल.पी. ग्यासको खपतमा ५९.३८ प्रतिशतले वृद्धि भई ८१,०२५ मेट्रिक टन पुगेको छ।

१०.१६ पेट्रोलियम पदार्थहरूको खपतको अधिकांश हिस्सा डिजेल, मट्टितेल, पेट्रोल र हवाई इन्धनले ओगटेको छ। आर्थिक वर्ष २०६१/६२ मा एल.पि. ग्यास बाहेक पेट्रोलियम पदार्थको खपतमा डिजेल, मट्टितेल, पेट्रोल र हवाई इन्धनको अंश क्रमशः ४०.५४ प्रतिशत, ३०.७६ प्रतिशत, ९.७६ प्रतिशत र ८.५९ प्रतिशत रहेको देखिन्छ। यस आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनाको खपतलाई हेर्दा सो अनुपात डिजेलको ३५.३५ प्रतिशत, पेट्रोलको ९.७१ प्रतिशत, मट्टितेलको ३०.६० प्रतिशत र हवाई इन्धन ८.४० प्रतिशत रहेको छ।

१०.१७ पेट्रोलियम पदार्थको कारोवार गर्दै आएको एक मात्र संस्था नेपाल आयल निगमको पेट्रोलियम पदार्थको भण्डारण क्षमता ७०,३०० किलो लिटर रहेको छ जुन औसत खपतको हिसाबले करिब २५ दिनको लागि पुग्ने देखिन्छ। बढ्दो खपतको आधारमा भण्डारण क्षमता वृद्धि गर्नुपर्ने र दशौं पञ्चवर्षीय योजनाले निर्दिष्ट गरेको लक्ष्यअनुरुप निगमको भण्डारण क्षमता १,००,००० किलो लिटर पुऱ्याउनु पर्ने देखिन्छ । साथै, देशभरमा खपत हुने पेट्रोलियम पदार्थको करिब ६५.० प्रतिशत इण्डियन आयल कर्पोरेशनको रक्सौल डिपोबाट आयात हुने गरेको र मौजुदा रक्सौल डिपोको लोडिङ क्षमता एवं रक्सौलदेखि वीरगञ्ज भन्सार क्षेत्रसम्मको विभिन्न सवारी साधनहरूको चापलाई दृष्टिगत गर्दा पेट्रोलियम पदार्थको ढुवानीको वैकल्पिक व्यवस्था गर्नु अपरिहार्य भइसकेको छ।

१०.१८ पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय बजारमा आर्थिक वर्ष २०६१/६२ र आर्थिक वर्ष २०६२/६३ मा अत्यधिक मूल्य वृद्धि भएको तर सोको तुलनामा मूल्य समायोजन हुन नसकेकाले निगम घाटामा रहेको र यसबाट निगमले पेट्रोलियम पदार्थको आयात सञ्चय र विक्री वितरण बाहेक अन्य भौतिक पूर्वाधार विकास गर्न सकेको छैन्।

## कोइला

१०.१९ आर्थिक वर्ष २०६१/६२ मा कोइलाको खपतमा अघिल्लो आर्थिक वर्षको तुलनामा ११.२ प्रतिशतले कमी आई १५२ टन तेल शक्ति बराबर भएकोमा आर्थिक वर्ष २०६२/६३ मा कोइलाको खपत ५८.६ प्रतिशतले वृद्धि भई २४१ टन तेल शक्ति बराबर हुने अनुमान गरिएको छ।

## वैकल्पिक ऊर्जा

१०.२० सौर्य ऊर्जा तथा लघु जलविद्युत् आयोजनाको लागि नेपाल सरकार, डेनिस तथा नर्वेजियन सरकारबाट प्राप्त हुने आर्थिक स्रोतहरूलाई व्यवस्थित, सरल, छिटो-छरितो रूपमा परिचालन

गर्न तथा आवश्यक ऋणहरूको लागि बैंकहरूसँग समन्वय गरी ऋणको व्यवस्था गर्न वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र अन्तर्गत अन्तरिम ग्रामीण ऊर्जा कोषको स्थापना गरी सञ्चालन भइरहेको छ । यस कोषले विशेष गरी ग्रामीण जनताको नयाँ तथा दिगो ऊर्जा प्रणालीहरूको पहुँचमा वृद्धि भई राष्ट्रिय विद्युत् प्रसारणबाट विद्युत् सेवा पुग्न नसकेका ठाउँहरूमा विद्युत् सेवा पुग्ने र यसबाट शिक्षा, स्वास्थ्यमा सुधार हुनुका साथै आय आर्जन तथा रोजगारीमा प्रत्यक्ष योगदान पुगी जीवनस्तरमा सुधार आएको अनुमान गरिएको छ ।

## गोबरग्यास

१०.२१ आर्थिक वर्ष २०६१/६२ को प्रथम ८ महिनामा कुल १४०० वटा गोबरग्यास प्लाण्ट स्थापना भएकोमा आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा गोबरग्यास प्लान्टको स्थापना ६६.४ प्रतिशतले वृद्धि भई कुल २,३३० प्लान्ट स्थापना भइसकेका छन् । गोबरग्यास कार्यक्रमलाई खासगरी गरिब जनताको पहुँचमा पुऱ्याई खाना पकाउने स्वच्छ ग्यासको साथै यसबाट निस्कने लेदोमल (स्लरी) बाट गुणस्तरीय कम्पोष्ट मल तयार गरी उपलब्ध गराउन गोवरग्यास प्लाण्ट निर्माणको लागि सस्तो ब्याजदरमा छिटो, सरल तथा व्यवस्थित रूपमा ऋण उपलब्ध गराउने उद्देश्यअनुरुप वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा वायोग्यास कर्जा इकाइ स्थापना गरिएको छ । यस केन्द्रको सहयोगमा १ सय १२ वटा लघुवित्तीय संस्थाहरू मार्फत ग्रामीण क्षेत्रका विपन्न जनता तथा महिलाहरूलाई सस्तो ब्याजदरमा तथा बिनाधितो ऋण उपलब्ध गराई गोबरग्यास प्लान्टहरू स्थापना गराइएको छ । यसबाट उक्त क्षेत्रका विपन्न जनता तथा महिलाहरूले खाना पकाउने इन्धन प्राप्त गरी उनीहरूको आर्थिक तथा सामाजिक स्थितिमा सकारात्मक प्रभाव परेको पाइएको छ । उक्त ऋण KFW जर्मनीबाट आर्थिक वर्ष २०५८/५९ देखि उपलब्ध हुँदै आएको छ ।

१०.२२ ग्रामीण क्षेत्रमा वैकल्पिक तथा नवीकरणीय उर्जाका स्रोत र प्रविधिहरूको प्रयोगलाई बढावा दिई वातावरण संरक्षणमा टेवा पुऱ्याउने तथा न्यून आय भएका ग्रामीण परिवारहरूलाई नवीकरणीय उर्जा उपभोग गर्न अवसर प्रदान गर्न वर्तमान अनुदान नीतिलाई परिमार्जन गर्ने कार्य भैरहेको छ । त्यस्तै ग्रामीण उर्जाको समुचित विकास तथा विस्तार गरी यसबाट गरिबी निवारण गर्न टेवा पुऱ्याउनका लागि ग्रामीण उर्जा नीति, २०६२ को मस्यौदा तयार गरी अन्तिम रूप दिने कार्य गरिएको छ ।

### तालिका १० (क) : नेपालमा वैकल्पिक उर्जा/गोवरग्यासको अवस्था

| सि.नं. | क्रियाकलापको विवरण | २०६१/६२ को प्रगति | आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनाको प्रगति संख्यामा |
|---|---|---|---|
| १. | सोलार ड्रायर/कुकर वितरण | २९४ | ७८ |
| २. | गोवरग्यास प्लान्ट जडान | १७४७८ | २३३० |
| ३. | पुराना प्लान्टको मर्मत सम्भार | २६०४० | १३६२० |
| ४. | घरेलु सौर्य विद्युत् प्रणाली जडान | ११९२८ | १४६११ |
| ५. | सुधारिएको पानी घट्ट जडान | ७७९ | ६७८ |
| ६. | लघु जलविद्युत् उत्पादन | ७१७ | ११९९ |

*स्रोत : वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र ।*

## वन

१०.२३ गाँउघरका जनतासम्म पुग्ने सामुदायिक र कवुलियती वन जस्ता कार्यक्रमहरूमा समष्टिगत आर्थिक विकासका आधारहरू बढाउने, सामाजिक सशक्तिकरण, लैङ्गिक समानता, सामाजिक न्याय र समता एवं सुशासन कायम गरी गरिब, महिला र विपन्न वर्गका जनताको जीवनस्तरमा सुधार गर्न एकीकृत रूपमा कार्यक्रम सञ्चालन गर्ने गरिएको छ । सामुदायिक वन कार्यक्रमद्वारा वृहत् आर्थिक विकासका आधारहरू वढाउन, सामाजिक सशक्तिकरण, लैङ्गिक समानता, सामाजिक न्याय र समता एवं सुशासन कायम गरी सामुदायिक वनमा विपन्न महिला तथा दलित वर्गको सहभागिता बढाउन महिलावर्गको प्रतिनिधित्व बढाउने नीतिअनुरुप यसमा महिलाहरू सहभागी भएका छन् । देशभरमा महिलाद्वारा व्यवस्थापन गरिएका सामुदायिक वनको संख्या ७ सय ७८ पुगेको छ । यस आर्थिक वर्षको प्रथम आठ महिनासम्ममा आधारभूत सेवा प्रवाह गर्ने अधिकार स्थानीय निकायमा निक्षेपण गर्ने उद्देश्यअनुरुप निम्न आय भएका जनताको जीवनस्तर उकास्न २ सय ४० वटा कवुलियती वन समूह गठन र १ सय ३३ वटा कार्ययोजना तयार भएका छन् ।

१०.२४ सार्वजनिक राजस्व बढाउन तथा राष्ट्रिय उत्पादन अभिवृद्धि गर्न राष्ट्रिय वनको वैज्ञानिक व्यवस्थापन गरी वन स्रोतको अधिकतम उपयोग गर्ने उद्देश्यले वन व्यवस्थापन कार्ययोजना लागू भई कार्यान्वयन भइरहेको छ । वनको वैज्ञानिक व्यवस्थापन गरी वन पैदावारको यथोचित बिक्री वितरणद्वारा यस क्षेत्रको उत्पादकत्व बढाउन पाँचवर्षे वन कार्ययोजना स्वीकृत भई कार्यान्वयन भइरहेको छ ।

१०.२५ सामुदायिक वन, कवुलियती वन र साझेदारी वनसम्बन्धी कार्यक्रमहरूको पहिचान गर्दा स्थानीयस्तरदेखि नै सरोकारवालाहरूको सक्रिय सहभागितामा तर्जुमा गर्ने परिपाटीको विकास गरिएको छ । वातावरण तथा प्रजातीय विकासका लागि विभिन्न वन विकास आयोजना कार्यान्वयनमा ल्याइएका छन् । यस्ता वन विकास आयोजनामा सिन्धु-काभ्रे वन विकास आयोजना (२ जिल्ला), राष्ट्रिय तथा कवुलियती वन विकास कार्यक्रम (११ जिल्ला), सामुदायिक वन विकास कार्यक्रम (३८ जिल्ला), जीविकोपार्जनका लागि वन कार्यक्रम (१५ जिल्ला), दोलखा-रामेछाप सामुदायिक वन विकास परियोजना (३ जिल्ला), पहाडी कवुलियती वन तथा चरन विकास आयोजना (२६ जिल्ला) र तराई तथा शिवालिक क्षेत्रको जैविक विविधता कार्यक्रम (८ जिल्ला) रहेका छन् । त्यस्तै, वातावरणलाई सन्तुलन राख्न तथा जैविक विविधता संरक्षण एवं जलचर प्राणीको सुरक्षित वासका लागि विभिन्न भू-संरक्षण तथा जलाधार संरक्षण आयोजना कार्यान्वयनमा रहेका छन् । ती मध्ये सिन्धु- काभ्रे संरक्षण आयोजना (२ जिल्ला), चुरे जलाधार व्यवस्थापन आयोजना (२ जिल्ला), तराई तथा शिवालिक क्षेत्रका लागि जैविक विविधता कार्यक्रम (८ जिल्ला), सामुदायिक विकास तथा वन जलाधार संरक्षण आयोजना (६ जिल्ला) प्रमुख छन् । वनस्पति संरक्षणको क्षेत्रमा वनस्पति विकास कार्यक्रम, जडीबुटी विकास कार्यक्रम (१२ जिल्ला), जडीबुटी प्रवर्द्धन आयोजना (७ जिल्ला) आदि मार्फत संरक्षण तथा विकास कार्य भइरहेको छ ।

१०.२६ वनस्पति अनुसन्धान तथा विकासमा जोड दिई अति महत्त्वपूर्ण तर लोप हुँदै जान लागेका जडीबुटीहरूको उपयुक्त प्रविधिसम्बन्धी अनुसन्धान र तथ्याङ्क सङ्कलन गरी त्यस्ता प्रजातिहरूको संरक्षण र दिगो व्यवस्थापनमा जोड दिई हिमाली एवं पहाडी क्षेत्रहरूमा रोजगारी अभिवृद्धि, निकासी प्रवर्द्धन एवं आय आर्जनको प्रमुख स्रोतको रूपमा जडीबुटी उत्पादन, प्रशोधन एवं बजार व्यवस्थापनमा सम्बन्धित निकायहरू र निजी क्षेत्रसमेतको

सहभागितामा राष्ट्रिय कार्यक्रम अगाडि ल्याउने कार्यक्रमअनुरुप वनस्पति संरक्षण स्थल व्यवस्थापन (जीन बैंक) ७ वटा जिल्ला वनस्पति कार्यालयहरूमा स्थापना गरिएको छ । त्यस्तै, राष्ट्रिय जडीबुटी विकास कार्ययोजना तयार गरी लागू गरिएको छ ।

१०.२७ संरक्षित क्षेत्र अन्तर्गत (मध्यवर्ती क्षेत्र सामुदायिक वन विकास कार्यक्रम) पर्सा वन्य जन्तु आरक्षको २ सय ९८ वर्ग कि.मी. क्षेत्रफल मध्यवर्ती क्षेत्र घोषणा गरिएको छ । संरक्षित क्षेत्रहरूमा ३ हजार ५ सय ८३ वटा उपभोक्ता समूहहरू गठन भएका छन् भने १ लाख ४ हजार ६ सय ८४ घरधुरी लाभान्वित भएका छन् । संरक्षणमुखी कार्यक्रमबाट ६ लाख ६९ हजार १ सय ८४ जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । त्यस्तै, विभिन्न राष्ट्रिय निकुञ्ज तथा आरक्ष एवं संरक्षण क्षेत्रमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गरी करिब ४ करोड राजस्व सङ्कलन गर्न सकिएको छ ।

**मन्जूषा : १० (१)**

**सामुदायिक र कबुलियती वनको अवस्था**

क) **सामुदायिक वन :**

- सामुदायिक वन उपभोक्ता समूह संख्या : १४,२२७
- हस्तान्तरित सामुदायिक वनको क्षेत्रफल : ११,८५,५६३ हेक्टर ।
- लाभान्वित घरधुरी संख्या : १६,३५,६६४
- महिलाद्वारा व्यवस्थित सामुदायिक वनको संख्या : ७७८
- उपभोक्ता समूह गठन (आ.व. ०६२/६३ फाल्गुणसम्म) : २२१
- सामुदायिक वन कार्य योजना (आ.व. ०६२/६३ फाल्गुणसम्म) : २५३
- सामुदायिक वन हस्तान्तरण (आ.व. ०६२/६३ फाल्गुणसम्म) : २५३
- सामुदायिक वन कार्यक्रम लागू भएका जिल्ला : ७४

ख) **कबुलियती वन**

- कबुलियती वन उपभोक्ता संख्या : २,४९९
- हस्तान्तरित कबुलियती वनको क्षेत्रफल : ११,०२४ हेक्टर ।
- कबुलियती वनबाट लाभान्वित घरधुरी संख्या : १८,३४१
- कबुलियती वन (१४ वटा संघ संस्थाको) : ३३० हेक्टर
- कबुलियती समूह गठन (आ.व. ०६२/६३ फाल्गुणसम्म) : २४०
- कबुलियती वन कार्य योजना तयारी (आ.व. ०६२/६३ फाल्गुणसम्म) : १३३
- कबुलियती वन तथा पशु विकास कार्यक्रम सञ्चालित जिल्ला : २६
- पर्यटन विकासको लागि हस्तान्तरण गरिएको वन क्षेत्र : २२ हेक्टर ।

*स्रोत : वन तथा भू-संरक्षण मन्त्रालय*

## चुनौतीहरू

१०.२८ देशमा जनसंख्या वृद्धिलगायत विकास निर्माणका क्रियाकलापहरूमा भएको विस्तारले परम्परागत ऊर्जाप्रतिको निर्भरतामा कमी आउन सकेको छैन । प्राकृतिक सम्पदामा चाप बढेर वन विनाशको क्रम बढ्न गई प्राकृतिक सन्तुलनमा प्रतिकूल असर पर्ने देखिएकोले यस प्रकारको जोखिमलाई प्रतिस्थापन गर्न निर्माणाधीन विद्युत् आयोजनाको निर्माण कार्य यथासम्भव छिटो सम्पन्न गरी जनतालाई सर्वसुलभ ढङ्गबाट उचित मूल्यमा विद्युत् सेवाको आपूर्ति गर्नु चुनौतीको रूपमा रहेको छ ।

१०.२९ देशमा विद्यमान वैकल्पिक ऊर्जा प्रवर्द्धनका प्रमुख क्षेत्रहरूमा वायोग्यास, लघु जलविद्युत्, सौर्य शक्ति तथा वायुशक्ति रहेता पनि यस्ता स्रोतहरूको अपेक्षित परिमाणमा उपयोग गर्न सकिएको छैन । यसरी वैकल्पिक ऊर्जाका स्रोतहरूको समुचित विकास हुन नसक्नुमा आर्थिक स्रोतको पर्याप्त व्यवस्था हुन नसक्नु तथा शान्ति सुरक्षाको स्थितिमा अपेक्षित सुधार हुन नसक्नु जस्ता पक्षहरू चुनौतीकै रूपमा रहेका छन् ।

१०.३० नेपालमा विद्युत् उत्पादनको प्रचुर सम्भावना रहेता पनि कुल सम्भावनाको करिब एक प्रतिशत मात्र हालसम्म उत्पादन गर्न सकिएको छ । आर्थिक विकासका दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिएको यस क्षेत्रको समूचित उपयोग हुन नसकी अधिकांश जनताहरू विद्युत् सेवाको पहुँचबाट बाहिरिएका छन् भने उत्पादित जलविद्युत्को उच्च लागतका कारण निर्यातको सम्भावनासमेत न्यून रहेको छ । यसर्थ, उपलब्ध सम्पदाको समुचित उपयोग गरी विद्युत्को घरेलु माग पूर्ति गर्नुका साथै, विद्युत् उत्पादनमा लागत घटाउने प्रविधिको खोजी तथा उपयोग गरी भविष्यमा यसको निर्यात बढाई राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने कार्य चुनौतीको रूपमा रहेको छ ।

# ११. यातायात तथा सञ्चार

## सडक यातायात

११.१ सडक यातायाततर्फ दशौं पञ्चवर्षिय योजनाको अन्त्यसम्ममा ७० वटा जिल्ला सदरमुकामसम्म मोटरबाटो पुऱ्याउने लक्ष्य रहेकोमा हालसम्म ६१ वटा जिल्ला सदरमुकाम सडक यातायातले जोडिएका छन् । आर्थिक वर्ष २०६२/६३ मा ६ वटा जिल्ला सदरमुकामसम्म मोटर बाटो पुऱ्याउने लक्ष्य रहेकोमा देशको विद्यमान विषम परिस्थितिको कारणले गर्दा हालसम्म एउटा जिल्ला सदरमुकाम (दार्चुला) सम्म मात्र सडक यातायात पुऱ्याउन सकिएको छ । आर्थिक वर्ष २०६१/६२ को अन्त्यसम्ममा कालोपत्रे ४ हजार ९ सय ११ कि.मी., खण्डाशिमत ४ हजार ७ सय ७ कि.मी., कच्ची सडक ७ हजार ६ सय ६१ कि.मी. गरी जम्मा १७ हजार २ सय ७९ कि.मी. सडक निर्माण भएकोमा आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा कालोपत्रे स्तरमा स्तरोन्नति ७ कि.मी. र खण्डाशिमतस्तरमा स्तरोन्नति ५ कि.मी. भएको छ भने १८ कि.मी. नयाँ सडक निर्माण भई सडकको कुल लम्वाइ १७ हजार २ सय ९७ कि.मी. पुगेको छ ।

### तालिका ११ (क) : नेपालमा उपलब्ध सडक सुविधा

कि.मी.

| क.सं. | किसिम | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|---|
| | | २०६१/६२ | २०६२/६३* | आर्थिक वर्ष २०६२/६३ सम्म** | |
| | | | | जम्मा | अंश प्रतिशत |
| १. | कालोपत्रे | ४९११ | ७ | ४९१८ | २८.४ |
| २. | खण्डाशिमत | ४७०७ | ५ | ४७१२ | २७.२ |
| ३. | कच्ची सडक | ७६६१ | १८ | ७६६७+ | ४४.४ |
| जम्मा : | | १७२७९ | ३० | १७२९७ | १००.० |

** आर्थिक वर्ष २०६२/६३ को फाल्गुण महिनासम्म सडक थप भएको ।*

*** २०६२ फाल्गुण मसान्तसम्मको जम्मा ।*

*+ १२ कि.मी. स्तरोन्नति भई कच्ची सडकको कुल लम्वाइ ६ कि.मी. मात्र थप भएको ।*

*स्रोत : सडक विभाग, बबरमहल, काठमाडौं ।*

*द्रष्टव्य : सडक विभागबाट वनाइएका सडक मात्र समावेश गरिएको ।*

## सवारी साधन

११.२ देशभरमा आर्थिक वर्ष २०४६/४७ देखि आर्थिक वर्ष २०६१/६२ को अन्त्यसम्ममा ४ लाख ७२ हजार ७ सय ९५ वटा सवारी साधन रहेकोमा चालू आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा २९ हजार ४ सय ३० (६.२ प्रतिशत) ले वृद्धि भई सवारी साधनहरूको कुल संख्या ५ लाख २ हजार २ सय २५ पुगेको छ । यसरी देशभर आर्थिक वर्ष २०६२/६३ को फाल्गुण मसान्तसम्ममा प्रति कि.मी. २९ वटा सवारी साधन पुगेको अनुमान छ । गत आर्थिक वर्षमा सरदर प्रति कि.मी. २७ वटा सवारी साधन थिए ।

तालिका ११ (ख) : सवारी साधनहरूको संख्या

| किसिम | आर्थिक वर्ष | | कुल** | वृद्धि प्रतिशत (प्रथम आठ महिनाको) |
|---|---|---|---|---|
| | २०४६/४७ देखि २०६१/६२ सम्म | २०६२/६३* | | |
| बस | १३३३१ | ६९३ | १४०२४ | ५.१९ |
| मिनीबस | ४२५६ | २६१ | ४५१७ | ६.१३ |
| कार/जीप भ्यान | ७८२५५ | ४८५४ | ८३१०९ | ६.२० |
| ट्रयाक्टर | ३३२३० | ११०६ | ३४३३६ | ३.३३ |
| मोटरसाइकल | ३०२०४२ | २०१२५ | ३२२१६७ | ६.६६ |
| टेम्पो | ७२६३ | ३५ | ७२९८ | ०.४८ |
| माइक्रो | १७०० | ४९३ | २१९३ | २९.०० |
| ट्रक/टेंकर/डोजर/ क्रेन/टिपर/ड्याम्फर | २७६५९ | १४९८ | २९१५७ | ५.४२ |
| पिक अप | १०५९ | ३५२ | १४११ | ३३.२४ |
| अन्य | ४००० | १३ | ४०१३ | ०.३३ |
| जम्मा | ४७२७९५ | २९४३० | ५०२२२५ | |
| प्रति कि.मी. सवारी संख्या | २७ | - | २९ | - |

** आर्थिक वर्ष २०६२/६३ को फाल्गुण महिनासम्म थप भएको ।*
*** आर्थिक वर्ष २०४६/४७ देखि आर्थिक वर्ष २०६३ को फाल्गुण मसान्तसम्मको जम्मा ।*
*स्रोत : यातायात व्यवस्था विभाग, तेजभवन, लाजिम्पाट, काठमाडौं ।*

## अन्य यातायात

११.३ ट्रली बस तथा साझा यातायात सेवा नागरिक समाज र नगरपालिकाको अगुवाइमा सञ्चालनमा रहेका छन् । त्यस्तै रेल्वे सेवा पनि सामान्य रूपमा सञ्चालित छ ।

## नीतिगत तथा संस्थागत प्रगति

११.४ योजनावद्ध रूपमा यातायात विस्तारका लागि सडक सञ्जाल विकास योजना क्षमता विकास गर्न २० वर्षे सडक गुरु योजना तथा Business Plan तयार गरी लागू गरिनुका साथै पहिले तयार गरिएको १० वर्षे प्राथमिकता प्राप्त लगानी योजना (Priority Investment Plan) लाई समयानुकुल आवश्यकताअनुरुप परिमार्जन गरी लागू गर्ने प्रक्रियामा रहेको छ । यसको अतिरिक्त मध्यकालीन खर्च संरचना (MTEF) तयार गरी सोही अनुरुप वार्षिक कार्यक्रम र बजेटबीच तालमेल ल्याई कार्यक्रममा निरन्तरता प्रदान गर्ने कार्य जारी राखिएको छ ।

११.५ योजनावद्ध मर्मत प्रक्रिया (Planned Maintenance) को विकासको लागि सुदृढ डिभिजन सडक कार्यक्रम (SMD Process), भू-वातावरण इकाई (Geo-environment Unit) पुल इकाई (Bridge Unit) खडा गरी कार्य भइरहेको छ ।

११.६ सडक तथा पुल निर्माण तथा मर्मत सम्भार कार्य व्यवस्थित ढङ्गबाट सञ्चालन गर्ने कार्यक्रम प्रभावकारी रूपमा अनुगमन तथा मूल्याङ्कन गर्नका लागि कार्यक्रम, अनुगमन तथा मूल्याङ्कन इकाई (Programm Monitoring & Evaluation Unit : PMEU) स्थापना भई कार्य भइरहेको छ ।

११.७ आयोजना सञ्चालनका क्रममा परामर्शदाता तथा ठेकेदारसँग पर्न जाने विवाद सम्पादन गर्नका लागि विवाद समाधान इकाई (Dispute Resolution Unit : DRU) खडा भई कार्य भैरहेको छ ।

११.८ गुणस्तरयुक्त निर्माण कार्य गर्न गराउनका लागि Geo-technical Manual, पुलको Standard Design Manual, निर्माण कार्यको स्पेसिफिकेशन तयार भएको छ भने सोही अनुरुप मर्मत सुधार कार्य भै रहेको छ ।

११.९ गरिबी निवारण कार्यक्रमलाई टेवा पुऱ्याउन सडक निर्माण कार्यमा स्थानीय व्यक्तिहरूलाई प्रत्यक्ष संलग्न गराउने नीतिअनुरुप सडक निर्माण समूह (Road Build Group : RBG) र स्थानीय समुदायमा आधारित समूह (Community Based Organization : CBO) मार्फत सडक निर्माण कार्य गराउन सुरु गरिएको छ ।

११.१० वर्तमान अभिलेख प्रणालीलाई आधुनिकीकरण गरी कार्यान्वयन तथा अनुगमन कार्यलाई सुदृढीकरण गर्न कम्प्यूटर सूचना केन्द्रको स्थापना गरी विकास योजना तथा डिभिजनहरूबाट सहजरूपमा सूचना प्राप्त गर्न कम्प्यूटर नेटवर्क प्रणालीको स्थापना तथा आवश्यक Software विकास गर्ने कार्य सुरु गरिएको छ ।

११.११ सडक विभागको जनशक्ति विकासको लागि सडकक्षेत्र सीप विकास इकाई (Road Sector Skill Development Unit : RSSDU) खडा गरी कर्मचारीहरूको तथ्याङ्क अभिलेख (Database) तयार गर्ने तथा तालिम, गोष्ठी, सेमिनार आदि सञ्चालन गर्ने कार्य भइरहेको छ । साथै, सडक विभाग अन्तर्गत कार्यरत कर्मचारीहरूको पदअनुसार गर्नु पर्ने काम कर्तव्य र जिम्मेवारी स्पष्ट हुने गरी कार्यविधि तयार भई लागू गरिएको छ ।

११.१२ विकेन्द्रीकरण अवधारणालाई मध्यजनर राखी स्थानीयस्तरका संरचनाहरू स्थानीय निकायलाई नै हस्तान्तरण गर्ने लक्ष्यअनुरुप सडक विभाग अन्तर्गतका स्थानीय सडकहरू स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (Department of Local Infrastructure Development and Agricultural Road : DOLIDAR) मार्फत स्थानीय निकाय र सामरिक महत्वका बाहेक अन्य शहरी सडकहरू सम्बन्धित नगरपालिकालाई हस्तान्तरण गरिएको छ ।

११.१३ सडक मर्मत सम्भारमा सडक प्रयोगकर्तालाई प्रत्यक्ष संलग्न गराउने उद्देश्यअनुरुप सडक प्रयोग गरेबापत उठेको रकमबाट नियमित मर्मत सम्भार गरी यातायात सेवाग्राहीलाई छिटो छरितो, भरपर्दो तथा सुरक्षित सेवा उपलब्ध गराउन सडक बोर्ड (Road Board) को स्थापना गरी कार्यान्वयनमा आएको छ ।

११.१४ यातायात व्यवस्थापनमा सुधारका लागि यातायात व्यवस्थापन कार्ययोजना तयार भएको छ भने सडक दुर्घटना न्यूनीकरण गर्न सडक सुधार, चेतनामूलक बोर्डको व्यवस्था, सवारी जाँचपास, ट्राफिक सप्ताहको आयोजना गर्ने व्यवस्था गरिएको छ । त्यस्तै, सवारीबाट हुन सक्ने प्रदूषणलाई कमी गर्न नेपाल सवारी प्रदूषण मापदण्ड, २०५६ कार्यान्वयन गरिएको छ ।

## हवाई सेवा

११.१५ नेपालको भौगोलिक जटिलतालाई दृष्टिगत गरी हवाई यातायात सेवाको विस्तार तथा सुदृढीकरणको प्रयास आवधिक योजना तथा राष्ट्रिय हवाई नीतिअनुरुप जारी रहेको छ । नेपालमा नागरिक उड्डयनको विकास तथा विस्तार गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई सम्पर्कको लागि हवाई उडान, हवाई सञ्चार, हवाई पथ प्रदर्शन (Air Navigation) र हवाई परिवहन (Air Transportation) सेवाहरूको सञ्चालनलाई सुरक्षित, नियमित, स्तरीय र प्रभावकारी बनाउन नेपाल नागरिक उड्डयन प्राधिकरणले विभिन्न विकास तथा सुधार कार्य सुचारुरूपले सञ्चालन गरेको छ । साथै, व्यवसायिक सिद्धान्तअनुरुप प्राधिकरणले संस्थागत विकासका लागि संस्थागत सुदृढीकरणसम्बन्धी अध्ययन कार्य परामर्शदाताबाट सम्पन्न गराएको छ । त्यस्तै, राष्ट्रिय हवाई नीति, २०६२ तर्जुमा गरी अन्तिम स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पठाइसकिएको छ । वायु सेवा सञ्चालन संस्था तथा हवाई उडान प्रशिक्षण संस्थालाई इजाजत दिनेसम्बन्धी कार्यविधि, २०६२ तथा अनुदान प्रदान गर्नेसम्बन्धी मन्त्रालयको आन्तरिक कार्यविधि, २०६२ स्वीकृत गरी लागू गरिएको छ ।

११.१६ अन्तर्राष्ट्रिय टर्मिनल कार्यालयलाई सूचना केन्द्रको रूपमा विकास गरी आवश्यक सर-सल्लाह, सहयोग तथा उडानलगायतका विमानस्थलसँग सम्बन्धित विभिन्न सूचनाहरूको प्रवाह गर्ने कार्य गरिएको छ । अन्तराष्ट्रिय विमानस्थलको मापदण्डअनुरुप ट्रान्जिट यात्रुहरूको लागि विश्राम कक्षको सुरुवात गरिनुका साथै भिसा तथा ट्राभेल डकुमेन्ट नमिलेका यात्रुहरू बस्नको लागि अन्तर्राष्ट्रिय आगमन कक्षमा छुट्टै नयाँ विश्राम कक्षको व्यवस्था गरिएको छ । आन्तरिक हवाई यात्रुहरूको संख्यामा निरन्तर वृद्धि हुदै गएको र विभिन्न कारणवश उडानमा ढिलाई हुन जाँदा यात्रुहरू एकत्रित हुनुपर्दा आन्तरिक टर्मिनलको प्रस्थान कक्ष ज्यादै सानो र साँघुरो भई यात्रुहरूलाई असुविधा पुग्न गएको महसूस भएको हुँदा प्रस्थान कक्षलाई विस्तार गरी थप ५० सिट क्षमता वृद्धि गरिनुका साथै नेपाली शैलीका २ वटा सुरक्षा जाँच कक्ष व्यवस्थापन गरिएको छ ।

११.१७ आन्तरिक उडान सूचनालाई सुलभ र प्रभावकारी रूपमा प्रवाह गर्नका लागि स्वर्णद्वारमा यात्रु प्रतीक्षालय स्थापना गरी उडान सूचना प्रदर्शन (Flight Information Display) प्रणाली जडान गरी उडानको सूचना दिने व्यवस्था गरिएको छ । साथै, आन्तरिक टर्मिनल अफिसबाट समेत आवश्यक सरसल्लाह सहयोग तथा उडानसँग सम्बन्धित सूचनाहरू प्रवाह गर्ने गरिएको छ । यात्रुहरूको सुविधाको लागि स्वचालित टेलर मेशिन (ATM) जडान गरिएको छ ।

११.१८ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुविधा विस्तार एवं सुधार तथा आधुनिकीकरण गर्ने नीतिअनुरुप एशियाली विकास बैंक ९बम्द्य० तथा इएभ्क्र्र को ऋण सहयोगमा ६ वटा प्याकेज अन्तर्गतका विभिन्न निर्माण कार्यहरू सम्पन्न भै सञ्चालनमा ल्याइएको छ । साथै, अन्तर्राष्ट्रिय विमानस्थलको सिमानासँग जोडिएका बासिन्दाको आवश्यक्तालाई मध्यनजर राखी वडा क्षेत्रमा सडक, खानेपानी, ढल निकास आदि सामुदायिक विकास निर्माण कार्य प्राधिकरणको आन्तरिक श्रोतबाट चरणवद्ध रूपमा सञ्चालन भइरहेको छ । चालू आर्थिक वर्षमा काडाँघारी - मनोहरा खहरेमा १५० मीटर ग्यावियन ड्रेन निर्माण कार्य सम्पन्न भएको र गोठाटार गा. वि. स. को काडाँघारीदेखि वीरेन्द्र चौकसम्म ४५० मीटर कालोपत्रे सडक निर्माण कार्य चालू रहेको छ । धावनमार्गको दक्षिणतर्फ (RWY-20) ठूला जहाजका लागि घुमाउरो मोड ९त्ाचलष्लन एबम० को विस्तार गरिएको छ । विमानस्थल सुरक्षा

प्रहरीहरूको लागि विभिन्न तालिम सञ्चालनको व्यवस्था मिलाइएको छ । यात्रुहरूको मनोरञ्जनलाई ध्यान दिई विमानस्थलका विभिन्न क्षेत्रहरूमा तख सेट जडान गरिएको छ ।

११.१९ भरतपुर (चितवन) विमानस्थलको धावनमार्गलाई थप ५ सय ५० मीटर कालोपत्रे गरी १ हजार २ सय मीटर पुऱ्याउन गत आर्थिक वर्षमा कार्य प्रारम्भ गरी चालू आर्थिक वर्ष २०६२/६३ को प्रथम चौमासिक अवधिमै कार्य सम्पन्न भएको छ । यसबाट धावनमार्ग, टेक्सी वे तथा एप्रोन कालोपत्रे भै बाह्रै महिना सेवा सञ्चालन योग्य रहनुका साथै Beechcraft तथा SAAB जस्ता वायुयानहरू सञ्चालनमा आई सेवा विस्तार भएको छ । क्षेत्रीय सन्तुलनको दृष्टिले धनगढी विमानस्थलको स्तर वृद्धि तथा विस्तार गरी बाह्रै महिना सेवा सञ्चालन योग्य बनाउन विमानस्थलको स्तरवृद्धि तथा विस्तार कार्य स्थानीय जनसहभागितासमेत परिचालन गरी दुई चरणमा अगाडि बढाइने भएको छ भने सुर्खेत र जनकपुर विमानस्थलको स्तर वृद्धि गर्ने सिलसिलामा धावनमार्गको कालोपत्रे गर्ने ठेक्का सम्झौता भएको छ ।

११.२० निजी क्षेत्रलाई विमान सेवा सञ्चालन गर्न प्रोत्साहित गर्ने नीतिअनुरुप आन्तरिक एवं अन्तर्राष्ट्रिय हवाई सेवा सञ्चालनसमेतका लागि प्राधिकरणबाट हवाई सञ्चालन प्रमाणपत्र (Airlines Operator Certificate : AOC) प्राप्त वायुसेवा कम्पनीको संख्या ४२ पुगेको छ । यसवर्ष फलाइङ ड्रागन एअर लायन्स, हिमचुली हेलिकप्टर प्रा.लि. र सिवानी एअर प्रा.लि.लाई आन्तरिक उडान गर्न इजाजत प्रदान गरिएको छ । एअर साँग्रिला र एअर नेपाल इन्टरनेशनललाई अन्तर्राष्ट्रिय सेवा सञ्चलान गर्न अनुमति दिइएको छ । उपर्युक्त AOC प्राप्त ४२ विमान सेवामध्ये १९ वटाले सेवा सञ्चालन गरिरहेका छन् । त्यस्तै चारवटा मनोरञ्जनात्मक एवं साहसिक उड्डयन खेलकुद (Aviation Aports) सँग सम्बन्धित रहेका तथा एक/एकवटा Hot Air Balloon, एकवटा Ultralight Power Glidder र दुईवटा Paraglidder रहेका छन् ।

११.२१ हाल नेपालमा सञ्चालनमा रहेका ३४ वटा विमानस्थलमध्ये विराटनगर, भैरहवा र नेपालगञ्ज विमानस्थलमा सुविधा विस्तार गरी Hub Airport को रूपमा विकसित गर्न लक्ष्यअनुरुप भौतिक पूर्वाधारको साथै रात्रि अवतरण सुविधा उपलब्ध रहेको छ । यस क्रममा यी विमानस्थलहरूमा रिजीड पार्किङ्ग एप्रोन निर्माण कार्य भएको छ । यी विमान स्थलमा भौतिक पूर्वाधार विकास गर्दा Fokker 100 जस्ता मध्यम खाले जेट अवतरण भई यात्रु सेवा विस्तार भएको छ ।

११.२२ राष्ट्रिय नागरिक उड्डयन सुरक्षा समितिद्वारा राष्ट्रिय हवाई सुरक्षा कार्यक्रम दोस्रो परिमार्जित संस्करण स्वीकृत भई लागू गरिएको छ भने वायुसेवा सञ्चालन संस्थाको निर्धारण र वायुसेवा सञ्चालन गर्नुपर्ने बिमासम्बन्धी ऐन तर्जुमा गरिएको छ । त्यस्तै विमानस्थल निर्माणसम्बन्धी नीतिको मस्यौदा तयार गरिएको छ ।

११.२३ जनसहभागितामा निर्माणाधीन खानीडाँडा विमानस्थलको नाम *मनमाया राई विमानस्थल* राखी निर्माण कार्यको लागि रकम उपलब्ध गराइसकिएको छ । त्यस्तै नेपाल सरकार, नागरिक उड्डयन प्राधिकरण र स्थानीयस्तरको सहयोगमा डोल्पाको मसिने चौर विमानस्थल निर्माण कार्य भइरहेको छ । दुर्गम क्षेत्रमा हवाई सेवा विस्तारका लागि निर्माणाधीन अन्य विमानस्थलहरूमा मुगु (रारा) विमानस्थल, कालीकोट विमानस्थल, कागेलडाँडा विमानस्थल, कमलबजार विमानस्थल र थामखर्क विमानस्थल रहेका छन् ।

११.२४ आतङ्ककारी गतिविधिबाट ध्वस्त भएको रुकुम चौरजहारी, रुकुम सल्ले, लामीडाँडा र मेघौली विमानस्थलमा सञ्चार उपकरणहरू पुर्नस्थापन गरी सञ्चालनमा ल्याइएको छ भने भौतिक संरचना ध्वस्त भएका अन्य १४ विमानस्थलमध्ये बाजुरा र डोल्पाको लागि रकम उपलब्ध गराइएको छ ।

११.२५ हवाई भाडादर निर्धारण गर्दा दुर्गम क्षेत्रलाई सहुलिय प्रदान गर्ने गरी २०६२ फागुन ५ देखि लागू हुने गरी आन्तरिक हवाई भाडा दर पुनरावलोकन गरिएको छ । प्रत्येक उडानमा १ सिट अपाङ्ग यात्रुलाई प्रचलित भाडादरमा ५०.० प्रतिशत छुट व्यवस्थासमेत गरिएको छ ।

११.२६ हालसम्म नेपालले ३५ मुलुकसँग द्विपक्षीय हवाई सम्झौता तथा समझदारी पत्रमा हस्ताक्षर गरेको छ । यस वर्ष म्यानमार र कुवेतसँग हवाई सम्झौता पुनरावलोकन गरिएको छ । द्विपक्षीय हवाई सेवा सम्झौताअनुसार यी मुलुकहरूबाट नेपाललाई द्वितर्फी वार्षिक ५७,००,६५६ हवाई सिट उपलब्ध भएकोमा जम्मा ४०.० प्रतिशत मात्र उपभोग हुन सकेको छ ।

११.२७ आकस्मिक रूपमा अशक्त तथा विरामी परेका हवाई यात्रुलाई उपचार सुविधा उपलब्ध गराउन काठमाडौं मेडिकल कलेजको सहयोगमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्वास्थ्य सेवा केन्द्र स्थापना गरिएको छ । यस केन्द्रबाट हवाई यात्रुहरूका अलावा विमानस्थलमा कार्यरत विभिन्न निकायका कर्मचारीहरूलाई समेत निःशुल्क सुविधा उपलब्ध गराउदै आएको छ ।

११.२८ नेपालको जटिल भौगोलिक स्वरुप र सोबमोजिम आवश्यक पर्ने सञ्चार तथा उड्डयन उपकरणहरू स्थापनाका कठिनाइहरूका कारण उडान सुरक्षाको स्तरलाई उच्चतम कायम राख्ने कार्य प्रमुख चुनौतीको रूपमा रहेको छ । अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) द्वारा सञ्चालित विश्वव्यापी सुरक्षा निगरानी कार्यक्रममा नेपालको सक्रिय सहभागिता रहेको र अडिटको सिफारिसहरू कार्यान्वयनमा उल्लेखनीय प्रगति हुनुका साथै Controlled Flight into Terraeri (CFIT) सम्बन्धी सेमिनार, Nepalese Civil Aviation Requirement (NCAR) को सामयिक संशोधन, Flight Operation Requirement (FOR) 3rd Edition प्रकाशन आदि कार्य सम्पन्न भएका छन् ।

## सूचना तथा सञ्चार

### हुलाक सेवा

११.२९ हुलाक सेवा सूचना तथा सञ्चारको क्षेत्रमा गाउँ-गाउँसम्म आफ्नो संस्थागत विस्तार भएको साधन हो । देशमा क्षेत्रीयस्तर, जिल्लास्तर र इलाकास्तर तथा अतिरिक्त हुलाकसमेत गरी कुल ३ हजार ९ सय ९२ हुलाक कार्यालयद्वारा हुलाक सेवा उपलब्ध भइरहेको छ । हुलाक कार्यालयहरूले चिठ्ठीपत्र पुलिन्दा ओसारपसारका अतिरिक्त हुलाक टिकट प्रकाशन, हुलाक वचत बैंकको व्यवस्था जस्ता कार्यलाई निरन्तरता दिंदै हुलाक सेवामा सूचना प्रविधिको भरपूर उपयोग गर्ने e-post अवधारणातर्फ उन्मुख भएका छन् । हुलाक सेवा अन्तर्गत सञ्चालन भइरहेको धनादेश सेवालाई प्रभावकारी बनाउन चक्रकोषमा रकम वृद्धि गर्दै हाल २ करोड ८७ लाख ७५ हजार पुऱ्याइएको छ भने यो धनादेश सेवा भारत, जोर्डन, कतार,

थाइल्याण्ड, हङकङ र संयुक्त अरब इमिरेट्ससम्म विस्तार भएको छ । देशका ५ सय २१ हुलाक कार्यालयबाट धनादेश सेवा प्रदान भइरहेको छ भने १ सय १७ हुलाक कार्यालयबाट हुलाक बचत बैंक सेवा सञ्चालन भइरहेको छ । हुलाक बचत बैंकमा निक्षेपित रकम २८ करोड रुपैयाँ सङ्कलन भएकोमा १२ करोड रुपैयाँ भन्दा बढी रकम लगानी भइसकेको छ । द्रुत वैदेशिक हुलाक सेवा ३५ विदेशी राष्ट्रमा र आन्तरिक द्रुत हुलाक सेवा विभिन्न नगरपालिका तथा नगरोन्मुख शहरमा विस्तार भई ६० स्थानमा सञ्चालन हुँदै आएको छ । हुलाक सेवालाई प्रभावकारी, छिटो, छरितो तथा कार्य प्रणालीमा सरलता ल्याउन ७ स्थानमा Counter Automation गरिएको छ भने गोश्वारा हुलाक कार्यालय र हुलाक प्रशिक्षण केन्द्रमा LAN को व्यवस्था गरिएको छ । त्यस्तै ५० जिल्ला हुलाक कार्यालय र केही इलाका हुलाक कार्यालयहरूमा Computer वितरण गरिएको छ । स्थानीयस्तरका हुलाक कार्यालयहरूलाई स्थानीयस्तरमा निक्षेपण गर्ने तयारी हुलाक सेवा विभागले पूरा गरेको छ ।

यस वर्ष अमेरिका बसोबास गर्न जानेहरूले पाउने भिसा (Electronic Diversity Visa-EDV) फाराम भर्ने कार्य गोश्वारा हुलाक कार्यालय तथा विभिन्न जिल्ला हुलाक कार्यालयबाट सञ्चालन भई रु. २५ लाख ७८ हजार ८ सय राजस्व सङ्कलन भएको छ ।

## दूरसञ्चार सेवा

११.३० आर्थिक उदारीकरणको नीतिले दूरसञ्चार क्षेत्रको विकास र विस्तारमा सकारात्मक प्रभाव पारेको छ भने सेवालाई प्रतिस्पर्धात्मक रूपमा विकास गर्नु त्यत्तिकै आवश्यक भएको छ । नियामक निकायका रूपमा स्थापित नेपाल दूरसञ्चार प्राधिकरणबाट आर्थिक वर्ष २०६२/६३ को फाल्गुण मसान्तसम्ममा आधारभूत टेलिफोन सेवा २ वटा, सेलुलर मोवाइल सेवा २ वटा, इन्टरनेट (इमेलसमेत) ३१ वटा (ग्राहक संख्या ५० हजार), भिस्याट नेटवर्क सेवा प्रदायक ८ वटा, भिस्याट सेवा प्रयोगकर्ता ९३ वटा, भिडियो कन्फरेन्सिङ्ग सेवा १ वटा, फ्याक्स मेल सेवा ६ वटा, आधारभूत दूरसञ्चार सेवा २ वटा, GMPCS सेवा २ वटा, ग्रामीण दूरसञ्चार सेवा १ वटा, स्थानीय डाटा नेटवर्क सेवा १ वटा र लिमिटेड मोविलीटी १ वटाको इजाजतपत्र जारी भइसकेको छ । रेडियो पेजिङ्ग नेटवर्क सेवा सबै खारेज गरिएको छ । यस अवधिसम्म जम्मा २ हजार ३ सय ८७ गाउँ विकास समितिहरूमा टेलिफोन सेवा उपलब्ध भएको छ ।

११.३१ नेपाल टेलिकमबाट देशभरमा कुल २ सय १८ वटा एक्सचेन्जहरूबाट टेलिफोन सेवा सञ्चालन भएको छ । यी एक्सचेन्जहरूबाट कुल ५ लाख ८८ हजार ६१ लाइन टेलिफोन वितरण भई सेवा सञ्चालनमा रहेको छ । CDMA प्रविधितर्फ २ लाख ५० हजार लाइन क्षमताको एक्सचेन्ज उपकरण जडान कार्य चालू रहेको छ भने यस अवधिमा ४ हजार ५ सय ६० ग्राहकहरूलाई CDMA फोन वितरण गरिएको छ । पोष्टपेड मोबाइलतर्फ १ लाख २ हजार २ सय १९ र प्रिपेडतर्फ २ लाख ४६ हजार ४ सय ग्राहक संख्या पुगेको छ । ईमेलतर्फ ग्राहक संख्या ७ हजार ७ सय ९६ पुगेको छ ।

११.३२ विश्वभर सीधा अन्तर्राष्ट्रिय दूरसञ्चार सम्पर्क कायम हुन सक्ने गरी कुल सर्किट क्षमता २ हजार ९ सय ९० पुऱ्याइएको छ । टेलिफोन लाइन प्राप्त गर्न निवेदन दिई प्रतीक्षा सूचीमा बस्ने ग्राहकहरूको संख्या बढिरहेको छ भने प्रतीक्षा सूचीलाई न्यून गर्न चालू आर्थिक वर्ष भित्रमा CDMA प्रविधिमा आधारित टेलिफोन सेवालाई देशको अन्य भागहरूमा समेत पुऱ्याउने कार्य भइरहेको छ ।

११.३३ निजीक्षेत्रको एक सेवा प्रदायक United Telecom Ltd. ले २०६२ फाल्गुणसम्म ५१ हजार लाईन WLL प्रविधिमा आधारित दूरसञ्चार सेवा सञ्चालन गरिरहेको छ भने निजीक्षेत्रकै सहभागितामा सेवा सञ्चालन गरेको स्पाइस नेपालले यस अवधिमा १ लाख २ हजार १ सय ११ लाइन मोवाइल सेवा वितरण गरेको छ । त्यस्तै विश्व बैंकबाट प्राप्त सहयोग प्रयोग गरी पूर्वाञ्चल विकास क्षेत्रका ५ सय ३४ गाउँ विकास समितिहरूमा टेलिफोन सेवा पुऱ्याउनका लागि छानिएको निजीक्षेत्रको STM Telecome Sanchar Pvt. Ltd. ले योजना मुताविक १ हजार २ सय PCO स्थापनाको कार्य पूरा गरेको छ ।

११.३४ भारत सरकारको सहयोगमा भद्रपुरदेखि लमहीसम्म करिब ८९१ कि.मी. अप्टिकल फाइवर जडान गर्ने कार्य पूरा भएको छ ।

### तालिका ११ (ग) : टेलिफोन सेवा (एक्सचेञ्ज) विस्तार

| शीर्षक | आर्थिक वर्ष | | |
|---|---|---|---|
| | २०६०/६१ | २०६१/६२ | २०६२/६३* |
| कुल जम्मा | | | |
| (क) नगर क्षेत्र संख्या | ५८ | ५८ | ५८ |
| (ख) टेलिफोन लाइन वितरण संख्या | ४०८४१७ | ४३३६३१ | ५८८०६१ |
| (ग) टेलिफोन लाइन प्रतिहजार जनसंख्यामा** | १७.६४ | १८.७ | २५.४० |

** प्रथम आठ महिना ।*
*** राष्ट्रिय जनगणना २०५८ को जनसंख्या (२३,१५१,४२३) मा आधारित ।*
*स्रोत : नेपाल दूरसञ्चार कम्पनी, भद्रकाली प्लाजा, काठमाडौं ।*
*द्रष्टव्य : सबै एक्सचेञ्जहरू डिजिटल स्वचालितमा रहेको ।*

## सूचना सम्प्रेषण

११.३५ सूचना विभागमा सार्क सूचना केन्द्रको स्थापना भइसकेको छ । पत्रकारिताको विकासको लागि आचारसंहिता लागू एवं पत्रपत्रिकाको दीर्घकालीन संरक्षणको लागि CD-ROM प्रविधिको विकास जस्ता महत्वपूर्ण कार्य सञ्चालनमा रहेका छन् । सिडीरोम प्रविधिबाट हालसम्म १४ लाख ५४ हजार पेज स्क्यालिङ गरी सिडिमा सुरक्षित गरिएको छ । मिडिया विकास कोषबाट पत्रकारिताको विकासका लागि बैंक कर्जामा सहुलियत उपलब्ध गराउँदै आइएको छ । सूचना विभाग, प्रेस काउन्सील, राष्ट्रिय समाचार समिति (रा.स.स.) र गोरखापत्र संस्थानले छापा सञ्चार माध्यमबाट सूचना सम्प्रेषणको काम गरिरहेका छन् ।

११.३६ सूचना सम्प्रेषणलाई प्रभावकारी, छिटो छरितो र व्यवस्थित बनाउन आवश्यक पर्ने सूचना सम्प्रेषण कक्ष सुदृढीकरण गर्न नेपालसम्बन्धी सूचनामूलक सामग्रीहरू वेभ साइटमा राख्ने कार्य सम्पन्न भएको छ । त्यस्तै पत्रकारलाई पत्रकारिता प्रशिक्षण एवं अन्तरक्रिया कार्यक्रम पनि सञ्चालन भएका छन् ।

११.३७ २०६२ फाल्गुण मसान्तसम्ममा विभिन्न जिल्लाहरूमा दर्ता भएका पत्रपत्रिकाहरूको संख्या ४२८६ पुगेको छ । तीमध्ये दैनिक ३१३ वटा, अर्ध-साप्ताहिक १० वटा, साप्ताहिक १५०६ वटा, पाक्षिक ३०० वटा, मासिक १३१३ वटा, द्वैमासिक २६७ वटा, त्रैमासिक ४१९ वटा, चौमासिक २२ वटा, अर्ध-वार्षिक ६० वटा र वार्षिक ७६ वटा पत्रपत्रिकाहरू रहेका छन् ।

**तालिका ११ (घ) : भाषागतरूपमा पत्रिकाहरुको संख्या**

| भाषा | संख्या | भाषा | संख्या |
|---|---|---|---|
| नेपाली | २९५६ | भोजपुरी | २ |
| अङग्रेजी | ३५५ | संस्कृत | २ |
| नेपाली-अङग्रेजी | ७३२ | उर्दू | २ |
| नेवारी | २५ | तिव्वती | १ |
| हिन्दी | १३ | लिम्वू | १ |
| मैथिली | १३ | डोटेली | १ |
| थारू | ५ | अन्य | १७८ |

*स्रोतः सूचना तथा सञ्चार मन्त्रालय ।*

११.३८ गोरखापत्र संस्थानबाट आफ्ना नियमित प्रकाशनहरूलाई थप विविधिकरण गर्ने तथा क्षेत्रीय संस्करणहरू सुरु गर्ने सम्बन्धमा तयारी भइरहेको छ ।

## टेलिभिजन प्रसारण सेवा

११.३९ विद्युतीय सञ्चारको सशक्त र प्रभावकारी माध्यमको रूपमा रहेको टेलिभिजन सेवा नेपालमा २०४२ सालदेखि नियमित रूपमा सञ्चालनमा रहेको छ । हाल नेपालमा सरकारी स्वामित्वमा रहेका २ वटा तथा निजीक्षेत्रबाट ५ वटा गरी ७ वटा टेलिभिजन च्यानल प्रसारण भइरहेका छन् । सरकारी स्वामित्वमा रहेको नेपाल टेलिभिजनले स्याटेलाइटका माध्यमबाट स्वदेश तथा विदेशमा प्रसारण सिग्नल पुऱ्याइरहेको छ । नेपाल टेलिभिजनबाट सञ्चालित NTV मेट्रो पनि निकट भविष्यमा स्याटेलाइटमा आवद्ध हुने गरी तयारी भइरहेको छ । देशका विभिन्न ८ स्थानमा Low Power Transmitter स्थापना गरी प्रसारण सिग्नल अधिराज्यभर विस्तार गर्ने कार्य भइरहेको छ । डोटी र हेटौंडामा प्रसारण केन्द्र स्थापना गरी सो क्षेत्रमा टेलिभिजन प्रसारण सेवा विस्तार गरिएको छ ।

११.४० हालसम्म देशका १५ स्थानमा प्रसारण केन्द्र स्थापना भई नेपाल टेलिभिजनको प्रशारण पहुँच ४५ प्रतिशत भू-भाग तथा ६५ प्रतिशत जनतामा पुगेको छ । नेपाल टेलिभिजन (NTV) को प्रसारणलाई Single Cable Network र Direct to Home प्रणालीबाट खाडी राष्ट्र, युरोप, अमेरिका र अष्ट्रेलिया तथा अफ्रिकामा समेत हुवहु प्रसारण गर्ने सम्बन्धमा नेपाल टेलिभिजन र ग्यालेक्सी टि.भी. लिमिटेड, यु.के. बीच सम्झौता सम्पन्न भएको छ । भू-उपग्रह स्थापना गर्न आवश्यक उपकरणहरू आपूर्तिका लागि सम्झौता भइसकेको छ भने भू-उपग्रह केन्द्र स्थापना पूर्व अन्य उपयुक्त Space Segment भाडामा लिन अपरिहार्य भएको हुँदा आगामी १ जुलाई २००६ देखि THAI COM को स्याटेलाइटबाट कार्यक्रम प्रसारण गर्नका लागि उक्त कम्पनीसँग सम्झौता गरिएको छ ।

## रेडियो प्रसारण सेवा

११.४१ २००७ साल चैत्र २० गते स्थापना भएको रेडियो नेपाल व्यापक पहुँच भएको देशको जेठो विद्युतीय सञ्चार माध्यम हो । शर्टवेभ प्रसारण तथा मिडियमवेभ प्रसारण प्रणालीमार्फत रेडियो नेपालको प्रसारण सेवा देशको कुनाकाप्चाका जनतासम्म पुगेको छ । रेडियो नेपालले आफ्नो प्रसारण विस्तारका लागि देशका विभिन्न ४ स्थानमा एफ.एम.रिले केन्द्रको स्थापनाका लागि प्रक्रिया अघि बढाएको छ भने प्रसारण स्पष्ट सुन्न सकियोस् भनी VSAT प्रविधिको समेत प्रयोग गरिएको छ। हाल देशका पाँच वटै विकास क्षेत्रमा स्थापित मिडियमवेभ प्रसारण केन्द्रहरूबाट विभिन्न राष्ट्रिय भाषामा गीत संगीत तथा अन्य कार्यक्रम प्रसारण गर्नुका अतिरिक्त विभिन्न भाषामा समाचार प्रसारण गर्दै आएको छ । निजी क्षेत्रमा पनि मनोरञ्जनात्मक र सूचनामूलक कार्यक्रमहरू प्रसारण गर्ने उद्देश्यले फ्रिक्वेन्सी मोडुलेशन (FM) प्रणालीमा सामुदायिक रेडियो प्रसारण केन्द्र सञ्चालन गर्न हालसम्म निजी क्षेत्रका ५६ वटा संस्थाहरूलाई इजाजतपत्र प्रदान गरिएकोमा ४७ वटा एफ.एम. बाट प्रसारण भैरहेको छ ।

## मुद्रण सेवा

११.४२ वि.स. २०४९ सालमा राष्ट्रिय सञ्चार नीति लागू गरिएपछि सुरक्षण मुद्रणको अवधारणाको सुरुवात भएको हो । मुद्रण विभागको छापाखानालाई स्वायत्त बनाई एक सक्षम व्यावसायिक र स्तरयुक्त सेवा प्रदान गर्न सुरक्षण मुद्रणको भवन निर्माण कार्य सम्पन्न भई मुद्रण कार्यको थालनी भएको छ । मुद्रण विभागबाट २०६२ फाल्गुण मसान्तसम्म नागरिकता प्रमाणपत्र, भिसा, स्टिकर, वित्तीय संस्थाका चेक बुक, Foreign Employment Permit Sticker, उच्च माध्यामिक शिक्षा परिषद् तथा केही विश्वविद्यालयका प्रश्नपत्र तथा प्रमाणपत्रहरू, हुलाक सेवा विभागको पोष्टकार्ड, संवैधानिक अङ्गहरूका वार्षिक प्रतिवेदन, SLC को उत्तरपुस्तिका मुद्रित भएका छन् । यसको अलावा जनशक्ति विकासका कार्य पनि भएका छन् । मुद्रण विभागबाट २०६२ फाल्गुण मसान्तसम्मको ८ महिनाको राजस्वबापत रु. २७ लाख ६४ हजार ८ सय ५८ सङ्कलन भएको छ ।

## चलचित्र

११.४३ चलचित्र क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन तथा नेपाली कला, संस्कृतिलाई संरक्षण गर्दै देश विदेशमा सोको प्रचारप्रसार गर्न चलचित्र विकास बोर्ड प्रयत्नशील छ । आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा चलचित्र विकास बोर्डको आफ्नै भवन निर्माण कार्य सम्पन्न भएको छ भने पुस्तकालय सुदृढीकरण भएको छ । राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा नेपाली चलचित्रका विविध गतिविधि झल्काउने, यसबारे जनचेतना जगाउने र यसको विकास गर्ने उद्देश्यले वेभ साइट सञ्चालन भएको छ भने नेपाल टेलिभिजनबाट सातामा एक पटक चलचित्र सामाचार प्रसारण गर्ने कार्य सुरु गरिएको छ । नेपाली चलचित्रको प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय अवैतनिक प्रतिनिधि नियुक्त गर्ने क्रममा भारतको महाराष्ट्र तथा गुजरातको लागि प्रतिनिधि नियुक्त गरिएको छ भने संयुक्त राज्य अमेरिकाको लागि प्रतिनिधि नियुक्तिको तयारी भइरहेको छ ।

## चुनौतीहरू

११.४४ भौगोलिक जटिलता, शान्ति सुरक्षाको कठिनाइ, सडक निर्माणका क्रममा आवश्यक पर्ने विस्फोटक पदार्थको अनुपलब्धता, उपलब्ध विस्फोटक पदार्थको प्रयोग समयमा गर्न नसक्नु, समयमा कार्यक्रम स्वीकृत हुन नसक्नु, जनसहभागिताको परिचालन पर्याप्त मात्रामा हुन नसक्नु जस्ता चुनौतीहरू सडक यातायातको विकासमा विद्यमान छन् ।

११.४५ देशको भौगोलिक विषमता, पूर्वाधारको कमी, सूचना तथा सञ्चार क्षेत्रको लागि लगानीको स्रोतको कमी र कार्यान्वयनका क्रममा अपेक्षित समन्वयको कमी आदि प्रमुख चुनौतीका रूपमा रहेका छन् । वहु-आमसञ्चारका अन्य माध्यमहरूबाट प्राप्त हुने जनजागरणलाई एकीकृत र समन्वयात्मक रूपमा प्रयोग गर्न नसक्नु, पर्याप्त जनशक्ति उपलब्ध नहुनु र सञ्चारका प्रभावकारी साधनको विस्तार समानुपातिक रूपमा विस्तार नहुनु सूचना तथा सञ्चार क्षेत्रका चुनौती रहेका छन् ।

११.४६ खर्चिलो सडक, न्यून ट्राफिक घनत्वले तथा एकीकृत विकास नभएका कारणबाट लगानीको दाँजोमा सडक क्षेत्रको आर्थिक प्रतिफल कम देखिनु पनि बाधककै विषय बनेको छ ।

११.४७ सञ्चारको क्षेत्रमा निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था सृजना भइसक्दा समेत सञ्चारको सम्भाव्य क्षमता उपयोग गर्न नसकी जनतालाई आवश्यक माग पूर्ति गर्ने गरी टेलिफोन सेवा उपलब्ध गराउन नसकी प्रतीक्षा सूचीमै बस्नुपर्ने अवस्था आउन नदिनेतर्फ आवश्यक व्यवस्था मिलाउनुपर्ने एवं उपलब्ध सेवामा गुणस्तरता कायम गर्नु पर्ने चुनौती पनि टड्कारो देखिन्छ ।

११.४८ खानेपानी तथा ढल निकास विभाग, नेपाल टेलिकम, नेपाल खानेपानी संस्थान र सडक विभाग जस्ता निर्माण कार्यमा संलग्न निकायहरूबीच आवश्यक समन्वय कायम गर्न नसक्दा विशेषतः शहरी क्षेत्रमा दिगो, भरपर्दो र कम खर्चिलो निर्माण कार्य अझै पनि सुनिश्चित बन्न सकेको छैन् ।

११.५० सुपरिवेक्षण, अनुगमन तथा मूल्यांकन व्यवस्थाका अतिरिक्त पृष्ठपोषण (Back Stopping) लाई प्रभावकारी बनाई लाभ-लागत अनुपात घटाउनेतर्फ जोड दिई सडकको आयु (Life Period) बढाउन निर्माण कार्यको गुणस्तरीयता कायम गर्नु अर्को प्रमुख चुनौतीको विषय बनेको छ ।

# १२. सामाजिक सेवा

१२.१ देशको सर्वाङ्गीण विकासका लागि सामाजिक सेवाका सम्पूर्ण क्षेत्रहरूको समुचित विकास गरी देशमा सक्षम, सवल, उत्पादनशील, अनुशासित र स्वस्थ्य नागरिक उत्पादन गर्नुपर्ने हुन्छ । यसका लागि देशका सबै वर्ग र व्यक्तिका लागि सुलभ तवरबाट शिक्षा र स्वास्थ्यको उपलब्धता एवं सुनिश्चितता गर्न यी दुबै क्षेत्रको विकासमा संलग्न सरकारी एवं गैरसरकारी संयन्त्रमा आर्थिक तथा मानवीय स्रोतको व्यवस्थापनमा सुधार, वातावरणीय, पारिवारिक तथा व्यक्तिगत सरसफाइतर्फ पर्याप्त चेतनाको विकास, पानीजन्य रोगको नियन्त्रण, स्वच्छ खानेपानीको वितरण तथा लैङ्गिक विभेद सम्बन्धी कानूनी संरचना तथा वाल, अपाङ्ग नागरिक, जेष्ठ नागरिकहरूको अधिकारका सम्बन्धमा अन्तर्राष्ट्रिय क्षेत्रमा गरिएका प्रतिवद्धता जस्ता कार्यमा ठोस कदम चालिनु आवश्यक देखिन्छ ।

## शिक्षा

१२.२ शिक्षा नियमावली (सातौं संशोधन), २०५९ मा उल्लेख भए अनुसार सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि विद्यालय व्यवस्थापन समितिलाई प्रशस्त अधिकारहरू दिएर बलियो बनाउने उद्देश्य अनुरुप चालू आर्थिक वर्ष २०६२/६३ को अन्त्यसम्ममा २ हजार विद्यालयहरूको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने लक्ष्य लिइएकोमा २०० विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गरिएको छ ।

१२.३ विद्यालय बाहिर रहेका बालबालिकाहरूको लागि बालशिक्षा प्रथम, बालशिक्षा द्वितीय, वैकल्पिक शिक्षा, प्राथमिक शिक्षा विस्तार कार्यक्रम तथा अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रमहरू सञ्चालन भइरहेकोमा यस वर्ष पनि यी कार्यक्रमलाई निरन्तरता दिइएको छ । चालू आर्थिक वर्ष २०६२/६३ मा सबैका लागि शिक्षा कार्यक्रम अन्तरगत प्रारम्भिक वाल विकास, सबैलाई पहुँचको सुनिश्चितता, सबैका लागि सिकाइको आवश्यकताको परिपूर्ति, निरक्षरता न्यूनीकरण, लैङ्गिक असमानताको निर्मूलन र गुणस्तरीयताको सबै पक्षमा सुधार जस्ता कार्यहरू गरिएकाछन् । बालविकास केन्द्र सञ्चालनको जिम्मा गाउँ, नगर विकास समितिलाई दिइएको छ । विद्यालयमा विद्यार्थीको भर्ना र टिकाउ दरलाई अभिवृद्धि गर्न देशभरका सम्पूर्ण सामुदायिक विद्यालय तहमा अध्ययनरत विद्यार्थी मध्ये देशभरका सम्पूर्ण दलित, कर्णाली अञ्चलका सम्पूर्ण विद्यार्थी, उत्पीडित आदिवासी तथा जनजाती र गरिब परिवारका छात्राहरू र शहीदका छोराछोरीहरूका लागि छात्रवृत्ती उपलब्ध गराउने कार्य गरिएको छ । आर्थिक वर्ष २०६२/६३ मा अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत विद्यालय जान नसक्ने सबै वालवालिकाहरूलाई आधारभूत प्राथमिक शिक्षा कार्यक्रममा अवसर प्रदान गर्न वैकल्पिक विद्यालय कार्यक्रमको व्यवस्था मिलाई यस अन्तर्गत विस्तारित शिक्षा कार्यक्रम (School Outreach Programme) र अनौपचारिक शिक्षा कार्यक्रम (Flexible Schooling Programme) लाई ६६ जिल्लामा सञ्चालन गरिएको छ ।

१२.४. सुविधा विहीन वर्ग विशेषगरी महिलाहरूलाई छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम अन्तर्गत चालू आर्थिक वर्ष २०६२/६३ मा एस.एल.सी. उत्तीर्ण दलित, पिछडिएका वर्ग तथा विशेषगरी महिलाहरूका लागि १० महिने पूर्व सेवाकालीन प्राथमिक शिक्षक तालीम र ७०० जनालाई

छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम अनुसार ताप्लेजुङ, सुनसरी, भोजपुर, महोत्तरी, सिन्धुपाल्चोक, म्याग्दी, तनहूँ, दाङ, सुर्खेत, हुम्ला र डोटी गरी १२ जिल्लामा लक्षित समूहले छात्रवृत्ति प्राप्त गरी तालीम लिइरहेका छन् । साक्षरता कार्यक्रम अन्तर्गत सञ्चालित कक्षा केन्द्रहरूमा गरिबीको रेखामुनी रहेका दलित, पिछडिएका जनजाती र महिला तथा अपाङ्गहरूको सक्रिय सहभागीताको लागि प्रोत्साहन पुरस्कारको व्यवस्था गरिएको छ ।

१२.५. प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम कार्यक्रम अन्तर्गत चालू आर्थिक वर्ष २०६२/६३ मा विभिन्न विषयमा १२५ जनालाई विभिन्न समयावधिका तालीम दिइनुका साथै ३०९ जनाको सीप परीक्षण गरिएको छ जसबाट स्वदेश तथा विदेशमा रोजगार गर्ने सीपयुक्त जनशक्तिलाई रोजगारदाता मार्फत वैदेशिक रोजगारमा जान मद्दत पुग्न गएको छ । स्वदेशमा इलम केन्द्र, प्राविधिक शिक्षालयहरू र १५ वटा Annex शिक्षालयहरू सञ्चालन भइरहेकाछन् भने बनेपा र मकवानपुरमा पोलिटेक्निक संस्था स्थापना भएकाछन् ।

१२.६. प्राथमिक कक्षामा भर्ना हुन उमेर नपुगेका वालवालिकाहरूको लागि प्राथमिक कक्षा, बालविकास केन्द्र र उमेर बढी भएकाको लागि वैकल्पिक विद्यालयको व्यवस्था गरिएको र निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति र प्रशासनिक खर्च आदि अनुदान रकम वार्षिक कार्यक्रम अनुसार नै समयमै विद्यालयको खातामा निकासा गराउने व्यवस्था गरिएको छ । कार्यक्रम कार्यान्वयन गर्ने निकायलाई नै कार्यक्रम निर्माण प्रक्रियामा सहभागी बनाई विकेन्द्रीकरण प्रणालीलाई निरन्तरता दिंदै कुल शिक्षा बजेटको ९७ प्रतिशत भन्दा बढी रकम जिल्लास्तरमा र सोको ९० प्रतिशत भन्दा बढी रकम विद्यालयतहमा विनियोजन गर्ने गरिएको छ । विकेन्द्रीकरणको अवधारणा अनुरुप स्रोतव्यक्तिको नियुक्ति गर्ने अधिकार स्थानीय स्रोतकेन्द्र व्यवस्थापन समितिलाई प्रदान गरिएको छ ।

१२.७. शैक्षिक जनशक्ति विकास केन्द्रले चालू आर्थिक वर्ष २०६२/६३ मा संस्थागत क्षमता अभिवृद्धि योजना तयार गरेको छ । यस योजनामा चालू दशौं पञ्चवर्षीय योजना, मध्यावधि खर्च संरचना, माध्यमिक शिक्षा सहयोग कार्यक्रम, शिक्षक शिक्षण आयोजना र सबैको लागि शिक्षा कार्यक्रममा भएका मानवीय संसाधन विकासका प्रावधानहरूका साथै नेपाल सरकारको वैदेशिक सहायता नीति र शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गतको तालीम नीतिमा भएका प्रावधानहरूलाई विचार गरी केन्द्रको समग्र संस्थागत क्षमता अभिवृद्धि सम्बन्धी दीर्घकालीन सोच, रणनीति र मानवीय संसाधन विकासका परिमाणत्मक लक्ष्यहरू समेटिएको छ ।

१२.८. दुर्गम क्षेत्रका एस.एल.सी. दिने विद्यार्थीलाई लक्षित गरी सहयोग सामाग्री विकास, वितरण र प्रसारण गरिएको छ । चालू आर्थिक वर्ष २०६२/६३ मा एस.एल.सी. उत्तीर्ण सुविधा विहीन वर्ग, विशेषतः महिलाहरूका लागि १० महिने पूर्व सेवाकालीन प्राथमिक शिक्षक तालीम सञ्चालन गरिएको र सो तालीममा १२ जिल्लाका लक्षित समूहलाई छात्रवृत्ति कार्यक्रम अन्तर्गत सहभागी गराइएको छ । प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्को संगठनात्मक ढाँचामा परिवर्तन गरिनुका साथै विकेन्द्रीकरणको मर्मअनुरुप क्षेत्रीय कार्यालयहरू स्थापना भएका छन् । शिक्षाका लागि खाद्य कार्यक्रम परियोजनाबाट खाद्यान्न असुरक्षित र शिक्षाको पहुँच न्यून भएका २१ जिल्लाहरूमा खाद्य कार्यक्रम स्थापना गरी दिवा खाजा कार्यक्रम, छात्रा उत्प्रेरण कार्यक्रम, जुका निवारण कार्यक्रम, मातृ तथा शिशु स्वास्थ्य

स्याहार कार्यक्रम सञ्चालन गरिएको छ । चालू आर्थिक वर्ष २०६२/६३ मा कर्णाली अञ्चलका ५ जिल्लाहरूको २४ गा.वि.स. का १२५ सामुदायिक विद्यालयमा १२,००० वालवालिकालाई दिवा खाजा उपलब्ध गराउन विद्यालय पौष्टिक आहार कार्यक्रम स्वीकृत भइ कार्यान्वयनमा आएको छ । अधिराज्यको २१ जिल्लाका ४,५०,००० वालवालिकामा लक्षित यो कार्यक्रम अब थप २६ जिल्लामा लागू भई थप ४,६२,००० वालवालिका लाभान्वित हुने लक्ष्य लिइएको छ ।

१२.९. अनौपचारिक शिक्षा कार्यक्रमहरू विकेन्द्रीकरणको सिद्धान्त अनुसार स्थानीय निकाय, गैरसरकारी संस्था र सामुदायिक अध्ययन केन्द्रमार्फत सञ्चालन गरिएको र नतिजाको आधारमा भुक्तानी दिने प्रणाली (Payment by Result System) लागू गरिएको छ । साक्षरता कार्यक्रम अन्तर्गत सञ्चालित कक्षा केन्द्रहरूमा गरिबीको रेखामुनी रहेका दलित पिछडिएका जनजाती र महिला तथा अपाङ्गहरूको सक्रिय सहभागीताको लागि प्रोत्साहन पुरस्कारको व्यवस्था गरिएको छ । निरक्षरताको स्थिति बढिरहेको क्षेत्र तथा जिल्लालाई आधार मानी १५ जिल्लामा सघन साक्षरता कार्यक्रम चालू आर्थिक वर्ष २०६२/६३ मा सञ्चालन गरिएको छ । यसै आर्थिक वर्षमा देशका ३० जिल्लामा ६०० गाउँ शिक्षा योजना निर्माण कार्य हुनका साथै ११९ वटा सामुदायिक अध्ययन केन्द्रको स्थापना भएको छ । कर्णाली अञ्चलमा सञ्चालित सार्वजनिक उच्च माध्यमिक विद्यालयलाई थप दुई शिक्षक अनुदान उपलब्ध गराइएको छ ।

१२.१० शैक्षिक सत्र २०६२ को तथ्याङ्क अनुसार सरकारी तथा निजीस्तरका प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको विद्यालय, विद्यार्थी र शिक्षक अनुपात देहायको तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका १२ (क) : विद्यालय, विद्यार्थी र शिक्षक अनुपात

| अनुपात | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक |
|---|---|---|---|
| विद्यार्थी/विद्यालय | १९३ | १९४ | १४३ |
| शिक्षक/विद्यालय | ४ | ३ | ४ |
| विद्यार्थी/शिक्षक | ४९ | ६० | ३६ |
| विद्यार्थी/तालीमप्राप्त शिक्षक | १२९ | १७६ | ६१ |

*स्रोत : शिक्षा तथा खेलकूद मन्त्रालय*

१२.११ शिक्षा (सातौं संशोधन) ऐन, २०५८ को वर्गीकरणमा परेका सामुदायिक विद्यालयहरूले नेपाल सरकारबाट अनुदान प्राप्त गर्दछन् भने संस्थागत विद्यालयहरू गुठी वा कम्पनी ऐन अन्तर्गत रही संचालित हुन्छन् । सरकारी र सामुदायिक विद्यालयहरू वर्गीकरणको दृष्टिकोणले सामुदायिक विद्यालय अन्तर्गत पर्दछन् भने निजी विद्यालयहरू संस्थागत विद्यालय अन्तर्गत पर्दछन् । शैक्षिक सत्र २०६२ को अनुमानित प्राप्त तथ्याङ्क अनुसार नेपाल अधिराज्यका पाँच विकास क्षेत्रहरूमा सरकारी, सामुदायिक र निजीस्तरबाट सञ्चालित विद्यालयहरूमा विद्यार्थी/शिक्षक अनुपात निम्नबमोजिम रहेको थियो :

## तालिका १२ (ख) : विद्यार्थी/शिक्षक अनुपात, शैक्षिक सत्र २०६२

| क्षेत्र | प्रति शिक्षक विद्यार्थी अनुपात | | |
|---|---|---|---|
| | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक |
| नेपाल राज्य | ४९ | ६० | ३६ |
| सरकारी | ५९ | ८० | ४२ |
| सामुदायिक | अप्राप्त | अप्राप्त | अप्राप्त |
| निजी | १२ | १२ | १२ |
| पूर्वाञ्चल | ५७ | ८३ | ५९ |
| सरकारी | ६६ | ९५ | ६० |
| सामुदायिक | अप्राप्त | अप्राप्त | अप्राप्त |
| निजी | १५ | १६ | २३ |
| मध्यमाञ्चल | ४६ | ४५ | २८ |
| सरकारी | ६२ | ७८ | ४१ |
| सामुदायिक | अप्राप्त | अप्राप्त | अप्राप्त |
| निजी | १२ | १० | ९ |
| पश्चिमाञ्चल | ३८ | ५४ | ३१ |
| सरकारी | ४४ | ६१ | ३२ |
| सामुदायिक | अप्राप्त | अप्राप्त | अप्राप्त |
| निजी | १३ | १४ | १३ |
| मध्य पश्चिमाञ्चल | ६३ | ८३ | ४६ |
| सरकारी | ७३ | ९९ | ४८ |
| सामुदायिक | अप्राप्त | अप्राप्त | अप्राप्त |
| निजी | ८ | ८ | १४ |
| सुदूर पश्चिमाञ्चल | ५७ | ७५ | ३८ |
| सरकारी | ६२ | ८० | ३२ |
| सामुदायिक | अप्राप्त | अप्राप्त | अप्राप्त |
| निजी | १० | १० | १४ |

*स्रोत : शिक्षा तथा खेलकूद मन्त्रालय*

*द्रष्टव्य : सरकारी र सामुदायिक विद्यालय भन्नाले क्रमशः अनुदान पाउने र अनुदान पाउने आशामा रहेका विद्यालय भन्ने बुझिन्छ ।*

१२.१२ भौगोलिक अवस्थितिका आधारमा शैक्षिक सत्र २०६२ सम्म सम्बन्धनप्राप्त सार्वजनिक, निजी, दस जोड २ र क्याम्पसहरूको कुल संख्यामा हिमाली क्षेत्र, पहाडी क्षेत्र, तराई क्षेत्र र उपत्यकाभित्र रहेका विद्यालयहरूको संख्या देहायबमोजिम रहेको छः

### तालिका १२ (ग) : भौगोलिक अवस्थितिका आधारमा शैक्षिक सत्र २०४९ देखि शैक्षिक सत्र २०६२ सम्म सम्बन्धनप्राप्त विद्यालयहरू

| विकासक्षेत्र | भौगोलिक अवस्थिति | | | जम्मा |
|---|---|---|---|---|
| | हिमाल | पहाड | तराई | |
| पूर्वाञ्चल | १७ | ५७ | ११९ | १९३ |
| मध्यमाञ्चल | २१ | २९४ | १०८ | ४२३ |
| पश्चिमाञ्चल | ४ | १९५ | ६२ | २६१ |
| मध्य पश्चिमाञ्चल | ६ | २८ | २७ | ६१ |
| सुदूर पश्चिमाञ्चल | १५ | २९ | ३६ | ८० |
| जम्मा | ६३ | ६०३ | ३५२ | १०१८ |

*स्रोत : उच्च माध्यमिक शिक्षा परिषद*

१२.१३ चालू आर्थिक वर्ष २०६२/६३ मा पनि विगत वर्षहरूमा उच्च माध्यमिक शिक्षा परिषद्ले गर्दै आएको धेरै जसो कार्यक्रमलाई निरन्तरता दिइएको छ । चालू आर्थिक वर्षदेखि नमूना प्रश्नपत्र निर्माण गरिएको, उच्च माध्यमिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धिको लागि कोष स्थापना जस्ता कार्यक्रमको थालनी भएको छ । यसका साथै देशभर अनुगमन/सुपरीवेक्षण कार्य गर्न समूहगत, आकस्मिक अनुगमन निरीक्षणको लागि बजेटको समेत व्यवस्था गरिएको छ । चालू आर्थिक वर्षमा कर्णाली अञ्चलमा सञ्चालित उच्च माध्यमिक विद्यालयहरूलाई थप २ जना शिक्षकको लागि तलव अनुदानको व्यवस्था गरिएको छ ।

१२.१४ उच्च माध्यमिक विद्यालय अन्तर्गत कक्षा ११ र १२ मा शैक्षिक सत्र २०५४ देखि शैक्षिक सत्र २०६२ सम्मको परीक्षामा उपस्थित एवं उत्तीर्ण छात्रछात्राको संख्या निम्न अनुसार रहेको छ :

### तालिका १२ (घ) २०५४ देखि शैक्षिक सत्र २०६२ सम्मको परीक्षामा उपस्थित एवं उत्तीर्ण छात्रछात्राको संख्या

| शैक्षिक सत्र | एघार कक्षा | | | | | | बाह्र कक्षा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परीक्षा दिएको | | | उत्तीर्ण भएको | | | परीक्षा दिएको | | | उत्तीर्ण भएको | | |
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| २०५४ | ६०९३ | ३२४० | ९३३३ | ११९६ | ६७८ | १८७४ | २९३९ | १८४० | ४७७९ | ६५४ | ४११ | १०६५ |
| २०५५ | ८०८४ | ४६२६ | १२७१० | २६७५ | १५२६ | ४२०१ | ४४६० | २६१५ | ७०७५ | १७०८ | १०७० | २७७८ |
| २०५६ | ११८८३ | ६९५० | १८८३३ | ४२१७ | २५०३ | ६७२० | ६२८९ | ३८९८ | १०१८७ | २७७१ | १६२४ | ४३९५ |
| २०५७ | १७९७५ | १०९५८ | २८९३३ | ६६०० | ३७१३ | १०३१३ | ९८६१ | ६१२० | १५९८१ | ३९२६ | २३०९ | ६२३५ |
| २०५८ | ३०३४४ | १९६०७ | ४९९५१ | ९११९ | ५३६३ | १४४८२ | १४८०३ | ८५६० | २३३६३ | ५३०४ | ३०४२ | ८३४६ |
| २०५९ | २६४०१ | १७९८९ | ४४३९० | ९३८३ | ५५८३ | १४९६६ | २४४२० | १६८७२ | ४१२९२ | ७७३० | ४५२० | १२२५० |
| २०६० | ३८३४१ | २७४६३ | ६५८०४ | १४३१७ | ९३२३ | २३६४० | २१५२६ | १५५७३ | ३७०९९ | ७४८८ | ४४७० | ११९५८ |
| २०६१ | ३७०७७ | २४३७८ | ६१४५५ | १५९८४ | ९९१० | २५८९४ | ३२९१५ | २४६९८ | ५७६१३ | १३४३४ | ९२१२ | २२६४६ |
| २०६२ | ८६३५१ | ६९९७६ | १५६३२७ | ४०८४२ | ३०५०२ | ७१३४४ | ५७०८२ | ४३८५८ | १००९४० | ३०८९३ | २२१७० | ५३०६३ |

स्रोत : उच्च माध्यमिक शिक्षा परिषद

## उच्चशिक्षा

१२.१५ उच्च शिक्षा अन्तर्गत चालू आर्थिक वर्ष २०६२/६३ मा त्रिभुवन विश्वविद्यालय, काठमाण्डौं विश्वविद्यालय, महेन्द्र संस्कृत विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय र पोखरा विश्वविद्यालय गरी जम्मा ५ वटा विश्वविद्यालय सञ्चालनमा रहेका छन् । त्रिभुवन विश्वविद्यालय अन्तर्गत इन्जिनिरिङ्ग अध्ययन संस्थान, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, चिकित्सा शास्त्र अध्ययन संस्थान, वन विज्ञान अध्ययन संस्थान र विज्ञान तथा प्रविधि अध्ययन संस्थान गरी ५ प्राविधिक अध्ययन संस्थानका साथै कानून संकाय, व्यवस्थापन संकाय, शिक्षा शास्त्र संकाय मानविकी र सामाजिक शास्त्र संकाय गरी ४ संकाय अन्तर्गत ६० वटा आङ्गीक क्याम्पसहरूमा विभिन्न विषय र तहका शैक्षिक कार्यक्रमहरू सञ्चालित भई रहेका छन् । यी आङ्गीक क्याम्पसहरू पूर्वाञ्चलमा १३, मध्यमाञ्चलमा २८, पश्चिमाञ्चलमा ११, मध्य पश्चिामाञ्चलमा ५ र सुदूर पश्चिमाञ्चलमा ३ रहेका छन् भने त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरी पूर्वाञ्चलमा ४४, मध्यमाञ्चलमा १५९, पश्चिामाञ्चलमा ५५, मध्य पश्चिमाञ्चलमा १४ र सुदूर पश्चिमाञ्चलमा १५ गरी जम्मा २८७ वटा क्याम्पसहरू सञ्चालनमा रहेका छन् । गत आर्थिक वर्ष २०६१/६२ मा त्रिभुवन विश्वविद्यालयको प्राविधिक तथा साधारण तर्फ आङ्गीक क्याम्पसमा कुल १ लाख ३२ हजार ७ सय ७७ विद्यार्थीहरू अध्ययनरत रहेका छन् भने सम्वन्धन प्राप्त क्याम्पसमा ७० हजार ६ सय ७२ विद्यार्थी अध्ययनरत छन् ।

१२.१६ त्रिभुवन विश्वविद्यालय अन्तर्गत प्राविधिक अध्ययन संस्थानहरूको उत्पादन विवरण निम्न बमोजिम रहेको छ :

### तालिका १२ (ङ) : प्राविधिक अध्ययन संस्थानहरूको उत्पादन बिवरण

| अध्ययन संस्थान र कार्यक्रम | २०५३/५४ | २०५४/५५ | २०५५/५६ | २०५६/५७ | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ |
|---|---|---|---|---|---|---|---|---|---|
| **१. इन्जिनियरिड.** | **२५५** | **३३२** | **६४७** | **५५९** | **६४८** | **६६५** | **८७०** | **९८५** | **१०७१** |
| क. प्रमाणपत्र | २४१ | २३८ | ५१४ | ३७२ | ४३६ | ४४१ | ५५४ | ५५९ | ६२६ |
| ख. स्नातक | १४ | ९४ | १३३ | १५० | १८४ | १८१ | २५७ | ३५७ | ३६८ |
| ग. स्नातकोत्तर | - | - | - | ३७ | २८ | ४३ | ५९ | ६९ | ७७ |
| २. कृषि र पशुविज्ञान | **७५** | **११६** | **१०१** | **१४६** | - | **१७५** | **२४१** | **१६५** | **१३८** |
| क. प्रमाणपत्र | ५७ | ३२ | २१ | ६९ | - | ४२ | ५३ | १५ | - |
| ख. स्नातक | १८ | ८४ | ८० | ७७ | - | १०८ | १४४ | १०७ | ११२ |
| ग. स्नातकोत्तर | - | - | - | | - | २५ | ४४ | ४३ | २६ |
| ३. चिकित्साशास्त्र | **३६५** | **३९०** | **३७६** | **४५८** | **४५०** | **५०४** | **५१६** | **५९७** | **५७७** |
| क. प्रमाणपत्र | २६८ | २२८ | २६८ | ३०९ | २९४ | ३१४ | ३०२ | ३३० | ३३० |
| ख. स्नातक | ४८ | १३९ | ६७ | ९० | १०९ | १२४ | १४८ | १६९ | १५९ |
| ग. स्नातकोत्तर | ४९ | २३ | ४१ | ५९ | ४७ | ६६ | ६६ | ९८ | ८८ |
| ४. वन विज्ञान | **१६६** | **९१** | **८७** | **१३४** | **१६९** | **१६४** | **६६** | - | १२९ |
| क. प्रमाणपत्र | १२४ | ८८ | ८७ | ९५ | १०३ | ११३ | ६६ | - | ७२ |
| ख. स्नातक | ४२ | ३ | - | ३९ | ६६ | ५१ | - | - | ५७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **५. विज्ञान तथा प्रविधि** | **३६१** | **४५१** | **३४६** | **१६४** | **३४९१** | **४१९०** | **३७२७** | **३२२२** | **७३३५** |
| क. प्रमाणपत्र | | | | | २२३५ | २७८० | २२४९ | १९४६ | ४४०२ |
| ख. स्नातक | | | | | ८३९ | ९६३ | ११७५ | ९६१ | २०७१ |
| ग. स्नातकोत्तर | ३६१ | ४५१ | ३४६ | १६४ | ४१५ | ४४७ | ३०३ | ३१५ | ८५४ |
| कुल जम्मा | १२२२ | १३८० | १५५७ | १४६१ | ४७५६ | ५६९८ | ५४२० | ४९९२ | **९२५०** |

*स्रोत : त्रिभुवन विश्वविद्यालय*

१२.१७ त्रिभुवन विश्व विद्यालय अन्तर्गत अप्राविधिक अध्ययन संस्थानहरूको उत्पादन विवरण निम्न बमोजिम रहेको छ:

## तालिका १२ (च) : अप्राविधिक अध्ययन संस्थानहरूको उत्पादन विवरण

| अध्ययन संस्थान र कार्यक्रम | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२ |
|---|---|---|---|---|---|
| १. कानू | १४४० | १२४५ | ७९५ | ५०० | ८०० |
| क) प्रमाणपत्र | ९७ | ६८ | २८ | १५ | ३३ |
| ख) स्नातक | १३१५ | ११५० | ७३४ | ४६९ | ६९२ |
| ग) | २८ | २७ | ३३ | १६ | ७५ |
| २. | १०४९६ | १२९२३ | १३३८१ | ११५७३ | २२५०० |
| क) प्रमाणपत्र | ७०९६ | ८०९३ | ८४३५ | ७०४३ | १२०९५ |
| ख) स्नातक | २२५८ | ३६०७ | ३९९६ | ३८७७ | ८५४९ |
| ग) | ११४२ | १२२३ | ९५० | ६५३ | १८५६ |
| ३. | ३७४६ | ४४६२ | ४९८७ | ५६३९ | ९९९९ |
| क) प्रमाणपत्र | २००९ | १७०६ | १५५९ | ३६३२ | ३५२५ |
| ख) स्नातक | १४२१ | २४६० | ३१९५ | ३६३२ | ५८४१ |
| ग) | ३१६ | २९६ | २३३ | २२४ | ६३३ |
| ४. | १०७५८ | १५०४३ | १३४९८ | १२५४४ | २७५२७ |
| क) प्रमाणपत्र | ६९२६ | १०५३० | ८४२४ | ७८७६ | १६००५ |
| ख) स्नातक | २४६२ | २८३८ | ३६८९ | ३४२५ | ७६६६ |
| ग) | १३७० | १६७५ | १३८५ | १२४३ | ३३८५ |
| घ) अन्य | - | - | - | - | ४७१ |
| जम्मा | २६४४० | ३३६७३ | ३२६६१ | ३०२५६ | ६०८२६ |

*स्रोत : त्रिभुवन विश्वविद्यालय*

१२.१८ त्रिभुवन विश्वविद्यालयबाट विद्यावारिधिको उत्पादन विवरण निम्नानुसार रहेको छ :

## तालिका १२ (छ) : विद्यावारिधि उत्पादन विवरण

| अध्ययन संस्थान / संकाय | आर्थिक वर्ष | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ०५३/५४ | ०५४/५५ | ०५५/५६ | ०५६/५७ | ०५७/५८ | ०५८/५९ | ०५९/६० | ०६०/६१ | ०६१/६२ |
| १. इन्जिनियरिङ्ग | - | - | - | - | - | १ | - | - | - |
| २. विज्ञान तथा प्रविधि | २ | १ | १ | १ | २ | - | ३ | ५ | ८ |
| ३. व्यवस्थापन संकाय | १ | १ | ३ | १ | १ | ३ | ४ | १ | ६ |
| ४. कानून संकाय | - | - | - | - | - | - | १ | - | १ |
| ५. शिक्षा शास्त्र संकाय | - | - | - | - | - | - | - | - | १ |
| ६. मानविकी तथा सामाजिकशास्त्र | ८ | ९ | ८ | ८ | ७ | १३ | १३ | २० | २६ |
| कुल जम्मा | ११ | ११ | १२ | १० | १० | १७ | २१ | २६ | ४२ |

*स्रोत : त्रिभुवन विश्वविद्यालय ।*

१२.१९ त्रिभुवन विश्वविद्यालयले स्वास्थ्य सेवा क्षेत्रमा चिकित्सा सेवा पनि प्रदान गर्दै आएकोमा चालू आर्थिक वर्षमा चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गत त्रि. वि. शिक्षण अस्पतालबाट ३ लाख १ हजार २ सय ८ जना विभिन्न विरामीलाई सेवा प्रदान गरियो भने ७ हजार ६ सय ४५ जनालाई शल्यक्रिया सेवा प्रदान गरी उपचार गरिएको छ । वि.पि. कोइराला, लायन्स नेत्र अध्ययन केन्द्रबाट ८८ हजार ४ सय ३० जना आँखाका रोगीलाई सेवा प्रदान गरियो साथै आँखा अपरेसन तर्फ १ हजार ५ सय ८० जनालाई सर्जिकल उपचार गरिएको छ । यसै गरी त्रि.वि. हेल्थ सेन्टर किर्तीपुरले ७ हजार ४ सय ३६ जना विभिन्न विरामीलाई सेवा प्रदान गरेको छ । कृषि र पशु विज्ञान अध्ययन संस्थान अन्तर्गत रामपुर स्थित भेटनरी टिचीङ्ग हस्पीटलद्वारा पशुपक्षिको विकासमा विभिन्न अध्ययन अध्यापनका साथै पशुपक्षिको सामान्य चिकित्सादेखि शल्य चिकित्साको सेवालाई यस वर्ष पनि निरन्तरता दिइएको छ ।

१२.२० वि.सं. २०४८ मा स्थापना भएको काठमाडौं विश्वविद्यालयले सुरुमा इण्टरमिडियट अफ साइन्सको एक शैक्षिक कार्यक्रम सुरु गरी हाल विज्ञान प्रविधि, कला, व्यवस्थापन, शिक्षा तथा स्वास्थ्य गरी ८१ विषयमा शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको छ । उक्त कार्यक्रमहरू मध्ये स्वास्थ्य विज्ञानको पोष्ट ग्राजुएट कार्यक्रम अन्तर्गत Clinical तथा Dental Science को ३६ वटा विषयहरूमा MD/MS/MDS कार्यक्रम सञ्चालन गरिरहेको छ । हालसम्म यी विविध विषयहरूमा कुल २९६४ जनाले स्नातक र स्नातकोत्तरको उपाधी हासिल गरिसकेका छन् । आइ.एस्सी तहमा हालसम्म १२ समूहमा कुल ४८४ छात्रा सहित १८९० जना विद्यार्थीले उक्त तहको अध्ययन पूरा गरेका छन् । त्यस्तै मध्यमस्तरीय स्वास्थ्य जनशक्ति उत्पादन गर्ने उद्देश्यले सञ्चालित प्रमाणपत्र तहको नर्सिङ्ग, जनरल मेडिसिन, ल्यावेरेटरी टेक्नोलोजी तथा आप्थाल्मिक असिस्टेण्टका विषयमा कुल १३२ जना विद्यार्थी उत्तीर्ण भई विश्वविद्यालयको आफ्नै शिक्षण अस्पताल तथा देशका अन्य स्वास्थ्य संस्थाहरूमा कार्यरत रहेका छन् । काठमाडौं विश्वविद्यालयको आर्थिक वर्ष २०६२/६३ को दिक्षान्त समारोहमा मेनेजमेण्ट, साइन्स, इञ्जिनियरिङ्ग, कला, शिक्षा र स्वास्थ्य विज्ञानमा ५८३ स्वदेशी र १३८ विदेशी छात्रछात्राले भाग लिएका छन् । शैक्षिक सत्र २०६१ मा काठमाडौ विश्वविद्यालयबाट आर्थिक अवस्था कमजोर भएका तथा जेहन्दार १५६ छात्र र ६४ छात्रालाई

छात्रवृत्ति प्रदान गरिएको र उक्त विश्वविद्यालयबाट सम्वन्धन प्राप्त ५ वटा मेडिकल कलेजहरूमा सरकारबाट छात्रवृत्ती प्राप्त गरी प्रथम, दोस्रो, तेस्रो र चौथो वर्षमा ३७१ जनाले अध्ययन गरिरहेकाछन् ।

## खानेपानी, सरसफाइ तथा ढल निकास

१२.२१ खानेपानी तथा सरसफाइ सुविधाबाट बञ्चित जनतालाई सुगमरूपमा सेवाहरू पुऱ्याउने, विद्यमान सेवा सुविधाको स्तरवृद्धि गर्ने एवं खानेपानी तथा सरसफाइ सम्बन्धी चेतना अभिवृद्धि गर्ने नीतिलाई आर्थिक वर्ष २०६१/६२ मा जस्तै चालू आर्थिक वर्षमा पनि निरन्तरता दिइएको छ । चाँडो सम्पन्न हुने र छिटो प्रतिफल दिने आयोजना सञ्चालनमा विशेष जोड दिइएको छ । क्रमागत आयोजनाहरूको निर्माण गरी सुविधास्तर वृद्धि, सम्पन्न भइसकेका आयोजनाको दिगो सञ्चालन सम्भारको व्यवस्थापन, पानीको गुणस्तर अभिवृद्धि तथा समग्र खानेपानी तथा सरसफाइ आयोजनाको सञ्चालनमा स्थानीय निकाय एवं उपभोक्ता वर्गको साझेदारी अभिवृद्धि गर्न विशेष जोड दिइएको छ ।

१२.२२ खानेपानी विस्तारको लागि सरकारी प्रयासमात्र पर्याप्त नहुने हुँदा सम्भाव्यताको आधारमा स्थानीय निकायहरू, गैरसरकारी संघ संस्था र निजी क्षेत्रको संलग्नताबाट समेत सुविधा विस्तारको नीति अवलम्वन गरिएको छ । आयोजनाहरूको दिगोपन र सेवाको लागि सुनिश्चितताको लागि ग्रामीण र अर्धशहरी क्षेत्रमा सञ्चालन हुने आयोजनाहरूमा जनसहभागीताको सट्टा सामुदायिक व्यवस्थापनको अवधारणालाई अगाडि सारिएको छ । सामुदायिक व्यवस्थापनको अवधारणालाई सुनिश्चित गर्न आयोजना कार्यान्वयनमा लाग्ने खर्चको कम्तिमा २० प्रतिशत रकम समुदायले व्यहोर्नुपर्ने व्यवस्था गरिएको छ भने पिछडिएको वर्ग र लक्षित समुदायको हकमा सो रकम १० प्रतिशत मात्र हुने नीति अख्तियार गरिएको छ । खानेपानी तथा सरसफाइ सुविधाको उपलब्धता र मानव विकास सूचकाङ्कको आधारमा पछि परेका जिल्लाहरूमा समुदायमा आधारित खानेपानी तथा सरसफाइ आयोजना सञ्चालन गरिएको छ । त्यस्तै खानेपानी सुविधाबाट अपेक्षित लाभ, जनस्वास्थ्यमा पर्ने सकारात्मक प्रभाव सुनिश्चित गर्न सरसफाइ तथा स्वास्थ्य शिक्षा कार्यक्रमलाई खानेपानी सुविधाको अभिन्न अंगकोरूपमा विकास गर्न निश्चित रकम छुट्याउने व्यवस्था गरिएको छ । थप जनसंख्यालाई खानेपानी सुविधा प्रदान गर्ने कार्यसँगै पानीको गुणस्तर सुधार, सेवाको सुनिश्चितता तथा सेवा स्तरमा अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिइएको छ ।

१२.२३ देशभरीका शहरी खानेपानी प्रणालीलाई अझ बढी चुस्त र प्रभावकारी बनाउन शहरी खानेपानी प्रणालीहरूमा भइरहेको चुहावट नियन्त्रण गर्नुका साथै खानेपानी प्रणालीहरूलाई सुदृढ बनाउने कार्यक्रम रहेको र काठमाडौं उपत्यकाको खानेपानीको हकमा दीर्घकालीन समाधानकोरूपमा मेलम्ची खानेपानी आयोजनाबाट खानेपानी आपूर्ति नभएसम्मको अवधिमा बढ्दो खानेपानीको मागलाई केही हदसम्म पूरा गर्न उपत्यका भित्र पहिचान भएका मनोहरा तथा सैंवु स्रोतहरूबाट थप पानी ल्याउनको लागि काठमाडौं उपत्यका खानेपानी सुदृढिकरण आयोजना आर्थिक वर्ष २०६१/६२ मा सम्पन्न गरिएको र उपत्यका वरिपरीका स-साना मूलहरू परिचालन गरी थप पानी उपलब्ध गराउनुका साथै सतह तथा भूमिगत स्रोतहरू Conjunctive Use को आधारमा अझ बढी परिचालन गरेर थप पानी उपलब्ध गरिएको र चालू आर्थिक वर्ष २०६२/६३ मा काठमाडौं उपत्यकामा दैनिक ३.८९ करोड लिटर पानी

उत्पादन गर्ने लक्ष्य राखिएकोमा संरचनात्मक सुधार गरी ट्यूववेल आयोजनाहरू स्वायत्तरूपमा सञ्चालन गरी उत्पादन कार्यलाई तिब्रता दिइएको छ ।

१२.२४ शहरी, अर्धशहरी क्षेत्रमा सेवास्तरमा वृद्धि, पानीको गुणस्तरमा सुधार जस्ता कार्यक्रमहरू लगानी उठती (Cost Recovery) सिद्धान्तमा सञ्चालन भएका छन् । सरसफाइ क्षेत्रमा जनचेतना अभिवृद्धि लगायत सुविधा विस्तार कार्यक्रम खानेपानी आयोजना कार्यान्वयनको अभिन्न अंगकारूपमा सञ्चालन भएका छन् ।

१२.२५ नेपाल सरकारको एकल लगानीमा अधिराज्यको ७५ जिल्लामा सञ्चालित ग्रामीण खानेपानी तथा सरसफाइ आयोजनाबाट दिगो, भरपर्दो र पर्याप्तमात्रामा स्वच्छ पिउने पानीको सुविधा उपलब्ध गराउने र सम्पूर्ण जनसंख्यालाई खानेपानीको सुविधा र ४० प्रतिशत जनसंख्यालाई सरसफाइ सुविधा पुऱ्याउने लक्ष्य भएको यस कार्यक्रमका लागि आर्थिक वर्ष २०६२/६३ को बजेट ४२,००० हजार छ भने भौतिक योजना तथा निर्माण मन्त्रालयबाट हस्तान्तरण भइआउने खानेपानी कार्यक्रम पनि यसमा समावेश भएको छ । आर्थिक वर्ष २०६२/६३ मा ग्रामीण खानेपानी आयोजनामा (पुरानो तथा नयाँ) तर्फ १५२ गोटा, डिप/स्यालो ट्यूववेल/आर्टिजन वेल निर्माण १६ जिल्लामा, आकाशे पानी सङ्कलनका लागि घैटो निर्माण १८ जिल्लामा, सम्पन्न खानेपानी मर्मत संभार कार्य ६९ जिल्लामा, संयुक्त सहयोग कार्यक्रम ७५ जिल्लामा, सर्भेक्षण कार्यक्रम ५३ जिल्लामा, सरसफाइ तथा तालीम कार्यक्रम ७२ जिल्लामा, आर्सेनिक न्यूनिकरण कार्यक्रम २१ जिल्लामा, खानेपानी प्रोफाइल अध्यावधिक/तयारी २९ जिल्लामा गर्ने लक्ष्य रहेकोमा चालू आर्थिक वर्ष २०६२/६३ मा आकाशे पानी सङ्कलनका लागि सिमेण्ट जार निर्माण, डिपस्यालो ट्यूववेल इनार/कुवा निर्माण तथा मुहान संरक्षण, सम्पन्न खानेपानी आयोजना मर्मत सुधार, सर्वेक्षण कार्य एवं क्रमागत र नयाँ आयोजनाहरू निर्माण चरणमा रहेका छन् ।

१२.२६ शहरी क्षेत्र खानेपानी तथा सरसफाइ पुनर्स्थापना आयोजना अन्तर्गत आर्थिक वर्ष २०६२/६३ मा सैंबु भैसेपाटीमा पानी ट्याङ्की निर्माण, सैंबु देखि पुल्चोकसम्म ट्रंकमेन निर्माण, ब्लीचिङ्ग पाउडर डोजिङ्ग प्रणाली निर्माण, आयोजना प्रभावित क्षेत्रमा वितरण प्रणालीमा सुधार कार्यक्रम रहेको उक्त कार्यक्रममा शत्प्रतिशत प्रगति भएको छ । खानेपानी उत्पादन वृद्धि कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०६१/६२ मा काठमाडौंमा र उपत्यका वाहिर नयाँ ट्यूववेल निर्माण, भैरहवामा ओभर हेड टंकिको अन्तिम चरणको कार्य, किर्तिपुर गाम्चामा टंकि निर्माण र धरानमा थप पानीको लागि अध्ययन तथा डिजाइन निर्माण कार्यमा ७२.२७ प्रतिशत भौतिक प्रगति भएको छ । यसै कार्यक्रम अन्तरगत चालू आर्थिक वर्ष २०६२/६३ मा चालू आयोजनाको अलावा उपत्यका भित्र डगवेल निर्माण, ट्यूववेल निर्माण, इचंगु नख्खु खोलाबाट उत्पादन वृद्धि, ग्वालिन्दह खानेपानी आयोजना, काठमाडौं उपत्यका बाहिर पानी जाँच्ने प्रयोगशाला, शिवपुरी, गोदावरी र मातातीर्थबाट पानी सङ्कलन गरी उत्पादन वृद्धि गर्ने, पोखरा सेडिमेण्टेशन ट्याँकी निर्माण, भरतपुरमा ट्यूववेल निर्माण, मारी खोला खानेपानी आयोजना (धरान), मुलडोल मुहानको तल्लो मूल आयोजनाहरूमा चालू आर्थिक वर्ष २०६२/६३ मा ४५.४७ प्रतिशत भौतिक प्रगति भएको छ । गत आर्थिक वर्ष २०६१/६२ मा खानेपानी चुहावट नियन्त्रण तथा मर्मत कार्यक्रममा १०० प्रतिशत भौतिक प्रगति भएको थियो । खानेपानी तथा ढल निकास कार्यक्रममा ९६ प्रतिशत र चालू आर्थिक वर्ष २०६२/६३ मा ८९ प्रतिशत भौतिक प्रगति भएको थियो । नयाँ शहरमा प्रणाली सुधार कार्यक्रम

अन्तर्गत सञ्चालित ट्यूववेल निर्माण, पाइपलाइन सुधार, प्रयोगशाला निर्माण जस्ता कार्यमा शत्प्रतिशत भौतिक प्रगति भएको छ ।

## आवास तथा शहरी विकास

१२.२७ मुलुकको राष्ट्रिय उत्पादनमा शहरी क्षेत्रको भूमिकालाई सक्षम, दिगो तथा रोजगारीमूलक तुल्याई ग्रामीण विकासको परिपूरकको रूपमा शहरी विकास कार्यहरू सञ्चालन गर्ने नीति रहेको छ । हाल भइरहेको अनियन्त्रित शहरीकरणको प्रक्रियालाई सुनियोजित, विकेन्द्रीत र तहगतरूपमा विकसित गर्दै शहरी जीवनलाई बढी उत्पादनशील, स्वस्थ्यकर, रोजगारीमूलक र सुविधायुक्त तुल्याउन भौतिक विकास योजनाहरूलाई क्रमिकरूपमा कार्यान्वयन गर्दै जानुको साथै अधिराज्यका शहरी क्षेत्रहरूमा स्थानीय निकायको सहभागीता र साझेदारीमा जग्गा विकास, भौतिक पूर्वाधार विकास, सेवा र सुविधाको विकास गर्ने कार्य गरिने नीति रहेको छ । यस उद्देश्य प्राप्तिका लागि शहरी क्षेत्र विकास तथा बजार केन्द्र अध्ययन कार्यक्रम अन्तर्गत गत आर्थिक वर्ष २०६१/६२ मा विनियोजित १ करोड ४० लाख बजेटबाट शहरी पूर्वाधार विकास कार्यन्वयन अन्तर्गत सडक विस्तार, इलाम, बाँके, सप्तरी, मोरङ्ग र डोटीमा निर्देशित जग्गा विकास जस्ता कार्यक्रमहरू तथा साना शहरको भौतिक विकास योजना बनाउने कार्यक्रम सञ्चालन भएको छ । त्यस्तै आगलागीबाट ध्वस्त भएको तेह्रथुमको फुङलिङ्ग बजारको पुनः निर्माण, घरजग्गा कारोवार ऐन, जग्गा विकास चक्रकोष स्थापना जस्ता कार्य भएको छ । चालू आर्थिक वर्ष २०६२/६३ मा विनियोजन भएको १ करोड २५ लाख बजेटबाट जग्गा विकास चक्रकोष परिचालन गर्ने, इलाम नगरपालिका, मोरङ्गको वैजनाथपुर, सप्तरीको राजविराज, बाँकेको नेपालगञ्ज र डोटीको दिपायलमा निर्देशित जग्गा विकास कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

१२.२८ गाउँ तथा शहरको अन्तरसम्वन्धको अभिवृद्धिको माध्यमद्वारा साना शहरमा शहरी पूर्वाधारको विकासद्वारा शहरी सुविधामा वृद्धिगरी भविष्यमा नगरपालिकाको लागि आवश्यक भौतिक पूर्वाधारको विकास गर्ने, शहरी क्षेत्रमा वसाइ सराइको क्रम घटाउने, ग्रामीण पूर्वाधारको विकास गरी उत्पादित वस्तुको बजार विकासद्वारा ग्रामीण गरिबी घटाउने उद्देश्यले सञ्चालित साना शहर बजार विकासबाट ग्रामीण विकास कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइएको छ । चालू आर्थिक वर्ष २०६२/६३ मा यस कार्यक्रमको लागि विनियोजित १ करोड ७५ लाख बजेटबाट विभिन्न ३४ स्थानमा शहरी ग्रामीण अन्तरसम्वन्ध विकास गर्न पूर्वाधार सुधार कार्यक्रम सञ्चालन गरिएका छन् ।

१२.२९ नगरपालिकाको प्रत्यक्ष संलग्नता तथा जनसहभागिताको आधारमा बढी भन्दा बढी जनतालाई शहरी विकास योजना तर्जुमामा आवश्यक स्रोत र साधन निश्चित गरी तोकिएको समय भित्र सम्पन्न हुने गरी योजना एवं कार्यक्रमहरूको तर्जुमा गर्न "एकीकृत कार्यमूलक योजना" लाई यस वर्ष पनि निरन्तरता दिइएको छ । चालू आर्थिक वर्ष २०६२/६३ मा यस कार्यक्रम अन्तर्गत रु. ६९ लाख ५० हजार बजेट विनियोजन भएको छ । यस अन्तर्गत नगरपालिकासँग सहकार्य गरी नगरपालिकाहरूको आवधिक योजना तर्जुमा गर्ने, डिजिटल आधारमा नक्शा तयार गर्ने, सुकुम्बासीको योजनावद्ध बसोबास गर्ने कार्यक्रम सञ्चालन गर्ने जस्ता कार्य भएका छन् ।

१२.३० दिगो विकासको अवधारणा अनुसार विभिन्न सांस्कृतिक तथा धार्मिक क्षेत्रहरूको मर्मत सम्भार तथा वातावरण संरक्षणको कार्यक्रममा गत आर्थिक वर्ष २०६१/६२ मा विनियोजन भएको रु. ९९ लाख ३० हजार बजेट गुरुयोजना तयार गरी बज्रवाराही, चाँगुनारायण, सूर्यविनायक, बज्रयोगीनी, पुरानो गुहेश्वरी, गोकर्णेश्वर क्षेत्रमा भौतिक पूर्वाधार विकासको कार्य सञ्चालन भएकोमा चालू आर्थिक वर्ष २०६२/६३ मा यस योजनाको लागि विनियोजित बजेट रु. १ करोड १५ लाखबाट ४० स्थानमा भौतिक तथा पूर्वाधार विकास गर्ने र पूर्वाधार तयार भएका स्थलहरू स्थानीय निकायलाई हस्तान्तरण गर्ने कार्यक्रम रहेको छ । काठमाडौं टुडिखेल फेन्सिङ कार्य चालू राख्ने, पुराना बस्तीहरूको बसोबास सुधारको कार्य गर्ने, हरिसिद्धि उपनगर विकास कार्यक्रम सञ्चालन गर्ने र जग्गा विकासको माध्यमबाट चक्रपथ सुधारको कार्य जस्ता आयोजनाहरू सञ्चालन गरिएका छन् । यस कार्यक्रम अन्तर्गत गत आर्थिक वर्षमा रु. ३ करोड १६ लाख ५ हजार बजेट विनियोजन भएकोमा धनकुटा, काठमाडौं, पाल्पामा शहरी पूर्वाधार विकास गर्ने, काठमाडौं उपत्यकामा पूर्वाधार विकास गर्ने, काठमाडौं उपत्यकामा बाहिरी चक्रपथ निर्माण गर्ने कार्यका साथै देशका २९ स्थानमा शहरी वातावरण सुधार कार्यक्रम सञ्चालन गरी ९४.९२ प्रतिशत भौतिक प्रगति भएको छ । चालू आर्थिक वर्ष २०६२/६३ मा यस कार्यक्रमको लागि रु. ५ करोड ६ लाख बजेट व्यवस्था भएको र यसबाट टुंडिखेल फेन्सिङको दोस्रो फेजको कार्य सुरु गरिएको, नगरपालिकासँग सहकार्य गरी ललितपुर जिल्ला भित्रको चक्रपथमा साइकल ट्र्याक र फुटपाथ निर्माण गर्ने, विभिन्न ५१ वटा शहर उन्मुख गा.वि.स.हरू र जिल्ला सदरमुकामको बजार क्षेत्रमा भौतिक तथा वातावरणीय सुधार कार्य सञ्चालन गर्ने, काठमाडौं उपत्यकाको पूर्वाधार सुधारको कार्य गर्ने, दलित छात्रावास निर्माण गर्ने, जग्गा विकासको माध्यमबाट काठमाडौ उपत्यकाको आर्टियल सडक कोरिडोर निर्माण सुधार गर्ने कार्यक्रम रहेकोमा चालू आर्थिक वर्ष को आठ महिनाको प्रगति ८४.०९ प्रतिशत रहेको छ ।

१२.३१ विष्णुमती लिंकरोड आयोजनाको लागि गत आर्थिक वर्ष २०६१/६२ मा रु. १ करोड ३४ लाख बजेट विनियोजन भई उक्त खण्डका विभिन्न भागहरूमा ग्याविन पर्खाल निर्माण, रोड क्रसिङ्ग सुधार, फुटपाथ निर्माण भएकोमा चालू आर्थिक वर्ष २०६२/६३ मा रु. १ करोड ४ लाख बजेट विनियोजन भई टेकु पुल देखि सोह्रखुट्टेसम्मको सडकमा फुटपाथ, ग्राभेल सडक निर्माण तथा माटो पुर्ने, ढल निर्माण तथा मोड सुधार कार्य भएको छ । शहरी तथा वातावरण सुधार आयोजना अन्तर्गत नगरपालिकाहरूको संस्थागत विकास तथा सशक्तिकरण गर्ने, स्थानीय सामुदायिक तथा सामाजिक संघ संस्था तथा निजी क्षेत्रलाई शहरी पूर्वाधार तथा सार्वजनिक सेवा पुऱ्याउने काम सक्रिय तुल्याउने र नगरको वातावरणीय तथा भौतिक पूर्वाधारको सुधार गर्ने कार्य सञ्चालन भएको छ । बाहिरी चक्रपथ विकास आयोजना अन्तर्गत आर्थिक वर्ष २०६१/६२ मा डि.पि.आर. तयार गर्ने कार्य सम्पन्न भएको र आर्थिक वर्ष २०६२/६३ मा बाहिरी चक्रपथ निर्माण हुने ५ ठाउँमा जग्गा एकीकरणको डि.आर.पि. तयार गर्ने, इण्टरसेक्सन डेभलपमेण्ट प्लान तयार गर्ने, वाहिरी चक्रपथको एलाइन्मेण्टको प्राविधिक मूल्याङ्कन गर्ने, वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने कार्य गरिएको छ । दैवी प्रकोप एवं भूकम्पीय प्रभावबाट सुरक्षित भवनको निर्माण गर्ने उद्देश्यले भवन निर्माण संहिता तयार गरी यसको कार्यान्वयन गर्ने कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०६१/६२ मा दलित छात्रवास, सामुदायिक भवन, कभर्डहल निर्माण भएको र चालू आर्थिक वर्ष २०६२/६३ मा ६ वटा सहकारी भवनको सुदृढिकरण, महेन्द्रनारायण मिथिला साँस्कृतिक केन्द्र भवनको निर्माण कार्य भएको छ ।

१२.३२ शहरी वातावरण सुधारका लागि “सरकार निजी क्षेत्र साझेदारी कार्यक्रम” अन्तर्गत नेपाल सरकार, स्थानीय विकास मन्त्रालय र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (यु.एन.डी.पी.) को सहयोगमा १० वटा नगरपालिकाहरूमा शहरी वातावरणको लागि सार्वजनिक निजी साझेदारी कार्यक्रम सञ्चालन भएको छ । जस अन्तर्गत तालीम, गोष्ठी, सूचना प्रवाह, जनचेतजा सिर्जना गर्ने जस्ता कार्यहरू भइरहेको छ ।

१२.३३ देश भित्र रहेका विभिन्न आदिवासी तथा जनजातीहरूको सामाजिक र आर्थिक तथा साँस्कृतिक विकास र उत्थान गरी उनीहरूलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समान रुपले सहभागी गराउने कार्यमा सहयोग पुऱ्याउने एवं तीनीहरूको रहनसहन तथा भाषा संस्कृतिको सम्बर्द्धन एवं विकास गर्ने उद्देश्यले आदिवासी तथा जनजाती उत्थान र प्रजा जातीको विकास कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०६२/६३ मा प्रजा विद्यार्थीको लागि आवासीय छात्रावास सञ्चालन, १८ वटा जातीय संस्थाहरूलाई भौतिक सामग्री खरिद गर्न आर्थिक सहयोग, २० जना मगर युवालाई मातृभाषामा शिक्षक प्रशिक्षण, ५० जना जनजाती महिलाहरूलाई महिला कानून साक्षरता प्रशिक्षक प्रशिक्षण, २० जनालाई शीपमूलक तालीम जस्ता कार्यक्रमहरू सम्पन्न भएकाछन् । यस्तै गरी विभिन्न मातृभाषाहरूको शव्दकोष निर्माण भइरहेको, ३ वटा अन्तर्राष्ट्रिय, राष्ट्रिय स्तरमा कार्यशाला गोष्ठी सम्पन्न हुनुका साथै लोपोन्मुख जनजाती राजी, सुलेल र कुशवादियाका लागि विविध आय कार्यक्रम सञ्चालन भएका छन् । आर्थिक एवं सामाजिकरुपले अत्यन्तै पिछडिएको अवस्थामा रहेको दलित समुदायको समग्र विकास गरी उनीहरूलाई विकासको मूल प्रवाहमा ल्याउने उद्देश्य अनुरुप उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास कार्यक्रम सञ्चालन गरिएको छ । यस कार्यक्रम अन्तर्गत ३०० जनालाई उच्च शिक्षा छात्रवृत्ती, ७०० जनालाई तालीम र सशक्तिकरण कार्यक्रम, १०० वटा खानेपानी योजना, ४४ वटा आयमूलक कार्यक्रम, १८ जनालाई व्यवसायिक कम्प्यूटर तालीम र ८८ जनालाई सामाजिक परिचालन तालीम जस्ता कार्यक्रम सम्पन्न भएको छ ।

१२.३४ काठमाडौ उपत्यकाको फोहोरमैलाको दिगो व्यवस्थापन गर्नका लागि जनचेतना अभिवृद्धि गरी वातावरणीय प्रदुषण नियन्त्रण गर्ने, फोहोरलाई स्रोतकोरूपमा परिचालन गर्ने र फोहोरमैला व्यवस्थापनमा गैर-सरकारी तथा निजी क्षेत्र समेतलाई सहभागी गराउने उद्देश्यले विगत वर्षहरूदेखि फोहोर मैला व्यवस्थापन कार्यक्रम सञ्चालनमा रहेको छ । आर्थिक वर्ष २०६२/६३ मा सिसडोल अल्पकालीन ल्याण्डफिल्ड साइट 2nd Valley निर्माण अन्तर्गत टोपोग्राफी सर्भे, डिजाइन, लगत इष्टिमेट तयारी Geological Hydrological अध्ययन, पूर्वाधार विकासतर्फ ल्याण्डफिल्ड एरिया विकास, Waste Boardning Dam, Surface Water Cut Off Dam निर्माण, लिचेट जम्मा गर्ने प्रणाली, लिचेट Retention Road निर्माण, Recirculation System, Control Room निर्माण गर्ने, दीर्घकालीन ल्याण्डफिल्ड साइटको जग्गा खरिद (तैकाबु भक्तपुर) जस्ता कार्यक्रम रहेकोमा सिसडोल अल्पकालीन ल्याण्डफिल साइट 2nd Valley निर्माणका लागि सर्भे डिजाइन, Geological, Hydrological अध्ययन सम्पन्न भएका छन् ।

## महिला, श्रम तथा सीप विकास तथा बालबालिका एवं समाजकल्याण

१२.३५ नेपालले अन्तर्राष्ट्रिय स्तरमा महिला बालबालिका, जेष्ठ नागरिक, तथा अपाङ्गहरूका सम्बन्धमा गरेका प्रतिवद्धताहरूको सफल कार्यान्वयन र महिलाहरूको हालको स्थिति तथा अवस्थामा सुधारको लागि नीतिगत, संस्थागत र कानूनी व्यवस्था गरी विविध कार्यक्रमको माध्यमबाट वि.सं. २०५५ देखि सुधारका प्रयासहरू भएका छन् र यस कार्यक्रमले हालसम्म निरन्तरता पाइरहेको छ । महिलाहरूको सामाजिक तथा आर्थिक अवस्थामा तुलनात्मक रूपमा पछाडि परेका हालको अवस्था र स्थितिबाट पार पाउन सामाजिक तथा आर्थिक सशक्तीकरण गरिनुपर्ने आवश्यकता टड्कारो रूपमा देखिएकोले लैङ्गिक समानता तथा महिला सशक्तीकरण कार्याक्रमलाई प्राथमिकताका साथ अगाडि बढाउन कार्यक्रमहरू विस्तार गरिएको छ । गरिवी निवारणको राष्ट्रिय लक्ष्यको परिपूर्तिको लागि दातृ निकायहरू, गै.स.स.हरू तथा नागरिक समाज समेतलाई परिचालन गरी विविध कार्यक्रमहरू अगाडि वढाउने नीतिगत अवधारणा अपनाइएको छ । चेलीवेटी वेचविखन नियन्त्रण गर्ने कार्यक्रमका लागि दातृ निकायको सहयोग र गै.स.स.हरूलाई परिचालन गरी समन्वयात्मक ढंगबाट अगाडि वढाउने नीति अवलम्वन गरिएको छ । गत आर्थिक वर्ष २०६१/६२ मा ५ जिल्लाहरूमा घरेलु हिंसा नियन्त्रणका लागि गोष्ठी सञ्चालन गरी २५० जना महिलाहरूलाई सहभागी गराइएको छ । महिलाहरूलाई प्रशासनिक पदमा सहभागिता वढाउने अभिप्रायले १०० जना महिलाहरूलाई लोकसेवा आयोगबाट लिइने नायव सुब्बा स्तरको परीक्षाको तयारी कक्षा सञ्चालन गरी हेटौडा र विराटनगरमा करिब ११८ जना महिलाहरूलाई प्रशिक्षण प्रदान गरिएको छ । चालू आर्थिक वर्ष २०६२/६३ को प्रथम आठ महिनामा महिलाहरूलाई लोक सेवा आयोगबाट लिइने रा.प.अनंकित परीक्षाको तयारी कक्षा कास्की, झापा र वाँकेमा सञ्चालन गरिएको छ । चेलीवेटी वेचविखन विरुद्ध गठित २६ जिल्ला कार्य समितिहरूलाई कार्यक्रम सञ्चालनको लागि अनुदान दिइएको छ । महिला सशक्तीकरण र लैङ्गिक समानताका पक्षमा विशेष योगदान पुऱ्याउने २ जना महिला पत्रकारहरूलाई पुरस्कृत गरिनुका साथै Women Studies मा अध्ययन गर्ने दुर्गम जिल्लाका १० जना गरिव र पिछडिएका छात्राहरूलाई छात्रवृत्ती प्रदान गरिएको छ ।

१२.३६ संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमको सहयोगमा वि.सं. २०५६ देखि सञ्चालित लैङ्गिक समानताको मूलप्रवाहीकरण कार्यक्रमहरूले हालसम्म पनि निरन्तरता पाइरहेको छ । आर्थिक वर्ष २०६२/६३ सम्ममा मुलुकका विभिन्न १६ जिल्लाहरूमा यी कार्यक्रमहरू सञ्चालन गरिएका छन् । यस कार्यक्रम अन्तर्गत हालसम्म पिछडिएका र अल्पसंख्यक जनजाती, दलित, मुश्लीम तथा अन्य तराई जातीका १५१० महिला र ११२९ पुरुष लैङ्गिक समानता सम्वन्धी अभिमुखीकरण कार्यक्रममा संलग्न भएकाछन् । त्यस्तै समुदायका अन्य महिला र पुरुषहरू सामाजिक कार्यकर्ता तथा गन्यमान्य १५७७ महिला र ११५४ पुरुषहरूलाई लैङ्गिक समानता, मानव अधिकार र महिला महासन्धि (CEDAW) सम्वन्धी अभिमुखीकरण कार्यक्रममा संलग्न गराइएको छ । महिला माथि हुने हिंसा तथा जातीय छुवाछुत र विभेद उन्मूलनका लागि सेवा प्रदान गर्न स्थानीयस्तरका १८ वटा सामुदायिक मध्यस्तता समिति (Community Mediation Committee-CMC) गठन गरिएको र सो समितिले १० वटा जन चेतनामूलक अन्तरक्रिया तथा सञ्चारिका कार्यक्रम सञ्चालन गरेको छ । आर्थिक वर्ष २०६२/६३ मा सिन्धुपाल्चोक र सप्तरी जिल्लामा यु.एन.डि.पी. को सहयोगमा स्थानीय स्तरका जम्मा ५६ जना प्रशिक्षकहरूलाई लैङ्गिक समानता विषयमा अभिमुखीकरण कार्यक्रममा संलग्न गरिएको छ । केन्द्रीय महिला कानूनी सेवा प्रदान गरी विभिन्न ६१

निवेदन दर्ता, जिल्ला तथा पुनरावेदन अदालतमा १९ मुद्दा दर्ता र वहस भएको छ । २८४ मुद्दा माथि कालीमाटी महिला प्रहरी सेलद्वारा सेवा प्रदान गरिएको छ ।

१२.३७ अपाङ्ग भएका व्यक्तिहरूलाई सेवा सुविधा एवं पुनर्स्थापनाका निमित्त सम्वद्ध मन्त्रालय, निकायहरूलाई परिचालन गरी यस्ता समुदायलाई सामाजिक समावेशीकरणका विभिन्न क्रियाकलापहरू सञ्चालन गरिएको र यस कार्यक्रम अन्तर्गत हालसम्म ६५ जना अपाङ्ग भएका व्यक्तिहरूलाई व्यवसायिक तालीम प्रदान गरिएको, १४ वटा अपाङ्ग सम्वन्धी संस्थाहरूको सुदृढीकरणका लागि सहयोग उपलब्ध गराईएको, १००० जना अपाङ्ग भएका व्यक्तिका लागि विभिन्न सहायक सामग्री उपलब्ध गराईएको, ७५ वटै जिल्लाहरूबाट निरन्तर अपाङ्ग परिचयपत्र वितरण भएको छ । अपाङ्गहरूको सेवा सुविधा, अवसर लगायतका पुनर्स्थापना सेवा उपलब्ध गराउन कार्यक्रमको प्रभावकारी कार्यान्वयन गराउन अपाङ्ग सेवा राष्ट्रिय समन्वय समितिको वैठक गोष्ठी जस्ता क्रियाकलाप सञ्चालन भएका छन् । द्वन्द्व प्रभावित टुहुरा वालवालिका १६० जनालाई कपिलवस्तु, वाँके र कैलालीमा पुनर्स्थापना सेवा प्रदान गरिएको छ । विभिन्न ६ जिल्लाहरूका ३२ गा.वि.स.हरूमा अपाङ्गहरूका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम लागू गरिएको छ र यसबाट ७०० जति अपाङ्ग लाभान्वित भएका छन् । जेष्ठ नागरिक स्वास्थ्योपचार सेवा कार्यक्रम ४५ जिल्लामा सञ्चालन भएको र यसबाट १८०० जति जेष्ठ नागरिक लाभान्वित भएका छन् । वृद्धाश्रम दिवा सेवा केन्द्रका लागि कुल ३० वटा संस्थाहरूलाई अनुदान उपलब्ध गराइएकोमा ९३९ जना जेष्ठ नागरिकहरूले सेवा पाइरहेका छन । जेष्ठ नागरिकहरूमा स्वास्थ्य, सुरक्षा, पुनर्स्थापना, सुविधा, सम्मान आदि विषय समेटिएको ५ वर्षे राष्ट्रिय कार्यक्रमको थालनी गरिएको छ ।

१२.३८ वालवालिकाको शारीरिक, वौद्धिक, सामाजिक र मनोवैज्ञानिक विकासको अधिकारलाई सुनिश्चित गर्दै शोषण भेदभावबाट सुरक्षित गरी वाल अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने दीर्घकालिन उद्देश्य प्राप्तिको लागि वाल अधिकार सापेक्ष कानूनी संस्थागत र संरचनागत सुदृढीकरणको कार्यलाई अगाडि बढाउने नीति अवलम्बन गरिएको छ । यसका लागि सरकारी, गैरसरकारी निकायका साथै नागरिक समाज र निजी क्षेत्रलाई समेत वाल अधिकारमुखि कार्यक्रम सञ्चालन गर्न उन्मुख गराइनुका साथै वालवालिकाको हक अधिकार संरक्षणका लागि शिक्षा र स्वास्थ्य सुनिश्चित गरी पोषण स्थितिमा सुधार गर्ने र वालवालिकाको जन्मदर्ता सुनिश्चित गरी वालवालिकाको विकासको लागि वाल सहभागिता वृद्धि गर्ने तथा निकृष्ठ वाल श्रम उन्मूलन गर्ने र घरपरिवारसम्म वाल अधिकार सम्वन्धी चेतना अभिवृद्धि गर्ने लक्ष्य लिइएको छ । यस लक्ष्य अनुरुप हालसम्म सञ्चालन गरिएको मुख्य मुख्य कार्यक्रमहरूमा सडक वालवालिका पुनर्स्थापना कार्यक्रम अन्तर्गत गैर-सरकारी निकायलाई अनुदान दिई सो बाट मोटर मेकानिक, अटोमेकानिक लगायत प्रविधिक तालीम प्रदान गर्ने, अनाथ वालवालिकाहरूलाई संरक्षण दिने सन्दर्भमा सरकारी स्तरमा विराटनगर, राजविराज, वीरगञ्ज र बुटवलमा २७ जनाका दरले र महेन्द्रनगरमा गैरसरकारी निकायबाट वाल कल्याण गृहहरू सञ्चालन भइरहेका छन् । वाल सुधार गृह सानोठीमि, भक्तपुरमा थुनुवा, कैद ठेकिएका, लागू पदार्थको कुलतमा लागेका तथा जेलमा परेका वावुआमाका सन्तान वालवालिकाहरू राख्न वालसुधार गृह सञ्चालनमा रहेको छ । वाल अधिकार, वाल पैरवी, वाल कानून संशोधन, वाल श्रमिक एवं निकृष्ठ वाल श्रम उन्मूलन सम्वन्धी कार्य गर्न वालवालिकाका निमित्त गैरसरकारी संस्थाहरूको महासंघ नेपाललाई कार्यक्रमको आधारमा अनुदान दिने व्यवस्था गरिएको छ । आपत्कालिन राहत कार्यक्रम अन्तर्गत द्वन्द्वबाट प्रभावित

१८ जिल्लाका १८० जना वालवालिकाहरूलाई खान वस्न र पढ्नका लागि प्रति महिना प्रति वालवालिका रु. १०००।- का दरले अनुदान उपलब्ध गराइएको छ ।

१२.३९ महिला सशक्तीकरण कार्यक्रमको विस्तार अन्तर्गत विभिन्न आयमूलक कार्यक्रमहरू महिला समूह मार्फत सञ्चालनमा रहेका छन् । यो कार्यक्रम देशका ७५ जिल्लाको १५९३ गा.वि.स. र ३१ नगरपालिकाहरूमा सञ्चालन गरिएको छ । मुलुकभरी ४६,८३१ महिला समूह गठन भई ३,८६,६२४ महिलाहरू यस समूहमा आवद्ध भएका छन् । महिला समूह अन्तर्गत ४७५१ महिला समिति र ५४७ संस्था गठन भएको छ । महिलाहरूको कुल सामूहिक वचत रकम रु. ३७,७९,४८,३९६।- पुगेको छ ।

१२.४० युनिसेफ को अनुदान सहयोगमा देशका १५ जिल्लाहरू (पाँचथर, सुनसरी, उदयपुर, सप्तरी, काभ्रे, चितवन, पर्सा, नवलपरासी, तनहुँ, कास्की, कपिलवस्तु, दाङ, हुम्ला, डडेलधुरा र अछाम) मा वालवालिका तथा महिलाहरूको लागि विकेन्द्रीत कार्य योजना कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत जिल्लामा जाने रकमहरू एकद्वार प्रणाली अन्तर्गत जिल्ला विकास कोषमा पठाउने र जिल्ला परिषद्को निर्णयानुसार जि.वि.स. ले रकम प्रवाह गर्ने व्यवस्था गरिएको छ । चालू अर्थिक वर्ष २०६२/६३ मा गुणस्तरीय आधारभूत शिक्षा, प्रारम्भिक वालकोष, मातृ स्वास्थ्य, सरसफाइ एवं एच.आई.भि. एड्स रोकथाम, महिला र वालवालिकाको अधिकार संरक्षण आदि कार्यक्रमहरू सञ्चालन भएका छन् ।

## स्वास्थ्य

१२.४१ चालू आर्थिक वर्ष २०६२/६३ मा स्वास्थ्य क्षेत्रमा केन्द्रीय स्तर तथा जिल्ला स्तरका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन् । यी मध्ये राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रम अन्तर्गत केन्द्रीय स्तरमा ३,७०८ जना शंकास्पद विरामीहरूको खकार परीक्षण गरिएको, १०,०१९ जनाको नयाँ खकार परीक्षण स्लाइड तयार गरिएको, ६५१ जनाको फलोअप खकार परीक्षण स्लाइड तयार गरिएको, मेडिकल अफिसर ट्रेनिङ्ग १८ जनालाई दिइएको छ भने जिल्ला स्तरमा ४६,७०५ जना शंकास्पद विरामीको खकार परीक्षण गरिएको, १,२८,४८६ जनाको नयाँ खकार परीक्षण स्लाइड तयार गरिएको, २०,२०० जनाको फलोअप खकार परीक्षण गरिएको, ८७५ जना विरामकीको पुनः उपचार गरिएको, ८,०० जना DOTS कमिटी सदस्यलाई पुनर्ताजगी तालीम दिइएको छ । कुष्ठरोग नियन्त्रण कार्यक्रम अन्तर्गत केन्द्रीय स्तरमा लिफलेट र पोष्टर छपाई गरी प्रचार-प्रसार गरिएको छ भने जिल्ला स्तरमा ३५० गा.वि.स. मा जनसमुदायलाई कुष्ठरोग बारे जानकारी दिन घरदैलो कार्यक्रम, ४०० वटा स्कूलमा स्कूल स्वास्थ्य शिक्षा र ६५० पटक सुपरिवेक्षण एवं मनिटरिङ कार्य गरिएको छ ।

१२.४२ वालरोगको एकीकृत व्यवस्थापन र पोषण कार्यक्रम अन्तर्गत चालू आर्थिक वर्ष २०६२/६३ मा ए.आर.आई. साउण्ड टाइमर ३००० गोटा, भिटामिन ए क्याप्सुल रिप्याकिङ्ग २५००० बट्टा वितरण गरिएको, कोट्रिम ४०,००००० क्याप्सुल, आइरन चक्की ९२,४०,००० चक्की र भिटामिन ए क्याप्सुल ७९,५०,००० क्याप्सुल खरिद गरिएको छ भने जिल्ला स्तरीय कार्यक्रममा ५ वर्ष मुनिका १,६२,२५८ जनालाई झाडापखालाको उपचार, ५ वर्ष मुनीका ९८,५६२ जनालाई निमोनियाको उपचार, आयोडिन कमीको रोकथाम सम्बन्धी प्रचार-प्रसार, ४१,७४४ जनालाई हेपाटाइटिस वि भ्याक्सीन ३ मात्रा दिइएको छ ।

१२.४३ विस्तारित खोप एवं राष्ट्रिय पोलियो खोप कार्यक्रम अन्तर्गत चालू आर्थिक वर्ष २०६२/६३ मा केन्द्रीयस्तरमा खोप सम्बन्धी तालीम पुस्तिका तयार तथा छपाई, १५ जिल्लामा क्रस बोर्डर पोलियो उन्मूलन खोप दिने कार्य गरिएको छ । इपिडेमियोलोजी, औलो तथा कालाजार नियन्त्रण, प्राकृतिक प्रकोप व्यवस्थापन कार्यक्रम अन्तर्गत केन्द्रीयस्तरमा रेविज रोगथामको लागि ५ प्रतिशत BPL-ARV खरिद गरी देशभरका करीब १,०३,०५० जनालाई निःशुल्क उपलब्ध गराइएको, रेविज रोगको अति जोखिम पर्ने लगभग २,००० जनालाई टिस्युकल्चर ए.आर.भि. निशुल्क उपलब्ध गराइएको, १०,००० भुस्याहा कुकुर नियन्त्रणार्थ जिल्लाहरूमा आवश्यक पर्ने स्ट्रीकनीन सल्फेट उपलब्ध गराइएको छ भने जिल्लास्तरीय कार्यक्रममा औलो ग्रसित क्षेत्रहरूमा शंकास्पद औलो रोगी पत्तालगाई उपचार गर्ने तथा रिफरेन्सको लागि ५०,००० जनाको रक्त नमूना सङ्कलन गरिएको छ ।

१२.४४ चालू आर्थिक वर्ष २०६२/६३ मा राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार कार्यक्रम अन्तर्गत केन्द्रीय स्तरमा उपकरण खरिद, भौतिक निर्माण, शैक्षिक सामाग्री विकास, प्रचार प्रसार जस्ता कार्यक्रम सञ्चालन भएका छन् भने जिल्लास्तरमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम २६५० पटक, स्वास्थ्य शिक्षा सामाग्री उत्पादन २,०३,००० प्रति, स्वास्थ्य प्रवर्द्धन अन्तर्क्रिया कार्यक्रम १०९ पटक, सिनेमासेलुलाइड विज्ञापन प्रदर्शन ३,९९९ पटक र स्वास्थ्य शिक्षा प्रवर्द्धन अभियान १२२ पटक सम्पन्न गरिएको छ । राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण कार्यक्रम अन्तर्गत ART, STI औषधी र Test Kit खरिद र वितरण कार्य, एच.आइ.भि./एड्स भएकाहरूलाई स्वरोजगारमूलक तालीम, ओरिन्टेशन, STI तालीम र Care and Support सेवा प्रदान गरिएको छ । सामुदायिक औषधी कार्यक्रमको लागि तालीम सन्दर्भ सामाग्री १३,५०० थान, प्रशिक्षक निर्देशिका ५०० थान र ब्रोसर छपाई ४,५०,००० थान भएको छ । राष्ट्रिय स्वास्थ्य तालीम कार्यक्रम अन्तर्गत मातृ स्वास्थ्य स्वयंसेवक रिभ्यू ३६,५३४ जनालाई, १,२०० जना स्वास्थ्यकर्मीलाई महिला स्वास्थ्य सम्बन्धी तालीम, २०० जनालाई गा.वि.स. तह अभिमुखिकरण तालीम दिइनुका साथै सुडेनी सुपरभिजन मिटिङमा १२,३१२ जनालाई सहभागी गराइएको छ ।

१२.४५ नेपाल मेडिकल काउन्सीलले गत आर्थिक वर्ष २०६१/६२ र चालू आर्थिक वर्ष २०६२/६३ मा मान्यता प्राप्त विश्वविद्यालयबाट उत्तिर्ण गरेर आएका क्रमशः ६०० र ७८२ जना चिकित्सकहरूलाई एक वर्षको इन्टर्नसीप गर्नका लागि परीक्षण दर्ता प्रमाणपत्र प्रदान गरेको छ भने चालू आर्थिक वर्ष २०६२/६३ मा ७१९ जनालाई Licensing Examination परीक्षामा उत्तीर्ण घोषित गरेको छ । नेपाल मेडिकल काउन्सीलले हालसम्म अस्थायी तथा स्थायी गरी ५,८२४ जनालाई चिकित्सकमा दर्ता गरेको र ७५३ जनालाई विशेषज्ञ चिकित्सकमा दर्ता गरेको छ । देशभर सञ्चालनमा रहेका मेडिकल कलेजहरू मध्ये हालसम्म १३ वटा मेडिकल कलेजलाई मात्र यस काउन्सीलबाट मान्यता दिइएको छ । यसरी मान्यता पाउने कलेजहरूमा त्रि.वि.वि. अन्तर्गत एम.वि.वि.एस. तर्फ इन्स्टिच्यूट अफ मेडिसिन, युनिभर्सल कलेज अफ मेडिकल साइन्सेस भैरहवा, नेशनल मेडिकल कलेज, वीरगञ्ज, जानकी मेडिकल कलेज, जनकपुर, वि.डि.एस. तर्फ पिपल्स डेण्टल कलेज अफ डेण्टल सर्जरी, भैरहवा, बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत एम.वि.वि.एस. तर्फ स्कूल अफ मेडिसिन र वि.डि.एस. तर्फ स्कूल अफ डेण्टल सर्जरी तथा काठमाडौं विश्वविद्यालय अन्तर्गत एम.वि.वि.एस. तर्फ काठमाडौं युनिभर्सिटी मेडिकल स्कूल, मनीपाल कलेज अफ मेडिकल साइन्सेस, कलेज अफ मेडिकल साइन्सेस, भरतपुर, नेपालगञ्ज मेडिकल कलेज, नेपालगञ्ज, काडमाडौं मेडिकल कलेज र नेपाल मेडिकल कलेज रहेका छन् ।

१२.४६ नेपाल मेडिकल काउन्सीलले ७५३ जनालाई विशेषज्ञ दर्ता गरेको देखिन्छ । यसको विवरण तालिका १२ (ज) मा दिइएको छ ।

## तालिका १२ (ज) : मेडिकल काउन्सीलमा दर्ता भएका विशेषज्ञ विवरण

| क्र.स. | विषय | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | General Practice | ३४ | ५ | ३९ |
| २. | ENT | २१ | ५ | २६ |
| ३. | Psychiatry | १६ | ० | १६ |
| ४. | Anesthesiology | २९ | १४ | ४३ |
| ५. | Radiology and Imaging | ३४ | ३ | ३७ |
| ६. | Pediatrics | ६३ | २१ | ८४ |
| ७. | Nephrology | ३ | १ | ४ |
| ८. | Master in Dental Surgery | १३ | १० | २३ |
| ९. | T.B. and Respiratory | ३ | १ | ४ |
| १०. | Community Medicine Public Health | ९ | २ | ११ |
| ११. | Pharmacology | ५ | ० | ५ |
| १२. | Obs/Gyanae | ४३ | ७२ | ११५ |
| १३. | M.S. (General Surgery) | ८३ | ३ | ८६ |
| १४. | Orthopedic | ४६ | १ | ४७ |
| १५. | Cardiology | ४९ | १ | ५० |
| १६. | Ophthalmology | २८ | १५ | ४३ |
| १७. | Internal Medicine | ४५ | ५ | ५० |
| १८. | Clinical Pathology | १५ | ३ | १८ |
| १९. | Dermatology/Venereology | १४ | ४ | १८ |
| २०. | Neurology | ५ | २ | ७ |
| २१. | Gastroenterology | १० | १ | ११ |
| २२. | Urology | ८ | ० | ८ |
| २३. | Surgical Oncology | ३ | ० | ३ |
| २४. | Forensic Medicine | ३ | ० | ३ |
| २५. | Micro Biology | ० | १ | १ |
| २६. | Nuclear Medicine | १ | ० | १ |

स्रोत : नेपाल मेडिकल काउन्सिल

१२.४७ नेपाल सरकार, स्वास्थ्य मन्त्रालय अन्तर्गत गत आर्थिक वर्ष २०६१/६२ मा सञ्चालन भएका विकास आयोजनाहरू मध्ये पहिलो प्राथमिकता ($P_1$) मा परेको स्वास्थ्य सामाजिक सुरक्षा

कार्यक्रमतर्फ सामुदायिक स्वास्थ्य बीमा, सामुदायिक औषधी, घुम्ती शिविर र विभिन्न १३ वटा संस्थालाई अनुदान दिने क्रियाकलाप सञ्चालन गर्ने लक्ष्य रहेकोमा नयाँ बीमित परिवारलाई सदस्यता वितरण, सामुदायिक स्वास्थ्य शिविर बारे अन्तर जिल्ला अध्ययन भ्रमण, पाठेघर खस्ने उपचार सम्बन्धी स्वास्थ्य शिविर र १९ वटा घुम्ति शिविर सञ्चालन भएका छन् । शुक्रराज ट्रपिकल अस्पताल, टेकुमा गत आर्थिक वर्षमा भौतिक सुधारको कार्यक्रम सञ्चालन गरिएको छ । राष्ट्रिय क्षयरोग कार्यक्रम अन्तर्गत रोगनिदान तथा उपचार तालीम, Community and Social Mobilization, सार्वजनिक निर्माण सुधार मूल्याङ्कन लगायत ८ वटा कृयाकलाप सञ्चालन भएका छन्, परिवार नियोजन तथा सुरक्षित मातृत्व र महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रममा ३८ प्रतिशत भौतिक प्रगति हासिल भएको छ भने चालू आर्थिक वर्ष २०६२/६३ मा ४७ प्रतिशत भौतिक प्रगति हासिल भएको छ । विस्तारित खोप कार्यक्रम एवं राष्ट्रिय पोलियो खोप कार्यक्रम अन्तर्गत गत आर्थिक वर्ष २०६१/६२ मा ५ वर्ष सम्मका वालवालिकाहरूलाई थप २ मात्रा पोलियो खोप कार्यक्रममा ५० प्रतिशत र अभिलेख तथा प्रतिवेदन प्रणालीमा सघाउ पुऱ्याउन LCD, Pathology Computer आदि खरिदमा ६६ प्रतिशत प्रगति हासिल भएको छ भने चालू आर्थिक वर्ष २०६२/६३ मा ६३ प्रतिशत प्रगति हासिल भएको छ । गत आर्थिक वर्ष र चालू आर्थिक वर्षमा $P_1$ मा परेका अन्य कार्यक्रमहरूमा वालरोग एकीकृत व्यवस्थापन र पोषण कार्यक्रम, इपिडेमियोलोजी, औलो तथा कालाजार एवं प्राकृतिक प्रकोप व्यवस्थापन कार्यक्रम, कुष्ठरोग नियन्त्रण कार्यक्रम, औषधी उपकरण तथा आपूर्ति कार्यक्रम, कीटजन्य रोग अनुसन्धान तथा तालीम सम्बन्धी कार्यक्रममा गत आर्थिक वर्षमा ५० प्रतिशत भन्दा कम भौतिक प्रगति भएकोमा चालू आर्थिक वर्षमा ५० देखि ७० प्रतिशत भौतिक प्रगति भएको छ ।

## चुनौतीहरू

१२.४८ देशको असहज परिस्थितिका कारण शैक्षिक कार्यक्रम कार्यन्वयन, अनुगमन तथा निरीक्षणमा कठिनाइ उत्पन्न हुनु, विदेशी अनुदान सहयोगमा सञ्चालित भौतिक सुविधा विस्तार कार्यक्रममा समयमै निर्माण सामाग्री उपलब्ध गराउन नसक्नु, आवश्यक मात्रामा बजेट व्यवस्था नहुनु जस्ता समस्याले गर्दा भौतिक लक्ष्य प्राप्त गर्न कठिनाइ भएको छ ।

१२.४९ विषयगत मन्त्रालयहरूबाट हस्तान्तरण भइआएका ग्रामीण खानेपानी आयोजनाहरूको संख्याको अनुपातमा बजेट विनियोजन न्यून भएकोले प्रभावकारी कार्यान्वयनमा कठिनाइ भइरहेको छ भने अधूरा आयोजनाहरू सम्पन्न नभई अधिकांश जिल्लाहरूले नयाँ योजना थालनी गर्ने गरेकोले योजनाहरू अधूरै रहने स्थिति रहेको छ । यस्ता योजनाहरूको प्राविधिक पक्षको पूर्ण तयारी नभई योजना सञ्चालन हुने परिस्थितिले स्रोतको पूर्ण सदुपयोग नहुने र सम्पन्न पूर्वाधारको गुणस्तर समेत कायम नहुने अवस्था रहेकोले जिल्लामा सञ्चालन हुने आयोजनाहरूको प्राथमिकताक्रम तोकी सो क्रममा हेरफेर नगर्ने र अधूरा आयोजनाहरू सम्पन्न नगरेसम्म अरु नयाँ योजना स्वीकृत नगर्ने कटिवद्धताकासाथ अगाडि बढ्नु चुनौतीपूर्ण रहेको छ ।

१२.५० आयोजना छनौट गर्दा सम्भाव्यताको राम्रो अध्ययन नगरी हचुवाको भरमा कार्य अगाडि बढाउने जस्ता कार्यले योजना पूर्ण भएपछि लक्ष्य अनुसार उत्पादन हासिल हुन नसकी त्यस्ता योजनामा बजेट र श्रम खेर जाने हुँदा समाजमा नकरात्मक असर पर्ने समस्या छ भने अर्कोतिर योजनालाई आवश्यक पर्ने बजेट व्यवस्था नहुने र फिल्डमा स्थानीय बासिन्दासँग समन्वय गरी अगाडि बढ्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

# तालिका १.१ : कुल गार्हस्थ्य उत्पादन #

रु. करोडमा

| विवरण | २०४६/४७ | २०४७/४८ | २०४८/४९ | २०४९/५० | २०५०/५१ | २०५१/५२ | २०५२/५३ | २०५३/५४ | २०५४/५५ | २०५५/५६ | २०५६/५७ | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२* | २०६२/६३** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादन** | **९९७०.२** | **११६१२.७** | **१४४९३.३** | **१६५३५.०** | **१९१५९.६** | **२०९९७.६** | **२३९३८.८** | **२६९५७.०** | **२८९७९.८** | **३३००१.८** | **३६६२५.१** | **३९४०५.२** | **४०६१३.८** | **४३७५४.६** | **४७४९१.९** | **५०८६५.१** | **५५७८६.९** |
| **(प्रचलित मूल्यमा)** | | | | | | | | | | | | | | | | | |
| कृषि क्षेत्र | ५०४७.० | ५५३६.८ | ६५१५.६ | ७००९.० | ८०५८.९ | ८५५६.९ | ९६८९.६ | १०८७८.५ | ११२४९.५ | १३२३७.३ | १४५१३.१ | १५१०५.९ | १६०१४.४ | १७११०.४ | १८३११.७ | १९४३६.३ | २१२८२.७ |
| गैर-कृषि क्षेत्र | ४९२३.२ | ६०७५.९ | ७९७७.७ | ९५२६.० | ११९००.७ | १२४४०.७ | १४२४९.२ | १६०७८.५ | १७७३०.३ | १९७६४.५ | २२११२.० | २४२९९.३ | २४५९९.४ | २६६४४.२ | २९१८०.२ | ३१४२८.८ | ३४५०४.२ |
| | | | | | | | | | | | | | | | | | |
| **कुल गार्हस्थ्य उत्पादन** | **१६३८९.३** | **१७४९०.८** | **१८३३७.१** | **१८८७८.०** | **२०४३९.७** | **२०९९७.६** | **२२१९३.०** | **२३३०४.०** | **२४०८१.६** | **२५१७५.८** | **२६७०९.६** | **२८०१०.६** | **२७९१६.९** | **२८७६८.९** | **२९८०२.३** | **३०५२४.४** | **३१२५०.०** |
| **(२०५१/५२ को मूल्यमा)** | | | | | | | | | | | | | | | | | |
| कृषि क्षेत्र | ७९५१.२ | ८१३२.० | ८०३९.२ | ७९६३.१ | ८६३५.६ | ८५५६.९ | ८८८३.० | ९२७०.६ | ९३४९.६ | ९६१५.१ | १००८५.६ | १०६३८.० | १०८७५.२ | १११४७.१ | ११५७७.४ | ११९२१.२ | १२१२२.७ |
| गैर-कृषि क्षेत्र | ८४३८.१ | ९३५८.८ | १०२९७.९ | १०९१४.९ | ११८०४.१ | १२४४०.७ | १३३१०.० | १४०३३.४ | १४७३२.० | १५५६०.७ | १६६२४.० | १७३७२.६ | १७०४१.७ | १७६२१.८ | १८२२४.९ | १८६०३.२ | १९१२७.३ |
| **कुल गार्हस्थ्य उत्पादन मूल्य** | | | | | | | | | | | | | | | | | |
| **सुचकांक** | **६०.८** | **६६.४** | **७९.०** | **८७.६** | **९३.७** | **१००.०** | **१०७.९** | **११५.७** | **१२०.३** | **१३१.१** | **१३७.१** | **१४०.७** | **१४५.५** | **१५२.१** | **१५९.४** | **१६६.६** | **१७८.५** |
| कृषि क्षेत्र | ६३.५ | ६८.१ | ८१.० | ८८.० | ९३.३ | १००.० | १०९.१ | ११७.३ | १२०.३ | १३७.७ | १४३.९ | १४२.० | १४७.३ | १५३.५ | १५८.२ | १६३.० | १७५.६ |
| गैर कृषि क्षेत्र | ५८.३ | ६४.९ | ७७.५ | ८७.३ | ९४.० | १००.० | १०७.६ | ११४.६ | १२०.४ | १२७.० | १३३.० | १३९.९ | १४४.३ | १५१.२ | १६०.१ | १६८.९ | १८०.४ |
| प्रतिशत परिवर्तन | | | | | | | | | | | | | | | | | |
| **कुल गार्हस्थ्य उत्पादन** | **१६.२** | **१६.५** | **२४.८** | **१४.१** | **१५.९** | **९.६** | **१४.०** | **१२.६** | **७.५** | **१३.९** | **११.०** | **७.६** | **३.१** | **७.७** | **८.५** | **७.१** | **९.७** |
| **(प्रचलित मूल्यमा)** | | | | | | | | | | | | | | | | | |
| कृषि क्षेत्र | १८.६ | ९.७ | १७.७ | ७.६ | १५.० | ६.२ | १३.२ | १२.३ | ३.४ | १७.७ | ९.६ | ४.१ | ६.० | ६.८ | ७.० | ६.१ | **९.५** |
| गैर कृषि क्षेत्र | १३.८ | २३.४ | ३१.३ | १९.४ | १६.५ | १२.१ | १४.५ | १२.८ | १०.३ | ११.५ | ११.९ | ९.९ | १.२ | ८.३ | ९.५ | ७.७ | **९.८** |
| | | | | | | | | | | | | | | | | | |
| **कुल गार्हस्थ्य उत्पादन** | **४.५** | **६.३** | **४.६** | **२.९** | **७.६** | **२.७** | **५.४** | **४.८** | **३.३** | **४.५** | **६.१** | **४.९** | **-०.३** | **३.१** | **३.६** | **२.४** | **२.४** |
| **(२०५१/५२ को मूल्यमा)** | | | | | | | | | | | | | | | | | |
| कृषि क्षेत्र | ५.५ | २.२ | -१.२ | -१.० | ७.८ | -०.९ | ३.७ | ४.२ | ०.८ | २.८ | ४.९ | ५.५ | २.२ | २.५ | ३.९ | ३.० | **१.७** |
| गैर कृषि क्षेत्र | ३.६ | ९.८ | ९.१ | ५.७ | ७.५ | ५.१ | ६.५ | ५.२ | ४.७ | ५.३ | ६.८ | ४.५ | -१.९ | ३.४ | ३.४ | २.१ | **२.८** |

# गार्हस्थ्य उत्पादन बैंक सेवा शुल्क (Bank Service Charge) घटाउनुपूर्वको साधनको लागतमा

* संशोधित अनुमान

** प्रारम्भिक अनुमान

स्रोत : केन्द्रीय तथ्यांक विभाग

# तालिका १.२ : कुल गार्हस्थ्य उत्पादन (स्रोत अनुसार)

(प्रचलित मूल्यमा)

(नयाँ सिरिज अनुसार)

रु. करोडमा

| सि.नं. | उद्योग | २०४६/४७ | २०४७/४८ | २०४८/४९ | २०४९/५० | २०५०/५१ | २०५१/५२ | २०५२/५३ | २०५३/५४ | २०५४/५५ | २०५५/५६ | २०५६/५७ | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२* | २०६२/६३** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कृषि, मत्स्यपालन तथा वन | ५०४७.० | ५५३६.८ | ६५१५.६ | ७००९.० | ८०५८.९ | ८५५६.९ | ९६८९.६ | १०८७८.५ | ११२४९.५ | १३२३७.३ | १४५१३.१ | १५१०५.९ | १६०१४.४ | १७११०.४ | १८३११.७ | १९४३६.३ | २१२८२.७ |
| २ | खानी | ४४.९ | ५७.५ | ७९.५ | ९२.१ | ९९.० | १११.७ | १३४.२ | १४९.५ | १५५.३ | १६८.५ | १८१.५ | १९२.४ | २०५.६ | २१८.८ | २३७.७ | २५३.० | २६६.९ |
| ३ | उत्पादन उद्योग | ५९५.६ | ७८९.४ | १२८२.२ | १४६१.८ | १७८६.१ | १९५५.५ | २२४६.६ | २४८१.६ | २६९८.७ | ३०३३.७ | ३३५५.० | ३५४९.५ | ३२८०.५ | ३४३३.७ | ३६६३.४ | ३९२८.६ | ४१७६.८ |
| ४ | विद्युत, ग्यास तथा पानी | ५२.३ | ८१.५ | १२४.१ | १५४.३ | २१६.३ | २८६.२ | ३५९.८ | ४४५.७ | ४३८.३ | ४६३.२ | ५९४.२ | ७४३.२ | ८६३.५ | १०९०.५ | ११३५.५ | ११८९.२ | १२५०.८ |
| ५ | निर्माण | ८९४.३ | ११०७.८ | १४७६.९ | १७३१.८ | १९६२.१ | २३०९.३ | २६०९.३ | २९२६.३ | ३०४८.३ | ३३२६.२ | ३७३८.२ | ३९५८.४ | ४२२९.० | ४५०६.८ | ४९०२.९ | ५२९२.२ | ५६५५.८ |
| ६ | व्यापार, रेष्टुरां तथा होटल | १०५०.७ | १२९०.२ | १६५६.३ | १९२६.० | २२४९.७ | २४३२.६ | २८३१.७ | ३०५५.१ | ३३६८.७ | ३९३१.३ | ४२८९.५ | ४४५७.२ | ४०७७.२ | ४३९७.८ | ४९७१.८ | ५०१६.८ | ५६१३.९ |
| ७ | यातायात, संचार तथा भण्डार | ५७२.४ | ६५६.० | ८५५.८ | १०८१.९ | १२६२.५ | १३९९.५ | १५८९.८ | १९३१.५ | २२५९.८ | २४६३.१ | २९३३.६ | ३३२९.७ | ३४६५.२ | ३८२८.६ | ४३६६.८ | ४८७२.४ | ५५९१.९ |
| ८ | वित्त तथा घर जग्गा | ९२६.९ | १०९४.४ | १३२४.१ | १५६८.४ | १८१२.२ | २०५३.३ | २३५२.१ | २७१५.७ | २९७७.८ | ३३२०.३ | ३६९१.९ | ४१६३.४ | ४३८८.२ | ४७७१.९ | ५१९४.० | ५८३३.५ | ६४९३.७ |
| ९ | सामुदायिक तथा सामाजिक सेवाहरु | ७८६.१ | ९९९.१ | ११७८.८ | १५११.५ | १७१२.८ | १८९२.४ | २१२५.७ | २३७३.१ | २७८३.४ | ३०५८.२ | ३३२८.१ | ३९०५.५ | ४०९०.२ | ४३९६.१ | ४७०८.१ | ५०४३.१ | ५४५४.४ |
| १० | **कुल गार्हस्थ्य उत्पादन** | | | | | | | | | | | | | | | | | |
| | (साधनको लागतमा) | **९९७०.२** | **११६१२.७** | **१४४९३.३** | **१६५३६.८** | **१९१५९.६** | **२०९९७.४** | **२३९३८.८** | **२६९५७.०** | **२८९७९.८** | **३३००१.८** | **३६६२५.१** | **३९४०५.२** | **४०६१३.८** | **४३७५४.६** | **४७४९१.९** | **५०८६५.१** | **५५७८६.९** |
| | *कृषि* | ५०४७.० | ५५३६.८ | ६५१५.६ | ७००९.० | ८०५८.९ | ८५५६.९ | ९६८९.६ | १०८७८.५ | ११२५० | १३२३७ | १४५१३.१ | १५१०५.९ | १६०१४.४ | १७११०.४ | १८३११.७ | १९४३६.३ | २१२८२.७ |
| | *गैर-कृषि* | ४९२३.२ | ६०७५.९ | ७९७७.७ | ९५२६.० | १११००.७ | १२४४०.५ | १४२४९.२ | १६०७८.५ | १७७३०.३ | १९७५९ | २२११२.० | २४२९९.३ | २४५९९.४ | २६६४४.२ | २९१८०.२ | ३१४२८.८ | ३४५०४.२ |
| ११ | बैकिङ्ग सेवा शुल्क (-) | १९५.४ | २२८.९ | २९३.३ | ३५७.८ | ४४७.३ | ५०६.० | ५९३.२ | ७००.९ | ७८९.६ | ९४३.८ | १०७०.८ | ११९१.२ | १२६२.४ | १३९१.१ | १५१३.५ | *१७०२.७* | *१८७६.४* |
| १२ | **कुल गार्हस्थ्य उत्पादन** | | | | | | | | | | | | | | | | | |
| | (साधनको लागतमा) | **९७७४.८** | **११३८३.८** | **१४२००.०** | **१६१७९.०** | **१८७१२.३** | **२०४९१.४** | **२३३४५.६** | **२६२५६.१** | **२८१९०.२** | **३२०५८.०** | **३५५५४.३** | **३८२१४.०** | **३९३५१.४** | **४२३६३.५** | **४५९७८.४** | **४९१६२.४** | **५३९१०.६** |
| १३ | खुद अप्रत्यक्ष कर (+) | ५६६.८ | ६५३.२ | ७४८.७ | ९७०.२ | १२१४.९ | १४२६.१ | १५४५.७ | १७९५.२ | १८९४.३ | २१४५.६ | २३९४.५ | २९१३.५ | २९२९.३ | ३३०४.० | ३६९६.१ | *४१९१.४* | *४३८४.२* |
| १४ | कुल गार्हस्थ्य उत्पादन | | | | | | | | | | | | | | | | | |
| | (उत्पादक मूल्यमा) | **१०३४१.६** | **१२०३७.०** | **१४९४८.७** | **१७१४९.२** | **१९९२७.२** | **२१९१७.५** | **२४८९१.३** | **२८०५१.३** | **३००८४.५** | **३४२०३.६** | **३७९४८.८** | **४११२७.५** | **४२२८०.७** | **४५६६७.५** | **४९६७४.५** | **५३३५३.८** | **५८२९४.८** |

* संशोधित अनुमान

** प्रारम्भिक अनुमान

स्रोत: केन्द्रीय तथ्यांक विभाग

# तालिका १.३ : कुल गार्हस्थ्य उत्पादन (स्रोत अनुसार)

(२०५१/५२ को मूल्यमा नयां सिरिज अनुसार)

रु. करोडमा

| उद्योग | २०४६/४७ | २०४७/४८ | २०४८/४९ | २०४९/५० | २०५०/५१ | २०५१/५२ | २०५२/५३ | २०५३/५४ | २०५४/५५ | २०५५/५६ | २०५६/५७ | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२* | २०६२/६३** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ कृषि, मत्स्यपालन तथा वन | ७९५१.२ | ८१३२.० | ८०३९.२ | ७९६३.१ | ८६३५.६ | ८५५६.९ | ८८८३.० | ९२७०.६ | ९३४९.६ | ९६१८.३ | १००८५.६ | १०६३८.० | १०८७५.२ | १११४७.१ | ११५७७.४ | ११९२१.२ | १२१२२.७ |
| २ खानी | ८४.६ | ९२.२ | ९९.६ | १०१.८ | १०८.० | १११.७ | १२६.२ | १३४.८ | १३६.५ | १४१.६ | १४८.० | १५४.७ | १५७.१ | १६०.१ | १६१.० | १६५.० | १६८.६ |
| ३ उत्पादन उद्योग | १०३५.० | १२१७.९ | १६०७.६ | १७०७.५ | १९१७.९ | १९५५.५ | २१३२.२ | २२८२.६ | २३६०.७ | २४८५.६ | २६६४.६ | २७६४.९ | २४८९.२ | २५३८.४ | २५८२.२ | २६४९.४ | २७०६.४ |
| ४ विद्युत्, ग्यास तथा पानी | १८४.५ | २४८.१ | २६४.९ | २४०.६ | २५५.३ | २८६.२ | ३४१.४ | ३४७.५ | ३३३.१ | ३५२.० | ४०२.५ | ४७२.७ | ५२०.० | ६२३.४ | ६४३.७ | ६७४.८ | ७१२.४ |
| ५ निर्माण | १६९५.७ | १८२८.५ | १९६९.५ | २०४७.४ | २१७६.५ | २३०९.३ | २४७३.३ | २६३७.२ | २६९५.३ | २८७८.६ | ३१५५.० | ३१८२.३ | ३२१८.० | ३२७५.७ | ३२८१.६ | ३२८०.१ | ३४१९.२ |
| ६ व्यापार, रेष्टूरां तथा होटल | १६८२.४ | १८७०.१ | १९८२.८ | २११३.० | २२९४.७ | २४३२.६ | २५४२.४ | २६४५.८ | २७९८.१ | २९०६.९ | ३१०३.६ | ३१५०.७ | २८३२.९ | २९२६.७ | ३१६१.३ | ३०९६.५ | ३२१७.० |
| ७ यातायात, संचार तथा भण्डार | ८७५.९ | ९९१.० | १०७७.२ | ११५९.७ | १२६५.३ | १३९९.५ | १४७५.९ | १५९०.२ | १७१८.६ | १८३५.५ | १९६४.४ | २०८६.० | २१२०.१ | २२११.३ | २३२७.३ | २४४५.७ | २५००.६ |
| ८ वित्त तथा घर जग्गा | १५१९.८ | १६६४.७ | १७५१.९ | १८५२.२ | १९६८.४ | २०५३.४ | २२०९.६ | २३१३.६ | २४४९.४ | २५७१.९ | २७०२.६ | २७४९.१ | २८४०.२ | २९३३.३ | ३०२७.५ | ३१६७.७ | ३२३७.२ |
| ९ सामुदायिक तथा सामाजिक सेवाहरु | १३६०.२ | १४४६.४ | १५४४.४ | १६९२.९ | १८१८.० | १८९२.४ | २००९.० | २०८१.७ | २२४०.३ | २३८८.५ | २४८३.३ | २८१२.३ | २८६४.२ | २९५२.९ | ३०४०.३ | ३१२४.० | ३१६५.९ |
| *कृषि गार्हस्थ्य उत्पादन* | ७९५१.२ | ८१३२.० | ८०३९.२ | ७९६३.१ | ८६३५.६ | ८५५६.९ | ८८८३.० | ९२७०.६ | ९३४९.६ | ९६१८.३ | १००८५.६ | १०६३८.० | १०८७५.२ | १११४७.१ | ११५७७.४ | ११९२१.२ | १२१२२.७ |
| *गैर-कृषि गार्हस्थ्य उत्पादन* | ८४३८.१ | ९३५८.९ | १०२९७.९ | १०९१५.१ | ११८०४.१ | १२४४०.६ | १३३१०.० | १४०३३.४ | १४७३२.० | १५५६०.६ | १६६२४.० | १७३७२.७ | १७०४१.७ | १७६२१.८ | १८२२४.९ | १८६०३.२ | १९१२७.३ |
| **१० कुल गार्हस्थ्य उत्पादन (साधनको लागतमा)** | **१६३८९.३** | **१७४९०.९** | **१८३३७.१** | **१८८७८.२** | **२०४३९.७** | **२०९९७.५** | **२२१९३.०** | **२३३०४.०** | **२४०८१.६** | **२५१७८.९** | **२६७०९.६** | **२८०१०.७** | **२७९१६.९** | **२८७६८.९** | **२९८०२.३** | **३०५२४.४** | **३१२५०.०** |
| ११ बैंकिङ्ग सेवा शुल्क (-) | ३०६.० | ३२७.७ | ३५१.९ | ३८९.२ | ४५१.८ | ५०६.० | ५६१.६ | ५७०.३ | ६१८.१ | ६६१.० | ७२३.० | ७८३.१ | ८०६.४ | ८४९.९ | ८९५.० | ९४३.५ | ९८९.० |
| **१२ कुल गार्हस्थ्य उत्पादन** | **१६०८३.३** | **१७१६३.२** | **१७९८५.२** | **१८४८९.०** | **१९९८७.९** | **२०४९१.५** | **२१६३१.४** | **२२७३३.७** | **२३४६३.५** | **२४५१७.९** | **२५९८६.६** | **२७२२७.६** | **२७११०.५** | **२७९१९.०** | **२८९०७.३** | **२९५८०.९** | **३०२६१.०** |
| १३ खुद अप्रत्यक्ष कर () | ८८७.४ | ९३४.६ | ८९७.९ | १०५४.१ | १२२८.७ | १४२६.१ | १४५६.१ | १५६८.४ | १५५३.७ | १६२४.० | १७५०.८ | २०७१.० | २०१३.५ | २१७२.४ | २३१९.४ | २४९२.० | २४१३.३ |
| **१४ कुल गार्हस्थ्य उत्पादन (उत्पादक मुल्यमा)** | **१६९७०.७** | **१८०९७.८** | **१८८८३.१** | **१९५४३.१** | **२१२१६.६** | **२१९१७.६** | **२३०८७.५** | **२४३०२.१** | **२५०१७.२** | **२६१४१.९** | **२७७३७.४** | **२९२९८.६** | **२९१२४.०** | **३००९१.४** | **३१२२६.७** | **३२०७२.९** | **३२६७४.३** |

* संशोधित अनुमान

** प्रारम्भिक अनुमान

स्रोत : केन्द्रीय तथ्यांक विभाग

# तालिका १.४ : राष्ट्रिय आय : साधनको स्रोत र उपयोग

(प्रचलित मूल्यमा)

रु. करोडमा

| विवरण | २०४६/४७ | २०४७/४८ | २०४८/४९ | २०४९/५० | २०५०/५१ | २०५१/५२ | २०५२/५३ | २०५३/५४ | २०५४/५५ | २०५५/५६ | २०५६/५७ | २०५७/५८ | २०५८/५९ | २०५९/६० | २०६०/६१ | २०६१/६२* | २०६२/६३** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादन (उत्पादक मूल्यमा)** | **१०३४१.६** | **१२०३७.०** | **१४९४८.७** | **१७१४७.४** | **१९९२७.२** | **२१९१७.५** | **२४८९१.३** | **२८०५१.३** | **३००८४.५** | **३४२०३.६** | **३७९४८.८** | **४११२७.५** | **४२२८०.७** | **४५६६७.५** | **४९६७४.५** | **५३३५३.८** | **५८२९४.८** |
| वस्तु र सेवाको आयात | २१८२.० | २७७८.५ | ३९३२.१ | ४७४२.९ | ६२९७.२ | ७५८५.० | ८८९९.६ | १०५७७.५ | १०१९४.९ | १०१६४.८ | १२३०५.५ | १२९१०.४ | १२७९६.१ | १४०५२.२ | १५८१५.० | १७३७५.३ | २१९९१.४ |
